
# मूल्याङ्कन

विचार अन्तर्क्रियामुखी मासिक

पूर्णाङ्क ७५

यस अंकको विशेष मूल्य रु. २५/-, भा.रु. १८/-

- महिला नेतृ स्नेहलतालाई हिरासतबाट निस्केर आएपछि घरमा पस्न दिइएन !
- भारतीय महिला आन्दोलनबारे पाम राजपूतसँगको कुराकानी
- रुसी संसदमा कम्युनिष्टहरु फेरि नंबर एक स्थानमा आए
- भारतीय यथार्थवादी फिल्म निर्देशक गौतम घोष के भन्छन् ?
- विभिन्न नेताहरु र बौद्धिकहरुद्वारा 'मूल्याङ्कन'को मूल्याङ्कन



## कार्ल मार्क्स

गत सहस्राब्दीका सबैभन्दा महान चिन्तक !

हिरक-अंक विशेष !

अतिरिक्त पृष्ठ र ब्लो-अप/क्यालेण्डर सहित

# हिमाल स्टील

# टोरस्टील®


*हिमालले सुरक्षित घर बनाउँछ।*

प्रत्येक इन्जिनीयर, आर्किटेक्ट, कुशल ठेकेदारलाई थाहा हुन्छ, फलामे डण्डीको यील्ड स्ट्रेन्थ, डिजाइनको त्यो आधार हो जसबाट निर्माण किफायती र बलियो बन्छ ।

हिमाल स्टील टोरस्टील त्यस्तो शक्तिशाली फलामे डण्डी हो जुन अन्तरराष्ट्रिय प्रविधिबाट अन्तरराष्ट्रिय गुणस्तरमा नेपालमै तयार पारिएको छ । यस्को शक्ति सम्पन्न ४२.५ किलो वर्ग मि.मि. यील्ड स्ट्रेन्थको हामी ग्यारेन्टी दिन्छौं र यस्को बढी बण्ड स्ट्रेन्थले तपाईंको निर्माणमा बचत गराउँछ ।

तपाईंको सृजनशीलता र हाम्रो हिमाल स्टील
अभिन्न साथी एक अर्काको ।

# अति शक्तिशाली



**हिमाल आयरन एण्ड स्टील (प्रा) लि**
ज्योति भवन, कान्तिपथ, पो. ब. १३३, काठमाडौं

# मूल्याङ्कन


(विचार अन्तर्क्रियामुखी मासिक)

वर्ष १८, पूर्णाङ्क ७५
चैत, २०५६

**संरक्षक**
डा. मथुराप्रसाद श्रेष्ठ
**सल्लाहकार**
डा. कमलकृष्ण जोशी
डा. कृष्णबहादुर थापा
खगेन्द्र संग्रौला
चन्द्रराज ढुंगेल
डा. चैतन्य मिश्र
डी. आर. पोखरेल
पद्मरत्न तुलाधर
डा. भरत प्रधान
डा. महेश मास्के
महेश्वरमान श्रेष्ठ
प्रा. हर्षनारायण धौभडेल
**प्रधान सम्पादक**
श्याम श्रेष्ठ
**कार्यकारी सम्पादक**
हरिगोविन्द लुईंटेल
**सह-सम्पादक**
राजेन्द्र महर्जन
**सहायक-सम्पादक**
तुल्सीदास महर्जन
विष्णुदेवी श्रेष्ठ
**सम्पादन सहयोगी**
चन्द्र खाकी
**प्रमुख व्यवस्थापक**
श्याम खड्का
**लेखा व्यवस्थापक**
वीरप्रसाद भंसारी
**बजार व्यवस्थापक**
दुर्गा खड्का

अन्तर्क्रिया प्रकाशन (प्रा.) लि. का लागि सुवास श्रेष्ठद्वारा प्रकाशित
**कार्यालय**
"मूल्यांकन" मासिक
अन्तर्क्रिया प्रकाशन (प्रा.) लि.
ख-२/१९१, पुतलीसडक, काठमाडौं-३२
फोनः ४२२७६९, फ्याक्सः ४२३५४९
पो. ब. नं. ७०५०, काठमाडौं
*इमेल :*
mulyankan@hons.com.np
*वेभसाइटः*
www.webnepal.com/mulyankan

यस अंकको लागि मात्र
विशेष मूल्य रु. २५।-



## कार्ल मार्क्स : गत सहस्राब्दीका सबैभन्दा महान चिन्तक

**मार्क्सको जीवनी लेनिनको कलमबाट**

◆

**कस्तो थियो कार्ल मार्क्सको बानी ब्यहोरा ?**
*मार्क्सका ज्वाइँ पाउला लाफार्गको संस्मरण*

**मार्क्सको व्यवहारिक जीवनबाट मानव समाजले के पाठ सिक्नसक्छ ?**
*- क. मोहनविक्रम सिंह*

**मार्क्सलाई चिन्नुपर्ने र मार्क्सबाट सिक्नुपर्ने तीन चारवटा मूलभूत कुराहरू छन्**
*- डा. चैतन्य मिश्र*

## शोषित जनताको लागि केही गर्ने दृष्टि मलाई बामपन्थले दियो

**प्रसिद्ध भारतीय फिल्म निर्देशक गौतम घोष**

## मूल्याङ्कन को मूल्यांकन

राजनीतिज्ञहरू क. माधव नेपाल, क. सी.पी. मैनाली, क. लीलामणि पोखरेल, क. झलनाथ खनाल, क. परी थापा, क. सीताराम तामाङ, क. हरि रोका, क. घनश्याम भूसाल तथा बुद्धिजीवीहरू डा. नारायण पोखरेल, डा. मुकेशकुमार चालिसे, विकास पाण्डे र जनकप्रसाद हुमागाईंबाट

◆ **कीर्तिपुरे जनताको आफ्नै पहलमा स्थापित लोकप्रिय 'साझा बस'को कथा**
◆ **उत्तरी र दक्षिणी अमेरिकामा अगाडि बढ्दैछ विद्यार्थी आन्दोलनको हुरी**
◆ **बोलिभियाली किसान संघर्षले माग पूरा गराएरै छाड्यो !**
◆ **तेस्रो धार पैल्याउने बौद्धिक प्रयास**

**हाम्रो मूल्यांकन**
७५ औं अंकसम्म आइपुग्दा ४
**घटना र प्रवृत्ति**
के दरवारले पुनः टाउको उठाउने लागेको हो त ?
- टि.डी महर्जन ५
तेस्रो धार पैल्याउने बौद्धिक प्रयास
-गोविन्द वर्तमान ६
कलाकारहरूले मुखमा कालोपट्टी बाँधेको दश वर्ष बितेछन् ! ७
कांग्रेसी सत्ता परिवर्तनः जनतालाई हर्ष न विस्मात !
- समीर थापा ७
अस्ट्रेलियामा 'मार्क्सवाद - २०००' विषयक अन्तर्राष्ट्रिय सम्मेलन ९
जापानमा मजदूर र कम्युनिष्टहरूको प्रदर्शन ९
बोलिभियाली किसान संघर्षले माग पूरा गराएरै छाड्यो ! १०
इक्वेडरमा जन विद्रोहले सत्ता पल्टायो १०
उत्तरी र दक्षिणी अमेरिकामा अगाडि बढ्दैछ विद्यार्थी आन्दोलनको हुरी ११
चिलीमा राष्ट्रपति पदमा समाजवादी व्यक्ति निर्वाचित १२
क. निर्मल लामाको स्वास्थ्य-स्थिति गम्भीर १४
प्रगतिशील लेखक संघको सम्मेलन सम्पन्न १८
कीर्तिपुरको "शेयर बस
- हरिगोविन्द लुइँटेल १९
**आवरण कथा**
कार्ल मार्क्स गत सहस्राब्दीका सबैभन्दा महान चिन्तक
- श्याम श्रेष्ठ २३
मार्क्सलाई चिन्नुपर्ने र मार्क्सबाट सिक्नुपर्ने तीन चारवटा मूलभूत कुराहरू छन्
- डा. चैतन्य मिश्र २९
मार्क्सको व्यवहारिक जीवनबाट मानव समाजले के पाठ सिक्न सक्छ ?
- क. मोहनविक्रम सिंह ३२
कस्तो थियो कार्ल मार्क्सको बानी ब्यहोरा ?
- पाउला लाफार्ग ३४
अब्राहम लिंकनको नाममा कार्ल मार्क्सको सन्देश ३८
मार्क्सको जीवनी लेनिनको कलमबाट ३६
**आत्मकथा**
मैले कुटेपछि पुलिसहरू झण्डै झण्डै थला नै पर्थे
- निर्मल लामा १४
**अचेल**
राष्ट्रिय सम्पतिको रक्षा त कम्युनिष्टहरूबाट मात्र हुँदोरहेछ जस्तो लाग्यो ।
- स्नेहलता ओन श्रेष्ठ १६
**आँखीझ्याल**
रूसी संसदको चुनावमा कम्युनिष्टहरू फेरि नंवर एक स्थानमा ३९
**८ मार्च विशेष**
नेपाल र भारतका महिलाहरू उस्तै उस्तै उत्पीडन र शोषणमा परेका छन्
- पाम राजपूत १९
**साहित्य**
दुई कविता - मित्रलाल पंज्ञानी २१
**नीति / संस्कृति**
कामकुरो एकातिर कुम्लो बोकी ठिमीतिर
- चन्द्रदेव नेपाली ४२
**पर्दा / रंगमञ्च**
शोषित जनताको लागि केही गर्ने दृष्टि मलाई बामपन्थले दियो ४४
नेपाली फिल्म "आगो" अन्तर्क्रियाका निम्ति देखाउँदा पनि जफत गर्ने धम्की ! ४३
विभिन्न राजनेता र बुद्धिजीवीहरू मूल्यांकनलाई कसरी हेरिरहेका छन् ? ५०
पाठकको कुरो ५८

आवरणमा : वैज्ञानिक समाजवादका प्रवर्तक कार्ल मार्क्स र फ्रेडरिक एंगेल्स ।

आवरण सज्जाः टाइम्स क्रिएशन, बागबजार, फोनः २५२६४५ कलर सेपरेशनः पोलिइमेज, प्रदर्शनी मार्ग । फोनः २५२५७२
कलाकारहरूः लक्ष्मण भूजेल, जि.डि. सारू, *यति आर्ट,* पुतलीसडक मुद्रणः इन्द्रेणी अफसेट प्रेस, बागबजार

# ◄ हाम्रो मूल्यांकन

## मूल्याङ्कन ७५ औं अंकसम्म आइपुग्दा




आजभन्दा करीव सवा सात वर्षअघि *मूल्यांकन* नेपाली जनवादी आन्दोलनमा र मुख्य गरी, नेपाली कम्युनिष्ट आन्दोलनमा खट्केको विचार-अस्पष्टताको समस्यालाई हल गर्न यथाशक्य मद्दत पुऱ्याउने उद्देश्य बोकर विचार-अन्तर्क्रियामुखी मासिकको रूपमा निस्कन थालेको हो ।

हामीले त्यतिखेर संपादकीय स्तंभमा भनेका थियौं- "यो समाजको आमूल र प्रगतिशील परिवर्तनको निम्ति जीवनको संपूर्ण पक्षमा प्रष्ट र सही धारणा बनाउन, सही विश्व दृष्टिकोण र चिन्तन पद्धति विकास गर्न, उद्देश्यमूलक र सत्यउन्मुख विचार-अन्तर्क्रिया चलाउँदै विचारधारात्मक स्पष्टता विकास गर्नमा केन्द्रित हुनेछ। यसले विश्वमा र समाजमा विकसित नयाँ नयाँ समस्या र सवालहरूबारे, ज्ञान र अनुभवबारे पनि पाठकहरूलाई जानकारी दिने र ती सवालमा सही समझदारी र समाधान हासिल गर्न मद्दत गर्ने लक्ष्य राखेको छ। यसले पूँजीवादी खेमाका समस्याहरूलाई पनि उदांगो पार्ने कार्य गर्नेछ र सामाजवादी खेमाका समस्याहरूलाई पनि छलफलमा ल्याउनेछ ।"

आज हामी यो लक्ष्य घोषणापछिको ७५ औं अंकमा प्रवेश गरेका छौं । हाम्रो "हिरक-अंक" यहाँको हातमा छ ।

यसरी हामीलाई ७५ औं पाइलासम्म टेक्नसक्ने बनाउनमा तपाईं पाठकहरूको सर्वाधिक ठूलो टेवा र आड-भरोसा हामीले पाएका छौं। यसैगरी, हामीलाई निरन्तर सक्रिय सल्लाह-सुझाव दिनु हुने हाम्रा सल्लाहकारहरू, विचार-सूचना र लेखहरू दिनुहुने बौद्धिक व्यक्तित्वहरू, चिन्तकहरू, राजनेताहरू र कलाकारहरू एवं समस्त लेखकहरूको निरन्तर सहयोग पनि हामीले पाउँदै आएका छौं।

बिक्री-वितरणमा सहभागी विक्रेता बन्धुहरू, विज्ञापन दिनुहुने उद्योग-व्यवसाय र संघ-संस्थाहरू, प्रचारमा सघाऊ पुऱ्याउनु हुने पत्रकार बन्धुहरू र हाम्रो हरेक अंकलाई स्तरीय, रोचक र झनझन उद्देश्यमूलक बनाउन प्रत्यक्ष-अप्रत्यक्ष रूपमा सघाउ पुऱ्याउनु हुने तमाम महानुभावहरूको साथ-सहयोग हामीले प्राप्त गर्दै आएका छौं ।

आज यो *हिरक-अंक* प्रकाशनको उपलक्ष्यमा उपरोक्त संपूर्ण महानुभावहरू र संबन्धित संघ-संस्थाहरूलाई हामी हार्दिक धन्यवाद अर्पण गर्दछौं । र, आगामी दिनहरूमा पनि सहयोगको अपेक्षा गर्दछौं ।

एउटा उद्देश्यमूलक जनपक्षीय प्रकाशनले हाम्रो समाजमा टिक्न र हुर्कन कति गाह्रो छ भन्ने कुरा विज्ञजनहरूलाई थाहा भएकै कुरा हो । महंगा कागज र छपाइ सामग्रीहरू, अभरपर्दा वितरण-संयन्त्रहरू र बेलाबेलामा प्रशासनका तर्फबाट बीच बाटैमा पत्रिका खोसिदिने वा खास खास ठाउँहरूमा जान नदिने रवैयाहरू आदिका कारण झेल्नु परिरहेका अप्ठेराहरूमा हाल आएर त हुलाक महशूलमा सातसय पचास प्रतिशतभन्दा ज्यादा भएको मूल्यबृद्धि समेत थपिएको छ । यी सब अप्ठेराहरूलाई झेल्दै आज हामी लामो समययता श्री ५ को सरकार र प्रेस काउन्सिलको मूल्यांकनबाट *क* श्रेणीको मासिक प्रकाशनका रूपमा स्थापित भएका छौं । तर पनि अझै हामीले विगतको निरंकुश पंचायती शासनकालमा जस्तैगरी जनपक्षीय प्रकाशनहरूलाई सरकारी विज्ञापनहरू उपलब्ध गराउनमा गरिने कंजुसी, कपट र पक्षपातको शिकार हुनुपरिरहेको यथार्थद्वारा पिरोलिन बाध्य छौं ।

हामीले विश्वमा प्रभावी रूप र हैसियतमा संचालित भैरहेका, तर समाजवादविरोधी प्रकाशन-संयन्त्रहरूले पर्याप्त स्थान नदिने गरेका विश्व कम्युनिष्ट गतिविधि र प्रवृत्तिहरूलाई भरपर्दा सूचना-स्रोतका आधारमा *मूल्यांकन*का पृष्ठहरूमा संगेट्न गरेका प्रयत्नहरूलाई पाठकहरूले रूचाउनु भएको हामीले पाएका छौं । *कम्युनिष्ट*को नाममा हुने सबैथरि गतिविधिहरूलाई प्रस्तुत गर्दा ती गतिविधिहरूको वैचारिक प्रबृत्तिका बारेमा पनि पाठकहरूसमक्ष प्रष्ट धारणा बनोस् भनी तिनका ती प्रबृत्तिहरूबारे पनि यथासंभव खोजीनीति गरी प्रकाश पार्ने काम हामीले गर्दै आएका छौं । यसैगरी, विश्व पूँजीवादी जगतका नयाँ नयाँ प्रबृत्ति र विकृति समेतको समसामयिक चित्र उतार्ने कोशिस पनि हामीले गर्दैआएका छौं । समग्र समाजमा र जनवादी आन्दोलनमा रहेका सांस्कृतिक विकृतिहरूविरूद्ध जुद्धै आलोचनात्मक र जागृत सुसंस्कृतियुक्त प्रवृत्तिको विकासतर्फ पनि हाम्रो यथासक्य प्रयत्न रहँदै आएको छ। एकातिर, कला-साहित्य, उत्पीडिन विरूद्धको आन्दोलन र विज्ञान-प्रविधि एवं समसामयिक घटनाहरूमा पनि हाम्रा सरोकारहरू रहेका छन् भने, अर्कातिर समाज, विचार वा सुधार-विकासका खास खास मुद्दाहरूमा खोज-अनुसन्धानको पक्षमा लागीपर्ने कोशिस पनि हामीले गर्दै आएका छौं । वैचारिक अनेकताबीचका अन्तर्क्रियाहरू पनि हाम्रा आफ्नै खाले प्रयत्न र अभिष्टहरू हुन् ।

आजको स्थितिसम्म आइपुग्दा हामीले यी र अन्य सबै पक्षहरूका बारे हाम्रा पाठकहरूलाई के कस्ता सामग्रीहरू पस्कन सक्यौं, ती कति उपयोगी र उद्देश्यमूलक भए र अब हामीले आफूलाई के के कुरामा कसरी सुधार्नु जरूरी छ भन्नेबारे हामी हाम्रा संपूर्ण शुभेच्छुकहरूबाट ठोस सुझावको निम्ति आह्वान गर्न चाहन्छौं ।

*मूल्यांकन* जतिखेर हामीले प्रकाशित गरेका थियौं, त्यतिखेर नेपाली वामपन्थी राजनीतिमा यति चर्को दायाँ र बायाँ *अति*को ध्रुवीकरण थिएन, जस्तो आज छ । वैज्ञानिक समाजवादमा आधारित भएर सन्तुलित रूपमा दुवै अतिहरूप्रति आलोचक दृष्टिकोण राखेर आफ्ना विचारहरू प्रस्तुत गर्ने कोशिस *मूल्यांकन*ले शुरूदेखि अहिलेसम्म गर्दैआएको छ । ओलाचक र जागृत समाजवादी नागरिकहरू तयार गर्नु *मूल्यांकन*को मूल ध्येय नै भएकाले *मूल्यांकन*ले सबै अतिहरूप्रति र सबैको सकारात्मक-नकारात्मक पक्षप्रति सन्तुलित रूपमा ओलाचक हुनु यसको मुख्य विशेषता पनि हो, र कर्तब्य पनि । तर यसो गर्दा शुरूमा पत्रिका निकाल्दाताकाको स्थितिमा परिवर्तन आउनाले केही नयाँ अप्ठेराहरू पनि आएका छन्, केही पूर्वाग्रहहरू पनि पैदा भएका छन् । *मूल्यांकन* कतै ढल्क्यो कि भन्ने प्रश्नहरू पनि विभिन्न कोणबाट पैदा भएका छन्। यस्तो हुनु स्वभाविक पनि छ ।

हामी संबन्धित सबैसित के अपील गर्न चाहन्छौं भने, एउटा वैज्ञानिक समाजवादी विचारधारा बोकेको पत्रिका सबैप्रति समालोचक हुनैपर्छ । यसले सत्य कुरा बोल्नैपर्छ, सबैको सकारात्मक-नकारात्मक पक्षहरू विनापूर्वाग्रह औंल्याउनै पर्छ । कसैप्रति खास समयमा हाम्रो आलोचना तीब्र वा नरम हुनुको मूल कारण देशको स्थिति र सामाजिक शक्तिहरूको स्वयम्मा आएको हेरफेरको प्रतिबिम्ब मात्रै हो । कसैप्रति आग्रह-दुराग्रह पैदा गर्ने नियतबाट हामीले हाम्रो ओलाचनालाई कहिल्यै निर्देशित हुन दिएका पनि छैनौं र दिने पनि छैनौं ।

यसबीचमा जानी-नजानी आफ्ना लेखनी र स्तंभहरूमार्फत् हामीबाट कमी-कमजोरी र गल्तीहरू हुन गएका भए यसनिम्ति हामी सम्बन्धित सबैसँग क्षमा याचना गर्दछौं । हामीले आफ्ना प्रस्तुतिहरूलाई व्यक्तिगत वा समूहगत पूर्वाग्रहहरूबाट मुक्त गर्ने र तिनलाई वस्तुगत जगमा उभ्याउने र समग्र प्रकाशनलाई *सिर्जनात्मक एवं दह्रो प्रतिपक्ष*को रूपमा उभ्याउने जुन प्रयत्न गर्दैआएका छौं, त्यो प्रयत्न जारी राख्नेछौं र अझ त्यसमा परिष्कार गर्नेछौं भन्ने बचन पाठकहरूसामु पुनः दोहोऱ्याउन हामी चाहन्छौं । ❑

**हामी *मूल्यांकन*लाई *सिर्जनात्मक एवं दह्रो प्रतिपक्ष*को रूपमा उभ्याउने प्रयत्न जारी राख्नेछौं**



# के दरबारले पुनः टाउको उठाउनै लागेको हो त ?

गत फागुनको तेस्रो साता संसदको सत्रौं अधिवेशनको शुरुवात सँगसँगै संसदलाई राजाले पठाएको चिठीको सवाललाई लिएर राजनीतिक क्षेत्रमा ठूलो चर्चा-परिचर्चा भयो । राजाले माओवादी गतिविधि, पार्टीहरु संचालन र निष्पक्ष निर्वाचनको सम्बन्धमा संसदलाई एउटा पत्र पठाएका थिए । यो पत्र सभामुख तारानाथ रानाभाटले फागुन १८ गते सत्रौं अधिवेशनको शुरुवातसँगै संसदमा 'राजाको निर्देशन' को रुपमा पढेर सुनाएका थिए । केही समयअघि यस्तै चिठी सरकार र विभिन्न पार्टीका नेताहरुलाई पनि पठाइएको कुरा यसअघि नै सार्वजनिक भइसकेको छ ।

राजाको चिठीमा 'सुझाव' भन्ने शब्द प्रयोग गरिएको छ र राजा पनि संविधान तथा संसदको एक अङ्ग भएको नाताले त्यस्तो सुझाव पठाउन सकिन्छ, बरु सभामुखले संसदमा 'निर्देशन' भन्ने शब्द प्रयोग गरेर गल्ती गरे भनेर तर्क गर्नेहरु पनि छन् । तर नेपालको संविधान २०४७ ले राजालाई संवैधानिक बनाएको छ । संविधान र संवैधानिक राजतन्त्रको मर्मअनुसार राजाले राष्ट्रिय महत्वका विषयमा सरकार वा मंत्रीपरिषदलाई सुझाव वा प्रोत्साहन दिन सक्नेछन्, संसदलाई होइन । त्यसैले राजाको चिठीले संसदलाई निर्देशन वा सुझाव जे दिन खोजेको भएपनि, त्यो संविधानसम्मत छैन र त्यो संवैधानिक राजतन्त्रको भावना अनुरुप छैन ।

स्मरणीय कुरा के छ भने, विगत केही समय यतादेखि मुलुकमा हिजोको निरंकुश राजतन्त्रलाई पुनः फर्काउने ध्येयले केही पूर्वपञ्चहरु देशका विभिन्न ठाउँहरुमा 'राजा आऊ, देश बचाऊ' को नारा लिई विभिन्न सार्वजनिक प्रदर्शनका कार्यक्रमहरु गर्दैछन् । गत फागुन २० गते भू.पू. पञ्च दीर्घराज प्रसाईको नेतृत्वमा 'प्रजातान्त्रिक क्रान्तिकारी राष्ट्रवादी समाज' को नामबाट ५०/६० जना पूर्वपञ्चहरुको एक जत्थाले वर्तमान संविधान र व्यवस्थाको विरोधमा राजधानीमा नाराबाजी गरी राजालाई सक्रिय हुनुपर्‍यो भनी निवेदन गरी हस्ताक्षर गरिएको कागज सार्वजनिक रुपमा दरबारमा लगी बुझाउने प्रयास गरे । तर सो जत्था राजदरबारतिर जान तीनधारा पाकशालाअगाडि आइपुग्दा स्थानीय त्रि-चन्द्र क्याम्पसका विद्यार्थीहरुसँगको झडपमा फँस्यो । र, उनीहरु आफूहरुले दरबारमा बुझाउन भनी ल्याएका कागजातहरु तथा प्लेकार्ड, ब्यानर सबै छोडी विद्यार्थी तथा उपस्थित जनसमुदायबाट बच्न त्यहाँबाट अन्यत्र भागाभाग भए ।

**यसै सम्बन्धमा नेकपा (मसाल)ले एक समसामयिक महत्वको विरोध-वक्तव्य प्रकाशित गरेको छ**

राजावादी प्रतिगामी पुनरुत्थानवादी तत्वहरु अहिले भित्र-भित्रबाट पनि गाउँगाउँमा पस्न थालेका छन् । उनीहरु विगतको दश वर्षभित्रको समयमा सत्ताधारी वर्गले जन्माएको चरम भ्रष्टाचार, महँगी, असुरक्षा, गरिबी, अन्याय, अत्याचार र राजनीतिक अन्यौलको स्थितिले पैदा गरेको जनअसन्तुष्टीको भूमिमा निरंकुश राजतन्त्रलाई पुनः स्थापना गर्ने षडयन्त्र रचिरहेका छन् । अहिले राजनीतिक पार्टीका नेताहरु देश र जनताको हितको सवालमा भन्दा आफ्नो व्यक्तिगत स्वार्थको केन्द्रमा फनफनी घुमिरहेका छन् । काँग्रेस, एमाले, माले जुनसुकै पार्टीका नेताहरु किन नहुन्, हिजो ०४६ सालभन्दा अगाडिसम्म एउटा सामान्य नागरिकको स्तरको आर्थिक हैसियत राख्दथे । तर आज उनीहरु अधिकांशको राजधानीमा आलिसान महलहरु खडा भइसके । जनताहरु भने हिजोभन्दा आज झन् झन् आर्थिक बर्बादीको दिशामा तल झरिरहेका छन् । ०४६ सालमा ४२ प्रतिशत नेपाली जनताहरु गरिबीको रेखामुनि रहेका थिए भने अहिले त्यो प्रतिशत करीब ४९ पुगिसकेको छ । यही बीचमा 'महाकाली सन्धि' जस्तो राष्ट्रघाती सन्धि भयो, जसले नेपालको राष्ट्रिय स्वाधीनतामाथि ठूलो प्रश्नचिन्ह खडा गर्‍यो । यी सबै कुराहरुबाट आम नेपाली जनता अहिलेको राजनीतिक गतिविधिदेखि वाक्कदिक्क छन् । उनीहरु छट्पटाइरहेका छन् ।

अहिले यही जन असन्तोषको भावभूमिमा राजावादीहरुले प्रतिगमनको संभावना देखेका छन् । त्यसैले उनीहरु वर्तमान अवस्थाबाट असन्तुष्ट जनताहरुको दिमागमा प्रतिगमनको विष फैलाउन षडयन्त्रमूलक ढंगले गाउँगाउँ पसिरहेका छन् ।

राजावादी प्रतिगामी तत्वहरु अहिले विकासको नाममा गाउँगाउँ पसिरहेका छन् । हालै मात्र गत फागुन ८ गते काठमाण्डौस्थित कीर्तिपुर नगरपालिकाको नगरपरिषद्मा नगरपालिकालाई एम्बुलेन्स तथा दमकल प्रदान गर्ने नाममा केही दरबारिया मानिसहरुको शंकापूर्ण उपस्थित देखियो । तिनीहरु मध्येका एकजना गोविन्द चित्रकार भन्ने व्यक्तिले नगर परिषदको मञ्चमा खुलेआम रुपमा राजतन्त्रको वकालत गर्दै भाषण गरे । उनले परिषदमा उपस्थित जनप्रतिनिधिहरुलाई पार्टीहरुका सानासाना छाताहरु छोडी 'राजाको ठूलो छातामुनि आउन आह्वान' गरे । तर उनको आह्वानलाई न नगर परिषदका प्रमख अतिथि कांग्रेसी सांसद तीर्थराम डंगोलले प्रतिवाद गरे, न त अन्य व्यक्तिहरुले नै ।

भर्खरै मात्र काठमाण्डौका एक जना भू.पू. वाम सांसदलाई दरबारका मानिसहरु आई उनलाई राजाले भेट्न चाहेको सुनाए र ती मानिसहरुले ती सांसदलाई राजालाई भेट्न जान जोड पनि गरे । ती सांसदले वर्तमान राजनीतिक वातावरणप्रति चरम असन्तोष व्यक्त गर्दै आएका हुन् । तर उनी निरंकुश राजतन्त्रका कट्टरविरोधी तथा प्रतिबद्ध वाम राजनीतिक कार्यकर्ता हुन् । त्यस पृष्ठभूमिमा पनि दरबारिया मानिसहरुले उनलाई प्रभाव पार्न प्रयत्न गर्न छाडेनन् ।

यी सबै घटनाहरुलाई एउटा श्रृंखलामा राखेर हेर्ने हो भने राजनीतिक पार्टीका नेताहरु, सरकार र अन्तमा संसदलाई पठाइएको राजाको गैरसंवैधानिक चिठीभित्र मुलुकमा पुनरुत्थान तथा प्रतिगमनको नियत लुकेको आभास हुन्छ ।


२०४६ सालको जन-आन्दोलनद्वारा निरंकुश राजतन्त्र पूर्ण रुपमा परास्त भएको थिएन । राज्य-यन्त्रको कुरा गर्ने हो भने अहिले पनि सेना, प्रहरी, प्रशासन र गुप्तचरमा राजतन्त्रको प्रभाव नै हावी छ । २०४६ सालको जन-आन्दोलनले राजतन्त्रलाई संविधानको दायराभित्र कैद गर्ने काम मात्र गर्नसक्यो । त्यसैले अनुकूल समय पाउनासाथ राजतन्त्रले त्यस दायरालाई भत्काई यो पुनः निरंकुश बनेर जनताको प्रजातान्त्रिक अधिकारविरुद्ध आउनसक्छ भन्ने कुरा सबैले बुझ्नु जरुरी छ ।

गलत संस्कृति, चिन्तन र व्यवहारको कारणले गर्दा आफ्नै पार्टीको स्वार्थ तथा व्यक्तिगत स्वार्थमा मात्र केन्द्रित हुनपुगेका पार्टीहरु तथा नेताहरु अहिले आम जनताबाट अलग हुनथालेका छन् । जनताहरु हिजो राजनीतिप्रति जति चासो राख्थे, अहिले उनीहरुले त्यति चासो राख्न छोडिसके । जनताहरुको निराशा, असन्तोष र अलमलपनको भावभूमिमा नै अहिले दरबारियाहरुले षडयन्त्र रच्नथालेको महशुस हुन्छ ।

त्यसैले प्रजातन्त्रप्रति प्रतिबद्ध सबै व्यक्ति तथा संगठनले अहिले गम्भीर भई चिन्तनमनन गर्नु जरुरी भएको छ । र, प्रतिगमनको खतरालाई समाप्त पार्न संयुक्त भई मैदानमा उत्रनु आवश्यक भएको छ ।

यसै सम्बन्धमा नेकपा (मसाल)ले एक समसामयिक महत्वको विरोध-वक्तव्य प्रकाशित गरेको छ । वक्तव्यमा मसालका महामन्त्री क.मोहनविक्रम सिंहले भन्नुभएको छ- "देशमा राजावादी र पुनरुत्थानवादी शक्तिहरुले 'राजालाई जगाऔं, देशलाई बचाऔं' नाराका साथ २०४६ सालको महान जन आन्दोलनद्वारा प्राप्त सीमित उपलब्धिहरुलाई समाप्त गरेर राजाको प्रत्यक्ष र निरंकुश शासनको पुनर्स्थापनाका लागि देशव्यापी रुपमा अभियान चलाइरहेको बेलामा राजाद्वारा पठाइएको उक्त निर्देशनले विद्यमान सीमित बहुदलीय व्यवस्थाका अगाडि गम्भीर प्रकारको प्रतिगामी खतरा उपस्थित भएको कुरालाई नै बताउँछ । संविधानले राजालाई 'राष्ट्रिय महत्वका विषयमा मन्त्रीपरिषद्लाई सुझाव वा प्रोत्साहन' दिने व्यवस्था गरेकोमा राजाद्वारा पूरै संसदलाई नै त्यस प्रकारको पत्र लेखेको कुरा संवैधानिक वा सामान्य होइन र त्यसले त्यसभित्र कुनै गम्भीर प्रतिगामी षडयन्त्र अन्तर्निहित भएको कुरालाई नै बताउँछ । त्यो अवस्थामा त्यस प्रकारको खतराका विरुद्धको शक्तिशाली संयुक्त आन्दोलन उठाउनु पर्ने आवश्यकतामा हाम्रो पार्टीले विशेष जोड दिन्छ ।" ❑

- टि. डी. महर्जन



क. लीलामणि पोखरेल, क. नवराज सुवेदी र क. हरि रोका

*गोष्ठी नेकपा मालेसम्बद्ध युवा नेताहरू, नेकपा मसालसम्बद्ध राष्ट्रिय जनमोर्चा र नेकपा एकता केन्द्रसंबद्ध संयुक्त जनमोर्चाको पहलमा सम्पन्न भएको थियो ।*

# तेस्रो धार पैल्याउने बौद्धिक प्रयास

## नेपाली कम्युनिष्ट आन्दोलनको तात्कालीक कार्यदिशाबारेको चर्चित गोष्ठी कस्तो रह्यो ?

नेपालको कम्युनिष्ट आन्दोलनमा देखा परेका दक्षिणपन्थी र उग्रवामपन्थी धारविरुद्ध सही मार्क्सवादी धार पहिल्याउने भन्ने उद्देश्यले काठमाण्डौमा यही चैत्र ८ र ९ गते एक विशेष विचार-गोष्ठी सम्पन्न भयो । सो गोष्ठी नेकपा मालेसम्बद्ध युवा नेताहरु, नेकपा मसालसम्वद्ध राष्ट्रिय जनमोर्चा र नेकपा एकता केन्द्रसंवद्ध संयुक्त जनमोर्चाको पहलमा सम्पन्न भएको थियो ।

त्यसअघि ती तीनै पक्षसँग सम्बन्धित ३८ सदस्यीय गोष्ठी आयोजक समितिले चैत्र २ गते एक पत्रकार सम्मेलन गरेर त्यस किसिमको गोष्ठी आयोजना गरिने कुरा सार्वजनिक गरेको थियो । आयोजक समितिका संयोजक हुनुहुन्थ्यो : नेकपा मालेका केन्द्रिय सदस्य क. हरि रोका ।

'नेपाली कम्युनिष्ट आन्दोलनको तात्कालीन कार्यदिशा' शीर्षकमा भएको सो गोष्ठीको पहिलो दिन चैत्र ८ गते उपर्युक्त विषयमा ३ वटा कार्यपत्रहरु वाचन गरिएका थिए । नेकपा मसालका महामन्त्री क.मोहनविक्रम सिंहले तयार पार्नुभएको कार्यपत्र राजमोका सांसद क. नवराज सुवेदीले वाचन गर्नुभएको थियो । त्यस्तै, नेकपा मालेसम्वद्ध युवा नेताहरुको तर्फबाट मालेका युवा नेता क. घनश्याम भूसालले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । संयुक्त जनमोर्चाको तर्फबाट त्यसका सचिव क. घनश्याम पौडेलले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

पहिलो दिनको कार्यपत्र वाचन कार्यक्रममा सभापतिको आसन ग्रहण गर्नुअघि संयोजक हरि रोकाले वर्तमान समयमा यस किसिमको गोष्ठी आयोजनाको औचित्यमाथि प्रकाश पार्दै आफ्नो पार्टीका नेताहरु समेतलाई लक्ष गरेर यो गोष्ठी कम्युनिष्ट आन्दोलनलाई एकीकृत ढंगले अघि बढाउन सही कार्यदिशा पैल्याउने प्रयासको एउटा पाइलो मात्र भएकोले यस्तो सत्प्रयाससँग नेताहरुले तर्सिनुपर्दैन भन्ने विचार व्यक्त गर्नुभएको थियो ।

चैत्र ९ गते क.लिलामणि पोखरेलको सभापतित्वमा भएको दोस्रो दिनको पहिलो सत्रमा अघिल्लो दिन प्रस्तुत गरिएका कार्यपत्रहरुमाथि टिप्पणी गरिएका थिए ।

मोहनविक्रम सिंहको कार्यपत्रमाथि मालेका युवा नेता क. टंक कार्की, घनश्याम भूसालको कार्यपत्रमाथि प्रलेसका अध्यक्ष तथा वाम वुद्धिजिवी क. निनु चापागाई र घनश्याम पौडेलको कार्यपत्रमाथि पत्रकार तथा वाम युवा नेता क. युवराज पन्थीले टिप्पणी गर्नुभएको थियो । कार्यपत्रमाथिको टिप्पणीपछि गोष्ठीमा सहभागी स्रोताहरुको निम्ति छलफल खुला गरिएको थियो ।

खुला छलफलमा वरिष्ठ प्रगतिवादी साहित्यकार खगेन्द्र संग्रौला, वामपन्थी कार्यकर्ताहरु दीपेन्द्र श्रेष्ठ, पुष्कर गौतम, पुण्य गौतम, डि.आर. लामिछाने, श्याम श्रेष्ठ, पत्रकार विवाकर नरसिंह राणा तथा विभिन्न जिल्लाहरुबाट आएका अन्य सहभागीहरुले आ-आफ्नो मन्तव्यसहित कार्यपत्रका प्रस्तोता र आयोजकहरुलाई प्रश्नहरुसमेत गर्नुभएको थियो । त्यसपछि कार्यपत्र प्रस्तोताहरुले आ-आफ्नो स्पष्टीकरण दिएपछि आयोजकहरुका तर्फबाट तोकिएको र्‍यापोर्टिङ समितिका तर्फबाट रोमणी भट्टराईले गोष्ठीमा व्यक्त भएका सहमति र असहमतिका बुँदाहरु वाचन गरेर सुनाउनु भएको थियो । अन्त्यमा धन्यवाद ज्ञापनपछि एउटा छोटो प्रेस विज्ञप्ती सुनाएर दुई दिने गोष्ठी समाप्त भएको घोषणा गरिएको थियो । गोष्ठीको घटना मोटामोटी रुपमा यही नै थियो ।

**मूलतः गोष्ठीको उपादेयता कम्युनिष्ट आन्दोलनमा विद्यमान वैचारिक जडतालाई भत्काउने प्रयासको रूपमा देखा परेको छ ।**

सो विचार गोष्ठीको प्रवृत्ति चाहिं नेपाली कम्युनिष्ट आन्दोलनमा अलगअलग समूहमा विभाजित कम्युनिष्टहरुबीच अन्तरक्रिया र सहकार्य गर्ने दिशातिर लक्षित थियो । यो प्रवृत्ति आफैंमा सकारात्मक प्रवृत्ति हो । तर गोष्ठीले यस सन्दर्भमा केही प्रश्नहरु पनि छोडेर गएको छ, जसको उत्तर कम्युनिष्ट आन्दोलनको घेराभित्र पर्ने सबैले खोज्नु जरुरी छ ।

गोष्ठीमा प्रस्तुत कार्यपत्रमध्ये घनश्याम भूसालको कार्यपत्रले आजको नेपाली समाजको अध्ययन र विश्लेषण गर्ने रचानात्मक प्रयत्न गरेको देखिन्थ्यो । त्यस कार्यपत्रमा नेपाली समाजको चरित्र विगतमा भन्दैआइएजस्तो अर्ध-सामन्ती र अर्ध-औपनिवेशिक नरहेको कुरातर्फ ध्यानकर्षण गराइएको छ । अहिलेका तथ्यहरुले नेपाली समाज क्रमशः पराश्रित पूँजीवादी र नव-औपनिवेशिक चरित्रमा रुपान्तरण हुँदै गएको कुरा त्यसमा चित्रित गरिएको छ । नेपाली समाजको चरित्र त्यस रुपमा फेरिएपछि नेपाली क्रान्तिको चरित्र पनि फेरिने कुरामा चाहिं कार्यपत्रले आवश्यक ध्यान दिएको छैन । यो कार्यपत्रको मुख्य कमजोरी नै यही थियो ।

यस विषयमा टिप्पणीकार निनु चापागाईले पनि पर्याप्त टिप्पणी गर्नुभएन, बरु उहाँले नेपाली समाज अझै अर्धसामन्ती र अर्ध औपनिवेशिक नै रहेको छ भन्ने आफ्नो अडान नै दोहर्‍याउनु भयो । कार्यपत्रमा उठाइएका नयाँ विषयहरुप्रति गंभीर नभएर त्यसमा छुटेका कुराहरुमा मात्रै उहाँ केन्द्रित हुनुभयो ।

मोहनविक्रम सिंहको कार्यपत्र उहाँको पार्टीको वर्तमान सोचलाई खुलस्त पार्ने गरी वृहद् रुपमा लेखिएको थियो । कार्यपत्रमा विश्वव्यापी रुपमा हावी भइरहेको दक्षिणपन्थी अवसरवादसँग जोडेर एमालेको अवसरवादलाई हेर्नुपर्ने कुरा उल्लेख छ । एमालेको दक्षिणपन्थी अवसरवाद विश्व कम्युनिष्ट आन्दोलनकै समस्याको एउटा अंग हो भन्ने कुरा कार्यपत्रमा प्रष्ट पारिएको छ । त्यसैगरी, माओवादीहरुको उग्रवादलाई उहाँले अमेरिकाको कम्युनिष्ट पार्टी RCP को प्रभुत्व रहेको RIM को ट्राटस्कीवादी संशोधनवादसँग जोडेर हेर्नुपर्ने कुरा कार्यपत्रमा उल्लेख छ । मोहनविक्रम सिंहले एमाले र माओवादीको सैद्धानितक विचलनलाई संशोधवादको संज्ञा दिँदै ती दुई पार्टीहरुबारे उहाँले यसअघि गर्दै आउनुभएको टिप्पणीलाई यस कार्यपत्रमा ठोस ढंगले सैद्धान्तीकरण गर्नुभएको छ । तर यो कार्यपत्रका टिप्पणीकार टंक कार्कीले कार्यपत्रको विषयमाथि केन्द्रित भएर सुस्पष्ट समीक्षा गर्नुभएन । उहाँको प्रस्तुती विविध विषयतिर छरिनपुग्यो ।

घनश्याम पौडेलको कार्यपत्र भने सूत्रात्मक टिपोट मात्र थियो । राजनीतिक पार्टीले तयार पारेको सामान्य नोटको रुपमा प्रस्तुत सो कार्यपत्रमा उहाँको पार्टीका सोच र अडानहरु व्यक्त भएका थिए । यस्तो गहन विषयमा कार्यपत्र तयार गर्ने जिम्मा लिएपछि तयारी कार्यलाई पर्याप्त महत्व र समय दिनु जरुरी थियो ।

उपर्युक्त तीनवटै कार्यपत्रले तत्कालीन कार्यदिशाको चर्चा गर्दा कम्युनिष्ट आन्दोलनको सांस्कृतिक दुरावस्थाबारे कुनै टिप्पणी गरेका थिएनन् । यो कमी टड्कारै खट्किन्थ्यो । खुला छलफलको क्रममा समाजवादी आन्दोलन, नेपालका संयोजक श्याम श्रेष्ठले "राजनीतिक कार्यदिशाको किटान गरेर मात्र पुग्दैन, कार्यदिशा भन्नेवित्तिकै विचारधारात्मक कार्यदिशा, सांस्कृतिक कार्यदिशा र सांगठनिक कार्यदिशा गरी आन्दोलनका समग्र चारैवटा कार्यदिशाका बारेमा पनि प्रष्ट हुनु जरुरी छ" भन्नुभएको थियो । तर स्पष्टीकरण दिने क्रममा कार्यपत्र प्रस्तोता लगायत आयोजकहरु कसैले पनि यो विषयमा आफ्नो उत्तर दिएनन् । यसरी, आन्दोलनलाई समग्रतामा हैन, यसको राजनीतिक मोर्चाको परिधिमा मात्र बुझ्ने नेपाली कम्युनिष्ट आन्दोलनमा व्याप्त रोग त्यहाँ पनि प्रकट भएको देखिन्थ्यो ।

नेपालका प्रायः सवैजसो कम्युनिष्ट पार्टीका नेतृत्वहरुमा तथा पार्टी संचालन प्रक्रियामा हावी भैरहेको 'सामन्तवाद'को अन्त्य गर्ने प्रणालीगत हलको खोजी गर्न पनि यस गोष्ठीले ध्यान पुर्‍याउन सकेन ।

यस्ता केही कमजोरीहरु भएता पनि मूलतः गोष्ठीको उपादेयता कम्युनिष्ट आन्दोलनमा विद्यमान वैचारिक जडतालाई भत्काउने प्रयासको रुपमा देखा परेको छ । यो प्रयास सहाहनीय छ । यसले निरन्तरता पाउनु पर्छ ।

◆ गोविन्द वर्तमान

२०४६ सालको जन-आन्दोलनको सिलसिलामा पंचायती दमनका कारण आन्दोलन शिथिल हुन थालेको बेला चैत्र ३ गते १५० जनाभन्दा बढी लेखक-कलाकारहरुले मुखमा कालोपट्टी बाँधी सामूहिक गिरफ्तारी दिएको दश वर्ष पूरा भयो । गत चैत्र ३ गते यस उपलक्ष्यमा "सिर्जना : चैत्र ३" साहित्यिक अभियानले काठमाण्डौमा आयोजना गरेको विचार-गोष्ठीमा विगत दश वर्षको हाम्रो सांस्कृतिक यात्राबारे समीक्षा गरियो । यस क्रममा कार्यपत्र प्रस्तोता खगेन्द्र संग्रौलाले मात्र हैन, अर्को कार्यपत्रका प्रस्तोता नेपाली कांग्रेस पार्टीका प्रवक्ता नरहरि आचार्य समेतले उक्त दश वर्षमा देशमा जुन संस्कृति हावी भयो, त्यो २०४६ को आन्दोलनको मूल मर्म अनुकूलको संस्कृति थिएन भन्ने कुरा स्वीकार्नु भयो । कार्यपत्रमाथि टीप्पणी गर्नु हुने निनु चापागाई र डा. अभि सुवेदीले त झनै तीव्र प्रतिक्रिया व्यक्त गर्नुभयो ।

२०४६ सालमा लेखक-कलाकारहरुले सरकार स्वयं लागीपर्न नसकेको जुन यथार्थ गत चैत्र ३ गतेको जमघटमा उद्घाटित भयो, यो यथार्थलाई सही रुप र सही दिशामा बदल्न संबन्धित सबैको तीव्र ध्यानाकर्षण हुनु जरुरी भएको छ ।

२०४६ को जन-आन्दोलनका सहभागी वामपक्षीय र कांग्रेसपक्षीय लेखक-कलाकारहरुको भेला गरी मुलुकको सांस्कृतिक स्थितिबारे चर्चा गर्न "सिर्जना चैत्र : ३" ले गरेको प्रयत्नका बीचमा सो दिन सो विचार-गोष्ठीपछि एक विशेष कवि-गोष्ठीको आयोजना पनि गरियो । कविहरु अनिल पौडेल, अशेष मल्ल, आहुति , दुर्गालाल श्रेष्ठ, प्रकाश सायमि, पूर्णविराम, पूर्ण बैद्य, वासुदेव अधिकारी, बेञ्जु शर्मा, राजेन्द्र शलभ, विमल निभा, विष्णुविभु घिमिरे, ललिजन रावल, शारदा शर्मा, शार्दूल भट्टराई र हरि अधिकारीका कविताहरु वाचित सो गोष्ठीमा समीक्षक पुरुषोत्तम सुवेदीले ती कविताहरुको लिखित समीक्षा वाचन गर्नु भएको थियो ।

त्यस्तै, "सिर्जना : चैत्र ३" ले गत माघ २८ गते नेपालका साहित्यिक शहीद सुब्बा कृष्णलाल अधिकारीको जन्मजयन्तीको उपलक्ष्यमा पनि एक कार्यक्रमको आयोजना गरेको थियो ।

*गत चैत्र ३ गते दशवर्ष अघिको "कालोपट्टी"को संझनामा आयोजित विचार-गोष्ठीको एक दृष्य*




# कलाकारहरूले
# मुखमा कालोपट्टी बाँधेको दश वर्ष बितिछन् !

अभिव्यक्ति स्वतन्त्रताको पक्षमा आफूलाई उभ्याएर आन्दोलन गरेका थिए । कालोपट्टी अभियानकै सक्रिय कवि कृष्णसेन 'इच्छुक' लगायतका साहित्यकार-कलाकारहरु माओवादी जनयुद्धको नाम र निहुँमा अहिले पनि थुनामा हुनु र 'आगो' चलचित्र यसै निहुँमा प्रतिबन्धित हुनुले वर्तमानमा अभिव्यक्ति स्वतन्त्रताको खिल्ली उडाइरहेको छ ।

गत चैत्र ३ गते "सिर्जना : चैत्र ३" को उक्त जमघटले यी दुई विषयमा प्रस्ताव पारित गर्दै गिरफ्तार लेखक-कलाकाहरुको रिहाइको माग गरेको छ । यसै गरी यसले 'आगो' फिल्ममाथिको प्रतिबन्धलाई वामेसर्न लागेको नेपाली सिने-उद्योगमाथिको प्रहार मान्दै सो प्रतिबन्ध तुरुन्त फुकुवा गर्ने माग पनि गरेको छ ।

२०४६ को जन-आन्दोलनको मर्म अनुकूल मुलुकमा प्रजातान्त्रिक आनीवानी, रुची, कार्यशैली, विचार-व्यवहार, कला-साहित्य आदिको सिर्जना गर्न वा त्यस्तो सिर्जनालाई प्रोत्साहित गर्न पार्टीहरु र

गत फागुनमा पुर्नगठित सो "सिर्जना : चैत्र ३" साहित्यिक अभियानमा सल्लाहकारहरु खगेन्द्र संग्रौला, र रामेश श्रेष्ठ रहनुभएको छ भने यसका सदस्यहरुमा गोविन्द वर्तमान, राजकुमार के. सी. ,नारायण ढकाल, विमल निभा, राजेन्द्र अधिकारी, राजेन्द्र महर्जन, सुरेश किरण, स्नेह सायमि र हरिगोविन्द लुइँटेल रहनुभएको छ । यस वर्षका निम्ति सो अभियानका संयोजक कवि स्नेह सायमि रहनुभएको छ ।

गत चैत्र ३ को सो अभियानद्वारा आयोजित उपरोक्त कार्यक्रममा साहित्यकारहरु रमेश विकल र ईश्वर बल्लभले वर्तमानमा राजनीतिक क्षेत्रबाटै विकृत संस्कृतिको प्रसार भइरहेकोमा गहिरो चिन्ता व्यक्त गर्नुभयो । ❑



गिरिजाप्रसाद कोइराला



कृष्णप्रसाद भट्टराई

## कांग्रेसी सत्ता परिवर्तन
# जनतालाई हर्ष न विस्मात !

पार्टीको आन्तरिक कलहको परिणामस्वरुप करीब दश महीनाको कार्यकालपछि नेपाली काँग्रेसका पूर्वसभापति कृष्णप्रसाद भट्टराईले प्रधानमन्त्रीको पदबाट राजीनामा दिनुभयो । कृष्णप्रसाद भट्टराईलाई एक वर्षभित्रै प्रधानमन्त्रीको पदबाट हटाएर गिरिजाप्रसाद कोइरालाले नै नेपाली काँग्रेसको प्रधानमन्त्रीको हैसियतले काम गर्नुहुनेछ भन्ने अधिकांश नेपालीहरुको पूर्वानुमान यतिबेला सही प्रमाणित भएको छ ।

आन्तरिक कलह चर्किएर दुई टुक्रा हुने सम्भावना भएको नेपाली कांग्रेस भट्टराईको राजीनामा पछि, विभाजनको त्यो खतराबाट मुक्त भएको छ । तर त्यस पार्टीभित्र भावनात्मक रुपमा रहेको विभाजनको रेखा भने मेटिएको छैन । नेपाली कांग्रेसमा कोइराला पक्ष र कोइराला विरोधी पक्षको रुपमा दुईथरि काँग्रेसीहरुको स्थायी विभाजन अहिलेको घटनाबाट पनि उजागर भएको छ ।

कुनै राजनीतिक पार्टीभित्र दुईथरि विचार वा दृष्टिकोणहरुको सहअस्तित्व अस्वभाविक मानिँदैन । एउटा निश्चित सिद्धान्तको घेराभित्र त्यस सिद्धान्तको व्याख्या, विश्लेषण तथा सिद्धान्तअनुरुपका क्रियाकलाप अगाडि बढाउने कुरामा फरकफरक विचारधाराहरु अस्तित्ववान हुनसक्छन् । विचारहरुको आपसी प्रतिस्पर्धाले त्यस पार्टीलाई जीवन्त तुल्याउँछ र स्वस्थ ढंगले अघि बढ्नलाई प्रेरित गर्छ । तर नेपाली कांग्रेसभित्र लामो समयदेखि प्रकट हुँदैआएको मतविभाजन विचारधारा वा दृष्टिकोणको विभाजन होइन । त्यस पार्टीमा प्रजातान्त्रिक समाजवादको आदर्शका अनुयायीहरु पनि छन् । तर त्यो विचारको झण्डा उठाउन खोज्नेहरु काँग्रेसी कलहको मूल प्रवाहबाट बगरतिर फालिएका मूढाहरुजस्ता मात्रै देखिएका छन् । यसरी एकातिर, नेपाली काँग्रेसमा विचारको अस्तित्व पाखा परेको छ भने

**उन्नत खेती र उद्योग व्यवसाय : सबैको संलग्नता**
**कृषि विकास र गरिबी निवारण : हाम्रो प्रतिबद्धता**

कृषि विकास बैंकले किसान, व्यापारी, उद्यमीलाई ग्रमीण कृषि कर्जा, व्यापार कर्जा र बैंकिङ्ग सुविधाहरु प्रदान गर्दछ ।

हाम्रा प्रमुख प्राथमिकताका क्षेत्र विशेष गरी कृषि विकाससँग सम्बन्धित छन् । यसको लागि हामी सुलभ व्याजदरमा संस्थागत ऋणहरु उपलब्ध गराउँछौं । सरकारका कतिपय कार्यक्रमहरु कार्यान्वयन गर्ने जिम्मेवारी पनि बैंकलाई छ । देशको समष्टिगत विकास कार्यलाई अघि बढाउन कृषि विकास बैंकका कार्यहरुमा रचनात्मक ढंगले सहभागी होऔं ।

**कृषि विकास बैंक**
मुख्य कार्यालय
रामशाहपथ, काठमाण्डौ

फोन नं.: २६२८८५/२६२५९६
तार : कृषि बैंक
फ्याक्स : ९७७-१-२६२६१६
e-mail : agrbnk@adbn.mos.com.np

अर्कोतिर, विनाविचारको कलह नै काँग्रेसी राजनीतिको वास्तविक परिचय बनेको छ । अहिले कृष्णप्रसाद भट्टराई लखेटिएर गिरिजाप्रसाद कोइरालाले प्रधानमन्त्रीको आसन ग्रहण गरेको घटना पनि नेपाली काँग्रेसको त्यही परिचयको अभिव्यक्ति हो । संसदीय राजनीतिमा प्रमुख शक्तिको रुपमा स्थापित नेपाली काँग्रेसको यस प्रकारको क्रियाकलापले मुलुकको भाग्य निर्माणलाई निरन्तर प्रतिकूल प्रभाव पार्दै लगेको छ । व्यक्ति स्वार्थद्वारा निर्देशित पार्टीको आन्तरिक कलह र त्यस कलहद्वारा निर्देशित गुटस्वार्थमा नेपाली काँग्रेस चर्लुम्म डुबेको देखिँदैछ । अहिले भट्टराई गएर कोइराला सत्तामा आउनु त्यस कुराको सबभन्दा पछिल्लो उदाहरण हो ।

विश्वव्यापीकरणको नारासँगसँगै अन्धाधुन्द रुपमा आएको निजीकरण र उदारीकरण नै अहिले नेपाली काँग्रेसको व्याबहारिक आदर्श भएको छ । यो आदर्शले नेपाली काँग्रेसका संस्थापक नेता विश्वेश्वरप्रसाद कोइरालाको प्रजातान्त्रिक समाजवादलाई पार्टीको जीवनबाट उखेलेर फालिदिएको छ । यस्तो भइसकेपछि जब जब काँग्रेस सत्तामा पुग्छ, तब तब उसले विश्व बैंक र अन्तर्राष्ट्रिय मुद्रा कोषको दबावमा मूल्यवृद्धि गर्ने गरेको छ । डिजेल, पेट्रोल, खानेपानी लगायत दैनिक उपभोगका अत्यावश्यक वस्तुहरुमा हुनेगरेको मूल्यवृद्धिले नेपाली जनताको जीवनस्तरलाई झन् तल झारिरहेको छ । यसरी काँग्रेसी राजमा मूल्यवृद्धि एउटा विशेषताको रुपमा देखा पर्ने गरेको छ । त्यस्तै, सामाजिक असुरक्षा पनि यस अवधिमा काँग्रेसी राजको अर्को विशेषताको रुपमा प्रकट भएको छ । चोरी, डकैती, हत्या, बलात्कारजस्ता सामाजिक अपराधहरुको वृद्धिले त्यही कुरा बताउँछ ।

माओवादी समस्या समाधान गर्ने महत्वपूर्ण एजेण्डालाई पनि आफ्नो कार्यभार बनाएको भट्टराई सरकारले माओवादी समूह र सरकारबीच वार्ताको लागि गंभीरतापूर्वक पहल गरेको थिएन । माओवादीका तर्फबाट हरियो बत्तीको संकेत प्राप्त हुँदा पनि सरकारले वार्ता सम्पन्न गराएन भने अहिले भट्टराईलाई हटाएर आएको गिरिजा सरकारले पनि त्यस विषयमा ठोस सफलता हासिल गर्ने लक्षण देखिएको छैन । मुलुकका सम्पूर्ण समस्याहरु समाधान गर्ने नयाँ विचार, कार्यक्रम र दृष्टिकोण प्रस्तुत नगरीकन केवल भट्टराई सरकारलाई फालेर त्यही खाली ठाउँमा आएको गिरिजाप्रसाद कोइरालाको सरकारले देशलाई ठीक दिशातिर अघि बढाउन सक्ने कुनै लक्षण देखिएको छैन । त्यसैले नेपाली काँग्रेसकै निम्ति भएको अहिलेको सत्ता परिवर्तन नेपाली जनताको निम्ति 'कोइलीलाई बेल पाकेर हर्ष न विस्मात' झैं भएको छ ।

❑ समीर थापा

## रोजा लक्जम्बर्ग र कार्ल लिब्नेख्तको ८१ औं शहादत दिवसमा

# जर्मनीमा एक लाख मानिसद्वारा प्रदर्शन

विश्वका सम्पूर्ण उत्पीडित जनताका महान नेता क. लेनिनका समकालीन जर्मन कम्युनिष्ट नेताहरू रोजा लक्जम्बर्ग र कार्ल लिब्नेख्तको हत्या भएको ८१ औं वर्ष प्रवेशको सन्दर्भमा जर्मनीमा एक लाख मानिसहरूले जुलुस-प्रदर्शन गरेका छन् । उनीहरूले आफ्ना प्रिय नेताहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै समाजवादको पुनर्स्थापना र पूँजीवादको ध्वंशका लागि हरदम संघर्षरत रहने बाचा गरेका छन् ।


*रोजा लक्जम्बर्ग*

गत माघ १ गते बर्लिनमा भएको विशाल प्रदर्शनमा जर्मनीका हजारौंहजार मजदूर, विद्यार्थी र लडाकू युवाहरूले जन-शक्ति प्रदर्शन गरेका थिए । जुलूसमा उनीहरूले नेटो र अमेरिकी साम्राज्यवादसँग साँठगाँठ गरेर गत वर्ष युगोस्लाभियाका विरूद्ध जर्मनीले चलाएको युद्धको भत्सर्ना गर्दै सोशल डेमोक्रेटिक सरकारको कडा आलोचना गरेका थिए ।

स्मरणीय छ, उक्त जुलूस प्रदर्शनको आयोजना मूलतः जर्मनीको 'पार्टी फर डेमोक्रेटिक सोशलिज्म' (PDS) ले गरेको थियो । पीडीएस् पहिलेको पूर्वी जर्मनीको सत्तासीन पार्टी सोशलिष्ट यूनिटी पार्टीको पृष्ठभूमिमा निर्मित पार्टी हो । यही पार्टीले मात्रै जर्मनीको संसदमा यूगोस्लाभियामाथि नेटोको नेतृत्वमा गरिएको बर्बर हमलाको विरोध गरेको थियो ।


पीडीएसले कम्युनिष्ट नेताहरू रोजा लक्जम्बर्ग र कार्ल लिब्नेख्तको शहादतको स्मरणमा बर्सेनी जुलूस प्रदर्शन गर्दै आइरहेको छ । यस पटकको प्रदर्शन पुस २५ गते नै आयोजना गर्ने घोषणा भएकोमा नव-नाजी आतंकवादीहरूको संगठनका नेता ओलाफ जोर्गेन स्ताप्सले जुलूसमाथि आफ्ना समर्थकहरूले मेशिन गन र बम प्रहार गर्ने धम्की दिएपछि बर्लिन पुलिसले जुलूसमाथि प्रतिबन्ध लगाएको थियो । तर प्रतिबन्धलाई बेवास्ता गर्दै ३ हजारभन्दा बेसी वामपन्थी कार्यकर्ताहरूले त्यसदिन बर्लिनका सडकमा जुलूस प्रदर्शन गरेपछि पुलिसले उनीहरूमाथि आक्रमण गरेको थियो । पुलिस र वामपन्थी कार्यकर्ताहरूको लामो सडक-संघर्षको क्रममा २१९ जना वाम-कार्यकर्ताहरूलाई गिरफ्तार गरिएको थियो भने दर्जनौं व्यक्तिहरू घाइते भएका थिए ।

वामपन्थी कार्यकर्ता र पुलिसको झडप, नव-नाजीवादीहरूको आक्रमण गर्ने धम्कीले आयोजक पार्टी र त्यसका समर्थक-शुभेच्छुकहरूलाई निकै आक्रोशित पारेको थियो । त्यसैको फलस्वरूप हजारौंहजार मानिसहरू माघ १ को गते प्रदर्शनमा सहभागी भएका थिए । उनीहरूले नव-नाजीहरू र तिनीहरूलाई पाल्नेपोस्ने सत्तारूढ पूँजीपति वर्ग तथा तिनीहरूका राजनीतिक प्रतिनिधि सोशल डेमोक्रेटिक पार्टीको सरकारको कडा विरोध गर्दै रोजा लक्जम्बर्ग र कार्ल लिब्नेख्तको समाजवादको सपना साकार पार्ने प्रण गरेका थिए ।


बर्लिनको पर्खाल ढलेपछि पूर्वी जर्मनीका समाजवादी अवशेषहरू जम्मै बढारेर त्यहाँका शासकवर्ग अर्थात् पूँजीपतिवर्गले आफ्नो नाफाको स्वार्थका लागि नव-नाजीहरूलाई हुर्काउने, सम्पूर्ण सामाजिक सुरक्षालाई नष्ट पार्ने, बेरोजगारी र गरिबी बढाउने, मजदूरहरूलाई झन् बेसी चुस्ने काम गरेर जर्मनीमा ठूलो सामाजिक संकट निम्त्याइरहेको छ ।

अर्कोतिर, पूँजीपति वर्गका बफादार सिपाही मानिने जर्मनीका पूर्वचान्सलर हेल्मुट कोल र उनको पार्टी, क्रिश्चियन डेमोक्रेटिक पार्टीले हातहतियारका व्यापारीबाट गोप्य रूपमा १० लाख डलरभन्दा बेसी रकम लिएको तथ्य प्रकाशमा आएपछि पूँजीपतिवर्गको शासनमा भुइँचालो गएको थियो । यस्तो स्थितिमा रोजा लक्जम्बर्ग र कार्ल लिब्नेख्त जस्ता क्रान्तिकारी कम्युनिष्टहरूको समाजवादको सपना निकै सान्दर्भिक हुन पुगेको छ ।

स्मरणीय छ, कार्ल लिब्नेख्त र रोजा लक्जम्बर्गले पहिलो विश्वयुद्धमा जर्मनीका शासकहरूलाई टेवा दिने आफ्नै पार्टी- सोशल डेमोक्रेटिक पार्टीको नीतिका विरूद्ध विद्रोह गर्दै 'स्पार्टाकस मुभमेन्ट' को सिर्जना गरेका थिए । पछि जर्मनीको कम्युनिष्ट पार्टी (CPG) को रूपमा विकसित भएको सो मुभमेन्टका संस्थापक नेताहरूलाई उनीहरूकै पहिलेको पार्टी शोसल डेमोक्रेटिक पार्टीको सरकारको पालामा सैनिकहरूले जनवरी १५, १९१९ मा गिरफ्तार गरेर निर्ममतापूर्वक हत्या गरेका थिए । शहादत प्राप्त गरेको ८१ वर्ष पछाडि पनि उनीहरूप्रति जर्मनीका जनतामा रहेको भावपूर्ण श्रद्धा र आस्थाले विश्वभरिका उत्पीडित जनतालाई समेत उत्प्रेरित पारिरहेको छ । ❑



कवि मातृका पोखरेलका
कविताहरूको संगालो
सेतो दरबारको छेउबाट
प्रकाशित भयो ।
**बजारमा सर्वत्र उपलब्ध छ !**
*- सिर्जनशील प्रकाशन*



# अस्ट्रेलियामा 'मार्क्सवाद - २०००' विषयक अन्तर्राष्ट्रिय सम्मेलन

अस्ट्रेलियाको राजधानी सिड्नीमा 'मार्क्सवाद-२०००' विषयक अन्तर्राष्ट्रिय सम्मेलन भएको खबर छ । उक्त सम्मेलन एशिया-प्रशान्त क्षेत्रका २३ वटा राष्ट्रका कम्युनिष्ट र समाजवादी पार्टी तथा राष्ट्रिय मुक्तिआन्दोलनका ५३ जना प्रतिनिधिहरुको सहभागितामा गत पुस २१ देखि २५ सम्म भएको थियो । एक्काइसौं शताब्दीको संघारमा सन् २००० को शुरुमै गरिएको सो सम्मेलनमा अस्ट्रेलियाकै विभिन्न शहरबाट ४०० जना प्रतिनिधिहरुको पनि उपस्थिति थियो । त्यसमध्ये सम्मेलन आयोजना गर्ने अस्ट्रेलियाको पार्टी- डेमोक्रेटिक सोशलिष्ट पार्टी (DSP) का ३५० जना प्रतिनिधिहरु थिए ।

सो पार्टीले आफ्नो पार्टीको अधिवेशन सँगसँगै यस्ता अन्तर्राष्ट्रिय सम्मेलनहरु बर्सेनी आयोजना गर्दै आइरहेको छ ।

सम्मेलनमा सोशलिष्ट पार्टी अफ टिमोर, पीपुल्स डेमोक्रेटिक पार्टी अफ इण्डोनेशिया (PRD), लेबोर पार्टी अफ पाकिस्तान, फिलिपिन्सका दुईवटा पार्टीहरु- सोशलिष्ट पार्टी अफ लेबोर र आर.पी.एम.पी., वर्कर्स कम्युनिष्ट पार्टी अफ इराक, श्रीलंकाको एन.एस.एस.पी., ब्राजिलको ट्रेड यूनियन फेडरेशन, कोरियन इन्स्टिच्यूट फर लेबोर स्टडीज एण्ड पोलिसीज र बांग्लादेश एग्रिकल्चरल फार्म लेबोरका साथै भाकपा (माले) र नेकपा (एमाले)को पनि सहभागिता थियो । ने.क.पा.एमालेका तर्फबाट क. प्रदिप नेपाल र राजन भट्टराई त्यसमा सहभागी हुनुभएको थियो । त्यसमा श्रीलंकाका तामिलहरु, इण्डोनेशियाको आचे र पश्चिमी पपुआ, बर्मा, पपुआ न्यू गिनीमा संघर्षरत जनताका प्रतिनिधिहरु पनि सहभागी भएका थिए । त्यस्तै, स्कटिश सोशलिष्ट पार्टी, सोशलिष्ट वर्कर्स पार्टी, यू.एस.ए.का बेरी शेफर्ड तथा ल्याटिन अमेरिकाको बामपन्थी आन्दोलनका विज्ञ प्रो. जेम्स पेट्रासको पनि सक्रिय उपस्थिति थियो । ट्रट्स्कीपन्थीहरुको अन्तर्राष्ट्रिय संगठनको तर्फबाट पनि विशेष प्रतिनिधिको उपस्थिति रहेको सो सम्मेलन मूलतः ट्रट्स्कीपन्थीहरुको अन्तर्राष्ट्रिय सम्मेलन थियो । भाकपा (माले) का बी. सिवरामनका अनुसार सम्मेलनमा मूलतः ट्रट्स्कीपन्थी पार्टी र संगठनहरुको सहभागिता थियो, जसमध्ये ट्रट्स्कीपन्थमाथि प्रश्न उठाउन थालेका पार्टीहरुदेखि लिएर त्यस पन्थका विभिन्न धार-उपधारहरुमा विभाजित पार्टीहरुको पनि उपस्थिति थियो । आयोजक पार्टी डेमोक्रेटिक सोशलिष्ट पार्टी स्वयं नै ट्रट्स्कीपन्थीको रुपमा प्रख्यात छ ।

जेहोस्, ट्रट्स्कीपन्थीहरुले पनि सन् २०००मा मार्क्सवादको सान्दर्भिकता र महत्ताको बारेमा अन्तर्राष्ट्रिय सम्मेलन गरेर एशिया-प्रशान्त क्षेत्रका कम्युनिष्ट पार्टी, सोशलिष्ट पार्टी र विभिन्न राष्ट्रिय मुक्ति आन्दोलनहरुलाई एकै ठाउँमा भेला गर्ने, विचार आदान-प्रदान गर्ने अवसर दिएका छन् ।

सो अवसरमा सबैजसो पार्टीहरुले वर्तमान स्थितिमा क्रान्तिकारी मार्क्सवादप्रति आफ्नो प्रतिवद्धता जाहेर गरेका थिए । उनीहरुको मार्क्सवादको बुझाइ, त्यसको गहिराइ र व्यापकता, अनि त्यसको क्रियान्वयनमाथि धेरै प्रश्न उठ्ने स्थिति हुँदाहुँदै पनि उनीहरुको प्रतिवद्धता भने उल्लेखनीय देखिन्छ । उनीहरुले आ-आफ्ना देशहरुमा चलिरहेका जन-संघर्षहरुका अनुभवहरु पोख्ने, थप संघर्षका लागि बहुपक्षीय सहयोग आदान गर्ने र एक्काइसौं शताब्दीलाई 'समाजवादको शताब्दी'को रुपमा रुपान्तर गर्ने घोषणा गरेका थिए

सम्मेलनमा एक्काइसौं शताब्दीमा मार्क्सवादको सान्दर्भिकता, अन्तर्राष्ट्रिय सहयोगको आधार, ट्रेड यूनियनका रणनीतिहरु, एक्काइसौं शताब्दीमा साम्राज्यवाद र समाजवाद जस्ता विषयहरुमा व्यापक छलफल गरिएको थियो । नेपाल, कश्मिर र श्रीलंकाका बारेमा पनि विशेष छलफलहरु आयोजना गरिएका थिए ।

अधिकांश प्रतिनिधिहरुले यस क्षेत्रमा पार्टीहरुबीच बलियो सम्बन्ध, सहयोग र संवादको जरुरत रहेको तथ्यमाथि जोड दिंदै 'अन्तर्राष्ट्रिय गीत' गाएका थिए । सिडनीस्थित क्यूबाली कन्सुल-जनरल मारिया लुइसा फर्नाण्डेजद्वारा उद्घाटन गरिएको सो सम्मेलनमा डेमोक्रेटिक सोशलिष्ट पार्टीका राष्ट्रिय सचिव जोन पर्सीले आ-आफ्ना विचारहरुलाई माझ्न र अन्तर्राष्ट्रिय ऐक्यबद्धता बढाउन यस्ता सम्मेलनहरुको महत्व हुने कुरा व्यक्त गरे ।

सोही पार्टीका म्याक्स लेनले सम्मेलनको समापन गरेका थिए । ❑

# जापानमा मजदूर र कम्युनिष्टहरुको प्रदर्शन

जापानको ओइता क्षेत्रको कुसु शहरमा अमेरिकी साम्राज्यवादको सैनिक अभ्यासको विरोधमा हजारौंहजार जापानी मजदूरहरु तथा कम्युनिष्टहरुले जुलूस प्रदर्शन गरेका छन् । दोस्रो विश्वयुद्धमा पराजित भएको जापान अहिलेसम्म पनि अमेरिकी साम्राज्यवादको एशिया-प्रशान्त क्षेत्रको एउटा सैनिक अड्डाको रुपमा कुख्यात छ । त्यहाँका अखडाहरुमा रहेका अमेरिकी सैनिकहरु, तिनीहरुका अत्याधुनिक हातहतियार र सैनिक अभ्यासहरुले जापान र त्यस वरिपरिका मुलुकका जनताको शान्ति-सुरक्षामा खलल पुऱ्याएको आक्रोशमा त्यहाँ प्रत्येक दिनजसो जुलूस प्रदर्शनहरु भईरहन्छन् ।

माघ १६ गते भएको अमेरिकी सैनिक अभ्यासविरोधी जुलूस जापानीज ट्रेड यूनियन कन्फेडरेशन (रेंगो)ले आयोजना गरेको थियो । त्यसमा दशौं हजार मजदूरहरुले युद्धपिपासु अमेरिकाको विरोधमा नारा घन्काएका थिए । १४ हजारभन्दा बेसी मजदूरहरुको सभालाई सम्बोधन गर्दै रेंगोको ओइता क्षेत्रका प्रमुख कोकी फुजिमोतोले भनेका थिए - 'हामी मजदूरहरुले जापानी भूमिमा अमेरिकालाई मनपरी गर्न दिनुहुँदैन । त्यसैले जनताको चेतना जागृत गरेर संघर्षलाई अगाडि बढाउनु पर्दछ ।'

त्यसैदिन जापानी कम्युनिष्ट पार्टी (ICP) ले पनि अर्को ठूलो जुलूस प्रदर्शन गर्दै अमेरिकी साम्राज्यवादलाई जापान छोडेर जान चेतावनी दिएको थियो । जापानमा रहेका सबै अमेरिकी सैनिक अखडाहरु हटाउनका लागि संघर्षरत जापानी कम्युनिष्टहरुको यस प्रयासले जापानी सरकार र अमेरिकालाई फेरि एक पटक नङ्ग्याउने काम गरेको छ । ❑

लामो प्रतीक्षापछि




रोचक र विचारोत्तेजक
छोटा कथाहरुको
संग्रह
समय र
पोखरी
(हरिगोविन्द लुईंटेलका चार दर्जन कथाहरुको संगालो)
बजारमा आइपुग्यो !
प्रकाशक : सिर्जना : चैत्र ३ (साहित्यिक अभियान)
वितरक : अन्तर्क्रिया प्रकाशन प्रा.लि.

## ◀ घटना र प्रवृत्ति



# बोलिभियाली किसान संघर्षले माग पूरा गराएरै छाड्यो !

सुस्पष्ट नीति, जनसहभागिता जगाउने कार्यक्रम र जुझारू संघर्षविना चलिरहेको नेपाली वामपन्थीहरूको मनतातो खालको महंगीविरोधी संघर्षलाई बाटो देखाउँदै अगाडि बढिरहेको छ- ल्याटिन अमेरिकीको नेपालजस्तै गरीब देश-बोलिभियाका संघर्षशील किसानहरूको संघर्ष ! मूलतः बोलिभियाली आदिवासी किसानहरू र मजदूरहरूको विशाल सहभागितामा सुस्पष्ट नीति र जुझारू संघर्षसहित अगाडि बढेको महंगीविरोधी आन्दोलनले एउटा ठूलो सफलता प्राप्त गरेको घटनाबाट नेपाली वामपन्थीहरूले धेरै नै पाठ सिक्न सक्छन् ।

विश्व बैंक र अन्तर्राष्ट्रिय मुद्राकोष एवं अमेरिकी साम्राज्यवादको निर्देशनमा चल्ने बोलिभियाका शासकहरूले माघ महिनामा खानेपानीको शुल्कमा २० प्रतिशत रकम बढाएका थिए । गरीब जनतामाथि लादिएको यो असह्य भारका विरूद्ध बोलिभियाली आदिवासी किसान र मजदूरहरूका संगठनहरूले माघ महिनाको शुरूतिर देशभरि जुलूस प्रदर्शन गरे । सो मूल्य वृद्धि नाजायज र जनमारा भएको घोषणा गर्दै सडकमा प्रदर्शन गरिरहेका किसान र मजदूरहरूमाथि शासकहरूले दमनात्मक व्यवहार प्रदर्शन गरे । यसको जवाफमा दमनकारी प्रहरीहरू विरूद्ध ती संघर्षशील किसान-मजदूरहरूले घमासान सडक-संघर्ष गरे ।

सवैभन्दा ठूलो सडक-संघर्ष कोचाबाम्बा शहरमा भएको थियो । गत माघ २२ गते बोलिभियाको दोस्रो सवैभन्दा ठूलो शहर कोचाबाम्बामा हजारौंहजार किसान-मजदूरहरूले सडक-सडकमा महंगीविरोधी नारा घन्काए । आफूहरूमाथि दमन गर्न आएका दंगा प्रहरीहरू र सैनिकहरूको प्रहारका विरूद्ध तिनीहरूले कडा प्रतिरोध गरे । एकातिर हातहतियारसहित दंगा प्रहरी र सैनिकहरू थिए भने, अर्कोतिर ढुंगा-मूढा, लाठीहरूका साथ थिए- किसान मजदूरहरू !

ती दुवैथरिको लामो आक्रमण-प्रत्याक्रमणको क्रममा एकजना प्रदर्शनकारी शिक्षकले शहादत प्राप्त गरेका थिए । दमनकारी शक्तिले अश्रुग्यासद्वारा उनको अनुहारमै प्रहार गरेपछि उनको मृत्यु भएको थियो । फ्रेन्च न्यूज एजेन्सी AFP ले सो सडक-संघर्षलाई बोलिभियाको पछिल्लो इतिहासको सबैभन्दा ठूलो र खतरनाक जनविद्रोहको संज्ञा दिएको थियो । यस्ता खालका जनविद्रोहहरू अचेल इक्वेडर, पेरू, कोलम्बिया र मेक्सिको जस्ता ल्याटिन अमेरिकी देशहरूको पछिल्लो नौलो परिघटनाको रूपमा विकास भइरहेको देखिन्छ ।

इक्वेडरमा आदिवासी किसानहरू, मजदूरहरू र निम्न तहका सैनिकहरूको विशाल जनसंघर्ष र विद्रोहकै कारणले माघ ७ गते मात्रै जमिल महुवाद-महुवादको नाताशाही सरकार ढलेको थियो ।

दंगा प्रहरी-सैनिकहरू तथा किसान-मजदूरहरूको सो आक्रमण-प्रत्याक्रमणपछि भूतपूर्व तानाशाह तथा वर्तमान राष्ट्रपति ह्यूगो बेन्जरले कोचाबाम्बा शहरमा आपत्कालीन स्थिति घोषणा गरी सैनिक शासन थोपर्ने धम्की दिएका थिए । तर त्यस धम्कीबाट अलिकति पनि नडराई बोलिभियाली किसान तथा मजदूरहरूका यूनियनहरूले हडताल र जुलूस प्रदर्शन गर्नुका साथै राजमार्गहरूमा नाकाबन्दी गर्ने प्रति-चेतावनी दिएर आफ्नो जुझारूपना देखाएका थिए ।

बोलिभियाली किसान र मजदूरहरूका संगठनहरूको जुझारूपनाबाट तर्सेर त्यहाँको शासकवर्ग उनीहरूको माग पूरा गर्न बाध्य भएको छ । आफ्नो देशमा पनि इक्वेडरमा जस्तै विशाल जनसंघर्ष र विद्रोह हुने भयले ग्रस्त भएका राष्ट्रपति ह्यूगो बेन्जरले खानेपानीको रकममा गरिएको २० प्रतिशत महशूल वृद्धिलाई फिर्ता लिएका छन् । संघर्षशील किसान-मजदूर संगठनहरूसँग वार्ता गरी माघ २३ गते नै बेन्जर सरकारले खानेपानीको महशूल अगाडिकै भाउमा यथावत राख्ने, त्यस क्षेत्रको खानेपानीसम्बन्धी सम्झौतामाथि पुनर्विचार गर्ने, प्रदर्शनकारीहरूमाथि लगाइएका आरोपहरू फिर्ता लिने, गिरफ्तार भएकाहरूलाई रिहा गर्ने र त्यस क्षेत्रबाट सैनिकहरू फिर्ता लाने सम्झौतामा हस्ताक्षर गरेको छ ।

सुस्पष्ट नीति, जनसहभागितायुक्त कार्यक्रम र जुझारूपनायुक्त संघर्षकै प्रतिफलस्वरूप बोलिभियाली किसान-मजदूरहरूको महंगीविरोधी आन्दोलन सफल भएको छ ।

यस सफल संघर्षबाट महंगीविरोधी संघर्षमा लागिरहेका नेपाली वामपन्थी पार्टीका नेता र कार्यकर्ताहरूले राम्रो शिक्षा लिने जाँगर र प्रयास गर्लान् कि ? ❑


**यस सफल संघर्षबाट महंगीविरोधी संघर्षमा लागिरहेका नेपाली वामपन्थी पार्टीका नेता र कार्यकर्ताहरूले राम्रो शिक्षा लिने जाँगर र प्रयास गर्लान् कि ?**


# इक्वेडरमा जन विद्रोहले सत्ता पल्टायो

**ल्याटिन अमेरिकी देश इक्वेडरमा हप्तौंको जन संघर्षको क्रममा उर्लिएको विद्रोहका कारण अन्तर्राष्ट्रिय मुद्रा-कोषका कट्टर भक्त राष्ट्रपति जमिल महुवाद-महुवादको सरकार सत्ताच्यूत भएको छ ।**

**इक्वेडरका आदिवासी जनता, विद्यार्थी, विभिन्न मजदूर र किसान यूनियनहरु, वामपन्थी पार्टीहरु तथा तल्लो स्तरका सैनिकहरुको संयुक्त बलले गत माघ ७ गते महुवादको सरकारलाई सत्ताच्यूत गरेको थियो । उक्त दिन त्यस देशका सम्पूर्णजसो शहर, बजारका सडकहरुदेखि लिएर संसद भवनमाथि कब्जा गरेर हजारौंहजार संघर्षशील इक्वेडरवासीले 'नेशनल साल्भेशनको सरकार' गठन गरेका थिए ।**

**गरीब-उत्पीडित जनताको 'नेशनल साल्भेशनको सरकार'को आयु भने धेरै लामो हुन सकेन, जनताको विजय पनि एक दिनको मात्रै सावित भयो । अमेरिकी साम्राज्यवादको आडभरोसामा उच्च श्रेणीका सैनिकहरुले नेशनल साल्भेशनको सरकारलाई फ्याँकेर माघ ८ गते नै पूर्व राष्ट्रपति महुवादको सरकारका उपराष्ट्रपति गुस्ताभो नोबोआलाई राष्ट्रपतिको कुर्सीमा आसीन गराएका छन् । अहिले पनि त्यहाँ नोबोआ सरकारमार्फत् शासन चलाइरहेका पूँजीपतिवर्गका प्रतिनिधिहरु र उत्पीडत जनताबीच सडक-संघर्ष चर्किरहेको छ ।**

**'मूल्यांकन'को अगामी अंकमा त्यहाँको ऐतिहासिक जनविद्रोह, त्यसको कारण, परिणाम र वर्तमान संघर्षबारे विस्तृत रिपोर्ट तथा समीक्षा प्रस्तुत गरिनेछ । ❑**



*इक्वेडरका नयाँ राष्ट्रपति गुस्ताभो नोबोआ*

## घटना र प्रवृत्ति

# उत्तरी र दक्षिणी अमेरिकामा अगाडि बढ्दैछ विद्यार्थी आन्दोलनको हूरी

पूँजीवादी समाजले आफ्नो आवश्यकता अनुकूलका मानिसहरू निर्माण गर्ने कारखानाको रूपमा विकसित गरेका स्कूल-क्याम्पसहरूमा अचेल विद्यार्थी आन्दोलनको हूरी चल्दैछ र आन्दोलनरत विद्यार्थीहरूले सगर्व घोषणा गरिरहेका छन्- हामी पूँजीवादी समाजद्वारा अनुकूलित (conditioned) हुँदैनौं, त्यसले हामीमाथि थोपरिएका निजीकरण, नव-उदारवाद र खुला बजार अर्थतन्त्रलाई कदापि स्वीकार्दैनौं ।

हो, अचेल उत्तरी अमेरिका र दक्षिणी अमेरिकाका विभिन्न देशहरूमा अन्तर्राष्ट्रिय मुद्राकोष र विश्व बैंकको निर्देशनमा त्यहाँका सरकारले शिक्षालाई निजीकरण गर्ने, अत्यधिक शिक्षण-शुल्क लगाउने, शिक्षामाथिको सरकारी खर्च कटाउने र शैक्षिक स्वायत्ततालाई निमोठ्ने जस्ता दुस्प्रयासहरू गरिरहेकोमा कडा विरोध गर्दै विद्यार्थीहरूले आन्दोलनको लहर चलाइरहेका छन् ।






*पक्राउ परेका आफ्ना साथीहरूको रिहाइको माग गर्दै मेक्सिको सिटीमा विद्यार्थीहरूले गरेको प्रदर्शन (माथि)*

*क्याम्पस भवन छोड्दै गरेका विद्यार्थीहरू (बायाँ)*

पूँजीवादीहरूको केन्द्रको रूपमा रहेको अमेरिकाकै मुटु- न्यूयोर्क शहरमा सार्वजनिक शिक्षाका हर्ताकर्ताका रूपमा रहेका मेयर रूडल्फ गुइलियानीले सार्वजनिक शिक्षामाथि लगातार प्रहार गर्न थालेकोमा विद्यार्थी, अभिभावक र शिक्षकहरूले प्रतिरोध गर्न थालेका छन् । मेयर रूडल्फले शहरका गरीब विद्यार्थीहरू, विशेष गरी, काला जातिका, ल्याटिन अमेरिकाका र अरू उत्पीडित श्रमिक समुदायका विद्यार्थीहरूले पढ्ने सार्वजनिक स्कूलहरूलाई दिनुपर्ने अनुदान रकम कटाउने, सार्वजनिक स्कूलको पढाइवापत खर्च हुने रकम लिएर अभिभावकहरूले निजी स्कूलमा आफ्ना छोरा-छोरीलाई पढाउन पाउने 'भौचर प्रणाली' लागू गर्ने, र जाँचलाई सकेसम्म बेसी कडा, बेसी प्रतिस्पर्धात्मक, बेसी रटन्ते बनाउने अभियान चलाइरहेका छन् । उनले निजी स्कूल, निजी शैक्षिक प्रक्रिया र IBM जस्ता विशाल निजी कम्पनीहरूको स्वार्थ अनुरूप काम गरेको विरोधमा विद्यार्थी र शिक्षक यूनियनहरूले कक्षा बन्द गर्ने र धर्ना कस्ने कार्यक्रम संचालन गरिरहेका छन् ।

अमेरिकाकै छिमेकी देश क्यानाडामा हजारौं विद्यार्थीहरूले सार्वजनिक क्याम्पस र विश्वविद्यायहरूमा संघीय सरकारले दिँदै आएको रकममा कटौती गरेको विरोधमा कक्षा वहिष्कार गर्ने, जुलूस प्रदर्शन गर्ने काम गरेका छन् । गत माघ १९ गते न्यू फाउण्डल्याण्डस्थित सेन्ट जोन क्याम्पसका १५ सय विद्यार्थीहरूले कक्षा बहिष्कार गरेका छन् । उनीहरूले प्रान्तीय शिक्षा मन्त्रीविरूद्ध सडकमा नाराबाजी गर्दै सरकारी भवनहरूमाथि कब्जा जमाएका थिए ।

क्यानेडियन स्टूडेन्ट्स फेडेरेशनको अगुवाइमा ओटावादेखि लेब्रोदर शहरसम्म, भ्यानकूभरदेखि मन्ट्रियलसम्मका बीसौं हजार विद्यार्थीहरू कक्षा बहिष्कार गर्दै चीसा सडकहरूमा निस्के । उनीहरूले बढ्दो शैक्षिक शुल्क, विद्यार्थीमाथि बढ्दो ऋणको बोझ र सरकारी अनुदान रकमको कटौतीको विरोधमा नारा लगाउँदै सामाजिक सुरक्षा प्रणालीलाई अरू सुदृढ पार्नुपर्ने माग गरे ।

दक्षिणी अमेरिकाका देशहरू चिली र बोलिभियामा पनि अन्तर्राष्ट्रिय मुद्रा कोषद्वारा निर्देशित विद्यार्थीविरोधी शिक्षा नीतिको विरोधमा ठूलठूला विद्यार्थी संघर्षहरू भइरहेका छन् । केही समय अगाडि चिलीका प्रमुख शहरहरू - सान्टियागो, भाल्पाराइसो, कन्सेप्सियो र अरिकामा सरकारद्वारा शैक्षिक खर्चमा गरिएको कटौतीको विरोधमा सडक-संघर्ष चलेका छन् । अर्को देश बोलिभियाको सान्ताक्रुज शहरस्थिति ग्याब्रियल रेने मोरेनो विश्वविद्यालयका विद्यार्थी तथा प्राध्यापकहरूले शैक्षिक बजेटको कटौती र विश्वविद्यालयको स्वायत्ततामाथि आँच पुऱ्याउने कानूनहरूको निर्माणको विरोधमा प्रतिरोध संघर्ष थालेका छन् ।

विद्यार्थीहरूको सबैभन्दा ठूलो, सबैभन्दा जुझारू र सबैभन्दा लामो संघर्ष चाहिँ मध्य अमेरिकी देश-मेक्सिकोमा चलिरहेको छ । त्यहाँको सबैभन्दा ठूलो विश्वविद्यालय नेशनल अटोनोमस यूनिभर्सिटी अफ मेक्सिको (UNAM) का दुई लाख सत्तरी

> ***विद्यार्थीहरूको सबैभन्दा ठूलो, सबैभन्दा जुझारू र सबैभन्दा लामो संघर्ष चाहिँ मध्य अमेरिकी देश- मेक्सिकोमा चलिरहेको छ***

**यसैबीच, मेक्सिको सरकारले संघर्षशील विद्यार्थीहरूमाथि दमन गर्ने र वार्ता चलाउने एवं फिस घटाउने जस्ता द्वैध नीतिहरू अप्नायो**

हजार विद्यार्थीहरूले गत बैशाख ७ गते देखि ऐतिहासिक जुझारू संघर्ष चलाइरहेका छन् ।

११ महिना लामो यो संघर्ष अर्नेष्टो जेडिल्लोको पूँजीवादी सरकारले नव-उदारवादी नीतिको क्रियान्वयनको क्रममा लागू गर्न खोजेको निःशुल्क सार्वजनिक शिक्षा अन्त्य गर्ने, UNAM लाई निजीकरण गर्ने र फिस चर्को रूपमा बढाउने कार्यक्रमकाविरूद्ध मुख्य रूपमा लक्षित छ । शिक्षा प्राप्त गर्ने जनताको अधिकार प्राप्तिका लागि भइरहेको यस ऐतिहासिक विद्यार्थी संघर्ष यस वर्षको मेक्सिकोको मात्रै होइन, विश्वकै सबैभन्दा ठूलो र महत्वपूर्ण राजनैतिक संघर्षको रूपमा चर्चित भइरहेको छ ।

शिक्षाको अधिकारको प्राप्तिको आन्दोलनदेखि मेक्सिको सरकारको नव-उदारवादी नीतिविरोधी राजनीतिक संघर्षसम्म तेर्सिएको यस संघर्षले अभिभावक र मजदूरका यूनियनहरू, किसान र विभिन्न पेशागत संगठनहरूदेखि लिएर राजनैतिक पार्टीहरूलाई समेत ध्रुवीकरण गरिरहेको छ । अधिकांश पेशागत संगठनहरू, यूनियनहरू र वामपन्थी पार्टीहरू तथा दक्षिणी मेक्सिकोमा सशस्त्र संघर्ष गरिरहेको जापातिष्टा आन्दोलनले यसको समर्थन र सहयोग गरिरहेका छन्, भने दक्षिणपन्थी र पूँजीवादी पार्टीहरूले चाहिं आफ्नो वर्गीय चरित्र अनुरूप सरकारी नीतिकै पक्षपोषण गरिरहेका छन् ।

संघर्षको क्रममा स्ट्राइक जनेरल काउन्सिल (CGH)को नेतृत्वमा प्रशर्दनकारी १ लाख विद्यार्थीहरूले यूनिभर्सिटीमाथि कब्जा जमाउने, मजदूर यूनियनहरूसँग मिलेर सुरक्षादस्ता बनाई सरकारी दमनको प्रतिकार गर्ने, अभिभाकहरू, यूनियनहरू र शुभेच्छुकहरूबाट प्राप्त खाद्यान्नको भरमा त्यहीं सामूहिक रूपले खाना खाएर संघर्षका नयाँ नयाँ सिर्जनात्मक रूपहरू विकसित गर्ने, पत्रकार सम्मेलनहरू गर्ने, विचार गोष्ठी र अन्तर्क्रियाहरू गर्ने, संगठनको सुदृढीकरण गर्नेदेखि प्रचार-युद्ध चलाउने कामसम्म गरिरहेका छन् ।

यसैबीच, मेक्सिको सरकारले संघर्षशील विद्यार्थीहरूमाथि दमनगर्ने र वार्ता चलाउने एवं फिस घटाउने जस्ता द्वैध नीतिहरू अप्नायो । शुरूमा आन्दोलनकारी विद्यार्थीहरूसँग वार्ता गर्ने, अन्तर्राष्ट्रिय मुद्रकोष (IMF)को निर्देशनमा बढाएको फिसमा ३० प्रतिशत घटाउने, अझ पछि गएर फिस तिर्ने सवाललाई नै विद्यार्थीहरूको इच्छामा छोड्ने जस्ता पाशोहरू फ्याँकियो । पछि गएर, माघ २३ गते हजारौं सशस्त्र सैनिक-प्रहरीहरूलाई विद्यार्थीद्वारा कब्जा गरिएको विश्वविद्यालयभित्र जबर्जस्ती घुसाएर विद्यार्थीहरूका ब्यारिकेड (अवरोध)हरू ध्वस्त पार्ने, ७०० जना विद्यार्थीहरूलाई गिरफ्तार गर्ने काम गरेपछि वार्ताको नाटकीय क्रम भंग भएको छ ।

वार्ताको नाटक गर्दै दमनकारी योजना क्रियान्वयन गर्ने मेक्सिको सरकारसमक्ष स्ट्राइक जनरल काउन्सिल (CGH) ले कहिल्यै आत्मसमर्पण नगर्ने घोषणा गरेको छ । हामी हाम्रा राजनैतिक कैदीहरूको तुरून्तै रिहाइको माग गर्दछौं । उनीहरूको रिहाइलाई हाम्रा अन्य मागहरूसंग कहिल्यै लेनदेन गर्दैनौं । सशस्त्र सैनिक-प्रहरीहरूले विश्वविद्यालयलाई कब्जा गरिराखेमा हामी बाहिरबाट भएपनि संघर्ष संचालन गर्नेछौं ।


राजनैतिक कैदीहरूको मुक्ति, शिक्षाको निजीकरणको अस्वीकार, नव-उदारवादको विरोध, अन्तर्राष्ट्रिय मुद्राकोष (IMF) र विश्वबैंकको विरोध जस्ता नाराहरूमा भइरहेको संघर्षप्रति स्ट्राइक जनरल काउन्सिलले विश्वभरिका न्यायप्रेमी जनतासमक्ष सहयोग र समर्थनको लागि हात फैलाएको छ ।

जन-दवावका कारण सरकारले माघ २६ गते नै विश्वविद्यालय परिसरबाट आफ्ना सशस्त्र सैनिक-प्रहरी फिर्ता बोलाएको छ । तर विद्यार्थीहरूका पुराना मागहरू लगायत बन्दी विद्यार्थीहरूको रिहाइ, विश्वविद्यालय-तन्त्रको प्रजातन्त्रीकरण जस्ता थप मागमा संघर्ष चर्किरहेको छ । जापातिष्टा आन्दोलनले सैनिक-प्रहरी दमन र आफ्ना जायज मांगहरूको सवालमा शान्तिपूर्ण संघर्ष अगाडि बढाइरहनु पर्ने कुरामा जोड दिंदै विद्यार्थी संघर्षलाई सहयोग र समर्थन दिइरहेको छ । वार्ता र शान्तिपूर्ण समाधानको बाटोमा सरकार आगाडि नबढेमा यो विद्यार्थी संघर्षले कति भयानक रूप लिने हो, केही भन्न सकिंदैन । ❑

# चिलीमा राष्ट्रपति पदमा समाजवादी व्यक्ति निर्वाचित

सन् १९७३ मा जनरल अगस्टो पिनोशेद्वारा चिलीका प्रथम वामपन्थी राष्ट्रपति साल्भाडोर एलेण्डेको हत्या भएपछि पुनः एक पटक त्यहाँ उनकै सहकर्मी रिकार्डो लेगोस राष्ट्रपति पदमा निर्वाचित भएका छन् ।

पहिलो चरणको चुनावमा उनले जनरल पिनोशे समर्थक दक्षिणपन्थी उम्मेदवार ज्याक्वीन लेभिनसँग कडा मुकाबिला गर्नु परेको थियो । पछि, लण्डनमा गिरफ्तार गरिएका पिनोशेलाई चिली फर्काउने निर्णयले देशभित्र उठाएको पिनोशे-विरोधी लहरले उनलाई निकै ठूलो सघाऊ पुऱ्यायो । त्यसमाथि पहिलो चरणको चुनावमा उम्मेदवार भई ३-४ प्रतिशत मत प्राप्त गर्न सफल चिलीको कम्युनिष्ट पार्टी, ग्रीन पार्टी र अर्को वामपन्थी पार्टीका उम्मेदवारहरूले दक्षिणपन्थी उम्मेदवारलाई हराउन उनलाई नै समर्थन र सहयोग गरेपछि उनले विजय हासिल गरेका हुन् ।




चिलीका नयाँ राष्ट्रपति रिकार्डो लेगोस

## एलेण्डेका सहकर्मीको कार्यकाल कस्तो होला ?

आफूलाई 'समाजवादी' भन्न रुचाउने तर व्यवहारमा सोशल डेमोक्रेसीको सिद्धान्तलाई अंगीकार गर्ने, सोशलिष्ट पार्टीका नेता लेगोसको राष्ट्रपतिको कार्यकाल निकै चुनौतीपूर्ण हुने देखिन्छ ।

*पिनोशेको सम्भावित रिहाइका विरूद्ध राष्ट्रपति भवन अगाडि भएको प्रदर्शनमा एलेन्डेको फोटो भएको पोष्टर बोकेर सहभागी एक महिला*




'चिलीका टोनी ब्लेयर'का रुपमा प्रख्यात ६२ वर्षीय प्राज्ञ, वरिष्ठ अधिवक्ता तथा समाजवादी नेता लेगोसले बहुदलीय प्रजातन्त्रको सुदृढीकरण र बजारमुखी अर्थव्यवस्थाको विकासको नारा बुलन्द गरेका छन् । उनले शिक्षा, स्वास्थ्य क्षेत्रमा बजारको होइन, राज्यको हस्तक्षेपको पक्षमा सरकारलाई केन्द्रित गर्ने चुनावी बचनवद्धतालाई व्यवहारमा लागू गर्ने घोषणा गरेका छन् ।

१९७३ मा तानाशाह जनरल अगस्टो पिनोशेले वामपन्थी राष्ट्रपति एलेण्डेको हत्या गरेर स्थापित गरेको फासीवादी शासनलाई जनसंघर्ष र जनमत-संग्रहद्वारा पराजित गरी १९९० देखि त्यहाँ बहुदलीय प्रजातन्त्रको पुनर्स्थापना गरिएको हो । पुनर्स्थापित प्रजातन्त्रको रक्षा गर्दै नयाँ जनमुखी संविधान निर्माण गरी प्रजातन्त्रको जग बसाउने, ३ हजार चिलीवासीहरुको हत्या गर्ने र १ हजार जनालाई बेपत्ता पार्ने काममा संलग्न जनरल पिनोशे लगायतका फासीवादीहरुलाई सजायँ दिलाउने काममा दृढतापूर्वक अग्रसर भएमा उनको कार्यकाललाई चिलीवासीहरुले पक्कै सहाहना गर्ने छन् । उनको सोशल डेमोक्रेटिक नीति र व्यहारबाट चिलीका जनताले ठूलो सामाजिक र आर्थिक परिवर्तनको आशा नगरेता पनि निश्चित रुपमा सुधारको भने आकांक्षा राखेका देखिन्छन् ।

❑ राजेन्द्र महर्जन

# क. निर्मल लामाको स्वास्थ्य-स्थिति गम्भीर



क. निर्मल लामा

नेपाली कम्युनिष्ट आन्दोलनका वरिष्ठ नेता क. निर्मल लामा क्यान्सरबाट पुनः गम्भीर अस्वस्थ भई गत फागुन २२ गतेदेखि भरतपुरस्थित बी. पी. कोइराला मेमोरियल क्यान्सर अस्पतालमा रही उपचार गराइरहनु भएको छ । अहिले पनि क. लामाको स्वास्थ्य स्थितिमा कुनै सुधार आउन सकेको छैन ।

स्मरणीय छ, करिब सात महिना अगाडि भारतको बम्बैस्थित टाटा मेमोरियल अस्पतालमा क. लामाको भोजन-नलीको क्यान्सरको शल्यक्रिया गरिएको थियो । त्यतिखेर उपचारमा संलग्न डाक्टरहरुले शल्यक्रिया सफल भएको र केही समयसम्म नेपालमै केमोथेरापी र रेडियमथेरापी गराएपछि क. लामा पूर्णतः स्वस्थ हुनुहुने कुरा बताएका थिए । तर दुःखको कुरा, गत फागुन २१ गते घाँटीमा असजिलो महसूस भई तत्काल परीक्षण गराउँदा उहाँको भोजन-नलीमा क्यान्सरका गाँठाहरु पुनः बढ्दै गरेको स्थिति डाक्टरहरुले पत्ता लगाए । बम्बैबाट फर्केपछि पटकपटक चितवन भरतपुरस्थित उक्त क्यान्सर अस्पतालमा गई उहाँले केमोथेरापी उपचार गराउनु भयो । तर हाल आएर के थाहा पाइयो भने, कमोथेरापी उपचारले उहाँमा क्यान्सर फैलिने प्रक्रिया रोक्न सकेन । डाक्टरहरुबाट थाहा भए अनुसार क. लामाको भोजन-नलीको क्यान्सर बढ्नबाट रोक्न गरिएका पछिल्ला सम्पूर्ण प्रयत्नहरु निरर्थक भइरहेका छन् ।

एलोपेथी-उपचारका प्रयत्नहरु निरर्थक हुँदै गएपछि आफ्नै परिवारको सल्लाह तथा सहयोगबाट हाल क. निर्मल लामाले भारतबाट झिकाई आयुर्वेद-औषधीहरु सेवन गर्न थाल्नुभएको छ ।

यस मासिकका प्रतिनिधिले हालै भरतपुरको क्यान्सर अस्पतालमा क. लामालाई भेट्दा उहाँले आफू जीवनको अन्तिम घडीमा आईपुगेको बताउनु भयो ।

"मैले आफ्नो आयु सम्भवतः दुईचार वर्ष रहेको हुनुपर्छ भन्ने सोची आफूले जीवनको अन्तिम घडीसम्ममा सिध्याईसक्नुपर्ने कामहरुलाई एक डेढ वर्षको समयावधिमा सिध्याउने योजना बनाएको थिएँ । तर अहिले मलाई के महसूस भएको छ भने, मेरो आयु अब सायद एकाध महिनाको मात्र रहन आएको छ । त्यसैले अब मैले मेरो कार्य योजनाको समयावधिलाई छोट्याउनु परेको छ । खासगरीकन, अहिलेको नेपालको वर्तमान राजनीतिक परिस्थिति तथा नेपाली कम्युनिष्ट आन्दोलनको विसंगतिपूर्ण अवस्थालाई ध्यानमा राखी अबको समयमा लिनुपर्ने सही राजनीतिक धार के हुनेछ भन्ने सवालमा म केही खाका तयार गर्न लाग्दैछु । र, त्यो कार्य एकाध महिनाको समयभित्रमा नै सम्पन्न गर्ने लक्ष्य लिई म अगाडि बढ्दै छु ।" अत्यन्त कष्टपूर्ण अवस्थामा रहनुभएका क. लामाले बडो सहज ढंगले आफ्नो जीवनको बाँकी रहनआएको समयको आफ्नो कार्य योजना बताउनु भयो ।

भोजन-नलीको अपरेशन गर्दा स्वर-यन्त्रको एउटा नशा काटिएकोले क. लामाको स्वर त्यति स्पष्ट छैन । तैपनि हाँसीहाँसी, पटक्कै नआत्तीकन आवाज होइन, हावा मात्र आएकोजस्तो किसिमको स्वरबाट उहाँ आफ्नो जीवनका अन्तिम कार्य-योजनाहरु बताउनु हुन्छ ।

कुराकानीको क्रममा क. लामाले केही गुनासाहरु पनि पोख्नु भयो । उहाँले भन्नुभयो- "मैले पहिले पनि भनिसकें- मेरो पार्टीकै एकजना कमरेडले म र मेरी श्रीमती सुकन्यालाई छकाई हाम्रो म्हेपीस्थित घर-जग्गा सबै बैंकमा बन्धक राखेर लाखौं रुपियाँ लिई सबै झ्वाम पाऱ्यो । नेपाल बैंक, टेकु शाखाले अहिले लगातार ताकेता गरिराखेको छ । सम्भवतः अब हाम्रो घर-जग्गा सबै नै लिलाममा जाँदैछ । किनकि त्यो कमरेडले झ्वाम पारेको अट्ठाईस लाख रुपियाँ बैंकलाई तिर्नसक्ने स्थिति हाम्रो छैन । म अहिले जीवनको अन्तिम घडीमा यस्तो तुच्छ कुराको समेत चिन्ता लिएर बस्न बाध्य भएको छु ।"

'मूल्यांकन' मासिक क. निर्मल लामाको शिघ्र स्वास्थ्य-लाभको कामना गर्दछ । साथै, उहाँले जीवनको यस्तो गम्भीर घडीमा पनि नेपाली कम्युनिष्ट आन्दोलनको लागि केही गरिरहने जुन अठोट देखाउनु भयो, त्यसप्रति हार्दिक सऱ्हाहना व्यक्त गर्दै हामी उहाँको आफ्नो लक्ष्य सफल होस् भन्ने कामना पनि गर्दछौं । ❑



*मारवाडी काण्डका साथैअर्को कुटपीटलाई पनि मैले बचाउनु पऱ्यो*

# मैले कुटेपछि पुलिसहरू झण्डै झण्डै थला नै पर्थे

◆ निर्मल लामा ◆



त्यतिखेर उपत्यकाका तीनवटै शहरभित्र अखिल नेपाल किसान संघ र वरिपरि काँठ-काँठमा शुद्धिकरण किसान संघ क्रियाशील थियो । शुद्धिकरण किसान संघमा पद्मबहादुर भन्ने व्यक्तिको नेतृत्व रहेको थियो । पूरै काँठ क्षेत्रमा शुद्धिकरण किसान संघको प्रभाव बलियो थियो । पंचायती कालमा एकचोटि बागमती अंचलका अंचलाधीशसमेत भइसकेका वासुपासा भन्ने व्यक्ति पनि त्यस संघमा आवद्ध थिए जस्तो मलाई लाग्छ । त्यस्तै, त्यस संघमा राणाका आठपरियाहरू तथा भूतपूर्व सैनिकहरू पनि आवद्ध थिए । उनीहरू सबै कम्युनिष्ट पार्टीबाट टाढाका मानिसहरू थिए ।

हामीलाई के कुरा थाहा भयो भने, शुद्धिकरण किसान संघले शहरमा ठूलो जुलूस ल्याउन लाग्दैथियो । त्यो जुलूस ललितपुरको ठैबतिरबाट ल्याइँदै थियो । तर पाटन शहरभित्रको अखिल नेपाल किसान संघका हाम्रा किसान साथीहरूले तिनीहरूको जुलुस पाटनभित्र छिर्न नदिने योजना बनाए । उनीहरूले शुद्धिकरण किसान संघको जुलूस पाटन शहरभित्र पस्नासाथ कुटपिट गर्ने योजना बनाए । मैले पार्टीमा 'त्यो काम गर्नु हुन्न' भनेर आफ्नो विचार राखें । तर पार्टीको क्षेत्रीय कमिटीका करिब करिब बहुमत साथीहरूको विचार 'शुद्धिकरण किसानलाई शहरमा पस्न दिनु हुँदैन' भन्ने रह्यो । उनीहरूको भनाइअनुसार यदि शुद्धिकरण किसान संघलाई हामीले शहरभित्र पस्न दियौं भने उनीहरूले भित्र पस्यापस्यै गर्छन्, शहर पूरै उनीहरूले कब्जामा लिन्छन् । त्यसैले उनीहरूलाई शहर पस्न नदिनको लागि कुटपीट गर्नैपर्छ भन्ने भनाइ धेरै साथीहरूको रह्यौं ।

तर मैले 'त्यस शुद्धिकरण किसान संघको जुलूसमा त्यसरी कुटपीट गर्नुहुन्न बरू तिनीहरूलाई फूलमालाले स्वागत गरौं' भनें । त्यस्तै तिनीहरूको जुलूस पाटन शहर पस्नासाथ त्यसमा हाम्रो जुलूस पनि थपेर ठूलो जुलूस बनाऔं र त्यसलाई पछि काठमाडौं शहर घुमाऔं भन्ने कुरा मैले गरें ।

त्यस जुलूस प्रदर्शनमा शुद्धिकरण किसान संघले 'मलखाद सस्तो गर, कुलोको व्यबस्था गर' जस्ता किसानहरूका जल्दाबल्दा विभिन्न नाराहरू समावेश गरेको थियो । तर पनि त्यो जुलूस गर्नुमा उनीहरूको भित्री मनसाय भने अखिल नेपाल किसान संघलाई शहरमा ध्वस्त पार्नु नै थियो । उनीहरू कुनै राजनैतिक पार्टीबाट प्रत्यक्ष निर्देशित भएको त देखिंदैनथ्यो तर अप्रत्यक्ष रूपमा गोर्खादलसँग उनीहरू सम्बन्धित थिए कि जस्तो लाग्थ्यो । त्यस संघका नेताहरू अहिले पनि कहिलेकाहीं भेटिन्छन् । हाले काठमाण्डौं पुलिस क्लबमा भएको '२००७ सालको मुक्ति सेनाको स्वर्ण बार्षिकोत्सव' कार्यक्रममा जाँदा कृष्णबहादुर भन्ने महाराजगंजमा बस्ने व्यक्तिसँग भेट भयो । उनी पनि त्यस शुद्धिकरण किसान संघका एक नेता थिए । उनी मुक्ति सेनामा त थिएनन् तर त्यस कार्यक्रममा उनी उपस्थित हुनआएका थिए । उनी धेरै बूढा भैसकेका थिए । शुरूमा मैले उनलाई चिनिनँ । उनले नै मसँग 'मलाई चिन्नु भयो ?' भनेर सोधे । मैले उनलाई चिन्न नसकेपछि उनले 'म महाराजगंजको कृष्णबहादुर हुँ' भने । मैले भवाट्ट सम्झिहालें - 'शुद्धिकरण किसान संघको हो ?' भनेर सोधें । उनले 'हो' भने ।

त्यही शुद्धिकरण किसान संघले आयोजना गरेको जुलूसलाई पाटन शहरभित्र छिर्न नदिने भनेर पाटन शहरभित्रका अखिल नेपाल किसान संघका हाम्रा किसान साथीहरूले तयारी गरेको कुरा मैले माथि उल्लेख गरिसकें । तर तिनीहरूलाई कुटपीट गरी शहरभित्र छिर्न नदिने होइन कि बरू फूलमालाले स्वागत गरी हाम्रो जुलूस थपेर त्यसलाई काठमाडौं लगौं भन्ने मेरो कुरालाई पछि साथीहरूले माने ।

शहरभित्र छिर्नासाथ अखिल नेपाल किसान संघका मानिसहरूले उनीहरूलाई कुट्छन् पिट्छन् भन्ने धारणा शुद्धिकरण किसान संघका मानिसहरूले पनि राखेका थिए । त्यसैले उनीहरू पूरै भिड्ने हिसाबमा तयारी गर्दै शहर पस्न लाग्दैथिए । जुलूस पाटन शहरभित्र पस्यो । तर हाम्रा किसान साथीहरूले जुलूसमा आक्रमण गर्नुको सट्टा जुलूसमा आउनेहरूलाई अबीर र फूलमालाद्वारा स्वागत गरे । र, उनीहरूले शुद्धिकरण किसान संघका मानिसहरूको आवाजमा आवाज मिलाई नाराहरू घन्काए । साथीहरूले उनीहरूको जुलूसमा आफ्नो जमातलाई पनि मिसाए । यो देखेर शुद्धिकरण किसान संघका मानिसहरू आश्चर्यचकित तथा खुशी र उत्साहित पनि भए । हाम्रा साथीहरूले उनीहरूलाई 'यस जुलूसप्रति हाम्रो पूर्ण समर्थन छ । अहिले यसमा हाम्रा साथीहरू पनि थपिएकाछन् । अब हामी संयुक्त भई यो विशाल जुलूसलाई काठमाडौंतर्फ लगौं ।' भने । उनीहरू त खुशीले यति उफ्रे कि, साँच्चै त्यो दृष्य अनौठो खालको भयो । त्यस घटनापछि उनीहरूसँग हाम्रो सम्बन्ध पनि राम्रो बन्यो ।

भन्नुस् त, कुटपीट भएको भए के हुन्थ्यो ?! यसरी फेरि पनि मैले एउटा संभावित कुटपीटको घटनालाई जोगाएँ ।

त्यतिखेर काठमाण्डौमा मलाई बारम्बार वारेण्ट जारी भइरहन्थ्यो । म गल्ली-गल्लीबाट हिँड्ने गर्थे । ती गल्लीहरू पनि थाहा पाउने एक जना

**त्यतिखेर काठमाण्डौमा मलाई बारम्बार वारेण्ट जारी भइरहन्थ्यो । म गल्ली-गल्लीबाट हिँड्ने गर्थे ।**

पुलिस थियो - श्याम । मलाई उसको पूरा नाम अहिले सम्झना छैन । त्यो मान्छे चाबहिलको जण्ड थियो । उसको काम के थियो भने, म हिंड्ने गल्लीहरू पत्ता लगाई अन्य दुई चारजना पुलिसहरू साथमा ल्याएर मलाई पक्ड्ने । त्यसरी मलाई पक्डेपछि उसको पद माथि चढ्थ्यो । पटक पटक मलाई पक्डदै माथि चढ्दै गरेर पछि त्यो मान्छे डि.एस.पि बन्यो ।

एकचोटि फसिकेबमा म एक्लै जाँदै थिएँ । दिउँसोको करिब तीन बजेको बेला थियो । त्यतिखेर म फसिकेबबाट गल्ली-गल्ली हुँदै वटु र वटुबाट पनि गल्ली-गल्ली हुँदै ज्याठा जान हिडिरहेको थिएँ । म दुईतिरबाट ट्याप्प पक्डिएँ । त्यतिखेर म बलियो थिएँ । बक्सिङ्ग सक्सिङ्ग पनि खेल्थें । मेरो पाली, दुई हातले दायाँ र बायाँ पुलिसहरूलाई एकैचोटि यति जोडले हानें कि तिनीहरू दुवै लडे । त्यसपछि अगाडि पछाडिका पुलिसहरूलाई पनि मज्जैले मुक्का हानें र त्यहाँबाट म फुत्कें । त्यतिबेला पनि त्यही श्याम भन्ने पुलिसले नै मलाई पक्डन कसरत गरेको थियो । पछि एकचोटि भेट हुँदा त्यसले मलाई भन्यो - "तपाईंले मुक्का हानेर मलाई केही दुःख भएन । किनकि जतिपटक तपाईंबाट मैले मुक्का खाएँ, त्यति नै पटक मेरो फुलिको संख्या बढ्यो ।"


त्यस्तै अर्को एकचोटि क्षेत्रपाटीमा म पक्डिएँ । मेरो जरूरी काम थियो । म पक्डिएर जेल जानु नै हुँदैनथ्यो । त्यसैले मैले भाग्नु नै पर्थ्यो । मलाई तीन चारजना पुलिसहरूले पक्डेर बाटोमा ल्याउँदैथे र मैले भाग्नको लागि मौका हेर्दैथिएँ । ठँहिटी पुग्यो मौका पाइँन, बाँङ्गेमुढा पुग्यो मौका पाइँन, तर इन्द्रचोक आइपुगेपछि जे पर्ला पर्ला भनेर अचानक मैले पुलिसहरूलाई मुक्का हान्दिएँ । दायाँ र बायाँ रहेकाहरूलाई मुक्का हानेर पछारिदिएँ र अगाडि रहेको पुलिसको कुममा ढ्याक्क टेकेर म त्यहाँबाट फुत्किहालें । त्यसपछि म असन भएर ताःननी पुगिहालें र त्यहाँबाट पनि गल्ली गल्ली हुँदै किलागलमा चन्द्रानन्दको घरमा पुगें । यसरी म दोस्रोचोटि पुलिसबाट फुत्केर आएं ।

चन्द्रानन्दको घरमा हाम्रो पार्टीको क्षेत्रीय समितिको मिटिङ्ग भइराखेको थियो । त्यही मिटिङ्गको निम्ति म उपस्थित हुनु जरूरी थियो । मैले तुरून्तै त्यहाँबाट अर्को सुरक्षित ठाउँमा मिटिङ्ग राख्न लगाएँ । अनि मैले पनि तत्काल त्यो घर छोडिहालें । हामीले त्यही चन्द्रानन्दको घरभन्दा दुईचार घर भित्रपट्टि पर्ने अर्को एकजना साथीको घरमा मिटिङ्ग राख्यौं । त्यो घरमा सुरक्षित तवरले मलाई पुऱ्याउन चन्द्रानन्द नै मेरो साथमा आएका थिए ।

याक्थुम्बालाई म भिनाजु भन्थें । उनकी श्रीमतीलाई दिदी भन्थें । मेरा आफ्नै दिदी बहिनी छैनन् । उनैले मलाई भाइको रूपमा टिका लगाइदिन्थिन् । एकचोटि म वारेन्टेड थिएँ । म वारेन्टलाई त्यति वास्ता गर्दिनथें । त्यसपटक मलाई दिदीलाई भेट्न मनलाग्यो । याक्थुम्बा त्यतिखेर आई.जि.पि. थिए । उनी श्रीमहलमा बस्थे । त्यतिबेला म काठमाण्डौ जिल्ला पार्टीको सेक्रेटरी थिएँ । कमलपोखरीका बिष्णु सिलवाल सेक्रेटरियट सदस्य थिए । मैले उनलाई भनें- "मलाई दिदी भेट्न मनलाग्यो । दुईवटा साइकलको व्यवस्था गर र हामी श्रीमहलमा जाऔं । मलाई कसले चिन्छ र ? भेटभाट गरिसकेपछि हामी तुरून्त फर्कन्छौं ।"

त्यसपछि हामी श्रीमहलमा गयौं । त्यहाँ गेटबाट भित्र पस्नासाथ पछाडिबाट दिदीकहाँ जाने बाटो र अगाडिबाट अफिसमा जाने बाटो थियो । हामी पछाडिको बाटोबाट गयौं र साइकल तलै राखी माथि घरमा गई दिदीलाई भेट्यौं । तर हामी चियासिया खाँदै कुरा गर्दै गरिरहेंदाको समयमा नै भित्रभित्रैबाट याक्थुम्बा आइपुगे -फुल युनिफर्ममा । उनले मलाई 'किन आएको ?' भनेर प्रश्न गरे । मैले भनें - "किन ? म दिदीलाई भेट्न आउनु हुन्न ?" । उनले भने - "भेट्यौ अब दिदीलाई तिमीले । श्यामले तिमीलाई देख्यो ।" श्यामले मलाई पक्रन्छ भन्ने कुरा उनलाई

**एकपटक पाटनमा पार्टीको एउटा प्लेनम बस्यो । त्यो प्लेनम सिद्धिएपछि बिहान म, शैलेन्द्र कुमार उपाध्याय, धनुषचन्द्र गौतम र अर्को एकजना गरी हामी चारजना बाटोमा हिँड्दै थियौं ।**



थाहा थियो । 'श्यामले तिमीलाई देख्यो । र, म कहाँ आएर स्यालूट ठोकी निर्मल लामा यहाँ आएको छ पक्रूं कि नपक्रूं भन्यो मलाई । मैले पक्री भन्नै पऱ्यो । त्यसैले अब तिमीले पक्राउ खान्छौ । जतिबेर बस्नु छ बस ।' उनले भने । 'ठीकै छ' - मैले भनें ।

त्यसपछि मैले बिष्णु सिलवाललाई भनें- "तिमी दुईवटा साइकल लान सक्छौ ?" उनले 'सक्छु' भने । 'ल तिमी साइकल लिएर गइराख । म बेलुकी आइपुग्छु' । यति भनेर उनलाई त्यहाँबाट फर्काएँ ।

मेरो त्यतिखेर पनि बाटैबाट उम्कने शुर थियो । तर मैले सकिनं । मलाई काठमाण्डौ डि.एस.पि. अफिसमा पुऱ्याइयो । त्यहाँ भुईंतल्लामा मेजिष्ट्रेट अफिस थियो । म त्यहाँ पुग्नासाथ 'मेजिष्ट्रेट अफिसमा लैजा' भनेर कराउन थालें । मलाई भोलिपल्ट ठीक १० बजे मेजिष्ट्रेट अफिसमा लगियो ।

तर मलाई मेजिष्ट्रेट अफिस लाने पुलिस मैले चिनेको थिएँ । उसलाई मैले त्यहीं आवत जावत गरेर नै चिनेको थिएँ । उसलाई मैले भनें - "मेरो जरूरी काम छ, म भाग्छु है । बरू काम सिध्याएर म फर्केर आउँछु ।" उसले 'हुन्छ' भन्यो । मलाई माथिबाट तल मेजिष्ट्रेट अफिसमा ल्याउँदा ऊ एक्लै थियो । मेजिष्ट्रेट अफिसमा मेरो बयान लिएर मलाई जेल चलान गर्ने योजना बनाइएको रहेछ । बयान लिन अलि अबेर भयो । त्यो चिन्ने पुलिस त्यहीं थियो । उसले आँखा झिम्काएर मलाई 'भाग' भन्यो । मेरोपालि म बिस्तारै ढोकामा ट्याक्क आइपुगें । र, त्यही तरीकामा ढोकाबाट बाहिर पनि निस्कें । त्यतिखेर मैले चप्पल लगाएको थिएं । चप्पल हातमा लिएर म जोडले दगुर्दै अगाडिको गल्लीमा स्वाट्ट पसें । त्यसपछि गल्ली गल्ली हुँदै ताःननीमा आइपुगें र त्यहाँबाट पनि गल्ली गल्ली हुँदै ठ्याक्क चन्द्रानन्दको घरमा आइपुगें ।

पछि मलाई भगाउने त्यो पुलिसलाई पक्रेर भद्रगोल जेलमा थुनामा राखियो । मैले त्यहाँ उसलाई भेट्न चन्द्रानन्दको भाइ श्यामलाई पठाएँ । पचास रूपियाँ पनि दिएर पठाएँ । साथै बिस्कुट सिस्कुट पनि किनेर दिईआउनु भनें । मैले ती चीजहरू 'दाइले तपाईंको लागि पठाएको' भनी त्यो पुलिसलाई दिनु र यदि उसले 'को दाइ ?' भनेर प्रश्न गऱ्यो भने 'कुन्नि ! तपाईंलाई थानामा भेटेको भन्थ्यो भन्नु' भनी श्यामलाई कुरा सिकाएर पठाएँ ।

श्यामले भद्रगोलमा गई त्यो पुलिसलाई भेट्यो । मैले भनेको कुरो भन्नासाथ त्यसले 'ए, चिनें चिनें, चिनें । मलाई केही दुःख छैन । दुई चार दिनमा फेरि मलाई आफ्नै ठाउँमा पुऱ्याइहाल्छ । मेरो गल्ती केही छैन भनेर उनीहरूले थाहा पाइसके' भन्यो भनेर मलाई श्यामले सुनायो ।

पछि एकचोटि उसँग मेरो भेट भयो । ऊ धेरै खुशी भयो । 'तपाईंलाई त्यतिखेर मैले काम बनाइदिएँ । पछि म कम्युनिष्ट हुन्छु' भन्ने कुरो उसले गऱ्यो । पछि ऊ के भयो, मलाई थाहा छैन ।

यसरी मैले पटक पटक पुलिसको पंजाबाट फुत्केर आउने काम गरें ।

एकपटक पाटनमा पार्टीको एउटा प्लेनम बस्यो । त्यो प्लेनम सिद्धिएपछि बिहान म, शैलेन्द्र कुमार उपाध्याय, धनुषचन्द्र गौतम र अर्को एकजना गरी हामी चारजना बाटोमा हिंड्दै

थियौं । मेरो नाममा वारेण्ट त्यतिखेर पनि थियो । मैले दोलाईं ओढेको थिएँ । पाटनको बाटो मलाई त्यति थाहा पनि थिएन । संयोगले हामी डि.एस.पि.को कार्यालय अगाडिबाट नै हिंड्न पुग्यौं । त्यहाँको डि.एस.पि. मलाई चिन्ने मान्छे परेको रहेछ । उसले माथिबाट हेरिरहेको रहेछ । उसले एकजना पुलिसलाई 'त्यो दोलाईं ओढ्नेलाई पक्रेर ल्याऊ त' भनरे पठायो । ऊ मेरो सामु आई 'डि.एस.पि. साहेबले बोलाउन पठाउनु भएको छ' भन्यो । मैले 'को तिम्रो डि.एस.पि. ? म चिन्दिनँ' भनें । तर उसले किन टेर्थ्यो ? मैले शैलेन्द्रहरूलाई इशारा गरेर तपाईंहरू गइराख्नुस् भनें । त्यो डि.एस.पि. दार्जीलिङ्गको नेवार थियो । उसले तामाङ्गनी विवाह गरेको रहेछ । त्यो हिसावले उसँग अलिकति हाम्रो नाता पनि लाग्थ्यो । अनि मैले 'नातेदारको काम यही हो ?' भनें । उसले 'म पुलिस हुँ । के गर्ने ? मैले देखिहालें' भन्यो । 'नदेख्या जस्तो गरेको भए त भइहाल्थ्यो नि ।' – मैले भनें । 'के गर्ने ? मैले मात्र होइन अरूले पनि देखे ।' भन्दै त्यस डि.एस.पि.ले सफाइ दिनथाल्यो । 'भैगो अब । मलाई अब यहाँ राखीनराख, तुरून्त काठमाण्डौ चलान गरिहाल !' भन्ने कुरा मैले गरें ।

उसले मलाई दुईवटा पुलिसको साथमा काठमाण्डौ पठायो । त्यतिबेला अहिले जस्तो गाडीसाडी केही थिएन । पैदल नै हिंड्नु पर्थ्यो । मैले बाटोबाटै भाग्ने तम्तयारी गरें । तर सकिंन । जब मेजिष्ट्रेट अफिसको गेटतिर मलाई ल्याइपुऱ्याइयो मेरोपालि मैले दुइटा पुलिसलाई मुक्का हानिदिएँ र उनीहरू हुत्तिएर पछारिए । मैले बक्सिङ्ग सिकेको थिएं । त्यसलाई त्यहाँ उपयोग गरें । दुईटालाई पछारेपछि त म दगुरेर भागिहालें । यसरी फेरि पनि म पुलिसको पंजाबाट फुत्कें ।

पुलिसले पटकपटक मलाई पक्रन्थ्यो तर म पुलिसलाई नै मुक्का हानेर भाग्थें । त्यसकारण पुलिसहरू मलाई पक्रन डराउँथे । तिनीहरू म भाग्छु भनेर होइन, मैले कुटेपछि नराम्रो चोट लाग्छ भनेर डराउँथे । हुन पनि हो, मैले कुटेपछि उनीहरू झण्डै झण्डै थला नै पर्थे । मैले केटाकेटीदेखि नै बालुवाको बोरा झुण्डयाएर मुक्काले हान्ने र त्यो फर्केर आएपछि अनुहारमा थाप्ने अभ्यास गर्दै आइरहेको थिएं ।

*क्रमश:*

प्रस्तुति - तुल्सीदास महर्जन

◄ अचेल



# राष्ट्रिय सम्पतिको रक्षा त कम्युनिष्टहरूबाट मात्र हुँदोरहेछ जस्तो लाग्यो ।

◆ स्नेहलता ओन श्रेष्ठ ◆

२००४ सालमा स्थापना भएको नेपाल महिला संघकी महासचिव स्नेहलता ओन श्रेष्ठ । अहिले उहाँ ६७ वर्षको हुनुहुन्छ । बाथ, मुटुको रोग तथा टाउको दुख्ने रोगबाट पीडित हुनुहुन्छ । तर आर्थिक स्थिति कमजोर भएको कारणले उहाँले उपचार गराउन पाउनुभएको छैन । बुढेसकाल र विरामी अवस्थामा पनि आफ्नै काममा जोतिनु पर्ने उहाँको बाध्यता छ । बुढेसकालको सहारा छोराछोरीको सुख आफ्नो जीवनमा नजुटेको उहाँको तीतो अनुभव छ । उहाँको जन्म काठमाण्डौको टयौडमा वि.सं. १९८९ मा भएको थियो । बाबु रामगोपाल गुरुवाचार्य र आमा मिसीनानी गुरुवाचार्यका ६ सन्तानमा एक्ली छोरीको रुपमा उहाँको जन्म भएको थियो । उहाँको विवाह पाटन, टापाहिटीका गोविन्दबहादुर ओन श्रेष्ठसँग भएको थियो । अहिले उहाँ आफ्नै श्रीमानसँग पाटनको अशोक सिनेमा हल अगाडिको घरमा बस्नुहुन्छ । हालै उहाँसँग उहाँको राजनैतिक जीवनबारे कुराकानी गरिएको थियो । प्रस्तुत छ- त्यही कुराकानीको सारसंक्षेप ।

- मुक्ता श्रेष्ठ

**● तपाईं राणकालमै राजनीतिमा लाग्नुभएको मान्छे । अहिले तपाईं राजनैतिक रूपले सक्रिय देखिनुहुन्न । के गर्नु हुन्छ ?**

- म आफ्नै घरको गृहस्थी चलाएर बसिरहेको छु । गृहस्थी चलाएर बसे तापनि म राजनीतिबाट टाढा भने रहेको छैन । राजनीतिमा मलाई चाख छ । तर आजभोलिको अन्तरघाती र व्यक्तिवादी राजनीतिले गर्दा मलाई कुनै पार्टीमा बसेर काम गर्न मन लागेन । विभिन्न पार्टीले गरेका राम्रा कामहरूमा मैले सहयोग र समर्थन गरिरहेको छु । रा.प्र.पा. र किसान मजदूर पार्टीबाहेक मकहाँ सबै पार्टीका मानिसहरू आउँछन् । सबैसँग राम्रै कुराकानी हुन्छ । म उनीहरूले गरेका नराम्रा कामहरूको उनीहरूकै अगाडि भण्डाफोर गर्छु र राम्रा कामहरूको सह्राहना गर्छु । अहिले महंगीको विरोधमा एमालेले आन्दोलन गरिरहेको छ । म त्यसको तारिफ पनि गर्छु ।

**● तपाईंले सक्रिय राजनीति गर्न कहिलेदेखि छोड्नु भएको ?**

- म २००९ सालसम्म राजनी - तिमा सक्रिय नै थिएँ । २००९ सालतिर मेरो घरमा मेरी बुढी बज्यैबाहेक सबै महिलाहरूको मृत्यु भयो । मेरो बुवाको तीन दाजुभाइहरूमा म एक्ली छोरी थिएँ । घरमा मबाहेक अरू कुनै महिलाहरू भएनन् । घरका सम्पूर्ण कामहरू मैले नै गर्नुपर्ने भयो । त्यसैले गर्दा मैले सक्रिय राजनीति गर्न सकिंन । तैपनि घरमा बसेर गर्न सकिने कामहरू गरेर पार्टीलाई सघाउने काम गर्न भने मैले छोडिंन । घरमा बसेर पर्चा लेख्ने, पार्टीका कार्यकर्ताहरूलाई खाना खुवाउने, आदि कामहरू मैले गरी नै रहें । २०१७ सालमा पार्टीहरू प्रतिबन्धित भएपछि मात्र नेताहरू मेरो घरमा आउन छाडे । अहिले पनि मलाई राजनीतिमा सक्रिय हुन मनलाग्छ । महंगीविरोधी आन्दोलन हुँदा मलाई पनि जुलुसमा जाउँ जाउँ लाग्छ । तर बाथको रोगले गर्दा हिड्न सक्दिनँ । २०४६ सालको आन्दोलनमा पनि म बीरगंजमा भाइका छोराहरूको व्रतबन्धमा गएको थिएँ । काठमाण्डौमा आन्दोलन चर्किन थालेपछि भाइहरूले रोक्दा रोक्दै पनि भोज नै नसिद्दिकन म काठमाण्डौ फर्कें । र, आन्दोलनमा भाग लिएँ । ०४६ सालपछि तुल्सीलाल अमात्यको पार्टीको केन्द्रिय समिति र त्यही पार्टी अन्तर्गतको प्रगतिशील महिला संघमा केन्द्रिय अध्यक्ष भएर मैले काम गरेको थिएँ । तर एमालेसँगको पार्टी

**म सात दिनसम्म लोग्नेमान्छेहरू सुतेकै कोठामा सुतेर आएकोले मलाई जातबाटै बहिष्कार गुर्नपर्छ र मलाई घरमा हुलेमा मेरा काकाहरूलाई नै जातबाट वहिष्कार गर्नुपर्छ भन्ने धम्की काकाहरूलाई मेरा दाजुभाइहरूले दिइरहेका थिए**

एकीकरणपछि मैले पार्टी छोडें ।

**● तपाई कहिलेदेखि राजनीतिमा लाग्नुभएको थियो ?**

– म २००३ सालदेखि नै राजनीतिमा लागेको थिएँ ।

**● त्यतिबेला तपाईं स्वतन्त्र रूपमा रहेरै राजनीतिमा लाग्नुभएको थियो कि कुनै पार्टीमा रहेर काम गर्नुभएको थियो ?**

– शुरूमा त काठमाण्डौमा राष्ट्रिय कांग्रेसकै बढी प्रचार थियो । पुष्पलाल तथा अरू पनि त्यसमा नै आवद्ध थिए र म पनि त्यसैमा थिएँ । २००५ सालमा नेपाली कांग्रेसमा लागें । २००७ सालमा प्रजातन्त्र स्थापना भएपछि मलाई नेपाली कांग्रेसको नीति मन परेन । राणाहरूले देशको सम्पति बाहिर लानलागेको देखेर मैले वि.पी.लाई नै भेटेर 'राणाहरूलाई देशको सम्पति बाहिर लान दिनुभएन, उनीहरूको सम्पति राष्ट्रियकरण गर्नुपर्‍यो' भनें । तर वि.पी.ले 'यो त कम्युनिष्टहरूको कुरा भयो' भने । त्यसपछि मलाई लाग्यो– राष्ट्रिय सम्पति संरक्षण गर्ने त कम्युनिष्टहरू मात्र हुँदा रहेछन् । र, म कम्युनिष्ट पार्टीमा लागें ।

**● तपाईं नेपाल महिला संघको संस्थापक महासचिव हुनुहुन्छ, महिला संघको स्थापना कुन उद्देश्य लिएर, कसरी भएको थियो ?**

– त्यतिबेला महिलाहरूको स्थिति धेरै नै नाजुक थियो । उनीहरू घरबाट बाहिर निक्लन पाउँदैनथे । पढ्न पाउँदैनथे । जागिर खान पाउँदैनथे । महिलाहरू धेरै नै शोषित र पीडित थिए । यस स्थितिबाट बाहिर ल्याएर महिलाहरूलाई एउटा स्वतन्त्र नागरिक बनाउने उद्देश्यले नै महिला संघको स्थापना गरिएको थियो ।

२००४ साल साउन २७ गते काठमाण्डौ म्हेपीमा नेपाल महिला संघको स्थापना भएको थियो । संघको अध्यक्ष मंगलादेवी सिंह, महासचिव म, कोषाध्यक्ष श्रीमाया श्रेष्ठ र सदस्यहरूमा रामलक्ष्मी मानन्धर, सीतादेवी शर्मा, चम्पादेवी बज्राचार्य, हिरादेवी तुलाधर थिए । यी सबै सदस्यहरूमध्ये सबभन्दा सक्रिय सदस्य चम्पादेवी बज्राचार्य थिइन् ।

**● त्यतिबेला महिला संघको अफिस कहाँ थियो ?**

– शुरूमा हामीले काठमाण्डौ ट्यंगलमा एउटा सिंगै घर भाडामा लिएर महिला संघको अफिस चलायौं । त्यहाँ एकजना नर्स सावित्री नापितलाई हामीले राखेका थियौं । उनीसँग उपचार गराउने बहानामा महिलाहरू त्यहाँ जान्थे, र संगठनको काम संचालन हुन्थ्यो । तर त्यहाँ ३ महिना जति बसेपछि एकजना सि.आइ.डी.ले पिछा गरेको र त्यो घरको बहाल तिर्न हामीसँग पैसा पनि नभएकाले हामीले त्यो घर छोड्यौं । र, शहीद चिनियाकाजीको घरमा सर्‍यौं । २००७ सालसम्म महिला संघको अफिस त्यहीं नै रह्यो । २००७ सालपछि बांगेमुढामा साइनबोर्ड नै राखेर त्यहाँ अफिस खोल्यौं ।

**● त्यतिबेला महिला संघले के कस्ता कामहरू गर्‍यो ?**

– महिला संघले महिला अधिकारको लागि पद्म समशेरकहाँ डेलिगेसन गएर माग गर्‍यो । पद्म समशेरसँग हामीले 'महिलाहरूले भोट दिन पाउनै पर्ने, महिलाहरूको लागि छुट्टै स्कूल हुनु पर्ने, महिलाहरूले पनि जागीर खान पाउनुपर्ने, सबै जनताले नागरिक अधिकार पाउनुपर्ने' आदि मागहरू राखेका थियौं । पछि ती मागहरू पूरा पनि भए । अर्को, त्यतिबेला महिला संघले गरेको काम भनेको प्रजातन्त्रको लागि गरेको आन्दोलन नै हो । २००७ सालमा आन्दोलन भइरहँदा 'मोहन समशेर नै प्रधानमन्त्री हुने' भनेर मोहन समशेरले घोषणा गरेपछि महिला संघले 'मोहन घोषणा मान्दैनौं, थोत्रो घोषणा चाहिँदैन, इन्क्लाव जिन्दावाद, मोहन समशेर मुर्दावाद' भन्ने नारा लगाएर ३ दिनसम्म लगातार जुलूस निकालेका थियो । त्यसपछि पनि प्रजातन्त्र घोषणा नभएसम्म महिलाहरूले दिनहुं जुलूसमा भाग लिएका थिए । २००७ सालको आन्दोलनमा शहीद भएका 'भोगेन्द्रमान सिंह'लाई बोरामा राखेर फालिराखेको ठाउँबाट महिलाहरूले नै निकालेका थिए ।



**हिरासतबाट निक्लेर आएपछि दाजुभाइहरूले मलाई घरमा समेत हुल्न दिएनन् ।**

**● आन्दोलनमा तपाईं जेलमा पनि पर्नुभयो ?**

– जेलमै त परिनँ । २००४ सालमा 'नागरिक अधिकार'को लागि देशब्यापी रूपमा आन्दोलन भएको थियो । त्यसै आन्दोलनमा साहना प्रधान, साधना प्रधान, कनकलता नकर्मी र म गरी चारजना महिलाहरू हिरासतमा परेका थियौं । हामी सात दिनसम्म हिरासतमा रह्यौं । ७ दिनपछि हामीलाई छाडियो । पछि २००५ सालमा भएको आन्दोलन र त्यसपछि भएका आन्दोलनहरूको बेला धेरै समय मैले भूमिगतसमेत हुनुपर्‍यो ।

**● महिलाहरू घरबाटै निक्लनु नहुने अवस्था रहेको बेलामा तपाईंहरू राजनीतिक आन्दोलनमा लाग्दा तपाईंहरूलाई समाजले कस्तो दृष्टिले हेर्ने गर्थ्यो ?**

– समाजमा हामीलाई निकै नराम्रो दृष्टिले हेरिएको थियो । हिरासतबाट निक्लेर आएपछि दाजुभाइहरूले मलाई घरमा समेत हुल्न दिएनन् । हिरासतबाट निक्लेको दिन म साहना दिदीको घरमा नै सुतें । भोलिपल्ट बिहानै म मामाको घर गएँ । त्यहाँ म ७/८ महिना बसें । त्यस अवधिभरि मेरा काकाहरूले दाजुभाइहरूसँग बहस नै गरिरहे । 'म सात दिनसम्म लोग्ने मान्छेहरू सुतेकै कोठामा सुतेर आएकोले मलाई जातबाटै बहिष्कार गुर्नपर्छ र मलाई घरमा हुलेमा मेरा काकाहरूलाई नै जातबाट वहिष्कार गर्नुपर्छ' भन्ने धम्की काकाहरूलाई मेरा दाजुभाइहरूले दिइरहेका थिए । तर ७/८ महिनापछि मेरा काकाहरूले 'जातबाट वहिष्कार गरेपनि गरून्' भनेर मलाई घरमा हुले ।

**● यस्तो अपमान सहेर पनि राजनीतिमा लाग्ने प्रेरणा तपाईंलाई कसबाट प्राप्त भएको थियो ?**

– यो प्रेरणा मेरा दाजुहरू दिवाकरप्रसाद राजभण्डारी र चित्तरञ्जन नेपालीबाट प्राप्त भएको थियो । उहाँहरू शहीद चिनिया काजीले स्थापना गर्नुभएको 'महावीर इन्स्टिच्यूट'का विद्यार्थी हुनुहुन्थ्यो । 'महिलाहरूलाई पनि आन्दोलनमा सामेल गराउनुपर्छ र उनीहरूलाई शिक्षित गराउनुपर्छ' भन्ने उद्देश्य लिएर उहाँहरूले ट्यौडमा 'पद्म विद्यापीठ' नामको एउटा स्कूल खोल्नुभयो । त्यस स्कूलमा म पनि पढ्थें र मैले पनि अरूलाई पढाउथें । त्यस स्कूलमा आधा घण्टा कोर्शका कुराहरू पढाइन्थ्यो भने २ घण्टा राजनीतिका कुराहरू पढाइन्थ्यो । भारत, रूस, चीनका क्रान्तिबारे, नेपालमा भएको १९९७ सालको काण्ड तथा अन्य रानजीतिक घटनाहरूको बारेमा विद्यार्थीहरूलाई भन्ने गरिन्थ्यो । पछि त्यो स्कूल र अरू दुइवटा स्कूल मिलाएर शान्ति निकुन्ज स्कूलको स्थापना भएपछि म पनि शान्ति निकुन्ज स्कूलमा पढ्न थालें । त्यहाँ मैले ८ कक्षासम्म पढें ।

तर पछि घरको परिस्थितिले गर्दा मैले पढाई बीचैमा छोड्नु पर्‍यो । शान्ति निकुन्ज स्कूल पनि त्यतिबेलाको आन्दोनको केन्द्र नै थियो । यसरी त्यही स्कूलबाट प्राप्त भएको ज्ञान तथा प्रेरणाबाट नै म राजनीतिमा लागेको हुँ ।

**● राजनीतिमा लाग्नु भएवापत तपाईंले कुनै पुरस्कार तथा प्रशंसा-पत्र पाउनु भएको छ ?**

- पाएको छु । राजनैतिक कार्यकर्ता सम्मान गुठीले दुइवटा सम्मान-पत्र दिएको छ । एउटा, २००४ सालको सत्याग्रहमा भाग लिएकोमा विशेष कदर गर्दै दिएको प्रशंसा-पत्र । अर्को, प्रजातान्त्रिक आन्दोलनमा योगदान दिएवापत दिएको सम्मान-पत्र । नेकपा एमालेको ललितपुर जिल्लाबाट दिएको प्रशंसा-पत्र । अर्को मोतीदेवी स्मृति केन्द्रबाट रू. चार हजार र कदर-पत्र ।

**● अहिले नेपालको राजनैतिक परिस्थितिलाई तपाईंले कसरी हेरिरहनु भएको छ ?**

- अहिले देशमा फोहोरी राजनीति चलेको छ । राजनीतिक पार्टीहरू जसरी हुन्छ सत्ता आफ्नो हातमा पार्ने दाउमा छन् । आजका नेताहरूमा देश र समाजको विकासमा भन्दा आफ्नो व्यक्तिगत स्वार्थ र व्यक्तिगत विकासमा बढी चासो छ । पार्टीहरूभित्र पनि जुन झगडा भइरहेको छ, त्यो सिद्धान्तका लागि भइरहेको छैन । त्यो झगडा खालि पद र पैसाको लागि भइरहेको छ ।

**● तपाईंलाई मन पर्ने नेपालका नेता को हुन् ?**

- मलाई मनपर्ने नेपालका नेताहरू हुन्- क. पुष्पलाल श्रेष्ठ र टंकप्रसाद आचार्य । उहाँहरू मलाई मनपर्नुको कारण हो- उहाँहरू राष्ट्रभक्त हुनुहुन्थ्यो र उहाँहरूले राष्ट्रको सम्पति रक्षा गर्नुभएको थियो ।

**● तपाईं दिनभरि घरमा बसिरहँदा नरमाइलो पनि लाग्छ होला । त्यतिबेला तपाईं के गर्नुहुन्छ ?**

- खोई के गर्छु भन्ने ? बिरामी छु, घरको पानी थाप्ने कामदेखि लिएर भात पकाउने, भाडा माझ्ने, लुगा धुने कामसमेत आफैंले गर्नुपर्छ । (रबरको पंजा देखाउँदै) बाथले गर्दा यो पंजा लगाएर लुगा धुन्छु । काम गरिदिने अरू कोही पनि मान्छे छैन । एउटा काम गर्‍यो थाक्छु, आराम गर्छु । फेरि अर्को काम गर्‍यो, त्यस्तै आराम गर्‍यो । यतिकैमा दिन बित्छ । यही अगाडिको सिनेमा हलमा नेपाली फिल्म लागेको बेलामा कहिलेकाहीं फिल्म हेर्छु ।

**● तपाईंलाई कस्तो फिल्म मनपर्छ ?**

- देशभक्तिपूर्ण र आफ्नो संस्कृति झल्काउने खालको फिल्म मलाई मनपर्छ । 'भानुभक्त' फिल्म पनि मैले हेरें । त्यो मलाई मनपर्‍यो । त्यो फिल्म हेरेपछि घाँसीको कुरा सुनेर भानुभक्तलाई 'मैले समाजको लागि केही गर्न सकिनँ' भनेर पछुतो लागेजस्तै हाम्रा नेताहरू पनि कहिले त्यसरी पछुताउलान् ? भनेजस्तो लाग्यो ।

**● टि.भि. मा कस्तो कस्तो कार्यक्रम हेर्नुहुन्छ ?**

- समाचार सकेसम्म छुटाउँदिन । अरू कार्यक्रमहरूमा सांस्कृतिक स्थलहरूको वर्णन, नेताहरूको अन्तरवार्ता आदि कार्यक्रमहरू हेर्छु ।

**● तपाईंलाई कस्तो खालको खाना पनपर्छ ?**

- मेरो आयस्ताले जुन दिन जस्तो खालको खाना जुर्छ, त्यही खाना मलाई मनपर्छ । त्यसैमा म सन्तुष्ट पनि छु ।

**● अहिले तपाईंको गुजारा कसरी चलिरहेको छ ?**

- जसोतसो दुई बुढाबुढीको गुजारा चलिरहेको छ । मेरा श्रीमानको पूर्ख्यौली सम्पत्ति निकै थियो । तर जेठाजुहरूले दिएनन् । मुद्दा पर्‍यो । घूस दिनुलाई म ठीक ठान्दिनँ । घूस नदिनाले म मुद्दामा पनि हारें । अहिले यो बसिरहेको घर पनि सासूको दाइजो हो । यो घरको पसल कवल वहालमा दिएको छु । त्यसबाट महिनाको दुईहजार भाडा आउँछ । राजनीतिक पीडितको रूपमा मलाई पनि सर्लाहीको मूर्तियामा ३ विघा जमिन दिइएको छ । त्यसबाट वर्षमा १०/१२ हजार रूपियाँ आउँछ । त्यसले जसोतसो गुजारा त चल्छ । तर मलाई मुटुको रोग, बाथ, टाउको दुख्ने रोग छ । आर्थिक अभावका कारण उपचारसम्म पनि गर्न सकेको छैन ।

**● अन्त्यमा तपाईं के भन्न चाहनुहुन्छ ?**

- हामीजस्ता पुराना राजनीतिक कार्यकर्ताहरूकहाँ पत्रकारहरू आउँछन् । कुराहरू लिएर जान्छन् । ती कुराहरू छापेर उनीहरूका केही बढी पत्रिकाहरू बिक्छन् पनि होला । उनीहरूले खालि हाम्रा कुराहरू जनताका सामु राखिदिन मात्र सक्छन् । तर उनीहरू हाम्रा समस्याहरू समाधान गर्न भने सक्दैनन् । पत्रकारहरूमा हाम्रा समस्याहरू समाधन गराइदिने अधिकार पनि हुनुपर्थ्यो । ❑

*प्रलेसंघको वर्तमान सम्मेलन 'प्राध्यापकहरूको धरान सम्मेलन' जस्तो फूटमा फस्नबाट जोगिएको छ !*



# प्रगतिशील लेखक संघको सम्मेलन सम्पन्न

प्रगतिशील लेखक संघको पाँचौं राष्ट्रिय सम्मेलन गत फागुन २८ र २९ गते काठमाण्डौमा संपन्न भएको छ । वरिष्ठ साहित्यकार निनु चापागाईको अध्यक्षतामा यस सम्मेलनले १८ सदस्सीय केन्द्रिय समिति र ३८ सदस्यीय राष्ट्रिय परिषदको गठन गरेको छ । यो केन्द्रिय समिति र राष्ट्रिय परिषद मूलतः नेपालका विविध सोचहरू बोक्ने प्रगतिशील राजनीतिक संगठनहरूसँग निकट लेखकहरूबीच तालमेलको आधारमा निर्माण भएको हो ।

संघको उपाध्यक्ष, महासचिव, सचिव र कोषाध्यक्षमा क्रमशः घनश्याम ढकाल, जिवेन्द्रदेव गिरी, केशव नेपाल र नरनाथ लुइँटेल रहनु भएको छ । यसैगरी, केन्द्रिय समितिका अन्य सदस्यहरूमा दिल साहनी, चुडामणि रेग्मी, इस्माली, जगदीशचन्द्र भण्डारी, रूद्र खरेल, नारायणप्रसाद शर्मा, अमर गिरी, रमेश भट्टराई, देवीप्रसाद गौतम, ऋषिराज बराल, ईश्वरचन्द्र ज्ञवाली, अनिरूद्ध तिमिल्सिना र रामप्रसाद प्रदीप रहन भएको छ । बाँकी राष्ट्रिय पार्षदहरूमा पुण्यप्रसाद खरेल, कृष्णमोहन जोशी, मात्रिका पोखरेल, यकिना अगाथ, रणेन्द्र बराली, ताराकान्त पाण्डेय, अनील पौडेल, नारदमणि हार्तम्छाली, नवराज शर्मा, शुभशंकर कंडेल, सीता शर्मा, बद्रिविशाल पोखरेल, प्रेम सागर पौडेल, पोषराज पौडेल, कृष्ण सेन 'इच्छुक', कपिल लामिछाने, यज्ञबहादुर डाँडी, अशोककुमार चिकन्जार र पुष्पकमल सुवेदी रहनु भएको छ ।

सम्मेलनको उद्घाटन सत्रमा विभिन्न वाम रानीतिक पार्टीका नेताहरूको समेत उपस्थितिमा विभिन्न वाम-सांस्कृतिक मोर्चाका प्रतिनिधिहरूले संम्मेलनको सफलताको कामना व्यक्त गरेका थिए । देशका विभिन्न स्थानहरूबाट करीव ३०० जना प्रगतिशील लेखकहरूको जमघट भएको उक्त सम्मेलनले प्रजातन्त्र र राष्ट्रियताका सन्दर्भमा वर्तमानमा राज्यद्वारा आघात परिएका विभिन्न घटनाहरूका विरूद्ध केही प्रस्तावहरू पनि पारित गरेको छ ।

तीन वर्ष अगाडि तात्कालीन एमाले निकटका लेखकहरू मात्र समावेश भएको र अरू लेखकहरूले कार्य समितिमा रहन अस्वीकार गरेको कारण यस संघमा आएको गतिरोधलाई यस संम्मेलनले एक हदसम्म हल गरेको छ । प्रलेसंघको निवर्तमान कार्य-समितिले चौथो सम्मेलनमा आफूहरूबाट कमजोरी भएको स्वीकारेर अपील जारी गरेपछि लेखहरूबीच शुरू भएको सह-कार्यका कारण प्रलेसंघको वर्तमान सम्मेलन 'प्राध्यापकहरूको धरान सम्मेलन' जस्तो फूटमा फस्नबाट जोगिएको छ ।

एकले अर्कोलाई "आतंककारी" वा "प्रतिक्रियावादी" मान्ने सोचलाई समर्थन गर्ने लेखकहरू समेतका बीच भएको यो एकताको दीगो वैचारिक सूत्र के हुनसक्छ ? भन्ने व्यवहारिक सवाल हल नहुने हो भने चाहिं यो एकता दिगो नहुने कुरामा यतिखेर संबन्धित सबैको पर्याप्त ध्यान पुग्नु जरूरी छ भन्ने हामीलाई लाग्छ ।

नेतृत्व चयनमा लेखकीय व्यक्तित्वभन्दा पार्टीगत संलग्नताले ज्यादा महत्व पाएको र सम्मेलनले साहित्य कर्मका महत्वपूर्ण पक्षहरूलाई संबोधन गर्न नसकेको देखियो ।

हाल बनेको नयाँ कार्यसमितिले विगतबाट पाठ सिकेर प्रगतिशील साहित्य लेखनका चुनौतिहरू हल गर्न आफूलाई कसरी समर्पित गर्ला?- यसतर्फ लेखकहरूको ध्यान तानिएको देखिन्छ ।

यसैबीच, यसका वर्तमान अध्यक्ष निनु चापागाईंसँग संघको आगामी कार्यक्रमबारे हामीले कुराकानी गर्दा उहाँले भन्नुभयो- "गत फागुन ३० गते हाम्रो राष्ट्रिय परिषदको बैठक थियो । परिषदले हामीलाई केही महत्वपूर्ण सुझावहरू दिएको छ । ती सुझावहरू समेतको आधारमा आगामी वैशाख ३ गते बस्ने के.स. को बैठकले संघको आगामी कार्यक्रम तय गर्नेछ । मलाई लाग्छ, प्रलेसंघको हिजो र आजको मूल समस्या भनेको प्रगतिवादका आधारभूत विचार, मूल्य-मान्यताको स्थापना र प्रस्टता प्राप्ति नै हो । त्यसपछि संगठन र प्रकाशनको नियमित संचालनको कुरा आउँछ । बैठकले यी पक्षहरूमा मूर्त कार्यक्रमहरू बनाउने विश्वास मैले लिएको छु ।" ❑ -हरिगोविन्द लुइँटेल

◀ ८ मार्च विशेष

# नेपाल र भारतका महिलाहरू उस्तै उस्तै उत्पीडन र शोषणमा परेका छन्

- प्राम राजपूत

*नेपाल र भारत छिमेकी देशहरू हुन् । नेपालको पूर्व, पश्चीम र दक्षिण सीमाना भारतसँग जोडिएका छन् । त्यसैले गर्दा नेपालीहरू भारतमा र भारतीयहरू नेपालमा बेरोकटोक आवत-जावत गर्छन् । यो परंपरा परापूर्व कालदेखि चल्दै आएको छ । यसले गर्दा नेपाल र भारतको संस्कृति पनि एक आपसमा करीब करीब मिल्दोजुल्दो रहँदै आएको छ ।*

*यो सांस्कृतिक सामीप्यका कारण नेपाली महिलाहरूले भोग्नुपरेका समस्याहरू र भारतीय महिलाहरूले भोग्नुपरेका समस्याहरू पनि उस्तै उस्तै खालका छन् । वास्तवमै भारतमा महिलाहरूको स्थिति के कस्तो छ ? उनीहरूले भोगिरहेका उत्पीडनहरू कस्ता छन् ? उनीहरूले तिनका विरुद्ध गरिरहेका आन्दोलनहरू कस्ता छन् ? - यहाँ यी प्रश्नहरूको जवाफ खोज्ने प्रयत्न हामीले गरेका छौं ।*

*२०५६ साल साउनमा वियोङ् वेइजिङ्ग कमिटी तथा एशिया प्यासिफिकको संयुक्त आयोजनामा भएको 'बेइजिङ्ग सम्मेलनको अनुगमनका निम्ति एशियाली मध्यदशक सम्मेलन अगस्त ११-१४, १९९९' काठमाण्डौंमा भएको थियो । त्यसमा भाग लिन एसिया प्यासिफिक वाचकी अध्यक्ष पाम राजपूत पनि आउनुभएको थियो । भारतीय नारीहरूको स्थितिका बारेमा त्यतिखेर हामीले उहाँसँग कुराकानी गरेका थियौं । त्यस कुराकानीको सार-संक्षेप यहाँ प्रस्तुत गरिएको छ ।*

*पाम राजपूत भारतको पंजाव विश्वविद्यालय, चण्डिगढमा राजनीतिशास्त्रकी प्रोफेसर हुन् । विद्यार्थी जीवनदेखि नै महिला विद्यार्थीहरूको समस्यालाई लिएर आन्दोलन गर्दै आएकी उनी सन् १९७५ मा संयुक्त राष्ट्रसंघद्वारा 'अन्तरीष्ट्रिय महिला वर्ष' घोषणा भएको समयदेखि समग्र महिला आन्दोलनमा लागिरहेकी छिन् ।*

-- मुक्ता श्रेष्ठ



**◉ भारतमा महिलाहरूको स्थिति कस्तो छ ?**

◆ भारतमा महिलाहरूको स्थिति ज्यादै नाजुक छ । आर्थिक, सामाजिक तथा राजनैतिक रूपले महिलाहरू पुरूषहरूभन्दा धेरै पछाडि परेका छन् । भारतमा महिलाहरूको साक्षरता ४० प्रतिशत मात्र छ । पुरूषहरू भने ६६ प्रतिशत साक्षर छन् । माध्यमिक तथा उच्च शिक्षामा महिलाहरू पुरूषहरूभन्दा धेरै कम प्रतिशत मात्रै पुग्छन् । स्कूलमा भर्ना भएर बीचैमा पढाइ छोड्ने महिलाहरू धेरै संख्यामा छन् । तर जति महिलाहरू उच्च शिक्षामा पुगेका छन्, तिनीहरूले पुरूषहरूले भन्दा राम्रो काम गरेका छन् ।

नीति-निर्माण गर्ने निकायमा महिलाहरू धेरै कम प्रतिशत मात्र पुगेका छन् । जस्तो, संसदमा महिलाहरू ८.३ प्रतिशत मात्र छन् । त्यस्तै, व्यवस्थापन र प्रशासन क्षेत्रको उच्च तहमा पनि महिलाहरूको संख्या पुरूषहरूको तुलनामा धेरै कम छ । जबसम्म नीति-निर्णय गर्ने क्षेत्रमा महिलाहरू बढी संख्यामा पुग्न सक्तैनन्, तबसम्म महिलाहरूको पक्षमा कानून बन्न सक्तैन ।

स्वास्थ्य क्षेत्रमा पनि पुरूषहरूको भन्दा महिलाहरूको स्वास्थ्य स्थिति धेरै कमजोर देखिन्छ । भारतमा १ महिनादेखि ४ बर्षसम्म र १५ वर्षदेखि ३५ वर्ष उमेरका महिलाहरूको 'सरभाइबल रेट' धेरै कम देखिन्छ । यो दर बालिकाहरू जन्मदा बालकहरूको भन्दा बढी हुन्छ । तर १ महिनादेखि ४ वर्षसम्मका बालिकाहरूको मृत्युदर भने बालकहरूको भन्दा बढी छ । यसको मूल कारण बालिकाहरूलाई गरिने हेरचाहमा कमी आउनु र तिनीहरूलाई प्रतिकारात्मक खोप दिनुमा हेलचक्रयाई गरिनु हो । त्यस्तै किसिमले १५ देखि ३५ वर्षसम्मका महिलाहरूले बच्चा जन्माउने दायित्व बोक्नुपर्ने र उनीहरूको कामको बोझ बढी हुने तर, पौष्टिक आहारको भने कमी हुने हुनाले उनीहरूको स्वास्थ्य अवस्था गिर्ने गरेको छ । महिलालाई भन्दा पुरूषलाई बढी मान्यता दिइने संस्कृतिको कारणबाट यस्तो हुनगएको हो ।

भारतीय समाजमा आर्थिक क्षेत्रमा महिलाहरूको ठूलो योगदान छ । तर भारतमा सरकारी स्तरबाट महिलाहरूको कामको जुन तथ्यांक दिइएको छ, त्यो सही छैन । विशेष गरेर महिलाहरू अनौपचारिक क्षेत्रमा बढी लागेका छन् । पशुपालनमा मात्रै ८० प्रतिशत महिलाहरू लागेका छन् । बढी महिलाहरू समग्र कृषि क्षेत्रमा नै लागेका छन् । तर जब कृषिमा मेशिनहरूको प्रयोग हुनथाल्छ, तब महिलाहरू त्यस कामबाट पर हट्छन् र पुरूषहरू मात्र त्यसमा लाग्छन् । कृषि क्षेत्रमा महिला र पुरूषको समान ज्याला छैन । पुरूषहरूले १०० रूपियाँ ज्याला पाउँदा महिलाले ६० रूपियाँ मात्र ज्याला पाउँछन् । अहिले भारतमा ३३ प्रतिशत महिलाहरूले घरको सम्पूर्ण भार सम्हालेका छन् । गरिबीको कारणले पुरूषहरू घरभन्दा टाढा टाढा काम खोज्न जान्छन् र कतिले आत्महत्यासमेत गर्ने गर्छन् । त्यसको बोझ सबै महिलाहरूमाथि नै परेको छ ।

**◉ भारतमा महिलाहरूमाथि हुने उत्पीडनबारे केही बताइदिनु हुन्छ कि ?**

◆ भारतमा विशेष गरेर महिलाहरूमाथि हुने उत्पीडन भनेको हिंसा नै हो । त्यहाँ महिलाहरूमाथि विभिन्न खालका हिंसाहरू हुन्छन् । लोग्नेले स्वास्नीलाई कुटपीट गर्ने प्रथा समस्याकै रूपमा रहेको छ । दाइजोको कारणले थुप्रै महिलाहरू हिंसाको शिकार बन्न पुगेका छन् । दाइजोको लागि सासू नन्दहरू समेत हिंसामा सामेल हुन्छन् । दाइजोको लागि महिलालाई जलाउने घटना पनि भारतमा दिनहुँ जस्तो घटिरहन्छन् ।

दाइजोका विरूद्धमा भारतमा थुप्रै आन्दोलन पनि भइसकेका छन् । स्कूल, क्याम्पसहरूमा पनि यसका विरूद्ध जागृति कार्यक्रमहरू भइरहेका छन् । महिला विद्यार्थीहरू पनि दाइजो नलिइकन विहा गर्न चाहन्छन् । तर दाइजो प्रथाको समूल अन्त्य हुने लक्षण चाहिं यहाँ देखिएको छैन । जति धनी भयो, उति नै बढी दाइजो दिने प्रवृत्ति मानिसहरूमा बढेको छ । विहामा पहिलेभन्दा बढी खर्च गर्ने

विकृतिहरू शुरू हुनथालेका छन् । गरीबभन्दा गरीब मानिसहरू पनि बढीभन्दा बढी दाइजो दिने कोशिस गर्छन् । यो प्रथाको कारण महिलाहरू ठूलो हिंसाको शिकार बन्न विवश भएका छन् ।

**◉ महिलाहरूमाथि हुने यस्ता हिंसाका विरूद्ध तथा महिला अधिकारको लागि भारतमा के कस्ता आन्दोलनहरू भएका छन् त ?**

◆ मलाई लाग्छ, महिला अधिकारको लागि एशियामै सबभन्दा बढी र सशक्त आन्दोलन भारतमा भएको छ । सबभन्दा बढी आन्दोलन त दाइजोको कारणले हुने मृत्यु र बलात्कारको मुद्दालाई लिएर भएको छ । त्यसपछि राजनीतिक आरक्षणको मुद्दालाई लिएर पनि आन्दोलन भएको छ । महिलाहरूको यही आन्दोलनले गर्दा नै १९९४ देखि स्थानीय ग्राम पंचायतमा र नगरपालिकामा महिलाको निम्ति ३३ प्रतिशत रिजरभेसनको व्यवस्था हुनथालेको हो । अहिले महिलाहरूलाई पनि नीति-निर्माण गर्ने क्षेत्रमा लैजानुपर्छ भन्ने मुद्दालाई लिएर र विश्व बजारीकरणका विरूद्धमा पनि भारतमा अभियानहरू चलिरहेका छन् ।

महिलाहरूसँग संवन्धित विभिन्न सवालहरूलाई लिएर हामीहरू राजनीतिक पार्टीका महिला सँगठनहरूसँग पनि एकजुट भएर आन्दोलन चलाउँछौं । तर जब कुनै विधेयक बनाउन संसदमा भोटिङ्ग हुन्छ, तब भने उनीहरू आफ्नो पार्टीको विरूद्ध जान सक्तैनन् । पार्टीको ह्वीप मान्न उनीहरू बाध्य हुन्छन् । पार्टीको ह्वीप मानेनन् भने उनीहरू कारवाहीमा पर्छन् । तैपनि संसदमा रहेका महिलाहरूको एउटा संयुक्त कमिटी बनेको छ । महिलाहरूको मुद्दामा उनीहरू छलफल गर्छन् र संसदमा संयुक्त रूपमा आवाज उठाउँछन् । सडक आन्दोलनमा पनि उनीहरू एकसाथ आउँछन् ।

**◉ के तपाईंको यो आन्दोलनले भारतीय महिलाहरूको स्थितिमा केही सुधार आएको छ त ?**

◆ अवश्य पनि सुधार आएको छ । दाइजोको विरूद्धमा भएको आन्दोलनले युवा युवतीहरूमा केही जागरण ल्याएको छ । उनीहरू दाइजोबिना विहा गर्न राजी हुन शुरू गरेका छन् । छोरा र छोरीहरू बीच हुने असमानतामा केही कमी आउनथालेको छ । हिमाञ्चल, हरियाणा, पंजाव आदि राज्यहरूमा छोरी जन्मदा प्रोत्साहित गर्ने हिसाबले छोरी जन्मेको बेलामा रू. ५००।- इनाम दिने व्यवस्था पनि गरिएको छ । घरेलु हिंसाका विरूद्ध पनि अहिले विभिन्न राज्यहरूमा कानून बनाउने प्रयास भइरहेको छ । सार्वजनिक स्थलमा महिलाहरूमाथि कसैले यौन-दूराचार हुने खालका बचन वा व्यवहार गरेमा त्यस्तालाई सजायँ गर्नको लागि उच्च न्यायालयले "जजमेन्ट" प्रदान गरेको छ ।

**◉ भारतीय कानूनमा पैतृक सम्पत्तिमाथि महिलाहरूलाई कस्तो अधिकार प्रदान गरिएको छ ?**

◆ भारतको 'हिन्दू ल' केन्द्रिय कानूनमै छोरीलाई पनि छोरासरह पैतृक सम्पत्तिको अधिकार प्रदान गरिएको छ । तर ज्यादाजसो छोरीहरूले पैतृक सम्पत्ति पाएका छैनन् । छोरीहरूले पैतृक सम्पत्तिमाथि दावी गरेका पनि छैनन् । उनीहरूको धारणा के छ भने, छोरीहरूले पैतृक सम्पत्ति लिए भने दाजुभाइहरूमा द्वेष उत्पन्न हुन्छ, दिदी बहिनीहरूप्रति दाजुभाइको प्रेम कम हुन्छ, परिवारमा भगडा हुन्छ । यो मनोभावको कारणले गर्दा भारतका ९० प्रतिशत छोरीहरू पैतृक सम्पत्ति नमाग्नेमा पर्दछन् । तर कुनै कुनै परिवारले भने छोरीलाई पनि छोरासरह नै पैतृक सम्पत्ति दिने गर्छन् ।

**◉ विश्वमै भइरहेको विश्व-बजारीकरणले भारतीय महिलाहरूमा के कस्ता खालका प्रभावहरू पारिरहेको छ ?**

◆ विश्व-बजारीकरणले हरेक क्षेत्रमा प्रभाव पारिरहेको छ । यसले खाद्यान्न सुरक्षा, जनजीविका, स्वास्थ्य, शिक्षा आदि क्षेत्रमा नै ठूलो प्रभाव पारिरहेको छ । यसले गर्दा देशमा निर्यात प्रसोधन क्षेत्र बढेको छ । बहुराष्ट्रिय कम्पनीहरू बढ्नथालेका छन् । पब्लिक सेक्टरहरू बन्द हुनथालेका छन् र प्राइभेट सेक्टरहरू खुल्नथालेका छन् । यसको प्रभाव मजदूरहरूमाथि पनि पर्न थालेको छ । पहिले कारखाना स्तरमा उद्योगहरू चल्थे भने अहिले 'पिस रेट' को आधारमा काम गराउन थालिएको छ । पिस रेटमा घर घरमा काम गराउन थालेपछि मजदूरहरू छरिन थालेका छन्, मजदूरहरू संघबद्ध हुन नसक्ने स्थितिमा पुगेका छन् । विश्व-बजारीकरणको कारणले नै अहिले भारतमा ४० प्रतिशत जनसंख्या गरीबीको रेखामुनि पुगेका छन् ।

यसको ठूलो प्रभाव महिलाहरूमाथि पर्न गएको छ । महिलाहरू झन् पीडित भएका छन् । पहिले पब्लिक सेक्टरहरूमा धेरै महिलाहरूले काम पाउँथे । अब प्राइभेट सेक्टरहरू बढ्न थालेपछि महिलाहरूलाई काम पाउन गाह्रो हुनथालेको छ । काम पाइहाले तापनि 'पिसरेट'मा काम पाइने भएको हुनाले थोरै पैसाबाट धेरै काम गर्नुपर्ने हुनगएको छ । 'पिसरेट'मा काम गर्दा पहिले कारखाना स्तरमा जस्तो मजदूरहरूलाई बोनस तथा संचयकोष दिइन्न । यसरी, एकातिर महिलाहरूले काम पाउन कठीन हुँदैजानु, अर्कोतिर मजदूरहरूको तलब कम हुनु, बोनस, संचयकोष नपाउनु आदिले गर्दा गरीबी बढ्न थालेकोछ । यसको चर्को प्रभाव महिलाहरूमाथि पर्न गएको छ ।

त्यस्तै किसिमले विश्व-बजारीकरणको प्रभाव शिक्षा र स्वास्थ्य क्षेत्रमा पनि ठूलो रूपमा पर्नथालेको छ । शिक्षा र स्वास्थ्यमा पनि व्यापक नीजिकरण हुनथालेको छ । यसले गर्दा यी क्षेत्रमा पनि व्यवसायीकरण हुन शुरू भएको छ । नाफाको उद्देश्य लिएर खोलिएका अस्पताल तथा स्कूल, क्याम्पसहरूमा फी तथा अन्य खर्च धेरै नै महंगो हुनथालेको छ । अस्पतालको शुल्क फाइभ-स्टार होटेलको शुल्क जत्तिकै हुनपुगेको

## भारतमा महिलाहरूको स्थिति

| | |
|---|---|
| ◆ आयु अपेक्षा पुरूष- | ६२.३% |
| ◆ महिला- | ६३.९% |
| ◆ संसदमा महिलाहरू- | ८.३% |
| ◆ व्यवस्थापक र प्रशासकहरूमा महिला- | (कूलमा) ३३% |
| ◆ पुरूष साक्षरता- | ६६.७% |
| ◆ महिला साक्षरता- | ३९.४% |
| ◆ मातृमृत्यु दर प्रति १००,००० जीवित शिशुजन्ममा- | ५७० |
| ◆ ५ वर्ष मुनिका शिशु मृत्युदर प्रति १००० शिशुजन्ममा- | २०६ |
| ◆ महिला साक्षरता, पुरूष साक्षरता दरको प्रतिशतमा- | ५९% |
| ◆ प्राथमिक शिक्षामा महिला भर्ना प्रतिशत पुरूषको अनुपातमा- | ६८% |
| ◆ माध्यमिक शिक्षामा महिला भर्ना प्रतिशत पुरूषको अनुपातमा- | ६८% |
| ◆ उच्च शिक्षामा महिला भर्ना प्रतिशत पुरूषको अनुपातमा- | ६१% |
| ◆ १५ वर्षभन्दा माथिका आर्थिक रूपले सक्रिय महिलाहरू- | २९% |
| ◆ भारतीय महिलाहरूलाई भोट दिने अधिकार प्राप्तभएको वर्ष-सन्- | १९५० |

स्रोत : *UNDP, Human Development Report, 1999*



# भारतीय महिला आन्दोलनकी एक सक्रिय अगुवासँग कुराकानी

छ । यसको प्रभाव गरीव जनताहरूको स्वास्थ्य र शिक्षामा पर्नथालेको छ । उनीहरू स्वास्थउपचार तथा शिक्षा आर्जन गर्न नसक्ने स्थितिमा पुग्नथालेका छन् । पहिला सरकारी अस्पतालहरूमा सित्तैंमा औषधीहरू पाइन्थ्यो । अहिले त्यसरी सित्तैंमा औषधी कहाँ पाउन सकिन्छ र ? यसले गर्दा महिलाहरूमा झन् ज्यादा नकारात्मक प्रभाव पर्न थालेको छ ।

◉ भारतमा बनिरहेका व्यावसायिक फिल्महरू तथा टि.भी.का कार्यक्रमहरूले महिलाहरूलाई कस्तो प्रभाव पारिरहेका छन् ?

◆ भारतमा बनेका फिल्महरू तथा टि.भी.का विभिन्नि च्यानलहरूमा देखाइने कार्यक्रमहरूले महिलाहरूमाथि हुने हिंसा तथा यौन दुर्व्यवहारका घटनाहरू बढाइरहेका छन् । यसले महिलाहरूलाई एउटा यौन-वस्तुको रूपमा प्रस्तुत गर्न खोजेको छ । यसले गर्दा बलात्कारका घटनाहरू बढ्न थालेका छन् । विश्व-बजारीकरणको प्रभाव टि.भी च्यानलहरूमा पनि परिरहेको छ । यो अन्तर्राष्ट्रिय स्तरमै भएको एउटा षड्यन्त्र हो । यसको उद्देश्य नै हाम्रो संस्कृति तथा मूल्य-मान्यताहरूलाई खत्तम गर्नु हो । र, यो महिलाहरूको विरूद्धमा छ । यसको विरूद्धमा पनि भारतीय महिलाहरूले ठूलो आवाज उठाउन थालेका छन् । केही महिलाहरूले सेन्सरबोर्डमा पनि विरोध-पत्र बुझाइसकेका छन् ।

◉ अन्त्यमा तपाईं नेपाली महिलाहरूलाई के भन्न चाहुनुहन्छ ?

◆ नेपाली महिलाहरू तथा भारतीय महिलाहरू करीवकरीव उस्तै उत्पीडन तथा शोषणमा परेका छन् । अझ, नेपाली महिलाहरूलाई त पैतृक सम्पत्तिमा समेत अधिकार छैन । त्यसको लागि नेपाली महिलाहरू लडिरहेका छन् । त्यो खुसीको कुरा हो ! दुःखको कुरा त के हो भने, नेपाली महिलाहरूको बेचविखन र ओसार-पसार धेरै भइरहेको छ । गरीवीको फाईदा उठाएर नेपाली महिलाहरूलाई बेचिने काम भइरहेको छ । भारतका शहरहरूमा नेपाली महिलाहरू वेश्यावृत्ति गर्न बाध्य भएका छन् । त्यसका विरूद्धमा पनि आवाज उठिरहेको छ । यो धेरै राम्रो कुरा हो । अझ यसको विरूद्धमा गाउँ गाउँका जनतालाई जागृत गराएर यसलाई रोक्न सकियो भने धेरै खुसीको कुरा हुने थियो । यहाँका महिलाहरू धेरै बहादुर छन्, र केही गरूँ भन्ने भावना पनि उनीहरूमा छ । हामी चाहन्छौं, महिलाहरूको विभिन्न मुद्दा र अधिकारहरूलाई लिएर गरिने आन्दोलनमा सबै नेपाली महिलाहरू एकजुट होउन् । ❑

# दुई कविता

◆ मित्रलाल पंज्ञानी



(कवि)

## आँधी आउनुपूर्व

*तिम्रो मुक्ति म ल्याउनेछु जनता* भन्दै गएको थियो
हाम्रो वीर लुरूक्क भै पतनको पोको भिरी फर्कियो

नेता बन्न गयो गरीबजनको उद्धार गर्ने भनी
ठूलो क्रान्ति रची अभावहरूमा समृद्धि भर्ने भनी
भोकै छन् अरू अल्लमल्ल, उसले खायो अँध्यारोमुनि
सोझा मानिसले बुझ्नून्- मुलुकको पाखण्ड त्यै हो खुनी

राखेको अगुवा गिऱ्यो नरकमा डुंगै गन्हाईकन
राख्ने मानिस पाइएन मनको खाली छ सिंहासन
भत्के मानिसका मनोमहलका आस्था खसे भैंभरि
को आएर बट्याउला जतनले स्याहारले सुस्तरी ?

आँधी आउनुपूर्वको समयझैं देख्ता सबै शान्त छ
छाएको छ निरास-वादल घना यो देश आक्रान्त छ

जो छन् जीर्ण-अजीर्ण भोजन गरी छाला फुकी ढल्पल
नेता मान्न तयार छैन अब यो भोकाहरूको दल
हाम्रो क्रान्ति अपूर्ण नै छ, भरिए झन् दुःखका बाकस
तिम्रो क्रान्ति त पूर्ण भो महलमै आनन्द मानी बस

यौटा भीषण युद्ध हुन्छ जब यो भारी निराशा जली
पैला बन्छ निशान त्यो समयमा आफ्नै भनेको छली
यो वर्गीय लडाइँमा श्रमजीवी-संसार आँधी उठी
ढल्नेछन् लूटका विलास भरिला घैंटा भजम्मै फुटी ❑

## छोरीको प्रश्नउपर

कहिल्यै काम गर्दैनन्, मीठो खान्छन् बसी बसी
फलानो चोर हो है बा !? -छोरीले प्रश्नले डसी
कसरी 'हो' भनौं मैले चिल्ला कार कुदाउँछन्
मुसुक्क मुस्कुराएर चन्द्रमाझैं उदाउँछन्

*न 'हो'भन्न सकें मैले, नसकें 'हैन'भन्न यो*
*उसको प्रश्नले मेरो विद्वता घाइते भयो*
*नजान्ने किन देखिन्थें, सर्वज्ञ गुरूझैं बनें*
*आफ्नै जिब्रो चपाएर सुस्त सुस्त यसो भनें*

-ससाना चोरले साना मसिना माल चोर्दछन्
त्योभन्दा अलि ठूलाले मान्छेको घर फोर्दछन्
उपल्लो तहको चोरी उपल्लै तहमा छ झन्
चोर नै चिन्न गाह्रो छ, चोरैचोर अनेक छन्

*साधुलाई दबाएर कुर्ची झम्टन आउँछन्*
*साधुकै भेषमा देशै चोरले नै चलाउँछन्*
*चोरकै हातमा डण्डा हातमै धन दौलत*
*कसले सुनिदिन्थ्यो र तपस्वी साधुको मत !*

पाप छोप्ने पछ्यौरामा रामको नाम लेख्तछन्
देख्तैनन् अरूको, आफैं खानको काम देख्तछन्
शब्दाडम्बरले ढाकी वात मार्छन् गमी गमी
साना चोरहरू 'चोर' ठूला चोर 'भलादमी'

*चोरलाई छकाएर बाटामा राम्ररी हिंड*
*मैले के भनूँ  खै छोरी , चोर साधु स्वयं चिन*

❑




# एउटा यथार्थवादी नाटक

- विमल निभा

*कुनै खुला सडक ।*
*एक थुलथुले नेता र म नामको पात्र ।*
*अँध्यारो भईनसकेको समय ।*

o

### आरम्भ

*दृश्यपटलमा पहिले नेता देखा पर्छ ।*

- कस्तो अपशकुन परेछ *(वस्तुतः भन्न चाहन्छु)* म *(तर प्रकटमा भन्छु)* - नमस्कार माननीयज्यू ।

- मेरो घोर विरोधी बदमास *(क्रुद्ध भएर भन्न चाहन्छ)* नेता *(तर प्रसन्न भावमा भन्छ)*- नमस्कार, नमस्कार, के हाल-खवर छ ?

- तँलाई किन चाहियो उल्लू ? *(भन्न चाहन्छु)* म *(तर भन्छु)* - हजूरको कृपाले बेसै छ ।

- यहाँ मेरो कृपाको कुरा गर्छ, तर चुनावमा मलाई हराउन खोज्छ *(भन्न चाहन्छ)* नेता (तर भन्छ)- बुबालाई सन्चै छ ?

- तैँले गर्दा त हामीहरूको विजोक भइरहेछ फटाहा *(भन्न चाहन्छु)* म *(तर भन्छु)*- उहाँलाई अहिलेसम्म आरामै छ ।

- मलाई के मतलब *(भन्न चाहन्छ)* नेता *(तर भन्छ)* - हीं, हीं, हीं तपाईहरू सबैको मलाई धेरै चिन्ता छ ।

- तँ गधाले गर्दा त सबैले दुःख पाइरहेका छन् । *(भन्न चाहन्छु)* म *(तर भन्छु)*- हजूरकै भरोशामा त हामी बाँचिरहेका छौं ।

- पछाडि पछाडि मलाई गर्नु गाली गर्छ, अगाडि-अगाडि चिल्ला कुरा *(भन्न चाहन्छ)* नेता *(तर भन्छ)*- जनताको सेवा गर्नु मेरो परम कर्तव्य हो ।

- अनावश्यक दुःख दिनुचाहिँ के हो नि ? *(भन्न चाहन्छु)* म *(तर भन्छु)* - त्यसैले हजूरको हामी समर्थन गर्छौं ।

### अन्तराल ।

- भोट चाहिँ मेरो विरोधी उम्मेदवारलाई दिने र मेरो समर्थक बन्ने *(भन्न चाहन्छ)* नेता *(तर भन्छ)* - यो मलाई थाहा छ । तपाईं मेरो मान्छे । यही त मेरो बल हो ।

- बलको तुजुकले त जनता मार्ने गर्छस् *(भन्न चाहन्छु)* म *(तर भन्छु)* - हजूरलाई जिताउनुमा हाम्रै फाइदा छ ।

- अनि काम चाहिं बेफाइदाको किन गर्छस् नि ?! *(भन्न चाहन्छ)* नेता *(तर भन्छ)*- हाम्रो फाइदा त जनताको सेवा हो ।

- गरीस् तँ पाजीले सेवा *(भन्न चाहन्छु)* म *(तर भन्छु)* - हामी पनि हजूरकै सेवक हौं ।

- कस्तो फटाहा कुरा गरेको *(भन्न चाहन्छ)* नेता *(तर भन्छ)*- होइन, सेवक त हामी हौं । जनसेवक ।

- भइस् जनसेवक, दुनियाँमारा *(भन्न चाहन्छु)* म *(तर भन्छु)*- त्यो त हो माननीयज्यू ।

- तँ जस्तोलाई सेवा गर्न जन्मेको हुँ र म *(भन्न चाहन्छ)* नेता *(तर भन्छ)*- यही त नेता र जनताको पवित्र सम्बन्ध हो । हीं, हीं, हीं ।

- यस्तो फोहोरीसँग केको पवित्र सम्बन्ध *(भन्न चाहन्छु)* म *(तर भन्छु)*- सही भन्नुभयो माननीयज्यू ।

### पुन : अन्तराल

- यो त निकै बढी कुरो पो गर्दोरहेछ । *(भन्न चाहन्छ)* नेता *(तर भन्छ)* - यही त प्रजातन्त्र हो ।

- साले प्रजातन्त्रको धाक दिन्छ । *(भन्न चाहन्छु)* म *(तर भन्छु)* - हजूर प्रजातन्त्रवादी नेता ।

- तँ जस्तो आतंकवादी किन हुन्थें र ? *(भन्न चाहन्छ)* नेता *(तर भन्छ)* - त्यसैले त शान्दार ढंगले जितियो ।

- जितिस् पाजी, धाँधली गरेको चाहिं के हो *(भन्न चाहन्छु)* म *(तर भन्छु)*- हजूरले जित्नै पर्यो नि !

- मुखले कुरा मिलाउन कति सकेको यसले *(भन्न चाहन्छ)* नेता *(तर भन्छ)*- देशलाई अगाडि पनि त लग्नु छ ।

- तर देश सबभन्दा पछि छ *(भन्न चाहन्छु)* म *(तर भन्छु)* - देशवासीहरूको सौभाग्य हो ।

*त्यसै बखत एउटा सुनौले रंगको कार जोड-जोडले हर्न बजाउन थाल्छ । उद्देश्य थाहा हुनसकेन । नेता उतैतिर हेर्न थाल्छ । नेताको हो कि ? र, वार्तामा व्यवधान उत्पन्न हुन्छ ।*

- यो त टाँसिन खोजेझैं छ । *(भन्न चाहन्छ)* नेता *(तर भन्छ)* - मलाई एउटा मिटिङ्गमा जानुछ । ल त, तपाईंसँग पछि कुराकानी गरौंला । हीं, हीं ।

- जहाँ जान मन लाग्छ जा, तँ डाँकालाई कसले रोकेको छ ? *(भन्न चाहन्छु)* म *(तर भन्छु)* - हुन्छ नमस्कार माननीयज्यू ।

दुवै अर्थात् नेता र म नामको पात्र अलग-अलग दिशातर्फ प्रस्थान गर्छन् ।

### अन्त्य

*यो नाटकको मञ्चन गर्ने अनुमति नमाग्नु होला । यसको कुनै आवश्यकता छैन । यस्तो नाटक हामीकहाँ सँधै खेलिने गरिन्छ । अलि ध्यान दिएर हेर्नोस्त ! यो सामान्य हो । तसर्थ अतिरिक्त परिश्रम किन गर्ने ? धन्यवाद ।*


❑

> तँ गधाले गर्दा त सबैले दुःख पाइरहेका छन् । *(भन्न चाहन्छु)* म *(तर भन्छु)*- हजूरकै भरोशामा त हामी बाँचिरहेका छौं ।





# कार्ल मार्क्स



# गत सहस्राब्दीका सबैभन्दा महान चिन्तक

◆ श्याम श्रेष्ठ ◆

गएको एक हजार वर्षमा विश्वमा थुप्रै प्रभावशाली मानवहरू पैदा भए । परन्तु महामानवहरूको त्यस सूचीमा सबैभन्दा युगान्तकारी र प्रभावशाली मानव हुनुहुन्थ्यो- कार्ल मार्क्स । सिंगै विश्वमा अर्को कुनै मान्छेको विचार र कामले विश्वको त्यति व्यापक भूभागका त्यति धेरै मान्छेको जीवन, विचार र आचरणलाई त्यति आमूल ढंगले प्रभावित पारेका छैनन्, जति मार्क्सका विचारहरूले पारेका छन् ।

खालि कम्युनिष्टहरूको मूल्यांकनमा मात्र मार्क्स गत सहस्राब्दीका महानतम चिन्तक ठहरिएका होइनन् । मार्क्सको विचारधारा- समाजवादविरूद्ध जेहाद छेडिरहेका पूँजीवादीहरूसमेत यो तथ्यलाई स्वीकार्न बाध्य छन् । आफ्ना विचार र कामले समग्र विश्व मामलामा सबैभन्दा ज्यादा असर पार्ने विश्वका व्यक्तित्वहरूमा मार्क्सको हाराहारीमा आउने अर्को कुनै व्यक्तित्व गत हजार वर्षको विश्व इतिहासमा भेटिन्न । विश्वप्रसिद्ध पूँजीवादी संचार माध्यम बि.बि.सी.ले गत: सहस्राब्दीको अन्त्यमा गरेको सर्वेक्षणले मार्क्सलाई गत सहस्राब्दीका सबैभन्दा महान चिन्तक ठहऱ्याएर यही तथ्यलाई पुष्टि गरेको छ ।

मार्क्सले आफ्नो बैज्ञानिक सामाजवादी सोच सर्वप्रथम सन् १८४० को दशकमा विश्वसमक्ष सार्वजनिक रूपमा प्रस्तुत गर्नुभएको थियो । परन्तु सन् १८७१ मा पेरिसमा स्थापित श्रमिक वर्गको पहिलो ७२ दिन लामो राज्य पेरिस कम्युनपछि मात्र उहाँको विचार यूरोप स्तरमा चर्चित भएको थियो । सन् १९१७ मा विश्वकै सबैभन्दा ठूलो देश रूसमा अक्टोवर समाजवादी क्रान्तिको दिगो सफलतापछि बैज्ञानिक समाजवादी विचारधारा विश्वस्तरमै चर्चा र लोकप्रियताको शिखरमा पुग्यो । सन् १९४९ मा चीनजस्तो विश्वको एक चौथाई जनसंख्या भएको मुलुकमा श्रमिक वर्गको राज्य स्थापना भएपछि मार्क्सका विचारहरूले सिंगै विश्वको शक्ति सन्तुलनमै व्यापक हेरफेर ल्यायो । सन् १९७० को दशकसम्म पुग्दा विश्वका १४-१५ वटा मुलुकमा श्रमिक वर्गको राज्य स्थापना भइसकेको थियो र सिंगै विश्वको एक चौथाई भूभाग मार्क्सका विचारहरूको प्रयोगशालामा रूपान्तरित भइसकेको थियो ।

विश्वको इतिहासमा यति छोटो अवधिमा यति ठूलो भूभागका यति धेरै जनताले कुनै विचारधारा मन पराएर त्यसलाई क्रान्तिद्वारा देशको समाज-व्यवस्थामा बदलेको संभवत: यो विश्वकै पहिलो घटना थियो । यूरोपबाट प्रारम्भ भएको पूँजीवादी विचारधारा मुताबिकको क्रान्तिको छाल पनि यति तीव्र, यति जनव्यापी, यति ठूलो भूभागमा विस्तारित थिएन ।

खालि फैलावटको भूगोल, समय र जनसंख्याको हिसावले मात्र होइन, मार्क्सका विचारहरूले संपूर्ण मानव समाजमा ल्याएका हेरफेरहरूसमेत अद्वितीय र अजंगका थिए ।

मानव इतिहासको विकासको बैज्ञानिक नियम विश्वमा पहिलो पल्ट मार्क्सद्वारा नै प्रतिपादन भयो । यो

**मानव इतिहासको विकासको बैज्ञानिक नियम विश्वमा पहिलोपल्ट मार्क्सद्वारा नै प्रतिपादन भयो ।**

**मार्क्सलाई चिन्नुपर्ने र मार्क्सबाट सिक्नुपर्ने तीन चारवटा मूलभूत कुराहरू छन्**

*समाजशास्त्री डा. चैतन्य मिश्रसँग गरिएको ताजा कुराकानी*

◆

**मार्क्सको व्यवहारिक जीवनबाट मानव समाजले के पाठ सिक्न सक्छ ?**

*नेकपा मसालका महामन्त्री- क. मोहनविक्रम सिंहसंगको कुराकानी*

◆

**कस्तो थियो कार्ल मार्क्सको बानी ब्यहोरा ?**

*मार्क्सका ज्वाइँको संस्मरण*

◆

**संयुक्त राज्य अमेरिकाका राष्ट्रपति अब्राहम लिंकनको नाममा कार्ल मार्क्सको सन्देश**

◆

**मार्क्सवादको सारांशसहित मार्क्सको छोटकरी जीवनी**

## ◄ आवरण कथा

**मार्क्सले प्रतिपादन गर्नुभएको बैज्ञानिक समाजवादको प्रस्थापनालाई आदर्श बनाएर विगत डेढ सय बर्षमा भएका सामाजिक क्रान्तिले ल्याएको प्रगतिशील परिवर्तन अतुलनीय र अजंगको देखिन्छ, तिनको संक्षिप्त मूल्यांकन ।**


नियमको आविष्कारले गर्दा मानव समाजको विकास कसरी हुन्छ भन्ने सवालसम्बन्धी संपूर्ण अध्ययन मनगढन्तता र हचुवा व्याख्यावाट मुक्त भयो, समाजशास्त्रले समाज विज्ञानको रूप ग्रहण गऱ्यो । मानव विज्ञानले ऐतिहासिक फड्को माऱ्यो । जसरी डार्विनले पत्ता लगाउनु भएको जीव जगतको विकासको नियमले विश्वको चिन्तन प्रक्रिया र विज्ञानको क्षेत्रमा ठूलो क्रान्ति ल्यायो, ठीक त्यस्तै क्रान्ति मार्क्सले पत्ता लगाउनुभएको मानव इतिहासको विकासको नियमले पनि ल्यायो ।

मार्क्सले विश्वमा पहिलो पटक त्यो नियम पनि पत्ता लगाउनु भयो, जसबाट आधुनिक पूँजीवादी उत्पादन प्रणाली र त्यो प्रणालीले पैदा गर्ने पूँजीवादी समाज संचालित हुन्छ । मार्क्सले आविष्कार गर्नुभएको 'अतिरिक्त मूल्यको सिद्धान्त'ले मजदूरहरूको श्रमको शोषण कसरी हुन्छ र पूँजीपतिको नाफा र बढ्दो धनाढ्यताको असली मुहान के हो भन्ने सम्बन्धमा पूँजीवादी अर्थशास्त्रीहरूले फैलाइरहेका संपूर्ण भ्रम र अस्पष्टतालाई च्यातुच्युत् पारेर मिल्काउने काम गऱ्यो । यसले विश्वभरिका श्रमिकहरूको सामुन्ने त्यस्तो अकाट्य सत्यको उद्घाटन गऱ्यो, जुन थाहा पाएपछि उनीहरूमा पूँजीवादविरूद्ध किन लड्ने, कुन सवालमा लड्ने, केका निम्ति लड्ने भन्ने प्रश्न नै बाँकी रहँदैन । विश्वभरिका श्रमिकहरूको निम्ति मार्क्सको यो आविष्कार अज्ञानताको घनघोर अन्धकारमा एक्कासी सूर्योदय भए समान थियो ।

मार्क्सलाई महान चिन्तकका रूपमा गणना गर्नका लागि यी दुई आविष्कार नै पर्याप्त छन् । परन्तु मार्क्सको योगदान त्योभन्दा निकै ज्यादा देखिन्छ ।

कार्ल मार्क्सले दर्शनको क्षेत्रमा पनि संपूर्ण मानव जातिको चिन्तन प्रक्रियामा कायापलट ल्याउने किसिमको योगदान गर्नुभयो ।

यद्यपि मार्क्सले विकास गर्नुभएको दर्शन द्वन्दवादी भौतिकवाद- हेगेलले विकास गरेको द्वन्दवाद र लुडविक फायरवाखले विकास गरेको भौतिवादलाई संश्लेषण गरेर तिनका आदर्शवादी र अधिभूतवादी त्रुटी कमजोरीहरूलाई हटाएर विकास गरिएको दर्शन थियो, परन्तु यो दर्शनमा दुवैको दर्शनमा नभएका अनेकौं मौलिक र क्रान्तिकारी सारहरू उहाँले विकसित गर्नुभएको देखिन्छ ।



*लण्डनमा कार्ल मार्क्स, सन् १८६१*

एगेल्ससितको घनिष्ठ सहकार्यमा मार्क्सले विकास गर्नुभएको यो दर्शनको मौलिकता र क्रान्तिकारिता यसमा देखिन्छ कि बिगतका संपूर्ण दर्शनहरूले "संसारको व्याख्या गर्ने" कोशिस मात्र गरे, तर यो नयाँ दर्शनले के कुरा अगाडि ल्यायो भने दर्शनको मुख्य सरोकारको विषय त "संसार बदल्नु" हुनुपर्दछ । मान्छे आफ्नो उद्देश्यमूलक श्रमद्वारा सिंगै संसार बदल्ने र बदल्नसक्ने प्राणी हो । मान्छेको स्रष्टा अरू कोही होइन, मान्छे स्वयम् हो । मान्छेको उद्देश्यमूलक श्रमले अथवा चेतनशील मानवीय क्रियाकलापले नै मान्छे स्वयम् र संसारलाई बदलेको हो । दर्शनको मुख्य काम संसार बदल्ने मान्छेको क्रियाकलापलाई अरू ज्यादा सहज र मुक्त बनाउनु हुनुपर्छ । यसो गर्नु त्यतिखेर संभव हुन्छ, जब मान्छेले ती नियमहरू थाहा पाउँछ, जसबाट प्रकृति र समाज संचालित र विकसित हुन्छ । दर्शनको काम- आफ्नो समयको ज्ञान र विज्ञानको दही-मथनी गरेर ती नियमहरू पत्ता लाउनु र मानव जातिसमक्ष प्रस्तुत गर्नु हुनुपर्छ ।

मार्क्सले आफ्नो दर्शनमार्फत् व्यवहारमा त्यही गर्न प्रयत्न गर्नुभयो, जुन कुरा उहाँले दर्शनबारे भन्नुभयो ।

मार्क्सले विकसित गर्नुभएको द्वन्दवादी-भौतिकवादी दर्शन अरू केही होइन, त्यो आफ्नो समयको ज्ञान विज्ञानको आधारमा समस्त प्रकृति, समाज र विचार कुन नियमद्वारा संचालित र विकसित भइरहेको छ भनेर मानव जातिलाई थाहा दिने प्रयत्न हो । मार्क्सले विकास गर्नुभएको ऐतिहासिक भौतिकवाद मानव समाज र मानव इतिहासको विकासको नियम पत्तो लाउने र संसारसमक्ष पेश गर्ने कोशिस हो ।

मार्क्सको दर्शनको मौलिकता र महानता केमा देखिन्छ भने, मार्क्सले आफ्नो दर्शनलाई "व्यवहारको दर्शन" को रूपमा विकसित गर्नुभयो । अर्थात्, कुनै पनि दर्शन वा सिद्धान्तको वास्तविकता वा अवास्तविकता सही वा गलतपनाको मुख्य कसी व्यवहार हुनुपर्छ । दर्शनले मान्छेको जीवन र व्यवहारमा उन्नति ल्याउन सघाएको हुनपर्छ, मान्छेका व्यवहारिक समस्या ठीकसित बुझ्न र समाधान गर्न सघाएको हुनुपर्छ । त्यस्तो सबै दर्शन बुद्धिविलास मात्रै हो र बेकारको हो, जसले व्याख्या र तर्क गर्न मात्र सिकाउँछ, परन्तु, मान्छेको जीवन र व्यवहारमा प्रगति ल्याउन सहायता गर्दैन, मान्छेका समस्या ठीकसित बुझ्न र समाधान गर्न सघाउँदैन ।

मार्क्सको द्वन्दवादी भौतिकवादी दर्शनको विशिष्टता केमा देखिन्छ भने, यसले मनगढन्त र हचुवा ढंगले होइन, वस्तु, घटना वा समस्यालाई जस्तो छ, त्यस्तै हेर्न हरेक मान्छेलाई सघाउँछ । यसले हरेक मान्छेलाई सत्यको गहिराइसम्म पुग्न सघाउँछ र सत्य र आफ्नो बीचमा कुनै कुरालाई पर्न नदिन सिकाउँछ । यो दर्शनले हामीलाई कुनै पनि वस्तु वा घटनालाई अलग-थलग ढंगले होइन, अरू तमाम वस्तुसितको अन्तर्सम्बन्धमा हेर्न सिकाउँछ, स्थिरतामा होइन लगातार गतिमा हेर्न सिकाउँछ, एकपाखे ढंगले होइन, विपरीत पक्षहरूको द्वन्द-एकताको प्रक्रियामा हरेक वस्तुलाई हेर्न सिकाउँछ ।

विश्व मानव समुदायको निम्ति मार्क्सको अर्को महान योगदान हो- साम्यवादी विचारधारा अर्थात् वैज्ञानिक समाजवादको प्रस्थापना ।

मार्क्सको साम्यवादी विचारधाराको गुदी कुरो थियो- "मानवीय समाज"को विकास । अर्थात्, त्यस्तो समाजको सिर्जना, जहाँ मान्छेको अमानवीकरणको संपूर्ण प्रक्रियाको अन्त्य हुन्छ, जहाँ मानवीय श्रम वास्तविक अर्थमा पूँजीको बन्दी हुनबाट मुक्त हुन्छ र जहाँ मान्छेलाई आफ्नो विकास र स्व-वास्तवीकरण (self-realization) को लागि आवश्यक स्वतन्त्रता र परिस्थिति सिर्जना हुन्छ ।

मार्क्सको ठम्याइमा पूँजीवादको चूरो कुरा हो- नाफा र नाफाको निरन्तरता । नाफा र नाफाको निरन्तरताको लागि पूँजीवादमा मान्छेको चरम हदसम्म शोषण र अमानवीकरण हुन्छ । मान्छेलाई मेशीनमा बदल्ने कार्य हुन्छ । मान्छेले त्यो गर्ने स्वतन्त्रता पाउँदैन, जुन गर्ने ऊसित खुवी र क्षमता छ । जीविकाको निम्ति ऊ त्यो गर्न बाध्य हुन्छ, जुन गर्न पूँजीले उसलाई बाध्य पार्छ ।

त्यसैले, मार्क्सको भाषामा, पूँजीवादमा श्रमिक वा सर्वहाराले "आफ्नो कामको क्रममा आफूलाई पूर्णता दिने कार्य गर्दैन, बरू आफूलाई नकार्ने कार्य गर्छ, उसलाई काममा आनन्द र संतुष्टिभन्दा ज्यादा दुःखको



*लण्डनमा कार्ल मार्क्स, सन् १८६१*

अनुभूति हुन्छ, उसले स्वतन्त्रतापूर्वक आफ्नो मानसिक र शारीरिक उर्जाहरूको विकास गर्दैन, बरू ऊ शारीरिक रूपले थकित र मानसिक रूपले चुत्थो हुँदै गएको हुन्छ । श्रमिकले, त्यसैले फुर्सदको बेला मात्र आफूलाई घरमा भएको महसूस गर्छ, जबकि कामको बेला उसले घरबारविहीन महसूस गर्छ ।"

(Economics and Philosophical Manuscripts, Bottomore, Karl Marx : Early Writings, पृष्ठ १२६)

यस उद्धरणमा मार्क्सले बडो राम्रोसित पूँजीवादमा कसरी श्रमिकको अमानवीकरण हुन्छ, त्यसको चित्रण गर्न खोज्नुभएको छ ।

हामीले माथि पनि भनिसक्यौं- मार्क्सको धारणामुताबिक संसारको र संपूर्ण मानव सभ्यता र इतिहासको स्रष्टा मान्छे स्वयम् हो- मानव श्रम हो । दुनियाँमा मानव श्रम नै एक मात्र सृजनशील कुरा हो । समस्त मानव संपत्तिको सृजनाकर्ता मानव श्रम हो । परन्तु पूँजीवादमा जुन श्रमले समस्त संपत्ति पैदा गर्छ, त्यही श्रमको मालिक चाहिँ संपत्तिविहीन हुन्छ । जुन श्रमले संपूर्ण सभ्यता पैदा गर्छ, त्यही श्रमको धनी असभ्य जिन्दगी बिताउन बाध्य हुन्छ । पूँजीवादमा एउटा श्रमिकलाई उसको जीवन निर्वाहको निम्ति भनेर हरेक दिन ज्यालाको रूपमा पूँजीपतिले तिर्ने मूल्यभन्दा कता हो कता ज्यादा मूल्य (अर्थात् अतिरिक्त मूल्य) उसले प्रत्येक दिन आफ्नो श्रमबाट पैदा गरिरहेको हुन्छ । परन्तु उसले सिर्जना गरेको संपूर्ण अतिरिक्त मूल्य सित्तैमा पूँजीपतिको खल्तीमा जान्छ, र यसैबाट ऊ धनाढ्य बन्दछ । जबकि, मूल्य पैदा गर्ने श्रमिक चाहिँ हमेशा कंगाल रहन्छ ।

मार्क्सको आफ्नै शब्दमा पूँजीवादमा- "...श्रमले धनीहरूको निम्ति निश्चय नै आश्चर्य-जनक वस्तुहरू पैदा गर्छ, परन्तु यसले श्रमिकको निम्ति भने जीवनका अत्यावश्यक वस्तुहरूको खडेरी पैदा गर्छ । यसले दरबारहरू पैदा गर्छ, परन्तु श्रमिकको निम्ति टहरो पैदा गर्छ । यसले सुन्दरता पैदा गर्छ, किन्तु श्रमिकको निम्ति कुरूपता पैदा गर्छ । यसले श्रमलाई मेशीनद्वारा विस्थापित गर्छ, तर यसले केही श्रमिकहरूलाई फेरि पनि बर्बर किसिमको काममा जोताउँछ र अरू केहीलाई मेशीनमा बदल्छ । यसले बुद्धि पैदा गर्छ, परन्तु श्रमिकहरूको लागि यसले मूर्ख्याइँ र मानसिक सुस्ती पैदागर्छ ।"

(Economics and Philosophical Manuscripts, Bottomore, Karl Marx : Early Writings, पृष्ठ १२४)

पूँजीवादले उन्नाईसौं शताब्दीको यूरोपमा मान्छेमाथि गरेको शोषण, उत्पीडन र अमानवीकरणको यो चित्र निकै सटिक र जीवन्त छ । मार्क्सले एंगेल्ससितको सह-कार्यबाट बैज्ञानिक समाजवादको नयाँ प्रस्थापना ठीक यही किसिमको शोषण, उत्पीडन र अमानवी-करणबाट मानव जातिलाई मुक्त गर्न ल्याउनुभएको थियो ।

मार्क्सभन्दा अघि पनि विश्वमा समाजवादी विचारधारा विद्यमान थियो । रबर्ट ओवेन्, चार्ल्स, फौरियर, सेण्ट सायमनजस्ता व्यक्तित्वहरूले यो सोच अघि सारेका थिए । परन्तु, उहाँहरूको समाजवाद काल्पनिक थियो । 'यस्तो यस्तो विशेषता भएको आदर्श समाज व्यवस्था भइदिए हुन्थ्यो' भन्ने मनोगत इच्छामा र कल्पनामा आधारित थियो । यद्यपि पूँजीवादको शोषण र बिकृति अचाक्ली मात्रामै देखेरै त्यो समाजवादको अवधारणा आएको थियो ।

मार्क्स र ऐंगेल्सको महान योगदान के हो भने, उहाँहरूले समाजवादलाई विश्वमा पहिलो पटक बैज्ञानिक धरातलमा उभ्याउने काम गर्नुभयो । उहाँहरूले समाजवादी समाज व्यवस्थाको खाका आदर्श व्यवस्थाको आफ्नो कोरा कल्पनाको आधारमा पटक्कै पेश गर्नुभएन । समाज विकासको बैज्ञानिक नियममुताबिक जसरी सामन्तवादको गर्भबाट सामन्तवादलाई निषेध गरेर पूँजीवाद पैदा भयो, ठीक त्यसरी नै पूँजीवादको गर्भबाट पूँजीवादलाई नै निषेध गरेर कसरी समाजवाद पैदा हुन्छ, त्यो बैज्ञानिक ब्याख्या उहाँहरूले विश्वमा पहिलो पटक प्रस्तुत गर्नुभयो ।

काल्पनिक समाजवादीहरूले श्रमिक र सर्वहारा वर्ग, जुन त्यतिखेर पूँजीवाद सँगसँगै जन्मिसकेको थियो, पूँजीपति वर्गको शोषणविरूद्ध उनीहरूको वास्तविक र व्यवहारिक संघर्षहरूमा आधारित भएर त्यसैको उपजका रूपमा समाजवादको धारणा अघि सारेका थिएनन्, न त उनीहरूले आफ्नो समाजवादमा श्रमिक र सर्वहारा वर्गको हितको प्रतिनिधित्व नै गरेका थिए ।

मूर्त रूपमा कुन वर्गको कुन वास्तविक-व्यवहारिक संघर्षबाट समाजवाद पैदा हुन्छ र हुन संभव छ, र त्यो किन र कसरी संभव छ ? - यी सवालमा पनि उनीहरूमा ठीक समझदारी र आवश्यक स्पष्टता थिएन । त्यसैले उनीहरूको समाजवादको परिकल्पना जग, खम्बा र पर्खालबिनाको सुन्दर घर र छानाको कल्पनाजस्तै थियो ।

मार्क्सले एंगेल्ससितको सह-कार्यबाट काल्पनिक समाजवादीहरूको समाजवादमा रहेको यही त्रुटी कमजोरी हटाउनु भयो । उहाँहरूले कुनै किसिमको मनगढन्त कल्पनाको आधारमा होइन, संपूर्ण यूरोपमा र विशेषतः फ्रान्समा त्यतिखेर पूँजीपति वर्ग र पूँजीवादविरूद्ध मजदूरहरूले चलाइरहेको वास्तविक र व्यवहारिक वर्ग-संघर्षको मूर्त अनुभवको आधारमा, त्यसैको दही-मथनी गरेर समाजवादको सोच विकसित गर्नुभयो । उहाँहरूले आधुनिक पूँजीवादमा संपत्तिवाल र संपत्तिविहीनहरूको, पूँजीपति र ज्यालादारी मजदूरहरूको शत्रुतापूर्ण वर्ग अन्तरविरोधबाट त्यो अन्तरविरोधको समाधानको रूपमा

## मार्क्सका स्वीकारोक्तिहरू

जाल्ट बोमेल

१ अप्रिल, १८६५

- तपाईंलाई सबैभन्दा मनपर्ने गुण : सरलता
- लोग्नेमान्छेमा सबैभन्दा मनपर्ने गुण : तागत
- स्वास्नीमान्छेमा सबैभन्दा मनपर्ने गुण : दुर्वलता
- तपाईंको मुख्य विशेषता : उद्देश्यको सिंगोपन
- सुखसंबन्धी तपाईंको विचार : संघर्ष गर्नुमा
- दुःखसंबन्धी तपाईंको विचार : आत्मसमर्पण गर्नुमा
- त्यो दुर्गुण, जसलाई सबैभन्दा ज्यादा क्षमा गर्नुहुन्छ : ठग्ने क्षमता
- त्यो दुर्गुण, जसलाई सबैभन्दा घृणा गर्नुहुन्छ : दासले झैं जी हजुरी गर्नु
- तपाईंको घृणाको पात्र : मार्टीन टप्पर
- तपाईंको मनपर्ने पेशा : किताबको किरा बन्नु
- मनपर्ने कवि : शेक्सपियर, एसिलस, गोयथे
- मनपर्ने गद्य लेखक : दिदेरो
- मनपर्ने नायक : स्पार्टाकिस, केप्लर
- मनपर्ने नायिका : ग्रेचेन
- मनपर्ने फूल : डाफ्ने
- मनपर्ने रंग : रातो
- मनपर्ने नाम : लौरा, जेनी
- मनपर्ने खाना : माछा
- मनपर्ने उक्ति : मानवीय कुनै कुरा पनि मेरो लागि विरानो छैन ।

(Nihil Himani a me alienum puto)

- मनपर्ने आदर्श वाक्य : हेरक कुरामा शंका गर ।

(De omnibus dubitandum)

*(यो मार्क्सकी छोरी लौराको पाण्डुलिपीका आधारमा अंग्रेजीबाट अनुवाद गरिएको हो । यो स्वीकारोक्ति मार्क्सले गर्नुभएको प्रश्नमालाको उत्तर हो, जुन त्यतिखेर बेलायत र जर्मनीमा निकै व्यापक रूपमा प्रचलनमा थियो । मार्क्सले ठट्यौलो शैलीमा प्रश्नको उत्तर दिनुभएको छ । तथापि मार्क्स कस्तो मान्छे हुनुहुन्थ्यो, त्यो बुझ्नलाई यी उत्तरहरू निकै रोचक छन् ।)*

समाजवाद पैदा हुने धारणा अघि सार्नुभयो । अतः काल्पनिक समाजवादीहरूले सोचे जस्तो पूँजीपति वर्गको स्वेच्छामा उनीहरूको समेत स्वार्थरक्षा हुने गरी समाजवाद नआउने, समाजवाद समस्त संपत्तिहीन र मजदूर वर्गको वर्ग-संघर्षबाट मात्र आउने, त्यो पूँजीपति वर्ग र उसको नाफा-स्वार्थ र निजी संपत्तिलाई निषेध गरेर मात्र आउने विचार उहाँहरूले प्रस्तुत गर्नुभयो । मार्क्सले के स्पष्ट पार्नुभयो भने, पूँजीवाद भनेको सारमा संपत्तिको वास्तविक सिर्जनकर्ताबाट सम्पतिको लूट गर्ने तन्त्र हो । यो वास्तविक उत्पादकबाट उत्पादन गर्दैनगर्नेले उत्पादनको उपज लुट्ने तन्त्र हो । यो जसले तमाम मूल्य र अतिरिक्त मूल्यहरूको सृजना गर्दछ, उसबाट मूल्य सिर्जना गर्नमा कुनै योगदानै नगर्नेले संपूर्ण अतिरिक्त मूल्यहरू लुट्ने तन्त्र हो । त्यसैले लूटको यो अन्यायपूर्ण तन्त्र अन्त्य गर्ने प्रणालीको रूपमा मार्क्सले समाजवादको धारणा अघि सार्नुभयो ।

संपत्तिका वास्तविक सृजनकर्ता श्रमिकहरूको सामाजिक स्वामित्वमा सम्पति पुऱ्याउने प्रणालीको रूपमा मार्क्सले समाजवादको अवधारणा प्रस्तुत गर्नुभयो । मूल्य र अतिरिक्त मूल्यहरू जुन श्रमिकहरूले सृजना गर्दछन्, तिनै श्रमिकहरूको हातमा पुऱ्याउन सकेमा मात्र समाजमा न्याय हुन्छ । त्यस्तो समाजिक न्याय दिलाउने प्रणालीको रूपमा मार्क्सले समाजवादको धारणा अघि सार्नुभयो । लुटाहाहरूबाट ती सब उत्पादनका साधनहरू र उपजहरू खोस्नुपर्छ, जसको सृजनाकर्ता उनीहरू होइनन् । यो उनीहरूको हातमा पुऱ्याइनु पर्छ, जसले वास्तवमा यसको सृजना गरेका छन् । यसो गर्नु नै वास्तविक सामाजिक न्याय हो । मार्क्सले लूटाहाहरूबाट खोसेर वास्तविक स्रष्टाको हातमा उत्पादनका साधनहरू, उत्पानका उपजहरू पुऱ्याउने प्रणालीका रूपमा समाजवादलाई प्रस्तुत गर्नुभयो । मूल्यहरू र अतिरिक्त मूल्यहरूबीचमा कोहीकसैले पनि लुट्नै नपाउने, यसको मालिक तिनीहरू मात्रै हुने जसले यसको सृजना गर्दछन्,- यस्तो गर्न सकिएमा मात्र समाजमा शोषण र अन्यायको अन्त्य हुन्छ र ती सब सुखी सम्पन्न हुन्छन् जसले मूल्यको सृजना गर्दछन् । त्यस्तो प्रणालीको रूपमा उहाँले समाजवादलाई अगाडि सार्नुभयो ।

काम पाउनु सबैको अधिकार हुनुपर्छ । काम गर्नु सबैको कर्तव्य हुनुपर्छ । शारीरिक रूपले सक्षम भएर पनि जसले काम गर्दैन, उसले खाँदैन पनि । यस्तो सामाजिक प्रणाली भएमा

> ***बिरामी, बच्चा, सुत्केरी र बृद्धबाहेक अरू कसैलाई पनि श्रम नगरिकन श्रमको उपज खाने हक हुनुहुँदैन । ठीक यस्तो सामाजिक प्रणालीको रूपमा मार्क्सले समाजवादको धारणा प्रस्तुत गर्नुभएको देखिन्छ ।***

मात्र समाजमा चुसीखाने र बसीखाने प्रणालीको अन्त्य हुनसक्छ । त्यसैले मार्क्सले समाजवादलाई त्यस्तो बैज्ञानिक प्रणालीको रूपमा अघि सार्नुभयो, जहाँ काम पाउनु सबैको मौलिक अधिकार हुन्छ, जहाँ श्रम गर्नु सबैको मौलिक कर्तव्य हुन्छ, जहाँ श्रमको उपजलाई बीचमा कसैले हडप्न पाउँदैन, श्रमको उपजका मालिक श्रमिकहरू आफैं हुन्छन् र जहाँ काम नगर्नेहरू भोकै बस्न पनि तैयार हुनुपर्छ । बिरामी, बच्चा, सुत्केरी र बृद्धबाहेक अरू कसैलाई पनि श्रम नगरिकन श्रमको उपज खाने हक हुनुहुँदैन । ठीक यस्तो सामाजिक प्रणालीको रूपमा मार्क्सले समाजवादको धारणा प्रस्तुत गर्नुभएको देखिन्छ ।

पूँजीवादमा समस्त उत्पादनका साधनमाथि पूँजीपतिको व्यक्तिगत स्वामित्व हुन्छ । त्यहाँ सारा मजदूरहरूले श्रमको विभाजनद्वारा सामाजिक रूपमा संपूर्ण मालको उत्पादन गर्दछन् । त्यसैले उत्पादनको सामाजिकीकरण पूँजीवादमै भैसक्छ । पूँजीवादको दोष के हो भने, त्यहाँ उत्पादनको साधन पनि पूँजीपतिको व्यक्तिगत सम्पत्तिको रूपमा रहन्छ, उत्पादनको उपज पनि वास्तविक उत्पादकबाट अलग्याइन्छ, खोसिन्छ । मार्क्सले के धारणा प्रस्तुत गर्नुभयो भने, समाजवादले पूँजीवादमा विद्यमान हुने यही दोष हटाउन सक्छ र हटाउनु पर्छ । उत्पादनका साधनहरूमाथि पनि वास्तविक उत्पादकहरूकै सामाजिक स्वामित्व, उत्पादनका उपजहरू र पूँजीमा पनि श्रमिकहरूको सामाजिक स्वामित्व । यस्तो गर्न सकेमा श्रमको मालिकबाट श्रमको उपज अलग्गिन बन्द हुन्छ, पूँजी वा सम्पत्तिको सिर्जनकर्ताबाट पूँजी वा सम्पत्ति अलग्गिन बन्द हुन्छ र समाजमा व्यक्तिगत सम्पतिको आधारमा कायम हुने अन्याय र शोषणको जड नै समाप्त हुन्छ । यस्तो जड समाप्त पार्ने न्यायपूर्ण, विवेकपूर्ण र बैज्ञानिक उत्पादन प्रणाली

र सामाजिक प्रणालीको रूपमा मार्क्सले बैज्ञानिक समाजवादको अवधारणा पेश गर्नुभएको देखिन्छ ।

हाम्रो कम्युनिष्ट आन्दोलनमा र विश्व कम्युनिष्ट आन्दोलनमा पनि मार्क्सले कम्युनिष्टहरूको अन्तिम लक्ष्यको रूपमा समाजवाद र साम्यवादलाई प्रस्तुत गर्नुभएको भनेर बुझ्ने गरिएको छ । यो बुझाइ सरासर गलत छ । मार्क्सको संपूर्ण साहित्यमा यस्तो अवधारणा कतै भेटिन्न ।

मार्क्सले त स्पष्ट भाषामा लेख्नुभएको छ- "साम्यवाद निकट भविष्यको जरूरी रूप र गतिशील दिग्दर्शक विचार हो, परन्तु साम्यवाद आफैं मानव विकासको लक्ष-मानव समाजको रूप होइन ।"

*Economic and Philosophical Manuscripts, in Bottomore, Karl Marx : Early Writings* पेज १२४

मार्क्सले संपूर्ण मानव जातिको विकासको र कम्युनिष्टहरूको पनि अन्तिम लक्ष त व्यक्तिगत संपत्तिबिनाको सकारात्मक मानवताबाद (Positive humanism minus private property) बताउनु भएको छ । भनाइको तात्पर्य- त्यस्तो मानवतावाद, जहाँ मान्छे र मानव श्रम वास्तविक अर्थमा मुक्त हुन्छ र जहाँ व्यक्तिगत सम्पत्तिको शासन हुँदैन अर्थात् मानवलाई व्यक्तिगत संपत्तिको साधन हुनबाट मुक्त गरेर अरू ज्यादा पूर्ण रूपमा मानव बनाउनु नै मानव जातिको विकासको र कम्युनिष्टहरूको लक्ष्य हुनुपर्छ । पूँजीवादले मानवलाई अर्को मानवबाट अलग्याउँछ, उत्पादकलाई उसको उत्पादनको उपजबाट अलग्याउँछ, श्रमिकलाई उसले पैदा गर्ने तमाम मूल्य र अतिरिक्त मूल्यहरूबाट अलग्याउँछ र यसरी यसले मान्छेलाई अमानवीकरण गर्दछ । मान्छे पूँजीवादमा पूँजीको, व्यक्तिगत संपत्तिको बन्दी बन्दछ । यही कारणले मान्छेमा निहित अपार सृजन क्षमता पूँजीवादमा उजागर हुन पाउँदैन । तसर्थ मानव जातिको लक्ष्य त मान्छेलाई यो अमानवीकरणको प्रक्रियाबाट मुक्त गर्नु हुनुपर्छ । मान्छेलाई पूँजीको बन्दी हुनबाट मुक्त गर्नु हुनुपर्छ । मान्छेलाई मान्छेबाट हुने सबै किसिमको शोषण र उत्पीडनबाट मुक्त गरिनुपर्छ ता कि उसमा रहेको अपार सृजनशीलता अरू ज्यादा राम्ररी उजागर होस् ।

त्यसैले, मार्क्सको अवधारणा-अनुसार कम्युनिष्टहरूको अन्तिम लक्ष्य साम्यवाद र समाजवाद होइन । अन्तिम लक्ष्य त मानवीय समाज हो, त्यस्तो समाज जहाँ पूँजी र पूँजीवादबाट हुने अमानवीकरणको



*मार्क्स, एंगेल्स र मार्क्सका छोरीहरू जेनी, लाउरा र एलेनर (सन् १८६४)*

## क्रान्तिअघिको अविकसित रुस समाजवादी क्रान्तिको ५० वर्षमै अमेरिकासरहको महाशक्ति बन्न पुगेको थियो ।

अन्त हुन्छ, जहाँ मानवीय श्रम पूँजीको जुवाबाट वास्तविक अर्थमा मुक्त हुन्छ र मान्छेलाई आफ्नो विकास र स्ववास्तवीकरण (self realization) को लागि आवश्यक परिस्थिति सृजना हुन्छ । मान्छेहरू समाजवाद र साम्यवादका लागि होइनन्, समाजवाद र साम्यवाद मान्छेको मुक्तिको लागि हुनुपर्छ ।

मार्क्सले फायरवाखसम्बन्धी थेसिसको बुँदा नं. १० मा पनि उल्लेख गर्नुभएको छ- "पुरानो भौतिकवादको अडानबिन्दु "नागरिक" समाज हो, नयाँ भौतिकवादको अडानबिन्दु चाहिँ मानवीय समाज अर्थात् संघबद्ध मानवता हो ।"

Karl Marx, Frederick Engels- Collected Works vol. 5 Progress Publishers Moscow- 1976 पृष्ठ- ८

मार्क्सको साम्यवाद वा वैज्ञानिक समाजवादको मुख्य केन्द्रबिन्दु मान्छे र मान्छेको मुक्ति हो । अमानवीकरणका सबै प्रक्रियाहरूबाट मान्छेको मुक्ति । मानवमाथि मानवबाट हुने सबै कसिमका शोषण, उत्पीडनबाट मान्छेको मुक्ति । व्यक्तिगत संपत्ति नै संपूर्ण अमानवीकरण र शोषण-उत्पीडनको जरो हुनाले व्यक्तिगत संपत्तिबाट मुक्ति । व्यक्तिगत संपत्तिले मानव समाजमा वर्ग पैदा गरेको र वर्गहरूको अस्तित्वले शोषण्-उत्पीडनको अस्तित्व र आमानवीकरणको प्रक्रिया कायमै राख्ने हुनाले वर्गहरू र वर्ग शासन दुवैबाट मुक्ति । मान्छेले सिर्जना गरेको को राज्यले मानव समाजबाट अलग्गिएर मान्छेमाथि नै शोषणको औजार भएर शासन जमाउने र तानाशाही लाद्ने भएकाले राज्यबाट पनि मुक्ति । शोषित, उत्पीडित तर अज्ञात मान्छेको दुःख भुल्ने उपायको रूपमा आएको धर्मले उनीहरूलाई शोषण-उत्पीडनप्रति अचेत र भाग्यप्रति निर्भर बनाएको हुनाले धर्म संप्रदायबाट पनि मुक्ति । गरिबी र अत्यावश्यक मानवीय जीविकाको अभावबाट मुक्ति ।

यसप्रकार, मार्क्सको निम्ति साम्यवाद आफै कुनै लक्ष्य होइन, बरू साम्यवादको लक्ष्य चाहिँ मान्छेको सर्वांगीण मुक्ति हो । साम्यवाद मान्छेलाई सर्वांगीण मुक्तिको दिशातिर लैजाने वैज्ञानिक सामाजिक प्रणाली र प्रक्रिया हो । यो आफै साध्य होइन, साधन हो । साध्य त मार्क्सले भन्नुभए भैं, "मानवीय समाज" हो, "संघबद्ध मानवता हो", साध्य त मुक्त मानवता हो । मान्छेको श्रम नै संपूर्ण मानव सभ्यता र इतिहासको स्रष्टा हो । त्यो श्रमलाई वर्ग, राज्य, व्यक्तिगत सम्पत्ति र पूँजीको कैदी बन्नबाट मुक्त गर्नु र त्यसलाई अरू ज्यादा पूर्ण रूपमा सृजनशील बनाउनु नै साम्यवादको ध्येय हो ।

साम्यवादको दर्शन द्वन्दात्मक भौतिकवाद हो । द्वन्दवादले कुनै पनि समाज व्यवस्थालाई, वस्तुलाई र सिद्धान्तलाई अन्तिम र पूर्ण ठान्दैन । तसर्थ, द्वन्दवादका अनुसार पनि साम्यवाद अन्तिम समाज व्यवस्था हुन सक्दैन ।

पेरिस कम्युनको असफलताको अनुभवपछि मार्क्सले साम्यवादलाई दुई चरणमा बाँड्नु भयो । र, साम्यवादको पहिलो संक्रमणकालीन चरणमा सर्वहारा वर्गको अधिनायकत्व अनिवार्य हुने अवधारणा ल्याउनुभयो ।

मार्क्सले प्रतिपादन गर्नुभएको वैज्ञानिक समाजवादको प्रस्थापनालाई आदर्श बनाएर विगत डेढ सय वर्षमा थुप्रै देशमा सामाजिक क्रान्ति भएका छन् र त्यहाँ श्रमिकवर्गको राज्य स्थापना भएका छन् । ती क्रान्तिले त्यहाँका मानिसको जीवन स्तरमा ल्याएको प्रगति र हेरफेर, त्यहाँको मानव श्रमलाई पूँजीको शोषण उत्पीडनबाट मुक्त गर्न चालेका पाइलाहरू र त्यहाँको समग्र समाजमा ल्याएको प्रगतिशील परिवर्तन अतुलनीय र अजंगको देखिन्छ । यो छोटो लेखमा ती सबै कामको विस्तृत र पूरापूर समीक्षा गर्नु संभव छैन । परन्तु मार्क्सको योगदानको चर्चा गर्दा अत्यन्त संक्षिप्तमा भए पनि तिनको मूल्यांकन गर्नु अति आवश्यक छ ।

के दावीका साथ भन्न सकिन्छ भने,

- आमजनताको आधारभूत मानवीय आवश्यकता पूरा गर्ने मामलामा मार्क्सले देखाउनुभएको बाटो अवलम्बन गरेर गत ७५ वर्षमा समाजवादले जे जति काम गर्‍यो, त्यो पूँजीवादले दुई सय वर्षमा गरेभन्दा निकै ज्यादा छ । यो मामलामा समाजवाद पूँजीवादको तुलनामा श्रेष्ठ सावित भएको छ ।

- विश्वमा पहिलो पटक समाजवादले नै काम, माम र बास पाउनुलाई मान्छेको आधारभूत मानवअधिकार बनाउन सक्यो ।

- विश्वमा सर्वप्रथम समाजवादले नै आम जनतालाई निःशुल्क स्वास्थ्यसेवा र आधारभूत शिक्षाको प्रबन्ध गर्नसक्यो । स्वास्थ्य र शिक्षा प्राप्त गर्नुलाई मान्छेको आधारभूत अधिकारमा बदल्न सक्यो ।

- विश्वमा पहिलो पटक समाजवादले नै बालक, बिमारी, र वृद्ध अवस्थामा हुने निरीहता र बर्वादीको समस्याबाट मानवजातिलाई जोगाउने उपाय निकाल्न सक्यो ।

- श्रमिक वर्गलाई पूँजीपति वर्गबाट हुने चरम शोषण, उत्पीडन र अमानवीकरणको समस्याबाट मुक्त गर्ने मामलामा गत ७५ वर्षमा समाजवादले गरेको काम अतुलनीय छ । पूँजीवादले यो समस्याबाट श्रमिकलाई मुक्त गर्ने मामलामा समाजवादले गरेजस्तो काम गर्न सकेको छैन ।

- एउटा मजदूरले एउटा सांसद सरह मानवीय पारिश्रमिक पाउने कुरा विश्वमा पहिलो पटक समाजवादमा नै संभव हुनसक्यो ।

- कारखानाकै उत्पादन-व्यवस्थापन मजदूरहरू स्वयम्ले सम्हाल्ने प्रणाली विश्वमा पहिलो पटक समाजवादमा नै संभव हुनसक्यो ।

- मजदूरको जीवन, अंगभंग, सुत्केरी र बूढौतीको समस्या मानवीय ढंगले हल गर्ने मामलामा समाजवादले नै विश्वमा पहिलो कीर्तिमान स्थापना गरेको छ ।

- महिलाहरूलाई पुरूषसरह समान बनाउने दिशामा समाजवादले विगत ७५ वर्षमा जे जति प्रगति गरेको छ, त्यति प्रगति २०० बर्षको बूढो पूँजीवादी प्रजातन्त्रले गर्न सकेको छैन ।

- २०० वर्षभन्दा लामो पूँजीवादी प्रजातन्त्रको इतिहास बोकेको विश्वको सबैभन्दा विकसित पूँजीवादी मुलुक अमेरिकामा अहिले सिर्फ ११ प्रतिशत सांसदहरू मात्र महिला छन्, जबकि खालि ४० वर्षको समाजवादी मुलुक क्यूबामा २७ प्रतिशत सांसद महिला छन् । चीनमा २१ प्रतिशत सांसद महिला छन् । राजनीतिमा महिला सहभागिता वृद्धि गर्ने सवालमा समाजवाद र समाजवादी प्रजातन्त्र भएका मुलुकहरू विश्वमै नंबर एक स्थानमा छन् । (हेर्नुहोस्, यसै पेजको तालिका)

- विश्वमा पूँजीवादी प्रजातन्त्रको जननी भनिने अति विकसित पूँजीवादी मुलुक- बेलायतमा आज पनि पुरूष (पूर्ण समय काम गर्ने) मजदूरले समान कामको लागि जति ज्याला पाउँछन्, समकक्षी महिला मजदूरले उही र उति नै कामको लागि पाँच भागको चार भाग ज्याला मात्र पाउँछन् परन्तु, भरखरैको समाजवादी मुलुक क्यूबा र उत्तर कोरियामा हरेक क्षेत्रमा महिलाहरूलाई समान कामको निमित्त समान ज्याला प्राप्त छ । उही र उति नै कामको लागि महिलाले पुरूषसरह समान ज्याला प्राप्त गर्ने मामलामा समाजवाद र समाजवादी प्रजातन्त्रले जुन समानता प्रदान गरेको छ, त्यो कुनै विशुद्ध पूँजीवादी प्रजातन्त्र भएको मुलुकले दिन सकेको छैन ।

- जाति, जनजाति र अल्पसंख्यक भाषाभाषीहरूलाई र वर्णहरूलाई स्वतन्त्र र समान विकासको अवसर दिने मामलामा समाजवादले क्रान्तिको पहिलो दश वर्षमै त्यति समान अवसर जुटाएको छ, जति जुटाउन पूँजीवादीलाई २०० वर्ष लागेको छ ।

- गाउँ र शहरबीच, शारीरिक श्रम गर्ने र मानसिक श्रम गर्ने बीचको भेद कम गर्ने मामलामा समाजवाद

### राजनीतिमा महिलाको सहभागिता

### समाजवादी मुलुक अग्रस्थानमा

| पूँजीवादी मुलुकहरु | महिला सांसद प्रतिशतमा | समाजवादी वा भूपू समाजवादी वा समाजवादी प्रजातन्त्र भएका मुलुकहरु | महिला सांसद प्रतिशतमा |
|---|---|---|---|
| अमेरिका | ११.२ | क्युवा | २७.० |
| जापान | ७.७ | चीन | २१.० |
| संयुक्त अधिराज्य | १८ | स्वीडेन | ४०.४ |
| फ्रान्स | ९ | नर्वे | ३६.४ |
| इटाली | १० | डेनमार्क | ३३.० |

स्रोतः *UNDP, Human Development Report, 1998*
*Britain 2000, the Official Year Book of the UK*

पूँजीवादको तुलनामा धेरै अगाडि देखिएको छ ।

- सोभियत संघले त्यस सिलसिलामा संपूर्ण देशभरि क्रान्तिको १० वर्षभित्रै जुन गतिमा विद्युतीकरण गरेको थियो, त्यस्तो रेकर्ड कुनै पूँजीवादी क्रान्ति भएको मुलुकमा भेटिन्न ।

- ग्रामीण विद्युतीकरण, कृषि क्रान्ति र औद्योगीकरणको सवालमा चीनले क्रान्तिको २५ वर्षमै जुन गतिमा र समग्रतामा संपूर्ण ग्रामीण क्षेत्रमा कायापलट गरेको थियो, त्यो सिंगै विश्वको लागि चकित पार्ने खालको थियो । त्यस्तो रेकर्ड पूँजीवादी विश्वमा विरलै मात्र प्राप्त छ ।

- प्राथमिक स्वास्थ्य सेवा गाउँको कुना कुनासम्म पुऱ्याउने सवालमा क्यूबा र चीनले क्रान्तिपछिको २५ वर्षमै जुन प्रगति गरेका थिए, त्यो विश्वकै लागि नमूना बनेको थियो । यो तथ्य विश्व स्वास्थ्य संघ (WHO) समेतले स्वीकार गरेको थियो ।

- एउटा मजदूरले एक जना प्रोफेसरसरह पारिश्रमिक प्राप्त गर्ने प्रबन्ध विश्वमा पहिलो पटक समाजवादले नै गरेको थियो । मजदूर किसानहरूलाई पनि व्यवस्थित तवरले शिक्षित पार्ने प्रबन्ध समाजवादी राज्यले गरेको थियो ।

- सांसद र जनप्रतिनिधिहरूलाई जसले निर्वाचित गर्छन्, तिनीहरूले कुनै पनि बेला फिर्ता बोलाउने हक विश्वमा सर्वप्रथम समाजवादले नै प्रदान गरेको थियो ।

यस हिसाबले हेर्दा समाजवादले सन् १९१७ को अक्टोबर समाजवादी क्रान्तियता मार्क्सको अवधारणाअनुरूप गरेका कामहरू र हासिल गरेका उपलब्धिहरू असाधारण र अतुलनीय छन् । यति छोटो अवधिमा पूँजीवादी शोषण, उत्पीडन अन्त्य गर्ने मामलामा, अमानवीकरणको प्रक्रियालाई कम गर्ने मामलामा, उत्पादनका साधनहरू र श्रमका उपजहरूको व्यक्तिगत स्वामित्व खत्तम गर्ने मामलामा, श्रमको उपजको वितरणमा र श्रमको मूल्यमा सामाजिक न्याय कायम गर्ने मामलामा, लिंग, जाति, धर्म, वर्णका आधारमा रहिरहेको असमानता घटाउने मामलामा समाजवादले जुन उपलब्धि हासिल गरेको छ र समाजमा कायापलट ल्याएको छ, त्यो ऐतिहासिक र अद्वितीय छ । यी मामलामा समाजवाद पूँजीवादभन्दा निकै श्रेष्ठ देखिएको छ ।

यही कारण हो, जसले गर्दा क्रान्तिअघिको अविकसित रूस समाजवादी क्रान्तिको ५० वर्षमै अमेरिकासरहको महाशक्ति बन्न पुगेको थियो । अति कम विकसित चीनले क्रान्तिको २५ वर्षमै पूँजीवादी भारतलाई धेरै पछाडि पारिसकेको थियो । क्यूबाले क्रान्तिको ४० वर्षमै प्रति व्यक्ति डाक्टर, प्रतिव्यक्ति शिक्षक, प्रतिव्यक्ति खेलकूद प्रशिक्षकमा र महिला सांसद प्रतिशतमा अमेरिकालाई समेत उछिन्नुको कारण पनि यही हो । यी सब मामलामा समाजवादी बाटोको योगदान गौरवमय छ ।

परन्तु, सबै कुरा रंगीन मात्र छैनन् । समाजवादका नकारात्मक पाटाहरू पनि प्रष्टै देखिएका छन्, जसमाथि हाम्रो ध्यान गंभीरतापूर्वक जानु जरूरी छ । मार्क्सका योगदानहरूका चर्चा गर्दा मार्क्सवादका अभ्यासको क्रममा देखा परेका त्रुटी, कमजोरी र सीमाहरूबारे पनि खुलस्त र पारदर्शी ढंगले छलफल गर्नु जरूरी छ । भौतिकवादी द्वन्दवादको दर्शन अप्नाउनेहरूले मार्क्सको महानताको चर्चा गर्दा यो भुल्नुहुन्न कि मार्क्स स्वयम्को पनि त्रुटी, कमजोरी र सीमा के थियो ? मार्क्सकै विचारको कार्यान्वयनको क्रममा के दोष र विकृतिहरू देखिए ?

मार्क्सवाद विश्वमा पहिलो पटक प्रारम्भिक रूपमा व्यवस्थित सिद्धान्तका रूपमा देखापर्न थालेको सन् १८४४ मा हो । सन् १८४० को दशकमा यो पहिलो पटक विश्वसामु पूँजीवादको विकल्पका रूपमा पूँजीवादका सुल्झाईनसकिने अन्तरविरोधहरूको समाधानको रूपमा प्रस्तुत हुनथालेको हो । त्योभन्दा यता १६४ वर्षको दौरानमा मार्क्सवादको अभ्यासको क्रममा के कस्ता त्रुटी कमजोरी र सीमाहरू देखिए त ?

संक्षेपमा के भन्न सकिन्छ भने

- पूँजीवादबाट साम्यवादतर्फको संक्रमणको अवधिमा राज्य सर्वहारा वर्गको अधिनायकत्वका रूपमा अस्तित्वमा रहने, तर संपूर्ण जनतालाई समाजवादी शिक्षाद्वारा जागृत, आलोचक र सुसंस्कृत पार्दै जागृत जनतालाई देशव्यापी रूपमा संघवद्ध र सशस्त्र पार्दै, उनीहरूलाई राज्य मामला, सामाजिक उत्पादनको व्यवस्थापन र आफ्नो भाग्यको निर्णयमा अधिकतम् रूपमा सहभागी बनाउँदै राज्यलाई झन् अनावश्यक पार्दै र विलोपको दिशामा लैजाने मार्क्सको मुख्य प्रस्थापना थियो ।

परन्तु, मार्क्सका विचारको अभ्यासको क्रममा :

- राज्यलाई अनावश्यक पार्दै लाने प्रक्रिया होइन, झन् झन् बलवान् र दिगो बनाउँदै लैजाने बाटो अपनाइयो ।

- सर्वहारा वर्गको अधिनायकत्व खालि समाजवादी व्यवस्था नै उल्टाउन खोज्ने प्रतिक्रान्तिकारी र प्रतिक्रियावादी पूँजीवादी तत्वमाथि मात्र होइन, समाजवादका मित्रवर्गहरू, आलोचनात्मक मत राख्ने बौद्धिक जनताहरू र यतिसंम्म कि कम्युनिष्ट पार्टीकै सदस्यहरू र श्रमिक वर्ग स्वयम्माथि समेत लाद्ने कार्य गरियो ।

-सर्वहारा वर्गको पार्टी र राज्य भिन्न र आलोचनात्मक मतप्रति, मत अभिव्यक्त गर्ने जनताको स्वतन्त्रताप्रति न्यूनतम त्यति पनि सहिष्णु देखापरेन, जति पूँजीवादी पार्टी र राज्य देखा पर्छ । अर्थात् अधिनायकत्वको पक्षमाथि चाहिनेभन्दा निकै ज्यादा जोड दिइयो, परन्तु त्यसैको विपरीत पाटो, सर्वहारा जनवादको पक्षमाथि न्यूनतम पनि ध्यान दिइएन ।


- जनताको न्यूनतम आधारभूत मानवीय आवश्यकता पूरा गर्ने र उनीहरूलाई भौतिक रूपले सुख संपन्न बनाउने सवालमा राम्रो ध्यान दिइयो, परन्तु समाजवादी शिक्षा, सशक्त र निरन्तर रूपमा समाजवादी विचारधारात्मक र सांस्कृतिक क्रान्तिको प्रक्रिया चलाएर नयाँ जागृत समाजवादी मान्छे विकास गर्ने र आत्मिक रूपले पनि संपन्न मान्छे बनाउने सवालमा पर्याप्त ध्यान र प्राथमिकता नै दिइएन । राजनीतिक सत्ता कब्जा गर्ने सवालमा ज्यादा प्राथमिकता दिइयो, मानसिक सत्ता बदल्ने सवालमा प्राथमिकता नै रहेन ।

-राज्य मामलामा र आफ्नो भाग्यको फैसला आफैं गर्ने मामलामा जनताको व्यापक आलोचनात्मक सहभागिता विकास गर्ने सवालमा अधिकांश समाजवादी राज्यहरू र पार्टीहरूले ध्यानै दिएनन् । धेरैको भाग्यको फैसला माथिका थोरै मान्छेले गरीदिने, सुख र सुविधाहरू माथिका मान्छेले जनतालाई 'दयावश, दानका रूपमा' दिने प्रणाली स्थापित गरियो ।

- फलस्वरूप, पार्टी र राज्य दुवै ठाउँमा नयाँ निरंकुश नोकरशाही वर्ग पैदा भयो, समाजवादी राज्य जनताबाट अलग्गियो, त्यो आफ्नो राज्य हो भन्ने अपनत्व भाव श्रमिक जनतालाई अनुभूति नै भएन । श्रमिक जनता फेरि पनि आफ्नो शासक आफैं बनेनन्, उनीहरूको नाममा उनीहरूको खातिर 'कल्याणकारी नयाँ निरंकुश नोकरशाहहरू'ले शासन चलाए, जसमाथि उनीहरूको नियन्त्रण नै रहेन, नागरिकहरू स्वतन्त्र भएनन्, उनीहरू खाइलाग्दा हृष्टपुष्ट, परन्तु स्वतन्त्रताविहीन 'प्रजा' मात्र बने ।

- स्वतन्त्रताको अभावमा

बाँकी पेज ५७



**मार्क्सका चिन्तनको चर्चा गर्दा फ्रेडरिक एंगेल्सलाई त्यसमा अपरिहार्य रुपमा जोडिनु पर्छ । एंगेल्सको अभावमा मार्क्स मार्क्स हुन संभव नै थिएन**

# मार्क्सलाई चिन्नुपर्ने र मार्क्सबाट सिक्नुपर्ने तीन चारवटा मूलभूत कुराहरू छन्

**समाजशास्त्री डा. चैतन्य मिश्रसँग गरिएको ताजा कुराकानी**

**कुनै शास्त्र, कुनै पादरी, कुनै शासकले भन्यो भनेर होइन, ठोस स्थितिको ठोस विश्लेषण गरेर मात्र सत्यको निरूपण गर्नुपर्छ भन्ने मार्क्सवादको भनाइ हो । मार्क्सवादको अर्को वैज्ञानिकता यही हो ।**



**● तपाईं कार्ल मार्क्सलाई कसरी चिन्नुहुन्छ ?**

– मार्क्सलाई चिन्नुपर्ने र मार्क्सबाट हामीले सिक्नुपर्ने तीन चारवटा मूलभूत कुराहरू छन् । एउटा चाहिँ, सामाजिक विश्लेषण गर्दा कुन पद्धति अपनाउनु पर्छ भन्ने कुरा हो । दोस्रो चाहिँ, पूँजीवाद र पूँजीवादको विश्लेषण कसरी गर्न सकिन्छ भन्ने कुरा हो । तेस्रो चाहिँ, वर्गीय अन्तरविरोध के हो र पूँजीवादले ल्याउने शोषणबाट मुक्ति पाउनका लागि के गर्नुपर्छ भन्ने कुरा हो ।

यसलाई छोटोमा म अलिकति व्याख्या गर्न चाहन्छु । अघि विश्लेषणको पद्धतिबारे सिक्नुपर्ने कुरा भनेर विधिको बारेमा मैले कुरा गरेको हुँ । त्यसमा दुई तीनवटा कुराहरू म उल्लेख गर्न चाहन्छु ।

पहिलो, हामी जुन द्वन्दवाद र द्वन्दात्मक भौतिकवादको कुरा गर्छौं, विधिको सवालमा मार्क्सवादको सबभन्दा ठूलो देन त्यो हो । त्यसमा दुई तीनवटा कुराहरू बुझिन्छ । समाज विभिन्न तत्वहरूले बनेको हुन्छ । ती तत्वहरूलाई केलाउँदै ती तत्वहरू मिलेर बन्ने पूर्णतालाई पनि केलाउने प्रयास गर्नुपर्छ भन्ने मार्क्सको विचार हो । अर्थात् एउटा मात्र तत्वलाई केलाएर पुग्दैन, त्यसलाई पूर्णतामा केलाउनु पर्छ । त्यो तत्वको अरू तत्वसँग सम्बन्ध के छ ? त्यो तत्वको ऐतिहासिकता के हो ? भन्ने कुरासमेत केलाउनु पर्छ । एउटा मात्र तत्वलाई केलाउँदा त्यो नै सबै कुरा हो कि भन्ने बुझिन्छ । हरेक तत्व अरू तत्वसँग गाँसिएको हुन्छ । कुनै पनि तत्वबाट समाजको कुनै पनि पक्षलाई त्यो बेला उजागर गर्न सकिन्छ, जब त्यो पक्षको अरू पक्षसँगको सम्बन्धलाई ऐतिहासिक परिप्रेक्ष्यमा केलाइन्छ । यो कुरा एउटा प्रक्रियामा केलाइने कुरा हो ।

कुनै पनि चीज बनिबनाउ हुँदैन, बन्ने वा भत्किने एउटा प्रक्रियामा रहेको हुन्छ । कुनै पनि चीज जस्तो छ, त्यही स्थूल रूपमा मात्र त्यसलाई केलायो भने अपूर्ण हुन्छ, ऐतिहासिक प्रक्रियाको रूपमा केलाउनु पर्छ । दोस्रो कुरा, त्यसको अरू पक्षहरूसँगको अन्तरसम्बन्ध के छ भनेर केलाउनु पर्छ । तर यहांका मार्क्सवादी लेखक तथा विचारकहरूले पूर्णतालाई केलाउनु पर्छ भन्ने कुरालाई बढी जोड दिएका छन् । नपुग भएको कुरा चाहिँ मलाई के लाग्छ भने, त्यो पूर्णता कुन कुन पक्ष मिलेर बनेको छ भनेर ती पक्षहरू केलाउने कुरामा जोड पुगेको छैन । अर्थात् मूल संरचनाका उपसंरचनाहरू केलाउने कुरामा जोड पुगेको छैन । मार्क्सले पूर्णता मात्रै केलाउनुपर्छ भन्नुभएको छैन । कुनै पनि संरचना उपसंरचनाहरूले बनेको हुन्छ, त्यसकारण पूर्णतालाई त्यसका उपसंरचनाहरू के के हुन् भन्ने देखिनेगरी चिर्नुपर्छ । यसरी उपसंरचना केलाउने र साथै ती उपसंरचनाहरू जोड्दा के हुन्छ भनेर पनि केलाउनु पर्छ ।

हामी धेरैजसो अन्ध रूपमा मार्क्सवादी कुरा गर्नेबित्तिकै संरचनातिर ध्यान दिन्छौं, उत्पादन सम्बन्धतिर ध्यान दिन्छौं । तर हाम्रो जीवनको हरेक पक्षमा ती कुराहरु कसरी झल्किएका छन् भनेर हेर्ने प्रयत्न चाहिँ एकदम कम देखिन्छ ।

यसरी, हामीले अंगहरू पनि हेर्नुपर्छ र त्यसको समग्र रूप पनि हेर्नुपर्छ । तर हामीकहाँ पूर्णतालाई मात्र केलाउने भनेर एक किसिमको रहस्यीकरण (Mystification) भएको छ ।

जस्तै भनौं, हामीकहाँ मार्क्सवादीहरूले शिक्षा, स्वास्थ्य, स्थानीय विकास आदिको बारेमा वास्तवमा ज्यादै कम हेर्ने गरेका छन् । हामी धेरैजसो अन्ध रूपमा, मार्क्सवादी कुरा गर्नेबित्तिकै संरचनातिर ध्यान दिन्छौं, उत्पादन सम्बन्धतिर ध्यान दिन्छौं । तर हाम्रो जीवनको हरेक पक्षमा ती कुराहरू कसरी झल्किएका छन् भनेर हेर्ने प्रयत्न चाहिँ एकदम कम देखिन्छ ।

संरचना र उपसंरचना वा पूर्णता र त्यसका विभिन्न पक्षहरूको गठजोड र ऐतिहासिकता कस्तो छ भन्नेबारे मार्क्सको ठोस देन छ । विधिबारे मार्क्सले सिकाउनु भएको एउटा कुरा यो हो ।

विधिबारे मार्क्सले सिकाउनु भएको अर्को कुरा ऐतिहासिक विशिष्टताबारे हो । हामी साधारणतया कुनै पीर नै नमानी केही कुरामा मान्छेको स्वभाव यही हो भनीदिन्छौं । अदिकालदेखि अहिलेसम्म मान्छेको स्वभाव यस्तै रह्यो, त्यसमा ऐतिहासिक कालखण्डले कुनै असर नै पारेन भनेजस्तो गरी हामी भनिदिन्छौं– 'मान्छे जन्मजात नै लोभी हुन्छ ।' अथवा सकारात्मक ढंगले पनि भनिएला– 'मानिस स्वभावैले दयावान हुन्छ ।'

यस्ता ऐतिहासिक विशिष्टतारहित मानव-गुणको विश्लेषण अथवा सामाजिक विशेषताको विश्लेषण ठीक होइन । मार्क्सवादी पद्धतिअनुसार समाजको विकास क्रमलाई खासखास कालखण्डमा बाँडिएको छ । प्रागसामन्तवाद, सामन्तवाद, पूँजीवाद र समाजवाद भन्ने हामीलाई थाहा छ । समाजको ऐतिहासिक कालक्रमलाई यसरी नै बाँड्नु उपयुक्त

हुन्छ ।

यस अन्तरगत रहेर मार्क्सको देन भनेको के हो भने, हरेक चरणले उत्पादन सम्बन्धमा जुन भिन्नता ल्याउँछ र विशिष्ट खालको उत्पादन सम्बन्ध कायम गर्छ, त्यसले भिन्नै समाजको भिन्नै मानव निर्माण गर्छ ।

हामीभन्दा ५/७ पुस्ताअघिका मानवभन्दा हामी जैविक किसिमले उही मानव हौं, तर सामाजिक, राजनीतिक, आर्थिक रूपले हामी छुट्टै मानव हौं । यसो भन्ने कुरा मार्क्सवादी पद्धति वा मार्क्सको देन हो । ऐतिहासिक वैशिष्ठ्यमा समाज र सामाजिक प्रक्रिया तथा व्यक्तिलाई समेत केलाउने कुरा मार्क्सको खास देन हो ।

त्यसैगरी, उत्पादन प्रणालीको कुरा छ । समाजलाई केलाउँदा त्यहाँको उत्पादन प्रणालीलाई केलाउनु कत्तिको महत्वपूर्ण छ भन्ने कुरा पनि मार्क्सले बताउनुभएको छ ।

उत्पादन प्रणालीले समाजको चरित्रलगायत हरेक व्यक्तिको चरित्र निर्माण गर्छ । उत्पादन प्रणालीसँग सारा समाज र व्यक्ति जोडिएको कुरा मार्क्सवादको केन्द्रिय अवधारणा हो । यो विधिबारेको अर्को कुरा हो ।

मार्क्सले आफ्नो समयको पूँजीवादबारे अध्ययन गर्नुभएको हो । त्यो बेला पूँजीवादभित्र पनि पूँजीवादका खास खास विशेषताहरू थिए । ती विशेषताहरू अहिलेको भन्दा भिन्दै किसिमका थिए । वर्ग भनेको पूँजीवादको साथसाथै उदय भएको कुरा हो । कुनै अवधारणाको खास ऐतिहासिक चरणमा मात्रै खास किसिमको सामाजिक विभाजन हुन्छ, वर्गीय विभाजन भनेको पूँजीवादको साथसाथ आउने कुरा मात्र हो । त्योभन्दा अगाडिको समयमा फलानो वर्ग, ढिस्कानो वर्ग भनेर भन्न मिल्दैन भन्ने कुरा मार्क्सवादको अर्को देन हो ।

त्यसपछि, पूँजीवादको कसरी सृष्टि भयो, त्यसका खास कारणहरू के के हुन् भन्ने कुरामा मार्क्सले उपयोगिता मूल्य र विनिमय मूल्यद्वारा गर्नुभएको भेद मार्क्सवादलाई चिनाउने अर्को आधारभूत लक्षण (Fundamental Feature) हो । समाजलाई चिरेर हेर्ने यो एउटा बडो ठूलो हतियार हो । उपयोगिता मूल्यमा आधारित समाज कस्तो हुन्छ र विनिमय मूल्यमा आधारित समाज कस्तो हुन्छ भन्ने कुरा मार्क्सवादले प्रष्ट पारेको छ । यी छुट्टाछुट्टै समाजहरू हुन् । यिनले छुट्टै मानवको निर्माण गर्छन् भन्ने कुरा चटक्क काटेर देखाउन सक्ने ठूलो हतियार हो- मार्क्सवाद ।

मलाई लाग्छ, पूँजीवादको तर्क, पूँजीवादको उठान कसरी हुन्छ, त्यसमा कस्ता कस्ता खालका अन्तरविरोधहरू हुन्छन्, ती अन्तरविरोधहरू हल हुने तरिका के हो भन्नेबारेमा अर्थात् पूँजीवादको substance को बारेमा पनि मार्क्सवादको योगदान रहेको छ ।

यसरी एउटा विधि, दोस्रो पूँजीवाद, र तेस्रो चाहिं समाजलाई कसरी रूपान्तरण गर्ने अथवा पूँजीवादबाट कसरी उम्कने भन्ने मूख्यतया यी तीनवटा विषयहरूमा मार्क्सवादको महत्वपूर्ण योगदान छ ।

**● मार्क्सले हेगेलेको विचारलाई उल्ट्याएर आफ्नो विचार प्रतिपादन गर्नुभएको हो पनि भनिन्छ । यसमा तपाईंको विचार के छ ?**

- आदर्शवाद र भौतिकवाद संसारलाई हेर्ने दुई दृष्टिकोणहरू हुन् भन्ने कुरा धैरै पहिलेदेखि नै स्थापित भएको हो । पूर्वीय तथा पाश्चात्य दुवै खाले समाजमा यस्ता दृष्टिकोणहरू रहे । हेगेलले यो दृष्टिकोणलाई विस्तार गरेर आदर्शवादलाई स्थापित गर्नुभएको हो । आदर्शवाद समाजको जरा होइन, तर भौतिकवाद चाहिं हो भन्ने कुरो चाहिं मार्क्सले नै स्थापित गरेको कुरा हो ।

**● मार्क्सका विचारहरू कहिलेदेखि मार्क्सवादको रूपमा स्थापित भएको हो ?**

- विभिन्न चरणमा विभिन्न कुराहरू भए । सबभन्दा पहिला त मजदूरहरूको संगठन स्थापित गर्न नै कम्युनिष्ट घोषणा-पत्रले ठूलो भूमिका खेल्यो । अहिलेसम्म पनि विभिन्न ट्रेड युनियनहरूको प्रणेताको रूपमा मार्क्सलाई नै लिने गरिन्छ । मजदूरहरूका संगठनहरू मार्क्सका विचारहरूबाट प्रेरित भएर बने र तिनै संगठनहरूले मार्क्सका विचारहरू फैलाउन/फुलाउन महत्वपूर्ण भूमिका खेले ।

अर्को चाहिं बौद्धिक जमातको सिर्जना हो । विभिन्न मुलुकमा भइरहेका अन्तरविरोधहरूलाई उजागर गर्न र ती अन्तरविरोधहरूको समाधान गर्न मार्क्सवाद काम लाग्छ भन्ने ठूलो बौद्धिक जमातको उदय भयो । अर्को पक्ष यो हो ।

तेस्रो पक्ष भनेको मार्क्सवादबाट अन्तरप्रेरणा पाएका र त्यसलाई पक्षपोषण गर्नेगरी स्थापित भएका समाजवादी राज्य-व्यवस्थाहरू हुन् ।

यसरी मूलतः तीनवटा कुरालाई हेर्नुपर्छ भन्ने मलाई लाग्छ । ती तीनवटै कुराहरू स्थापित हुनमा क्रमशः मार्क्सवादको देन रह्यो भन्ने म ठान्दछु ।

**● साम्यवाद र मार्क्सवाद एउटै हो कि होइन ?**

- साम्यवादको प्रणेता चाहिं मार्क्स नै हो, तर साम्यवादको बारेमा खुलासा गरेर मार्क्सले लेख्नुभएको छ भन्ने कुरा चाहिं मैले त्यति पढेको छैन । त्यसकारण मार्क्स आफैंले लेख्नुभएको कुराबाट साम्यवादको एक किसिमको रेखा-चित्रसम्म चाहिं भन्न सकिएला तर मांसपेशी र हाड भएको साम्यवादको विश्लेषण मार्क्सको लेखमा भेटिन्छ भनेर म भन्न सक्दिनँ । तर मार्क्सवादीहरूले साम्यवादको कुरालाई उजागर गर्दैरहे । केही कालसम्म सिङ्गो राज्यव्यवस्थाहरू मार्क्सवादी आधारमा जन्मिदै गए । अहिले पनि केही मुलुक र केही समाजहरू त्यतातिर उन्मुख छन् । त्यो हदसम्म मार्क्सवाद र साम्यवाद पक्कै पनि जोडिएका कुरा हुन् । तर फेरि पनि साम्यवादको बारेमा साङ्गोपाङ्ग धारणा, र यसका विभिन्न पक्षहरूको विवेचना चाहिं मार्क्सबाट भएको छैन ।

**● पूँजी लेख्नुअघिका मार्क्स र त्यसपछिका मार्क्सलाई अलग अलग किसिमले बुझ्ने पनि गरिएको छ । मार्क्सको व्यक्तित्वलाई यसरी विभाजन गर्न मिल्छ ?**

- मार्क्सले सन् १८३९ देखि लेख्न थाल्नुभएको हो । कम्युनिष्ट घोषणा-पत्र आएदेखि र 'पूँजी'को पहिलो भाग प्रकाशित नहुन्जेल अथवा १८४८ देखि १८५७ सम्म करीब ९ वर्षको समयमा मार्क्सको सोचमा केही हदमा परिष्कार आएको देखिन्छ । शुरूका मार्क्स अर्थात् १८३९ देखि १८४७ सम्मका मार्क्स र १८४८ देखिका मार्क्समा केही फरक देखिन्छ । १८३९ देखि १८४७ सम्मका मार्क्सको रचनाको केन्द्रविन्दु चाहिं व्यक्ति थियो भने, सामाजिक संरचनामा केन्द्रित भएर उनले लेखेको चाहिं केही हदमा १८४८ को 'कम्युनिष्ट घोषणा-पत्र र त्यसपछि १८५७ को 'पूँजी' देखिन्छ । समाजलाई केन्द्रबिन्दु बनाउने मार्क्स पछिल्ला मार्क्स हुन् । व्यक्तिलाई केन्द्रबिन्दु बनाउने मार्क्स अघिल्ला मार्क्स हुन् ।

त्यसकारण सन् १८३९ देखि १८४७ सम्मका मार्क्सले व्यक्तिलाई पर्ने समस्या, अलगाव आदि बारेमा लेख्नुभएको छ । आफैंद्वारा निर्मित सामान र समाजबाट एउटा व्यक्ति, कसरी अलगाव हुनसक्दछ, धर्मले मान्छेलाई के प्रभाव पार्दछ आदिबारे मार्क्सले लेख्नुभएको छ । वास्तवमा त्यो चरणमा मानवतावाद, अलिअलि आदर्शवाद पनि रहेको हो मार्क्समा । हुन त मार्क्सले आदर्शवादलाई खण्डन गरेको पनि १८४२-४४ तिरै हो, तर पनि त्यसको शेष चाहिं उहाँमा बाँकी नै थियो । कम्युनिष्ट घोषणा-पत्र लेख्दाखेरि पनि मार्क्समा एक किसिमको आदर्शवाद थियो । वस्तुवादी सोचका साथसाथै आदर्शवाद पनि त्यहाँ छ । मजदूरहरूको संगठनले परिवर्तन गरिहाल्छ भन्ने सोच त्यहाँ थियो, संगठनका सीमाहरू केलाइएको थिएन ।

त्यसरी हेर्दा कम्युनिष्ट घोषणा-



**साम्यवादको प्रणेता चाहिं मार्क्स नै हो, तर साम्यवादको बारेमा खुलासा गरेर मार्क्सले लेख्नुभएको छ भन्ने कुरा चाहिं मैले त्यति पढेको छैन ।**

पत्र आस्थावान् दस्तावेज हो । त्यो दस्तावेज विवेचनात्मक, विश्लेषणात्मक भन्दा पनि आस्था जगाउने, मान्छेलाई जगाउने वा आत्मिक पक्ष बढी भएको दस्तावेज थियो । सन् १८५७ देखि चाहिँ वस्तुनिष्ठ विश्लेषणको वास्तविक शुरूवात मार्क्सबाट भएको पाइन्छ । हाम्रो स्थिति के हो ? हामी कहाँ छौं ? अब कता जाने ? विद्यमान स्थिति र जानुपर्ने बाटोको विभिन्न पक्ष, विद्यमान स्थितिले हामीलाई कुन बाटो जान दिँदैन ? कुन बाटो बाँगिएर जानुपर्छ, सोभ्रो जान दिँदैन ? यस्ता खालका विश्लेषणहरू मार्क्सबाट वास्तवमा सन् १८५७ मा मात्र बढी प्रकट भएका छन् ।

त्यसकारण पहिलेका मार्क्स भनेका अलि बढी व्यक्तिकेन्द्रित, अलि बढी आदर्शवादी खालका हुनुहुन्थ्यो भन्ने मैले बुझेको छु । तर जहाँसम्म मार्क्सको भौतिकवादी चिन्तन छ, त्यो चाहिँ शुरूदेखिकै चिन्तन हो । मार्क्सले आदर्शवादको पक्षलाई क्रमशः छोड्दै जानुभएको हो । त्यसकारण मार्क्सवाद भन्नाले दुवै चरणको मार्क्सको समष्टिलाई बुझ्नुपर्दछ । तर जर्ज लुकासजस्ता केही विद्वानहरूले चाहिँ पहिलो चरणको मार्क्सलाई अनुशरण गरेका छन् ।

**● तपाईंलाई मार्क्सवादको व्यवहारिक परीक्षण भएजस्तो लाग्छ कि लाग्दैन ?**

– मार्क्सवादको व्यवहारिक परीक्षण भएको हो । केही कुरामा यो खरो उत्रन नसकेको पनि देखिन्छ । जुन मुलुकहरू बढी औद्योगिक हुन्छन्, त्यहाँ समाजवादको बढी संभावना हुन्छ भन्ने कुरा मार्क्सले लेखेको कुरा हो । त्यसकारण बेलायतमा बढी चाँडो समाजवादको स्थापना हुन्छ भनेर भ्रण्डैभ्रण्डै ठोकुवा गरिएको कुरा मार्क्सका रचनाहरूमा पाइन्छ । तर त्यस्तो भएन भन्ने कुरा एकातिर छ भने, अर्कोतिर कृषकहरूलाई संगठित गर्न सकिँदैन, त्यस्तो ठाउँमा साम्यवाद स्थापना हुनसक्दैन भन्ने मार्क्सको भनाईलाई माओत्सेतुङ्गले गलत प्रमाणित गरिदिनु भयो । एक किसिमले क्यूबामा पनि त्यो कुरा देखियो । उत्तर कोरियामा पनि त्यस्तो देखियो ।

यसरी, मार्क्सले पूर्वानुमान गर्नुभएका दुई चारवटा कुराहरू गलत भएको पनि देखिएका छन् । यसले पनि मार्क्सवादको परीक्षण भएको देखाउँछ । यी परीक्षणमा उत्तीर्ण नभएका कुराहरू हुन् ।

अर्कोतिर, मार्क्सवादबाट प्रेरित भएर गरिएका राज्य-व्यवस्थासम्बन्धी क्रान्तिहरू लगायत वैचारिक क्रान्तिहरू धेरै सफल भएका पनि छन् । अहिले पनि धेरै हदसम्म सफल छन् ।

**● सोभियत संघको विघटनपछि 'मार्क्सवाद नै असफल भएको हो' भन्नेहरूलाई के जवाफ दिन सकिन्छ ?**

– सोभियत संघ लगायत पूर्वी यूरोपका मुलुकहरूमा राज्यस्तरमा एक किसिमले समाजवादको विघटन भयो । त्यो मार्क्सवादको असफलता हो कि होइन भन्ने प्रश्न छ । केही हदमा त्यो असफलता पनि हो । तर सत्तरी वर्ष लामो अवधिसम्म मार्क्सवादी दृष्टिकोणले काम गरेको पनि देखियो । सन् १९८९ सम्मको सोभियत संघ मूलतः अनि आम जनता समाजवादी धारणालाई जीवन्त बनाउनुपर्ने व्यवहारबाट पछि हट्ने स्थिति खडा भयो ।

जनतालाई दोष दिने कुरा छैन, समाजवादको विघटनमा पार्टीको साह्रै ठूलो भूमिका छ र त्यो पार्टीलाई सघाउने मूलतः नोकरशाही र सेनाको पनि भूमिका छ । तसर्थ सोभियत संघको विघटन भनेको राजनीतिक रूपमा राज्यस्तरमा मार्क्सवादको असफलता हो, तर वैचारिक रूपमा मार्क्सवादको असफलता होइन । राज्यभन्दा मुन्तिरको संगठनलाई संचालन गर्ने, धान्ने कुराको असफलता पनि होइन ।

सोभियत संघको विघटन र पूर्वी युरोपमा समाजवाद राज्यस्तरमा विघटित भएपछि त्यहाँको सामाजिक स्तरमा आएको ह्रासले पनि ती ठाउँहरूमा मार्क्सवाद सबै किसिमले असफल भएको होइन

> सोभियत संघको पतन र मार्क्सवादको व्यवहारिक प्रयोगमा विकारहरु आउनुमा दुई चारवटा कुराहरु रहेका छन् । त्यहाँ ब्यूरोक्रेशी निकै शक्तिशाली भयो सेना निकै शक्तिशाली भयो तर जनता शक्तिशाली भएन ।

समाजवादी नै थियो । सोभियत संघको पतन र मार्क्सवादको व्यवहारिक प्रयोगमा विकारहरू आउनुमा दुई चारवटा कुराहरू रहेका छन् । त्यहाँ ब्यूरोक्रेशी निकै शक्तिशाली भयो, सेना निकै शक्तिशाली भयो, तर जनता शक्तिशाली भएन । सरकार र पार्टी नेताहरू शक्तिशाली भए, तर जनताको भूमिकाबारे मार्क्सवादले जे सोचको थियो, त्यो चाहिँ न्यूनीकरण हुँदै गयो । पार्टीले एकछत्र शासन गऱ्यो । पार्टीको शासन टिकाउनका लागि ब्यूरोक्रेशी र आर्मीले ठूलो भूमिका खेले । तर जनताले थोरै भूमिका खेले ।

टिक्नुपर्थ्यो जनताको आडमा, तर निर्णयहरूमा जनताको सहभागिता भएन । छलफल र निर्णयको प्रक्रियामा जनताको सहभागितालाई न्यूनीकरण गर्दैजाने क्रममा समाजवाद जीवन्त भएन । समाजवाद भनेको 'व्यवस्थाले दान दिने, त्यसमा जनताले सहभागी हुनु नपर्ने स्थिति' निर्माण हुँदै गयो । भन्ने प्रमाणित गर्दछ । राज्य मात्रै समाजवाद विमुख भएर, मार्क्सवाद विमुख भएर समाजवाद विरूद्धको सरकार बन्दैमा त्यसलाई मार्क्सवाद नै विघटित भएको भन्ने हो कि मार्क्सवाद स्थापित भएको ठाउँमा मार्क्सवादबाट पर हट्दाखेरि जनताको जीवनस्तर कति खस्कियो भन्ने कुरासमेत आँकलन गरेर मार्क्सवादको सफलता वा असफलताको निक्यौंल गर्ने हो ? – यो प्रश्न अत्यन्त महत्वपूर्ण छ । अहिले नै हेर्यौं भने हामी पहिलेको सोभियत संघमा शिक्षा, स्वास्थ्य लगायत सारा कुरामा बेपत्ता ह्रास आएको देख्दछौं । त्यहाँ गत ९ बर्षमा मानिसको आयु ९ वर्ष घटिसकेको छ । शिक्षाको स्तर गिर्दो छ ।

गैर मार्क्सवादीहरूको असफलता चाहिं हो कि होइन यो ?

**● आजको विश्वमा मार्क्सवादको सान्दर्भिकताबारे के भन्नुहुन्छ ?**

– मार्क्सको पालामा विश्व यो रूपले अगाडि बढ्ला भन्ने त्यति देखिएको थिएन । विश्वको अवस्था पछिगएर कस्तो हुनेछ भनेर अलि पूर्णाङ्गी विश्लेषण लेनिनले नै गर्नुभएको हो । अर्थात् अहिले भूमण्डलीकरणको जुन स्थिति छ, विभिन्न विकसित पूँजीवादी मुलुकहरूको के स्थिति हुन्छ, अन्य मुलुकहरूको स्थिति के हुन्छ भन्ने विश्लेषण चाहिं लेनिनको रचनामा पाइन्छ ।

विश्वको एकीकरणको साथसाथै पूँजीवाद संगठित हुँदै गएझैं विश्वका गरीब र कामदारहरू पनि संगठित हुँदै जाने संभावना बढेको देख्दैछु । त्यस अर्थमा 'विश्वका मजदूरहरू एक हौं' भन्ने मार्क्सवादको सान्दर्भिकता अहिले भन् बढेको हो कि भन्ने मलाई लागेको छ । जसरी पूँजीवादीहरूले विश्वव्यापीकरणमा भूमिका खेले, त्यही रूपमा विश्वका आम शोषित जनता र कामदारहरूको पनि एकीकरणको जग बसाल्ने काम अघि बढ्न थालेको हो कि भन्ने मलाई लाग्छ । विश्व तहमा अहिले मार्क्सवादको एउटा मुख्य सान्दर्भिकता यो हो । अर्को कुरा, क्षेत्रीय तहमा, मुलुकहरूको तहमा, स्थानीय तहमा मार्क्सवादले दिएको वर्गीयताका कुराहरू अहिले पनि सान्दर्भिक छन् ।

**● मार्क्सवादका वैज्ञानिकताहरू के के हुन् ?**

– मार्क्सवादको वैज्ञानिकता भनेको मूलतः वस्तुको तहभित्र गएर त्यसको अध्ययन गर्नु हो । जुन देखिन्छ, त्यही सत्य होइन भनेर मार्क्सले पूँजीको पहिलो भागमा भन्नुभएको छ । अर्को कुरा, आदर्शवादलाई त्याग्ने र त्यसबाट पछि हट्ने कुरा मार्क्सवादको अर्को वैज्ञानिकता हो । वैज्ञानिकता भनेको भौतिक स्थितिको अवलोकन हो । आदर्शवादले वैज्ञानिकतामा लग्दैन । कुनै शास्त्र, कुनै पादरी, कुनै शाषकले भन्यो भनेर होइन, ठोस स्थितिको ठोस विश्लेषण गरेर मात्र सत्यको निरूपण गर्नुपर्छ भन्ने मार्क्सवादको भनाई हो । मार्क्सवादको अर्को वैज्ञानिकता यही हो । मार्क्स स्वयंले भन्नुभएको छ- 'मैले भनें भनेर कुनै कुरा मान्ने होइन ।'

तसर्थ मैले शुरूमा भनेझैं मार्क्सवादलाई विधिको रूपमा बुझ्ने कुरा प्रमुख हो भन्ने मलाई लाग्छ ।


❑

प्रस्तुतिः **गोविन्द वर्तमान**

# मार्क्सको व्यवहारिक जीवनबाट मानव समाजले के पाठ सिक्नसक्छ ?

**नेकपा मसालका महामन्त्री क. मोहनविक्रम सिंहसँग लिइएको ताजा अन्तर्वार्ता**

मोहनविक्रम सिंह, *महामन्त्री, नेकपा मसाल*



**मार्क्सले भविष्यवाणी गरेका कुराहरु कति सही भए कति गलत भए भन्ने कुरा धेरै महत्वको कुरा हैन**

❑ कार्ल मार्क्सलाई तपाई कसरी चिन्नुहुन्छ ?

–मार्क्सलाई चिन्ने मूल आधार भनेको उनले प्रतिपादन गरेको द्वन्दात्मक–ऐतिहासिक भौतिकवादी दृष्टिकोण नै हो । दर्शन र वौद्धिक चिन्तनको परंपरामा उनले दिएको यो दृष्टिकोण निकै महत्वपूर्ण कुरा हो । संसारलाई कसरी हेर्ने ?, क्रान्तिलाई कसरी हेर्ने ? जीवन र समग्र दर्शनलाई कसरी हेर्ने ? – यी सबै विषयहरुमा सही धारणा बनाउन यो दृष्टिकोणले हामीलाई मद्दत गर्छ । मार्क्सले र मार्क्स–एंगेल्स समेतले द्वन्दात्मक र ऐतिहासिक भौतिकवादको विषयमा छुट्टै कुनै किताव लेखेका छैनन्, तैपनि उनका कृतिहरु सवैमा उनको त्यो दर्शन प्रतिविम्बित भएको छ । जस्तो कि, लेनिनले भनेका छन्, मार्क्सको 'पूँजी' कृतिमा ऐतिहासिक भौतिकवादको सफल प्रयोग भएको छ ।

कुनै पनि चीजलाई सामान्य सूत्रको रुपमा मात्र बुझ्ने र हेर्ने हैन, त्यस चिजमा निहित अन्तरविरोधहरु, द्वन्दहरु, त्यसको ऐतिहासिक सिलसिला र समग्रताका आधारमा हेर्नुपर्छ भन्ने यो द्वन्दात्मक–ऐतिहासिक भौतिकवादी विश्व–दृष्टिकोण मानव समाजलाई निरन्तर अगाडि बढाउनका निम्ति अत्यन्तै उपयोगी हतियार सावित भएको छ, भैरहनेछ ।

❑ स्वयं मार्क्सका कतिपय भविष्यवाणीहरू भने पछि व्यवहारमा साकार भएनन् नि त ?

–उनले भविष्यवाणी गरेका कुराहरु कति सही भए, कति गलत भए भन्ने कुरा धेरै महत्वको कुरा हैन । हो, शुरुमा जर्मनीमा समाजवादी क्रान्ति हुने भनेजस्ता उनका केही भविष्यवाणीहरु पछि गलत सावित भएका छन् । यसैगरी, स्वयं मार्क्सले आफ्ना कतिपय शुरुका मान्यताहरुलाई पछि गएर परिवर्तन र हेरफेरहरु पनि गरेका छन् । कम्युनिष्ट घोषणा–पत्रको शुरु संस्करणमा ससस्त्र संघर्षको विश्वव्यापी स्वरुपबारे उनले जुन विचार व्यक्त गरेका थिए, त्यसलाई पछि गएर आफैंले परिवर्तन गर्नुपर्‍यो । सर्वहारावर्गको अधिनायकत्वको प्रश्नमा पनि शुरुमा स्वयं मार्क्स प्रष्ट थिएनन्, पछि पेरिस कम्युनजस्ता घटनाहरुबाट पाठ सिकेर उनी यसबारे प्रष्ट भए । कम्युनिष्ट घोषणा–पत्रको भूमिका वा यसका उनका नोटहरु हेर्दा पनि हामी पाउँछौं– मार्क्सले आफ्नो जीवनकालमै पनि आफ्ना कतिपय विचारहरुलाई परिवर्तन र विकास गरेका छन् । यसैगरी, आदिम साम्यवादी समाजबाहेक हालसम्मको मानव इतिहास वर्ग–संघर्षको इतिहास हो भन्ने कुरा पनि कम्युनिष्ट घोषणा–पत्रको पछिल्लो संस्करणमा मात्र समावेश गरिएको छ ।

त्यसैले मार्क्सका कुन भविष्यवाणी सही सावित भए, कुन भएनन् भन्ने कुरा गौण महत्वको कुरा हो । यो जरुरी छैन कि– मार्क्सका सबै भविष्यवाणीहरु सही हुन् । स्वयं मार्क्सले हाम्रासामु प्रस्तुत गर्नुभएको विश्व–दृष्टिकोण वा पद्धतिले नै यो कुरा स्वीकार्छ । कुनै पनि कुरालाई रुढीको रुपमा वा जडसूत्रको रुपमा लिनु हुन्न भन्ने द्वन्दात्मक र ऐतिहासिक भौतिकवादी मान्यताका आधारमा मार्क्सले आफ्ना कतिपय विचारहरुलाई बस्तुगत तथ्य र अनुभवका आधारमा विनाहिच्किचाहट परिवर्तन गरेका छन् । उनी अहिले पनि जीवितै भएका भए उनी आफ्ना विचारहरुलाई यसरी नै खार्दै र विकसित गर्दै गइरहेका हुन्थे ।

त्यसकारण, मार्क्सलाई हामीले चिन्ने र संभने भनेको उनका खासखास विचारमा हैन, उनले दिएको वैज्ञानिक चिन्तन–पद्धतिमा हो । द्वन्दात्मक र ऐतिहासिक भौतिकवाद त्यस्तो चिन्तन पद्धति हो, जसलाई प्रयोग गरेर लेनिन, स्टालिन, माओ आदिले त्यसपछिको समाज विकासको बाटो पहिल्याउनु भयो, हामीले पनि र हामीपछिका पुस्ताहरुले पनि यो वैज्ञानिक पद्धतिको आधारमा आ–आफ्नो समाजका निम्ति परिवर्तनको सही बाटो पत्ता लगाउन र निर्माण गर्न सक्नेछौं । वैज्ञानिक चिन्तन–पद्धति मानव समाजलाई दिनु नै मार्क्सको महानतम् देन हो ।

❑ मार्क्सको व्यहारिक जीवनबाट चाहिं मानव समाजले के पाठ सिक्नसक्छ ?

– यो पक्ष अत्यन्त महत्वपूर्ण पक्ष हो ।

मार्क्सको जीवनको अत्यन्त अनुकरणीय पक्ष भनेको उनको विचार र व्यवहारबीचको तादात्म्यता हो । उनले आफूले जुन विचार व्यक्त गरे, आफ्नो व्यवहारिक जीवनलाई पनि त्यही बमोजिम ढाल्ने काम गरे ।

पूँजीवाद र समाजवादबीचको संघर्ष बाहिर समाजमा मात्र हुँदैन, त्यो त मान्छेभित्रै पनि हुन्छ । हाम्रो विचारमा, हाम्रो चिन्तनमा, आकांक्षाहरुमा र जीवनका शैलीहरुमा बसेको पूँजीवादका विरुद्ध हामीले संघर्ष नगर्ने हो भने हामी अन्ततः हार्न पुग्छौं । यो कुरा मार्क्सपछिका कतिपय घटनाहरुले संसारमा देखाएको पनि छ । "सर्वहारा वर्गका सामु हार्नको लागि हत्कडी मात्रै हुन्छ र जित्नको लागि संसारै हुन्छ" भन्ने भनाइले हामीलाई सर्वहारा वर्गको क्रान्तिको निम्ति आफूलाई संपूर्ण रुपमा लगाउनको लागि निर्देश गर्दछ । मार्क्सले आफ्नो नीजि जीवनमा क्रान्तिप्रतिको यो समर्पणलाई इमान्दारीपूर्वक निर्वाह गरेका छन् । उनले आफ्नो व्यक्तिगत सुख, सुविधा भनेनन्, घर भनेनन्, परिवार भनेनन्, उनी जति बाँचे आफ्नो सिद्धान्त र आदर्शको निमित्त समर्पित भएर बाँचे । क्रान्तिबाहेक अरु कुनै स्वार्थ वा आदर्श उनको जीवनमा रहेन ।

❑ सोभियत संघ ढलेपछि वा पूर्वी युरोपमा 'समाजवाद'को पतन भएपछि स्वयं मार्क्सवाद नै अव काम नलाग्ने भयो भन्ने आरोप पूँजीवादी खेमाले लगाइरहेको छ । यस आरोपप्रति तपाईको प्रतिकृया के छ ?

–त्यस प्रकारका सोचहरु दुई पक्षहरुबाट आइरहेका छन् । एक पक्षमा– मार्क्सवादका वा समाजवादका दुस्मनहरु पर्छन् भने अर्को पक्षमा तिनीहरु पर्छन्, जो समाजवादी आन्दोलनमा मार्क्सवादका क्रान्तिकारी सिद्धान्तहरुलाई छाडेर, कम्युनिष्ट पार्टीको नाममा, 'कम्युनिष्ट'को खोल ओडेर आफ्ना अवसरवादी उद्देश्यहरु पूरा गर्न चाहन्छन् ।

के कुरा सत्य हो भने, इतिहासमा केही देशहरुमा समाजवादी राज्य कायम भएर पनि ती असफल भए । जस्तो कि– सोभियत संघमा, पूर्वी यूरोपीय देशहरुमा । हामी यति मात्रै भन्दैनौं । चीन, भियतनाम, कोरिया, क्यूवा आदिमै पनि यो असफल भयो भनी हामी भन्दछौं ।

यो असफल हुनुको मूल कारण हो– समाजवादी क्रान्तिलाई अघि बढाउने

शक्तिशाली कम्युनिष्टहरु त्यहाँ भएनन् । पार्टी थियो, तर त्यस 'कम्युनिष्ट पार्टी' भित्र स्वयं पूँजीवादको विकास भएको थियो, पार्टीलाई पूँजीवादी तत्वहरुले कब्जा गरिरहेका थिए । दुस्मनले कम्युनिष्ट पार्टीलाई बाहिरबाट मात्र हैन, भित्रबाटै पनि प्रहार गरे । यसरी भित्रबाट पार्टीलाई त्यसरी भड्काउमा लाने व्यक्तिहरु सबैलाई हामी 'तिनीहरु सब बदमासै थिए' भन्दैनौं । तर उनीहरुको कमजोरी के रह्यो भने, उनीहरुले आफूभित्रको पूँजीवादी प्रभावलाई चिन्न सकेनन् र त्यसका विरुद्ध मार्क्सवादी-लेनिनवादी सिद्धान्तका आधारमा संघर्ष गर्न सकेनन् । यसकारण ती देशहरुमा समाजवादको पराजय भयो ।

तर यसको अर्थ, समाजवाद सधैंको लागि पराजित भयो भन्ने हैन । मार्क्सवादले प्रस्तुत गरेको मूल पद्यतिगत मान्यता समाजमा जीवितै छ । त्यो जीवितै रहने छ । उत्पादन प्रणाली र उत्पादक शक्तिहरुको विकासले समाजको चिन्तन, समाजको व्यवस्था र संरचनालाई प्रभावित पार्छ भन्ने मार्क्सवादको मान्यता अनुरुप नै समाज परिवर्तनको दिशामा अघि बढिरहेको हामी आज पनि पाउँछौं, भोलि पनि त्यो पाइने छ । यसमा क्षणिक हारहरु हुनसक्छन् । कयौं क्रान्तिहरु र कयौं प्रतिक्रान्तिहरु हुनसक्छन् । हार-जितहरु भैरहन्छन् । द्वन्दात्मक र घुमाउरो बाटोबाट समाज अघिबढ्छ । दास युग र सामन्तवादी युगको अन्त हुन हजारौं वर्षको संघर्षको जरुरत पर्‍यो । पूँजीवादले नै पनि सयौं वर्षको संघर्षपछि मात्रै आफूलाई स्थापित गराएको हो, अझै कतिपय ठाउँमा पूँजीवादले प्रवेश पाइसकेको छैन । यसैगरी समाजवादले पनि लामो संघर्ष गर्नुपर्ने हुन्छ । यो स्वाभाविक प्रकृया नै हो । यसलाई लिएर "मार्क्सवाद काम नलाग्ने भयो" भन्नु बस्तुसम्मत कुरा हैन । यसो भन्नुले मार्क्सवादका दुस्मनहरुको इच्छा वा कामनाहरुलाई त प्रकट गर्ला तर समाज विकासको वस्तुगत नियमलाई भने यसले प्रकट गर्न सक्दैन ।

❑ मार्क्सले एंगेल्ससमेत भएर आफ्नो समयका नयाँ-पुराना ज्ञान-विज्ञान, सूचना-ज्ञान एवं दर्शनलाई केलाएर, पचाएर निचोडका रूपमा मार्क्सवादको विकास गर्नुभयो । यो क्रमलाई लेनिन, स्टालिन, माओ आदिले अगाडि बढाउनु भयो । त्यसपछि भने, मार्क्सवादलाई विकास गर्ने काममा मन्दी आएको छ । यसबीचमा, संसारमा समग्र विज्ञान, प्रविधि र समाजशास्त्र, मनोविज्ञान र आधुनिक संचार लगायतका क्षेत्रमा अभूतपूर्व विकासहरू भएका छन् र प्रतिकृयावादी आक्रमण सांस्कृतिक तहमा ज्यादा हुन थालेको छ । यो नयाँ र जटील परिस्थितिमा यी सब कुराको अध्ययन-विश्लेषण गरी यिनका वैज्ञानिक पक्षहरूलाई संश्लेषित गरी मार्क्सवादको विकास गर्ने काम हुनसकेको छैन ।

यो धारणाप्रति तपाईं सहमत हुनुहुन्छ कि हुनुहुन्न ?

-समाजको विकास-क्रमलाई नियाल्ने हो भने हामी के देख्छौं भने, यहाँ जुनसुकै कुराको पनि अटूट रुपले विकास भएको पाइन्न । बीचमा ग्यापहरु, उतार-चढावहरु आएका पाइएका छन् । मार्क्सवादको विकास वा क्रान्तिकारी सिद्धान्तको विकासका सन्दर्भमा पनि यो कुरा लागु हुन्छ । मार्क्स-एंगेल्सले वैज्ञानिक पद्धति र सिद्धान्तको विकास गरेपछि द्वितीय अन्तर्राष्ट्रियको कालमै पनि कतिपय सुस्ती र भड्कावहरु समेत आए । लेनिनले त्यसलाई ठीक दिशा र गति दिए । स्टालिन र माओपछि पनि ग्यापहरु आएका छन् ।

यी ग्यापहरु, उतार-चढावहरु वा मन्दीहरु, खासगरी माओपछि विश्व स्तरमै आएको कुरा साँचो हो । धेरै कुराहरु विकसित भएर अघि बढ्न सकेका छैनन् । यी कमजोरीहरुलाई कम्युनिष्ट आन्दोलनको बस्तुगत आवश्यकताले हटाउँदै लैजाने छ । समाजवाद विघठित भएका स्थानहरुमा पुनः अर्कै प्रकारको समाजवादी चेतना संगठित हुनथालेझैं विचारको क्षेत्रको यो मन्दी पनि अवश्यै हट्दै जानेछ ।

❑ हाम्रो देशमा अहिले आफूलाई 'कम्युनिष्ट' वा वामपन्थी भन्न रूचाउने मानिसहरू पहिलेभन्दा अत्यन्तै ज्यादा संख्यामा देखा परेका छन्, आम जनता पनि ठूलो मात्रामा आफूलाई 'कम्युनिष्ट समर्थक हुँ' भनी स्वीकार्छन् र केहीले यसमा गर्व समेत गर्छन् । तर मार्क्सवादका आधारभूत कुराहरू वा वैज्ञानिक विश्वदृष्टिकोणका आधारभूत कुराहरू ठूलो संख्याका ती "वामपन्थी मानिसहरू" समक्ष लैजाने र उनीलाई प्रशिक्षित गर्ने काम यहाँ हुनसकेको देखिन्न । आफू लागेको "द्वन्दात्मक-ऐतिहासिक भौतिकवादी आन्दोलनमा" तर आफूले अप्नाइरहेको विचार-पद्धति भने मूलतः "आदर्शवादी नै रहेको" उनीहरूको स्थिति यहाँ विद्यमान छ । यो समस्या तपाईंले अनुभव गर्नुभएको छ कि छैन ? यसको समाधान के ?

*आजभन्दा बीस-तीस-चालीस वर्षअघि कम्युनिष्ट आन्दोलनमा लागेकाहरुले मार्क्सवाद-लेनिनवादका आधारभूत विचार, दर्शन, सिद्धान्त पढ्ने काम प्रशस्त गर्थे, आज त्यो एकदमै कम हुने गरेको छ ।*

-हो, यो ठूलो समस्या यहाँ विद्यमान छ । यसलाई हामीले गम्भीर रुपमा लिनुपर्छ भन्ने मलाई लाग्छ ।

यहाँ जनतामा 'आदर्शवाद' हावी हुनुमा यहाँको सामाजिक पृष्ठभूमि निकै जिम्मेवार छ । समाजमा पूँजीवादी दर्शन र सोचाइकै पनि विकास भएको छैन । सामन्तवादले स्थापित गरेको आदर्शवादी दर्शनको यहाँ ठूलो प्रभाव रहेको छ । यसबाहेक, विश्वमा कम्युनिष्ट आन्दोलनले खाएको धक्काको प्रभावले पनि यसमा ठूलै भूमिका खेलेको छ । जनतालाई वैज्ञानिक विश्व-दृष्टिकोणले लैस पार्न अगुवाको भूमिका खेल्ने काम कम्युनिष्ट पार्टीका नेता, कार्यकर्ता र क्रान्तिकारी बुद्धिजीविहरुको हो । यहाँ के देखिएको छ भने, उनीहरुको ज्यादा ध्यान कम्युनिष्ट आन्दोलनका तात्कालीन मुद्दाहरुमा मात्रै जाने गरेको छ । कार्यनीतिक मुद्दाहरुमै मात्र उनीहरु ज्यादा सीमित छन् । आफ्नैलागि मार्क्सवादी विश्व-दृष्टिकोण निर्माण गर्नमा पनि उनीहरुले कम महत्व दिएका छन् । जनताको आधारभूत दृष्टिकोण निर्माण गर्न जरुरी साहित्य लेखनको काम, छलफल, कक्षा, अन्तर्क्रिया र पठन-पाठनको कामलाई पनि उनीहरुले महत्व दिइरहेका छैनन् ।

आजभन्दा बीस-तीस-चालीस वर्षअघि कम्युनिष्ट आन्दोलनमा लागेकाहरुले मार्क्सवाद-लेनिनवादका आधारभूत विचार, दर्शन, सिद्धान्त पढ्ने काम प्रशस्त गर्थे, आज त्यो एकदमै कम हुने गरेको छ । अहिले त गलत वा सही नै किन नहुन्, अरु बेग्लै खाले पढ्ने सामग्रीहरु ज्यादा हावी भएका छन्, जस्तै, पार्टी नजीकका अखबारहरु, लेखहरु, पुस्तिकाहरु । यिनीहरु ज्यादाजसो तात्कालीन इस्यूहरुका बारेमा नै लेखिएका हुन्छन् । आधारभूत वैचारिक-दार्शनिक विषयका पाठ्य सामग्रीहरु अत्यन्तै कम छन् ।

मलाई लाग्छ, हामीले वैज्ञानिक विचार-दर्शनलाई जनतामा, नेता-कार्यकर्तामा स्थापित गर्नैपर्छ । यसो गर्न पुनः जीवनप्रतिको र संसारप्रतिको हाम्रो दृष्टिकोणलाई र सांस्कृतिक चेतनालाई सही आधारमा निर्माण गर्ने वैचारिक-दार्शनिक सामग्रीहरुको पठन-पाठनको क्रमतिरै हामी फर्कनुपर्छ । विश्वव्यापी र हाम्रो देशको विशिष्ट समस्याको रुपमा रहेको यो समस्याको हल हामीले खोज्नैपर्छ ।

हामी तात्कालीन रुपमा जति नै क्रान्तिकारी भएपनि, जति नै लडाकु भएपनि, यदि हामीले आधारभूत सैद्धान्तिक वैचारिक पक्षमा काम गरेनौं भने हाम्रो सक्रियताको असर क्षणजीवि हुन्छ, दीगो हुँदैन । यो कामलाई महत्व नदिएमा हामीले जति नै जीवन समर्पण गरेपनि हामी एक वा अर्को रुपमा पतनकै दिशामा जानेछौं । विश्वका ठूलाठूला कम्युनिष्ट पार्टी र कम्युनिष्ट देशहरुको हालत जस्तो भयो, हाम्रो पनि त्यस्तै हालत हुनेछ ।

❑ अन्त्यमा, तपाईंसँग एउटा जिज्ञासा राखौं । गत सहस्राब्दीमा विभिन्न क्षेत्रका 'महामानव'हरू भनेर विभिन्न व्यक्तिहरूको नाम पूँजीवादी जगतले ठूलो प्रचार-प्रसारका साथ लियो । तर त्यस सहस्राब्दीका सबैभन्दा ठूला र सबैभन्दा ज्यादा प्रभावयुक्त दार्शनिक कार्ल मार्क्सलाई उनीहरूले यसै रूपमा, यति नै महत्वका साथ प्रस्तुत गरेनन् । कार्ल मार्क्सलाई गत सहस्राब्दीका 'महानतम् दार्शनिक' मान्न तपाईं सहमत हुनुहुन्छ कि हुनुहुन्न ?

- निश्चित रुपमा कार्ल मार्क्स गत सहस्राब्दीका महानतम् दार्शनिक हुनु हुन्थ्यो । यसलाई हामी दावीका साथ भन्न सक्छौं । कारण, गत सहस्राब्दीमा मार्क्सवादी दर्शनले संसारमा जति प्रभाव पार्‍यो, जति उथलपुथल ल्यायो, त्यति कुनै दर्शनले पनि गर्न सकेन । गत सहस्राब्दीको मात्र कुरा हैन यो, संपूर्ण मानव इतिहासमै यत्ति ठूलो प्रभाव र विस्तार भएको दर्शन अरु कुनै पाइन्न । हो, शोषण र अन्याय खतम गरी मानव समाजलाई उन्नत बनाउन विभिन्न समयमा इतिहासमा प्रयत्नहरु नभएका हैनन्, सोचहरु नबनेका हैनन् । तर यी सबै प्रयत्न र सोचहरुले आजसम्मको सबैभन्दा उन्नत स्तर मार्क्सवादमा आएर हासिल गरे । सिद्धान्त मात्र हैन, व्यवहारमै लागु हुने जीवन-दर्शनको रुपमा मार्क्सवादले संसारव्यापी रुप लियो । कतिपय ठाउँहरुमा सत्ताका हिसाबले यो असफल भयो र पनि यो पुनः नयाँ जोशका साथ जताततै सक्रियं छ, अघि बढ्दैछ ।

म आशा गर्छु, आगामी शताब्दी वा सहस्राब्दी पनि मार्क्सवादको अझ उन्नत स्तरको विजयको शताब्दी वा सहस्राब्दी हुनेछ ।

**प्रस्तुति : हरिगोविन्द लुईटेल**

# कस्तो थियो कार्ल मार्क्सको बानी ब्यहोरा ?



◆ पाउल लाफार्ग ◆

*(पाउल लाफार्ग (१८४२-१९११) फ्रान्स र विश्वकै श्रमिक वर्गका आन्दोलनका एकजना महत्वपूर्ण व्यक्तित्व हुनुहुन्थ्यो । उहाँ मार्क्सका साथी र समर्थक दुबै हुनुहुन्थ्यो र मार्क्सकी छोरी लौराका पति पनि हुनुहुन्थ्यो । प्रस्तुत छ: कार्ल मार्क्सबारे उहाँको संस्मरण)*

मैले कार्ल मार्क्सलाई पहिलो चोटि फरवरी, १८६५ मा भेटेको हुँ । पहिलो इन्टरन्यासनल सेप्टेम्बर २८, १८६४ मा लण्डनस्थित सेन्ट मार्टिनको हलमा आयेजित एक सभामा स्थापित भएको थियो र म नयाँ संगठनको विकासबारे मार्क्सलाई समाचार दिन पेरिसबाट लण्डन गएको थिएँ ।

मेरो त्यो पहिलो भ्रमणले ममा पारेको प्रभाव जबसम्म म जीवित रहनेछु, तवसम्म नै रहिरहनेछ ।

म त्यतिखेर २४ वर्षको थिएँ । त्यो बेला मार्क्सलाई सञ्चो थिएन । उहाँ त्यतिखेर 'पूँजी'को पहिलो ग्रन्थको काम गर्दै हुनुहुन्थ्यो, जुन त्यसको २ वर्षपछि, सन् १८६७ सम्म पनि प्रकाशित भएको थिएन । थालेको काम सकिन्न कि भनेर उहाँ भयभीत हुनुहुन्थ्यो । र, त्यसैले तन्नेरी मान्छेहरूको भेटघाटबाट उहाँ प्रसन्न हुनुहुन्थ्यो । "मेरो शेषपछि साम्यवादी प्रचार निरन्तर कायम राख्न मैले मान्छेहरूलाई तालिम दिनुपर्छ" -उहाँ भन्ने गर्नुहुन्थ्यो ।

... मार्क्सले आफ्नो क्रियालापलाई त्यस देशमा मात्र सीमित गर्नुभएन, जहाँ उहाँ जन्मनुभएको थियो । "म विश्व नागरिक हुँ," -उहाँ भन्ने गर्नुहुन्थ्यो- "म जहाँ हुन्छु, त्यहाँ सक्रिय हुन्छु ।" वास्तवमा देशका घटनाहरूले र राजनीतिक खेदोले उहाँलाई चाहे जुनसुकै मुलुक फ्रान्स, बेल्जियम, बेलायतमा लखेटेको किन नहोस्, त्यहाँ विकसित भएका राजनैतिक आन्दोलनहरूमा उहाँले प्रमुख भूमिका खेल्नु भएको थियो ।

## मार्क्सको धुम्रपान

... मार्क्स वेपत्तै धुम्रपान गर्नुहुन्थ्यो । "पूँजीको बिक्रीबाट त्यति मूल्य आउनेवाला छैन, जुन मैले यसलाई लेख्दा सिगार खाएको छु ।" -उहाँ भन्ने गर्नुहुन्थ्यो । परन्तु उहाँको सलाईको खर्च अझ योभन्दा ज्यादा थियो । खाँदाखाँदै उहाँ यति छिटोछिटो पाइप अथवा सिगार बिर्सने गर्नुहुन्थ्यो कि त्यसलाई फेरि सल्काउनको लागि छोटो समयमै उहाँ पत्याउनै नसकिने हदको संख्यामा सलाईका बट्टाहरू सक्नुहुन्थ्यो ।

## पढ्ने बानी

उहाँ आफ्ना किताबहरू र पत्रपत्रिकाहरू कसैलाई पनि मिलाउने वा राखेको ठाउँमा बिगार्ने अनुमति दिनुहुन्नथ्यो । उहाँका किताब र पत्र-पत्रिकाहरू बाहिरबाट हेर्दा मात्र अव्यबस्थित झैं देखिन्थे, परन्तु सबै कुरा जुनजहाँ हुनुपर्ने हो, तिनै ठाउँमा हुन्थे ता कि उहाँलाई चाहिएको बेलामा किताब वा नोटबुकमा हात लगाउन सजिलो होस् । कुराकानी गरिरहेको बेलामा समेत आफूले भरखरै उल्लेख गरको भनाइ वा अंक किताबमा देखाउन उहाँ बराबर रोकिने गर्नुहुन्थ्यो । उहाँ र उहाँको अध्ययन एकाकार थियो : यसमा उहाँका किताबहरू र कागजपत्रहरू त्यति नै उहाँको नियन्त्रणमा थिए, जति उहाँका पाखुराहरू उहाँको नियन्त्रणमा हुन्थे ।

आफ्ना किताबहरू मिलाउने सन्दर्भमा मार्क्सको कुनै औपचारिक ढाँचा भने हुने गर्दैनथ्यो, विभिन्न साइजका ग्रन्थ र पर्चाहरू एकै ठाउँमा खाँदेर राखिएका हुन्थे । उहाँ तिनीहरूलाई साइजको आधारमा हैन, विषय-वस्तुको आधारमा एकै ठाउँमा राख्नुहुन्थ्यो, । उहाँको मनमस्तिष्कका निम्ति किताबहरू औजारहरू जस्ता थिए, ती विलासका साधन थिएनन् । "किताबहरू मेरा दासहरू हुन् र मेरो इच्छाअनुसार तिनीहरूले मेरो सेवा गर्नुपर्छ," उहाँ भन्ने गर्नुहुन्थ्यो । उहाँ किताबको साइज वा गाता, कागजको गुणस्तर वा टाइपमा पटक्कै ध्यान दिनुहुन्नथ्यो । उहाँ तिनीहरूको पेजको कुनामा च्यात्नुहुन्थ्यो, छेउमा सिसाकलमले चिनो लगाउनु हुन्थ्यो । र, पूरै हरफमुनि धर्सो तान्नुहुन्थ्यो । उहाँ किताबमा कहिल्यै पनि लेख्नुहुन्नथ्यो । परन्तु कहिलेकाँही लेखकले अति गरेको अनुभूति भयो भने छेउमा प्रश्नवाचक चिन्ह वा विस्मयवाचक चिन्ह लाउन भने चुक्नुहुन्नथ्यो । अण्डरलाइन गर्ने उहाँको प्रणालीले कुनै पनि पुस्तकमा उहाँले चाहेको अंश पाउन सजिलो पार्थ्यो । आफ्नो स्मरणमा ताजा राखिछोड्नको लागि आफ्ना नोटबुकहरू र किताबमा अण्डरलाइन गरिएका अंशहरू थुप्रै वर्षको अन्तरालपछि पनि पुनः पढ्ने उहाँको बानी थियो । उहाँको असाधारण रूपले भरपर्दो स्मरणशक्ति थियो, जुन उहाँले हेगेलको सल्लाहअनुसार 'आफूले नजानेको विदेशी भाषाको कविता कण्ठ पार्ने' बानीका रूपमा युवाकालदेखि नै विकास गर्नुभएको थियो ।

## मार्क्सको साहित्य प्रेम

मार्क्सलाई हाइने र गायेथेका रचनाहरू कण्ठस्थ थिए । कुराकानीको क्रममा उहाँ बारंबार तिनका उद्धरणहरू सुनाउने गर्नुहुन्थ्यो । सम्पूर्ण यूरोपेली भाषाका कविहरूको उहाँ एक लगनशील पाठक हुनुहुन्थ्यो । हरेक वर्ष उहाँ एशिलसका रचनाहरू मौलिक ग्रीस भाषामा पढ्ने गर्नुहुन्थ्यो । उहाँ एशिलस र शेक्सपियरलाई मानवजातिले जन्म दिएका नाटक विधाका अपूर्व प्रतिभाहरूमध्ये सबैभन्दा महान ठान्नुहुन्थ्यो । शेक्सपियरप्रतिको उहाँको सम्मान असीम थियो । उहाँले उनको रचनाहरूको बिस्तृत अध्ययन गर्नुभएको थियो र उनका पात्रहरूमध्ये सबैभन्दा कम महत्वपूर्ण पात्रहरूको बारेमा समेत उहाँसित जानकारी थियो । ती महान अंग्रेजी नाटककारप्रति उहाँको सम्पूर्ण परिवारको वास्तविक सम्मान थियो । उहाँका तीन छोरीहरूलाई शेक्सपियरका रचनाहरूको कण्ठाग्र जानकारी थियो । ... दाँते र रोबर्ट बर्न उहाँका मन परेका कविहरूमध्ये पर्थे । ती स्कटीस कविका व्यंग्यहरू अथवा सवाइहरू (Ballads) पाठ गरेर वा गाएर उहाँका छोरीहरूले सुनाउँदा उहाँ बडो मजा लिएर तिनलाई सुन्नुहुन्थ्यो ।

... समय समयमा उहाँ सोफामा लेट्नुहुन्थ्यो र उपन्यास पढ्ने गर्नुहुन्थ्यो । कलिहेकाहीं त उहाँ एकैचोटि पालोपालो गरेर दुई वा तीनवटा उपन्यासहरू पनि पढ्ने गर्नुहुन्थ्यो । डार्विनजस्तै उहाँ उपन्यासको महान पाठक हुनुहुन्थ्यो । उपन्यासहरूमा अठारौं शताब्दीका उपन्यासकारहरूका कृतिहरू उहाँको रोजाइमा पर्थे, विशेष गरी, फिल्डिङ्गको 'टम जोन्स्' । अरू ज्यादा आधुनिक उपन्यासकारहरूमा चाहिं उहाँको लागि सबभन्दा चाखलाग्दा पौल डे कक, चार्ल्स लिभर, अलेक्जेण्डर डुमास सेनियर र वाल्टर स्कटका कृतिहरू हुन्थे । वाल्टर स्कटका कृतिहरूमध्ये पनि Old Mortality लाई उहाँ मास्टर पिस नै ठान्नुहुन्थ्यो । साहसिक कार्य र हास्यरस प्रधान कथाहरूप्रति उहाँको खास अभिरूची थियो ।

... उपन्यासकारहरूमध्ये सर्भायन्टिस र बाल्जाकलाई उहाँ सबभन्दा माथिल्लो कोटीको

> *समय समयमा उहाँ सोफामा लेट्नुहुन्थ्यो र उपन्यास पढ्ने गर्नुहुन्थ्यो । कलिहेकाहीं त उहाँ एकैचोटि पालोपालो गरेर दुई वा तीनवटा उपन्यासहरू पनि पढ्ने गर्नुहुन्थ्यो ।*

बाल्जाक यति धेरै मनपर्थे कि उहाँले आफ्नो अर्थशास्त्रसम्बन्धी किताबको काम सक्ने बित्तिकै बाल्जाकको महान कृति La Comedie Humaine को समीक्षा लेख्ने इच्छा गर्नुभएको थियो ।

## भाषा ज्ञान

... मार्क्स सबै यूरोपेली भाषामा पढ्न सक्नुहुन्थ्यो र भाषा विशेषज्ञहरूको समेत सम्मान प्राप्त गर्ने गरी तीन वटा भाषामा : जर्मनीमा, फ्रेन्चमा र अंग्रेजीमा त उहाँ लेख्न नै सक्नुहुन्थ्यो । ....५० वर्ष पुग्दाखेरि बल्ल उहाँले रूसी भाषाको अध्ययन थाल्नुभएको थियो, यद्यपि आधुनिक र प्राचीन भाषाहरूको त्यस भाषासित कुनै निकटता थिएन । तथापि ६ महिनामै उहाँले रूसी कवि र गद्य लेखकहरूको कृति पढेर आनन्द लिनसक्ने हदसम्म त्यो भाषा जानिसक्नुभएको थियो र उहाँका मनपर्ने लेखकहरू थिए : पुस्किन, गोगोल र सेड्रीन ।

## गणितप्रतिको रूची

... कवि र उपन्यासकारहरू-बाहेक बौद्धिक रूपले दिल बहलाउने मार्क्सको अर्को अनौठो उपाय थियो- गणित, जसप्रति उहाँको विशेष लगाव थियो । बीजगणितजस्तो विषयले समेत उहाँलाई नैतिक सान्त्वना दिनेगर्थ्यो र घटनाहरूले भरिभराउ उहाँको जीवनको सबैभन्दा दुःखपूर्ण घडीहरूमा उहाँ यसको सहारा लिनुहुन्थ्यो । उहाँकी श्रीमतीको अन्तिम बिमारीताका उहाँ आफ्नो सधैंका बैज्ञानिक कार्यहरूमा आफूलाई समर्पित गर्न असमर्थ हुनुभयो र उनको वेदनाले पैदा गरेको उत्पीडनबाट आफूलाई मुक्त गर्ने उहाँको एउटै उपाय थियो - गणितभित्र डुबुल्की मार्नु । नैतिक बेदनाको त्यस सयममा उहाँले Inifinitesimal Calculus सम्बन्धी किताब लेख्नुभयो , विज्ञहरूको रायमा, जुन किताव महान बैज्ञानिक मूल्यको छ र उहाँका संग्रहित रचनाहरूमा तिनीहरूलाई प्रकाशित गरिने छ । उच्च गणितमा उहाँले द्वन्दात्मक गतिको सबैभन्दा तर्कपूर्ण, साथसाथै सबैभन्दा सरल रूप देख्नुहुन्थ्यो । बिज्ञान तबसम्म विकसित हुन्न, जबसम्म यसले गणितको प्रयोग गर्न सिक्दैन भन्ने धारणा उहाँ राख्नुहुन्थ्यो ।

यद्यपि मार्क्सको पुस्तकालयमा जिन्दगीभरको अनुसन्धान कार्यको क्रममा होसियारीपूर्वक संकलन गरिएका हजारौं ग्रन्थहरू थिए । परन्तु यो संकलन उहाँको लागि पर्याप्त थिएन, र वर्षौंसम्म उहाँ नियमित रूपमा बृटिस म्यूजियममा जानुहुन्थ्यो । त्यहाँको क्याटलगको उच्च मूल्यांकन गर्नुहुन्थ्यो । खालि आफ्नो विशेष दखल भएको विषय राजनैतिक अर्थशास्त्रमा मात्र होइन, इतिहास, दर्शन र सम्पूर्ण मुलुकहरूको साहित्यमा उहाँको बिस्तृत तथा अत्यन्त गहिरो ज्ञान थियो भन्ने कुरा मार्क्सका विरोधीहरूसमेत स्वीकार गर्न बाध्य छन् ।

## मार्क्सको कार्यदिन

यद्यपि मार्क्स निकै ढिलो सुत्ने गर्नुहुन्थ्यो, तथापि बिहान ८ वा ९ बजेसम्ममा उहाँ उठीसक्नुहुन्थ्यो । त्यसपछि उहाँ केही सादा कफी खानुहुन्थ्यो । खवर पत्रिकाहरू पढ्नुहुन्थ्यो र आफ्नो अध्ययनतर्फ लागिहाल्नु हुन्थ्यो । उहाँ दिनको २/३ बजेसम्म अध्ययनमै लीन हुनुहुन्थ्यो । खालि खानाको लागि मात्र, र मौसमले साथ दिंदा साँझमा ह्याम्स्टेड हीथमा डुल्न निस्कनका लागि मात्र उहाँले आफ्नो काम रोक्नुहुन्थ्यो । दिउँसो उहाँ कहिलेकाहीं सोफामा एक वा दुई घण्टा सुत्नुहुन्थ्यो । युवा कालमा त उहाँ संपूर्ण रात काम गरेकोगर्‍यै गर्नुहुन्थ्यो ।

कामप्रति मार्क्सको अनुराग थियो । उहाँ यसमा यति डुब्नुहुन्थ्यो कि बेलाबेलामा उहाँ खान नै भुल्नुहुन्थ्यो । भान्छाघरमा खाना खानको निम्ति ओर्लनुअघि उहाँलाई कैयन पटक बोलाउनु पर्थ्यो । र, खानाको अन्तिम गाँस टिपिसक्नुअघि नै उहाँ पुनः अध्ययनमै फर्किसक्नु हुन्थ्यो ।

... नियमित रूपमा गर्ने उहाँको शारीरिक व्यायाम भनेको हिड्नु थियो । उहाँ घण्टौंसम्म बात मार्दै, चुरोट खाँदै र पटक्कै थकाइ महसुस नगरिकन टहल्ने र पहाड चढ्ने गर्न सक्नुहुन्थ्यो । के भन्न सकिन्छ भने, खालि हिंड्दाहिंड्दै आफूले विचार गरेको कुरा लेख्नको लागि छोटो समय बस्नुबाहेक उहाँ कामसमेत आफ्नो कोठामा हिंडेकोहिंड्यै गर्नुहुन्थ्यो । बेलाबेलामा ब्याख्यान गरामागरम हुँदा र कुराकानी गंभीर हुँदा मात्र रोकिंदै कुराकानी गर्दै उहाँ तलमाथि हिंड्न रूचाउनु हुन्थ्यो ।

## मार्क्सको लेख्ने ढंग

आफ्नो कामको संबन्धमा मार्क्स सधैं अत्यन्तै विवेकशील हुनुहुन्थ्यो : सबैभन्दा उत्तम प्राधिकारहरूबाट पैदा नभएका तथ्यतथ्यांकहरू उहाँ कहिल्यै प्रयोग गर्नुहुन्नथ्यो । उहाँ अप्रत्यक्ष सुनी जानेको सूचनाबाट कहिल्यै संतुष्ट हुनुहुन्नथ्यो । सूचनाको लागि उहाँ सधैं स्रोतसम्मै पुग्नुहुन्थ्यो, चाहे त्यो प्रक्रिया जति नै दिक्कलाग्दो किन नहोस् । सानो तथ्य सुनिश्चित गर्न समेत उहाँ ब्रिटीश म्यूजियम जानुहुन्थ्यो । र, त्यहाँ रहेका किताबहरू पल्टाउनु हुन्थ्यो । हेल्चेक्र्याइँ गर्ने खालको मान्छेको अथवा कडीकडाउका साथ जाचबुझ नगरिएको तथ्यको आधारमा उहाँ आफ्नो तर्क अघि सार्नुहुन्थ्यो भन्ने कुरा उहाँका आलोचककहरूले कहिल्यै प्रमाणित गर्न सकेनन् ।

> *लामो बाटो छोरीहरूको लागि छोटोझैं पार्नको लागि मार्क्स उनीहरूलाई त्यस्ता आश्चर्यजनक रमाइला कथाहरू सुनाउनुहुन्थ्यो, जो कहिल्यै टुंगिदैनथे । ती कथाहरू उहाँ आफैं बाटोमा हिंड्दाहिंड्दै रच्नुहुन्थ्यो, घटनाहरूलाई विकसित पार्नुहुन्थ्यो, अथवा त्यसको विपरीत, त्यसलाई जटील पार्नुहुन्थ्यो ।*

सधैं स्रोतमै पुग्ने उहाँको बानीले गर्दा उहाँलाई त्यस्ता लेखककहरूका रचनाहरू पढ्ने बनायो, जो एकदमै कम परिचित छन् र जसको उद्धरण लिने उहाँ मात्रै एक्लै हुनुहुन्थ्यो । पूंजीमा अत्यन्त कम चिनारी भएका लेखकहरूका कृतिहरूबाट लिइएका अत्यन्त ज्यादा उद्धरणहरू सामेल छन् । यसबाट कसैकसैले के सोच्न सक्छन् भने, मार्क्स आफूले कत्ति न धेरै पढेको छु भनेर देखाउन चाहनुहुन्थ्यो । तर मार्क्सको त्यस्तो नियत कदापि रहेन । "म ऐतिहासिक न्यायको पालना गर्न चाहन्छु," - उहाँ भन्ने गर्नुहुन्थ्यो - "म हरेकलाई उसले गरेको कामको जस दिन चाहन्छु" । त्यस लेखकको नाम दिदाँ उहाँ आफूलाई कृतज्ञ संभन्नु हुनुहुन्थ्यो, जसले पहिलो चोटि त्यो विचार अभिव्यक्त गरेको छ वा त्यो विचार सबैभन्दा राम्ररी प्रतिपादन गरेको छ, चाहे ऊ जतिसुकै अमहत्वपूर्ण वा कम परिचित मान्छे नै किन नहोस् ।

मार्क्स साहित्यिक कोणबाट मात्र होइनं, बैज्ञानिक कोणबाट पनि त्यत्तिकै विवेकशील हुनुहुन्थ्यो । पूर्ण तवरले निश्चित नभएको तथ्यमाथि आफूलाई कहिल्यै पनि आधारित नगर्ने मात्र होइन, आफूले सर्वांगीण रूपले अध्ययन नगरूञ्जेल उहाँ कुनै पनि सवालमा कुरै उठाउनु हुन्नथ्यो । व्यक्त गर्ने सबैभन्दा उपयुक्त रूप फेला पारेर पटकपटक संशोधन नगरेसम्म उहाँ कुनै पनि कृति प्रकाशित गर्नु हुन्नथ्यो । पूर्ण तम्तयारीविना सार्वजनिक रूपमा आफू प्रकट हुने धृष्टता उहाँ कदापि गर्नुहुन्नथ्यो । आफूले अन्तिम परिष्कार नगरेसम्म आफ्नो पाण्डुलिपी अरूलाई देखाउने कुराबाट उहाँलाई यातना हुनजान्थ्यो । यो सवालमा उहाँको भावना यति बलवान थियो कि उहाँले एकदिन मलाई बताउनुभयो- बरू उहाँ आफ्नो पाण्डुलिपीलाई बाल्नुहुनेछ, परन्तु त्यसलाई नसिद्धिएको अवस्थामा छोड्नुहुने छैन ।

उहाँको काम गर्ने ढंगले उहाँमाथि बारंबार त्यति धेरै कार्यभारहरू लाद्थ्यो, जसको परिणाम पाठकहरूले कम मात्र कल्पना गर्न सक्छन् । 'पूंजी'मा अंग्रेजी कारखाना कानूनबारे बीस पेज जति सामाग्री लेख्न उहाँले बेलायत र स्कटलैण्डका आयोगहरू र कारखाना इन्स्पेक्टरहरूले पेश गरेका रिपोर्टहरू भएको ब्लु बुक अर्थात् सरकारी प्रतिवेदनको संपूर्ण पुस्तकालय नै पढीभ्याउनु भयो । ... पूंजीवादी उत्पादन प्रणालीबारे अध्ययन गर्न उहाँले ती रिपोर्टहरूलाई सबैभन्दा महत्वपूर्ण र वजनदार दस्तावेज ठान्नुभएको थियो ।

## मार्क्स आफ्नो परिवारमा

... उहाँ एक जना मायालु सहृदय र अरूको आनन्दमा रमाउने पिता हुनुहुन्थ्यो । "केटाकेटीहरूले आफ्ना आमाबाबुलाई शिक्षित पार्नुपर्छ " - उहाँ भन्ने गर्नुहुन्थ्यो । आफ्ना छोरीहरूसितको संबन्धमा आफ्नो हैकम लाद्ने चरित्रको आमाबाबुको नामोनिशान उहाँमा कहिल्यै रहेन, यद्यपि छोरीहरूको उहाँप्रतिको प्रेम असाधारण थियो । उहाँले उनीहरूलाई कहिल्यै कुनै आदेश दिनुभएन । बरू उहाँ आफू जे चाहनुहुन्थ्यो, त्यो कुरा कृपाका रूपमा गरीदिन उहाँ छोरीहरूलाई अनुरोध गर्नुहुन्थ्यो । अथवा उहाँ उनीहरूलाई जे कुरा गर्न रोक्न चाहनुहुन्थ्यो, ती कुराहरू गर्नुहुन्न भनेर महशुस गराउनुहुन्थ्यो । तथापि उहाँकोजस्तो नियन्त्रणमा कमै बाबुका केटाकेटीहरू मात्र थिए होलान् । उहाँका छोरीहरू उहाँलाई आफ्नो साथी संझन्थे । र, उहाँलाई एउटी संगिनीलाई जस्तो व्यवहार गर्थे । उनीहरू उहाँलाई "बुबा" भन्दैनथे, "मूअर्" भन्थे । यो त्यस्तो

# मार्क्सको जीवनी

## लेनिनको कलमबाट

कार्ल मार्क्सको जन्म नयाँ शैलीको क्यालेण्डरअनुसार सन् १८१८ को ५ मे का दिन ट्रियर शहर ( प्रसियाको रायन तटवर्ती क्षेत्र) मा भएको थियो । उहाँका पिता वकिल हुनुहुन्थ्यो र यहूदी धर्मावलम्वी हुनुहन्थ्यो । तर सन् १८२४ मा उहाँले प्रोटेस्टेन्ट धर्म ग्रहण गर्नुभयो । उहाँको परिवार सम्पन्न र सुसंस्कृत थियो तर क्रान्तिकारी चाहिं थिएन । ट्रियरमा स्कूल समाप्त गरेपछि मार्क्सले पहिले बोनको, त्यसपछि बर्लिनको विश्वविद्यालयमा अध्ययन गर्नुभयो । विश्वविद्यालयमा उहाँले कानूनको अध्ययन गर्नुभयो । र, आफ्नो मुख्य समय इतिहास र दर्शनशास्त्रको अध्ययनमा लगाउनुभयो । सन् १८४१ मा उहाँले विश्वविद्यालयको अध्ययन समाप्त गर्नुभयो र एपिक्युरसको दर्शनबारे थेसिस लेख्नुभयो । त्यसताका नै मार्क्सको दृष्टिकोण आदर्शवादी हेगेलको अनुयायी बनिसकेको थियो । उहाँ बर्लिनमा हेगेलको दर्शनबाट नास्तिक र क्रान्तिकारी सारांश निकाल्न खोज्ने "वामपन्थी हेगेलवादीहरू" ब्रुनो बाउएर र अरूहरूको मण्डलीको नजीक हुनुभयो ।

विश्वविद्यालयको अध्ययन समाप्त गरेपछि प्रोफेसर बन्ने उद्देश्यले मार्क्स बोन सर्नुभयो । तर सरकारको त्यो प्रतिक्रियावादी नीतिले गर्दा, जसले सन् १८३२ मा लुद्विग फायरबाखलाई विभागीय प्रमुखको पदबाट हटाएको थियो र १८३६ मा पुनः विश्वविद्यालयमा पस्न दिएको थिएन र १८४१ मा युवा प्रोफेसर ब्रुनो बाउएरलाई बोनमा प्राध्यापन गर्नबाट वञ्चित तुल्याएको थियो, मार्क्सलाई अध्यापन कार्यबाट विमुख हुन बाध्य तुल्याइयो ।

यसताका जर्मनीमा वामपन्थी हेगेलवादी विचारधाराले अत्यन्त द्रुत गतिले विकास गर्दैथियो । लुद्विग फायरबाख, विशेषतः सन् १८३६ देखि, धर्मशास्त्रको आलोचना गर्न शुरू गर्दछन्, भौतिकवादतर्फ ढल्कन थाल्दछन्, जुन कुराले पछि गएर सन् १८४१ मा उनको विचारधारामाथि प्रभुत्व जमाउन थाल्छ ('ईसाई धर्मको सार') , सन् १८४३ मा गएर 'भविष्यको दर्शनका मुख्य मुख्य बुँदाहरू' भन्ने उनकै अर्को कृति प्रकाशित हुन्छ । यी कृतिहरूको "मुक्ति प्रभाव आफैंले अनुभव गर्नुपर्छ" - पछि गएर फायरबाखका यी निबन्धहरूबारे एंगेल्सले लेख्नुभएको थियो । "हामीहरू (अर्थात् वामपन्थी हेगेलवादीहरू, जसमध्ये मार्क्स पनि हुनुहुन्थ्यो ) तुरुन्तै फायरबाखवादी बन्यौं ।" यसताका राइन क्षेत्रका



मौलिकतावादी बुर्जुवाहरूले, जसको दृष्टिकोण र वामपन्थी हेगेलवादीहरूको दृष्टिकोणमा सामन्जस्यताका बुँदाहरू भेट्टाइन्थे, उनीहरूले कोलनबाट विरोधी पत्रिका 'राइन पत्रिका' निकाल्न थाले ( यो पत्रिका सन् १८४२ मा एक जनवरीदेखि प्रकाशित भएको थियो) । पत्रिकाका मुख्य कार्यकर्ताहरूको रूपमा मार्क्स र ब्रुनो बाउएर निमन्त्रित थिए । सन् १८४२ को अक्टोबर महीनामा मार्क्स सो पत्रिकाको प्रधान सम्पादक बन्नुभयो र कोलनबाट बोन सर्नुभयो । मार्क्सको सम्पादकत्वमा पत्रिकाको क्रान्तिकारी तथा प्रजातान्त्रिक धारा झनझन् स्पष्ट हुँदै गयो र सरकारले पहिले त पत्रिकामाथि दोहरो र तेहरो सेन्सर लगाउन थाल्यो र पछि गएर १ जनवरी, १८४३ देखि चाहिँ पत्रिका

---

उपनाम थियो, जुन उहाँको श्यामल वर्ण, चम्किलो कालो कपाल र दाह्रीका कारणले दिइएको थियो । अर्कोतिर, कम्युनिष्ट लीगका सदस्यहरू चाहिं सन् १८४८ अघि नै उहाँलाई "बाबा मार्क्स" भनेर संबोधन गर्थे, जब कि त्यतिबेला उहाँको उमेर ३० वर्षको पनि भइसकेको थिएन । ...

मार्क्स आफ्ना केटाकेटीहरूसित खेलेर घण्टौं बिताउनु हुन्थ्यो । .... आइतबारको दिन उहाँका छोरीहरूले उहाँलाई कामै गर्न दिन्नथे, त्यो दिन सिंगै उहाँ उनीहरूको हुन पुग्नुहुन्थ्यो । मौसम राम्रो छ भने, सिंगै परिवार शहरबाहिर घुम्न जान्थ्यो, बाटोमा सबै सामान्य भट्टीमा चीजसित रोटी खान र अदुवा हालेको बीयर पिउन पस्दथे ।

छोरीहरू सानै छउन्जेल लामो बाटो उनीहरूको लागि छोटोभैं पार्नको लागि मार्क्स उनीहरूलाई त्यस्ता आश्चर्यजनक रमाइला कथाहरू सुनाउनुहुन्थ्यो जो कहिल्यै टुंगिदैनथे । जुन कथाहरू मार्क्स आफैं बाटोमा हिंड्दाहिंड्दै रच्नुहुन्थ्यो, घटनाहरूलाई विकसित पार्नुहुन्थ्यो अथवा त्यसको विपरीत, त्यसलाई जटील पार्नुहुन्थ्यो । यो कुरा हिंड्न बाँकी रहेको बाटोको दूरीमा भर पर्दथ्यो । बच्चीहरू ती कथाहरू सुनेर आफ्नो थकाइ नै भुल्दथे ।

मार्क्समा अद्वितीय उर्वर कल्पना-शक्ति पनि थियो । उहाँका शुरूका साहित्यिक कृतिहरू कविता नै थिए । मार्क्सकी पत्नीले आफ्ना पतिका युवाकालका कविताहरू होसियारीपूर्वक सुरक्षित राख्नुभएको थियो । तर उहाँ कसैलाई पनि ती कविताहरू देखाउनु हुन्नथ्यो ।

... मार्क्सले आफ्ना छोरीहरूलाई एउटा नाटक लेख्ने बचन दिनुभएको थियो । यसको विषयवस्तु रोज्नुभएको थियो- रोमका संघर्षशील ग्राछुस दाजुभाइहरू । दुर्भाग्यवस, उहाँले आफ्नो त्यो वचन पूरा गर्न सक्नुभएन । 'वर्ग संघर्षको नायक'को रूपमा कहलिनुभएका उहाँले प्राचीन विश्वको वर्ग संघर्षको त्यो भयावह र महान घटनालाई कसरी प्रस्तुत गर्नुहुन्थ्यो भन्ने कुरा हेर्नु निकै रोचक हुनेथियो । मार्क्सले त्यस्ता थुप्रै योजनाहरू बनाउनुभएको थियो, जुन कहिल्यै कार्यान्वियन भएनन् । त्यस्ता अरू कामहरूमध्ये उहाँले गरिभ्याउन लक्ष्य राख्नुभएको एउटा काम थियो- तर्कशास्त्र र दर्शनको इतिहास लेख्नु ।

...मार्क्सकी श्रीमती उहाँकी सबैभन्दा साँचो र पूर्ण अर्थमा जीवनसंगिनी हुनुहुन्थ्यो । बच्चैदेखि नै उहाँहरू एक आपसमा परिचित हुनुहुन्थ्यो र सँगसँगै हुर्किनुभएको थियो । विवाहको निर्णय हुँदाखेरि मार्क्स सिर्फ १७ वर्षको हुनुहुन्थ्यो । सन् १८४३ मा उहाँहरूको विवाह भएको थियो । विवाह हुनुअघि युवा जोडीले विवाहको निम्ति सातसात वर्ष कुर्नु परेको थियो । त्यहाँदेखि उता उहाँहरू कहिल्यै अलग्गिनु भएन ।

... आफ्नी श्रीमतीको बौद्धिकता र आलोचनात्मक चेतनाप्रति मार्क्सको यतिज्यादा सम्मान थियो कि उहाँ आफ्ना सम्पूर्ण कृतिहरूको पाण्डुलिपी श्रीमतीलाई देखाउनुहुन्थ्यो । र, त्यसमाथि उहाँको विचार लिनुहुन्थ्यो । उहाँले यो कुरा मलाई सन् १८६६ मा बताउनुभएको थियो । छापाखानामा पठाउनुअघि श्रीमती मार्क्सले उहाँका पाण्डुलिपीहरू राम्रो अक्षरमा सारिदिनुहुन्थ्यो ।

मार्क्सको घरपरिवारकी एकजना अर्की महत्वपूर्ण सदस्य थिइन् - हेलेन देमोथ । किसान परिवारमा जन्मेकी उनी श्रीमती मार्क्सको विवाह हुनुअगाडि नै उहाँको सेवाको काममा प्रवेश गरेकी थिइन् । ... जब उनकी मालिक्नीको विवाह भयो, उनी उहाँसँगै रहिन् र आफूलाई संम्पूर्ण रूपमा बिर्सेर मार्क्सको परिवारका निम्ति उनले आफूलाई समर्पित गरिन् । ... घरको हेरचाह गर्ने पनि उनै थिइन् , साथसाथै, घरको मुख्य संरक्षक पनि । बच्चाहरू उनलाई आमालाई जस्तै माया गर्थे र उनीहरूप्रतिको उनको मातृत्वको भावनाले गर्दा घरमा उनी एउटी आमाको जस्तै प्राधिकार जमाउँथिन् । श्रीमती मार्क्सले उनलाई आफ्नी हित्तचित्तकी संगिनी ठान्नुहुन्थ्यो र मार्क्सले उनीप्रति विशिष्ट किसिमको मित्रभाव राख्नुहुन्थ्यो । उहाँ उनीसित चेस खेल्नुहुन्थ्यो र धेरैजसो हार्नुहुन्थ्यो ।

हेलेन मार्क्सको परिवारलाई आँखा चिम्लेर माया गर्थिन् । उहाँहरू जे जे गर्नुहुन्थ्यो, त्यो उनको आँखामा राम्रो कुरा हुन्थ्यो र त्यो राम्रोबाहेक अरूथोक हुनै सक्तैनथ्यो । जसजसले मार्क्सको आलोचना गर्थे, तिनीहरूले उनीसित सामना गर्नुपर्थ्यो । मार्क्स दम्पतिको जो जोसित घनिष्ट सम्बन्ध थियो, तिनीहरू सबैलाई उनी आमाले जस्तै हेरचाह गर्थिन् ।

... एंगेल्स पनि वास्तवमा भन्ने हो भने मार्क्सकै परिवारका एकजना सदस्य हुनुहुन्थ्यो । मार्क्सका छोरीहरू उहाँलाई आफ्नो दोस्रो बाबा भन्थे । उहाँ मार्क्सका अति घनिष्ट र विश्वसनीय साथी हुनुहुन्थ्यो ।

❑

MARX AND ENGELS, THROUGH THE EYES OF THEIR CONTEMPORARIES (Progress publishers, Moscow 1982) बाट साभार एवं अनुदित

अनु. : श्याम श्रेष्ठ

पूर्णतः बन्द गर्ने निर्णय गऱ्यो । मार्क्स चाहिं अगाडि नै पत्रिका छोड्न बाध्य हुनुभयो तर उहाँको राजीनामाले पत्रिकालाई बचाएन र मार्च, १८४३ मा गएर पत्रिका बन्द नै भयो । एंगेल्सको भनाइअनुसार 'राइन पत्रिका' मा प्रकाशित भएका मार्क्सका सबभन्दा महत्वूर्ण कृतिहरूमध्ये मोजेल उपत्यकाका अंगुर खेती गर्ने किसानहरूको अवस्थाबारे लेखिएको लेख मुख्य छ । पत्रिकामा आफ्नो कार्यको सिलसिलामा मार्क्सले उहाँलाई राजनैतिक अर्थशास्त्रको राम्रो ज्ञान छैन भन्ने कुरा अनुभव गर्नुभयो र ठूलो जोशका साथ यस विषयको अध्ययन शुरू गर्नुभयो ।

सन् १८४३ मा आफ्नो बाल्यकालकी संगिनी जेनी फोन वेस्टफालेनसंग, जोसंग विद्यार्थी अवस्थामा नै उहाँको 'सगाइ' भैसकेको थियो, क्रेइचनाखमा मार्क्सको विवाह भयो । वहाँकी पत्नी प्रसियाको प्रतिक्रियावादी दरबारीया परिवारबाट आएकी थिइन् । तिनका ठूलादाजु प्रसियाको सबभन्दा प्रतिक्रियावादी समय सन् १८५०-१८५८ मा गृहमन्त्री थिए । सन् १८४३ को शरदमा आर्नोल्ड रूगे (सन् १८०२-१८८०, वामपन्थी हेगेलवादी , सन् १८२५-१८३० जेलमा, सन् १८४८ पछि प्रवासमा, सन् १८६६-१८७० बिस्मार्कवादी) संग मिलेर एक मौलिक पत्रिका प्रकाशन गर्नको लागि मार्क्स पेरिस आउनुभयो । यस पत्रिकाको मात्र पहिलो अंक 'जर्मन फ्रेन्च वार्षिक' प्रकाशित हुन पायो । जर्मनीमा गोप्य रूपमा प्रचार गर्ने कठिनाइ र रूगेसंगको मतभेदले गर्दा पत्रिका बन्द भयो । मार्क्सले "तत्कालीन व्यवस्थाको कठोर आलोचना" गर्नुभयो र विशेषतः "शस्त्रहरूको आलोचना" गर्नुभयो । यस पत्रिकामा प्रकाशित आफ्ना लेखहरूमा मार्क्स क्रान्तिकारीको रूपमा देखा परिसक्नुभएको थियो । उहाँका लेखहरू जनता र सर्वहारावर्गप्रति उन्मुख थिए ।

सेप्टेम्बर, सन् १८४४ मा फ्रेडरिख एंगेल्स केही दिनको लागि पेरिस आउनुभएको थियो र त्यस बेलादेखि मार्क्सका निकटम मित्र बन्नुभयो । उहाँहरू दुवै जनाले पेरिसका तात्कालीन क्रान्तिकारी गुटहरूको सक्रिय जीवनमा प्रत्यक्ष रूपले भाग लिनुभयो । (यसताका प्रुडोंको सिद्धान्तको बोलबाला थियो , अगाडि गएर १८४७ मा मार्क्सले आफ्नो कृति 'दर्शनशास्त्रको दरिद्रता' मा यस सिद्धान्तको धज्जी उडाउनुभयो । निम्न पूँजीवादी समाजवादका विभिन्न विचारधाराहरूका विरूद्ध घोर संघर्ष गर्दै उहाँले क्रान्तिकारी सर्वहारा समाजवाद अथवा साम्यवाद (मार्क्सवाद) का सिद्धान्तहरू र कार्यनीतिको रूपरेखा तयार गर्नुभयो । (हेर्नुहोस् यस अवधिका मार्क्सका कृतिहरू सन् १८४४-१८४८ ) सन् १८४५ मा प्रसियाली सरकारको माग अनुसार, खतरनाक क्रान्तिकारीको रूपमा मार्क्सलाई पेरिसबाट निकाला गरियो र उहाँ ब्रसेल्स सर्नुभयो । सन् १८४७को वसन्तमा मार्क्स र एंगेल्स गोप्य प्रचार समाज 'कम्युनिष्ट संघ' मा लाग्नुभयो र यस संघको द्वितीय महाधिवेशन (नोभेम्बर, १८४७, लण्डन) मा महत्वपूर्ण भूमिका खेल्नुभयो । महाधिवेशनले सुम्पेको अभिभाराअनुसार फेब्रुअरी, १८४८ मा प्रकाशित प्रख्यात 'कम्युनिष्ट घोषणापत्र' लेख्नुभयो । यस कृतिमा प्रतिभापूर्ण स्पष्टता तथा उज्वलतासाथ नयाँ विश्वदृष्टिकोण प्रस्तुत गरिएको छ, जसले युक्तिसंगत भौतिकवाद, सामाजिक जीवन र विकाससम्बन्धी सबभन्दा गहन र चौतर्फी ज्ञानको रूपमा द्वन्द्ववाद, वर्गसंघर्षको सिद्धान्त र नयाँ साम्यवादी समाजको निर्माताको रूपमा सर्वहाराको विश्व ऐतिहासिक क्रान्तिकारी भूमिकालाई अंगालेको छ ।

सन् १८४८ को फेब्रुअरी क्रान्ति शुरू भएपछि मार्क्स बेल्जियमबाट निकालिनुभयो । उहाँ फेरि पेरिस आउनुभयो र त्यहाँबाट मार्च क्रान्ति पछि जर्मनी, कोलन नै फर्किनुभयो । त्यहाँ सन् १८४८ को १ जूनदेखि १८४९ को १९ मे सम्म 'नयाँ राइन पत्रिका' निस्कियो, जसको प्रधान सम्पादक मार्क्स हुनुहुन्थ्यो । मार्क्सको नयाँ सिद्धान्त सन् १८४८-१८४९ का क्रान्तिकारी घटनाहरूले मात्र पुष्टि गरेका होइनन्, पछि गएर सम्पूर्ण विश्वका समस्त सर्वहारा तथा प्रजातान्त्रिक आन्दोलनहरूले यसको औचित्य प्रमाणित गरेका छन् । विजयी प्रतिक्रान्तिले सर्वप्रथम मार्क्समाथि मुद्दा चलायो (सन् १८४९ को फेब्रुअरीमा मार्क्सले यो मुद्दा जित्नुभयो) र त्यसपछि जर्मनीबाट निष्कासित गऱ्यो (१६ मे, १८४९)। मार्क्स पहिले पेरिस जानुभयो र १३ जून, १८४९ को प्रदर्शन पछि त्यहाँबाट पनि निष्कासित हुनुभयो र लण्डन जानुभयो, जहाँ आफ्नो जीवनको अन्त्यसम्म बस्नुभयो ।

उहाँको प्रवासी जीवन, जुन मार्क्स र एंगेल्सको पत्र-व्यवहारमा विशेष स्पष्टतासाथ देखिन्छ, (सन् १९१३ मा प्रकाशित ) अत्यन्त कठित थियो । गरीबीले मार्क्स र उहाँको परिवारको घाँटी अँठ्याएको थियो, एंगेल्सको साहसी आर्थिक सहयोग नपाएको भए, मार्क्सले 'पूँजी' मात्र लेखिसक्नु हुने थिएन, गरीबीको मारमा परेर उहाँको निःसन्देह निधन हुने थियो । यसबाहेक, निम्नबुर्जुवा सिद्धान्त र धाराहरू, सामान्यतः गैरसर्वहारा समाजवादी विचारधाराहरूको बाहुल्यताले गर्दा मार्क्सलाई यी विचारधाराहरूका विरूद्ध निरन्तर संघर्ष गर्नुपर्थ्यो र यदाकदा त घृणित र जङ्गली व्यक्तिगत लाञ्छनाको समेत उहाँले सामना गर्नुपरेको थियो । मार्क्सले प्रवासी मण्डलीहरूबाट अलगिएर विभिन्न ऐतिहासिक कृतिहरूमा भौतिकवादी सिद्धान्तको प्रतिपादन गर्नुभयो र आफ्नो विशेष ध्यान राजनैतिक अर्थशास्त्रको अध्ययनमा लगाउनुभयो । मार्क्सले आफ्ना कृतिहरू 'राजनैतिक अर्थशास्त्रको आलोचना' (सन् १८५९) र 'पूँजी' (खण्ड १, १८६७) मा यस विज्ञानमा क्रान्तिकारी परिवर्तन ल्याउनु भयो ।

> *मार्क्सका बालबच्चाहरूमध्ये केही लण्डनमा परिवारको दरिद्रतावस्थामा बाल्यकालमा नै मरे । उहाँका तीन जना छोरीहरू-एलेनोर एभेलिङ, लाउरा लाफार्ग र जेनी लोन्गे-बेलायत र फ्रान्सका समाजवादीहरूसँग विवाहित भए ।*

छैठौं दशकको अन्त्य र सातौं दशकतिर प्रजातान्त्रिक आन्दोलनको पुनरावृत्तिको समयमा मार्क्स पुनः व्यवहारिक क्रियाकलापमा लाग्नुभयो । सन् १८६४ मा (२८ सेप्टेम्बर) लण्डनमा विख्यात प्रथम इन्टरनेशनल 'अन्तरराष्ट्रिय मजदूर संस्था' को स्थापना भयो । मार्क्स यस समाजको मुटु हुनुहुन्थ्यो र यसको पहिलो सम्बोधन र थुप्रै, प्रस्ताव, विज्ञप्ति र घोषणापत्रहरूका लेखक हुनुहुन्थ्यो । विभिन्न देशका मजदूर आन्दोलनहरूलाई एकीकृत तुल्याउँदै, गैरसर्वहारा पूर्वमार्क्सवादी समाजवादका (माजिनी, प्रुडों, बाकुनिन, बेलायती ट्रेड-युनियनवाद, जर्मनीमा लासालवादी दक्षिणपन्थी भुकाउ आदि) विभिन्न रूपहरूलाई एउटै कार्यधारामा मोड्ने प्रयास गर्दै, यी विभिन्न सम्प्रदाय र स्कूलहरूका विरूद्ध संघर्ष गर्दै मार्क्सले विभिन्न राष्ट्रका मजदूरवर्गको सर्वहारा नीतिमा एकरूपता ल्याउने प्रयास गर्नुभयो । पेरिस कम्यूनको पराजयपछि (सन् १८७१); जसबारे मार्क्सले ('फ्रान्समा गृह-युद्धबारे' सन् १८७१)मा अत्यन्त गहन, सूक्ष्म, प्रतिभाशाली तथा प्रभावकारी, क्रान्तिकारी ढंगले मूल्याकंन दिनुभएको छ र बाकुनिनवादीहरूद्वारा इन्टरनेशनल फोडिएपछि यूरोपमा यस संस्थाको अस्तित्व असम्भव हुनगयो । सन् १८७२ मा हेगमा इन्टरनेशनलको महाधिवेशन सम्पन्न भएपछि मार्क्सले इन्टरनेशनलको महापरिषदलाई न्यू-योर्क सार्ने प्रस्ताव राख्नुभयो । प्रथम इन्टरनेशनले आफ्नो ऐतिहासिक भूमिका पूरा गऱ्यो । विश्वका समस्त राष्ट्रहरूमा अतुलनीय रूपमा बढ्दो मजदूर आन्दोलनले यसको स्थान लियो र खासगरी, यसै युगमा मजदूर आन्दोलनको परिधि विस्तृत हुँदैगयो र अलगअलग राष्ट्रहरूको आधारमा आम समाजवादी मजदूर पार्टीहरूको सिर्जना हुनथाल्यो ।


इन्टरनेशनलमा अथक परिश्रम र सैद्धान्तिक कार्यमा अझ बढी संलग्नताले मार्क्सको स्वास्थ्य पूर्णतः बिगारिदियो । उहाँले आफ्नो राजनैतिक अर्थशास्त्रको संशोधन र 'पूँजी' पूरा गर्ने कार्य जारी राख्नुभयो, थुप्रै नयाँ सामग्रीहरू बटुल्नुभयो र विभिन्न भाषाहरू (उदाहणार्थ रूसी) अध्ययन गर्नुभयो, तर अस्वस्थताले गर्दा उहाँले 'पूँजी' समाप्त गर्न सक्नुभएन ।

२ दिसेम्बर, सन् १८८१ मा उहाँकी पत्नीको देहावसान भयो । १४ मार्च, १८८३ मा आफ्नो कुर्सीमा मार्क्स सदाको लागि चीर निन्द्रामा पर्नुभयो । लण्डनको हाइगेट सेमिट्रीमा उहाँकी पत्नीको समाधिनेर मार्क्सको अन्त्यष्टि भयो । मार्क्सका बालबच्चाहरूमध्ये केही लण्डनमा परिवारको दरिद्रतावस्थामा बाल्यकालमा नै मरे । उहाँका तीन जना छोरीहरू-एलेनोर एभेलिङ, लाउरा लाफार्ग र जेनी लोन्गो-बेलायत र फ्रान्सका समाजवादीहरूसँग विवाहित भए । जेनी लोन्गोका छोरा फ्रान्सेली समाजवादी पार्टीका सदस्य छन् ।

❑

(अनु. राजेन्द्र मास्के)

# संयुक्त राज्य अमेरिकाका राष्ट्रपति अब्राहम लिंकनको नाममा कार्ल मार्क्सको सन्देश



*अमेरिकामा विराट संघर्षको प्रारंभदेखि नै यूरोपका मजदूरहरुले आफ्नो सहज बुद्धिका साथ के अनुभव गरिहेका छन् भने तारा अंकित यो झण्डा उनीहरुको आफ्नो वर्गको भाग्यसँग जोडिएको छ ।*

महोदय,

अत्यन्त ठूलो बहुमतद्वारा तपाईलाई पुनः निर्वाचित गरिएको अवसरमा हामी अमेरिकी जनतालाई बधाई दिन्छौं । दास-स्वामीहरुको शक्तिको प्रतिरोध तपाईको पहिलो निर्वाचनको मर्यादित नारा थियो भने तपाईको पुनर्निर्वाचनको विजयपूर्ण युद्धघोष हो- दासप्रथाको मृत्यु होस् !

अमेरिकामा विराट संघर्षको प्रारंभदेखि नै यूरोपका मजदूरहरुले आफ्नो सहज बुद्धिका साथ के अनुभव गरिहेका छन् भने, ताराअंकित यो झण्डा उनीहरुको आफ्नो वर्गको भाग्यसंग जोडिएको छ । क्षेत्रहरुको लागि भएको संघर्षले यस कठोर महाकाव्य (dire epopee) को श्रीगणेश गऱ्यो । यस संघर्षले असीम विस्तार भएको अछूतो धरती प्रवासीहरुको श्रमको लागि छोडिने हो कि दासहरुलाई हाँक्नेहरुको खुट्टाबाट कलंकित पार्नदिने हो भन्ने प्रश्नमा फैसला गर्नुपर्छ कि पर्दैन ?

तीन लाख दासस्वामीहरुको अल्पतन्त्र (oligarchy) ले विश्वको इतिहासमा पहिलो पटक सशस्त्र विद्रोहको झण्डामाथि 'दासप्रथा'को नारालाई अंकित गर्ने हिम्मत गऱ्यो । त्यो पनि ठीक त्यस्तो ठाउँमा, जहाँ मुश्किलले एक शताब्दी पहिले मात्रै एकीकृत महान प्रजातान्त्रिक गणतन्त्रको विचार उत्पन्न भएको थियो, जहाँ मानव अधिकारहरुको पहिलो घोषणा-पत्र जारी गरिएको थियो, जहाँबाट १८ औं शताब्दीको युरोपेली क्रान्तिलाई प्रथम संवेग प्रदान गरिएको थियो, ठीक त्यही ठाउँमा प्रतिक्रान्तिले संगतिपूर्ण ढंगले 'पुरानो संविधानको रचनाको समयमा फ्याँकिएका विचारहरु'लाई रद्द गर्न सकेकोमा आत्मप्रशंसा गरिरहेको थियो र दावीका साथ घोषणा गरिरहेको थियो- 'दासप्रथा लाभदायी व्यवस्था हो, बस्तुतः श्रमसँग पूँजीको सम्बन्धको ठूलो समस्याको एक मात्र समाधान यो हो ।' अनि मानिसमाथिको स्वामित्वलाई 'नयाँ भवनको आधारशीला'को रुपमा खिसीट्यूरीपूर्वक घोषणा गरिरहेको थियो ।

तब यूरोपको मजदूर वर्गले तुरुन्तै, महासंघीय भद्रपुरुषहरु (confederate gentry) प्रति माथिल्लो वर्गले मतान्धताले भरिपूर्ण पक्षधरताद्वारा अमंगलसूचक चेतावनी दिनुभन्दा पहिले नै, के ठानीसकेको थियो भने, दासस्वामीहरुको विद्रोह श्रमको विरुद्ध पूँजीको आम जेहाद (crusade)को आह्वान हो र गरीखाने जनताको भाग्य, भविष्यका आशाहरु अनि उनीहरुका विगतका विजयहरु समेत अटलान्टिक सागरको पारिपट्टि चलिरहेको विशाल संघर्षको दाउमा परिरहेका छन् । त्यसैले उनीहरुले कपास-संकट मार्फत् लादिएका कठिनाइहरुलाई समेत सर्वत्र धैर्यपूर्वक सहे, उनीहरुले दासप्रथाको पक्षमा हस्तक्षेप गर्नको लागि सत्ताधारीहरुद्वारा गरिएको भरमग्दुर प्रयासको पनि उत्साहपूर्वक विरोध गरे । अनि यूरोपका अधिकांश भागहरुमा उचित ध्येयका लागि आफ्नो रगत प्रदान गरे ।

जबसम्म मजदूरहरुले, उत्तरको वास्तविक राजनीतिक शक्तिले दासप्रथालाई आफ्नो गणतन्त्रमाथि कलंक थोपर्ने मौका दिए, जबसम्म आफ्नो सहमतिविना नै बाध्यतापूर्वक किनबेचमा पारिने नीग्रोहरुका सामु उनीहरुले गोरो छाला भएका मजदूरहरुसँग आफूलाई बेच्ने र आफ्नो मालिक छान्ने ठूलो विशेषाधिकार छ भनेर डिंग हाके, तबसम्म उनीहरु श्रमको वास्तविक स्वतन्त्रता प्राप्त गर्ने मामलामा असमर्थ भइरहे र आफ्ना यूरोपेली बन्धुहरुको मुक्ति-संघर्षलाई समर्थन गर्ने मामलामा पनि असमर्थ भइरहे । परन्तु प्रगतिको बाटोमा खडा भएको यस बाधालाई गृहयुद्धका रक्तरंजित लहरहरुले बगाएर लगे ।

यूरोपका मजदूरहरु विस्वस्त छन्-जसरी अमेरिकी स्वतन्त्रता संग्रामले पूँजीपति वर्गको प्रभुत्वको नयाँ युगको सूत्रपात गऱ्यो, त्यसरी नै दासप्रथाविरोधी अमेरिकी युद्धले मजदूर वर्गको प्रभुत्वको युगको सूत्रपात गर्नेछ । उनीहरु के कुरालाई आउँदो युगको ग्यारेन्टी मान्दछन् भने, जंजीरले बाँधिएको नश्ल (race) को उद्धार गर्नका लागि र एउटा सामाजिक व्यवस्थाको पुनर्निर्माण गर्नका लागि हुने अभूतपूर्व संघर्षमा आफ्नो देशको नेतृत्व गर्ने सौभाग्य मजदूर वर्गका आत्मीय पुत्र अब्राहम लिंकनलाई प्राप्त भएको छ ।

(मार्क्सद्वारा २२ र २९ नोभेम्बर, १८६४ को बीचमा लिखित यो पत्र The Bee-Hive Newspaper को अंक १६९ मा ७ जनवरी, १८६५ मा प्रकाशित भएको थियो ।)

अनु:राम


नयाँ वर्ष २०५७ को सुखद् उपलक्ष्यमा हाम्रा ग्राहकहरू तथा समस्त देशवासीमा

हार्दिक मंगलमय शुभकामना

व्यक्त गर्दछौं ।

नेपाल बैंक लिमिटेड परिवार

नेपाल बैंक लिमिटेड (स्थापित १९९४)



◄ आँखीझ्याल

*राष्ट्रपतिको चुनावमा प्रतिस्पर्धा गर्दै जुगानोभ (बायाँ) र पुटिन (दायाँ)*

# रूसी संसदको चुनाव
# कम्युनिष्टहरू फेरि नंवर एक स्थानमा

दीपक वैद्य

सोभियत संघ ढलेको आठ वर्षपछि गत पुष ४ गते संपन्न रूसी तल्लो संसद राज्य-दुमाको तेश्रो आम चुनावमा फेरि दोश्रो पटक पनि रूसी कम्युनिष्ट पार्टीले नंवर एक स्थान ल्याएर विश्वलाई चकित पारिदिएको छ । वोरीस यल्तसीनले ल्याएको सन् १९९३ को नयाँ संविधान मुताविक स्थापित ४५० सीटको राज्य-दुमामा रूसी महासंघको कम्युनिष्ट पार्टी एक्लैले ११३ सीट ल्याएर संसदको सबैभन्दा ठूलो र बलवान पार्टी हुनपुगेको कुरा अझै विश्व राजनीतिक क्षेत्रमा चर्चाको विषय नै रहेको छ । यसपालिको चुनावमा व्यापक धाँधली भएको र यो सबैभन्दा फोहोरी चुनाव भएको तथ्य विश्व प्रसिद्ध पूँजीवादी बेलायती पत्रिका "द इकोनोमिष्ट" र "द गार्जियन"ले स्वयम् उल्लेख गरेका छन् । तथापि राज्यशक्तिको व्यापक दुरूपयोग गरेर अतुलनीय धाँधली गर्दा पनि र करोडौं डलरको खोलो बगाउँदा पनि कार्यवाहक राष्ट्रपति भ्यादीमीर पुटिनको सत्तारूढ यूनीटी पार्टीले दुमामा खालि ७२ सीट मात्र ल्याउन सकेको छ । यसरी ऊ कम्युनिष्ट पार्टीको तुलनामा डेढीभन्दा पनि कम सीट ल्याएर दोश्रो स्थानमा खुम्चिन पुगेको छ ।

## रुसको संसद नयाँ दुमा अब कस्तो देखिनेछ ?

| *पार्टीको नाम* | *प्राप्त कुल सीट* | *पार्टी सूचीको आधारमा प्राप्त मत प्रतिशत* |
|---|---|---|
| ❑ रूसी महासंघको कम्युनिष्ट पार्टी | ११३ | २४.२ |
| ❑ यूनीटी पार्टी | ७२ | २३.२ |
| ❑ फादरल्याण्ड अल रसिया | ६६ | १२.० |
| ❑ यूनीयन अफ राइट फोर्सेज् | २९ | ८.० |
| ❑ याब्लोको पार्टी | २१ | ६.० |
| ❑ भ्लादीमीर भिरिनोभ्स्कीको लिवरल डेमोक्रेटिक पार्टी | १७ | ६.० |
| ❑ स्वतन्त्र र अन्य | १३१ | - |
| जम्मा सीट | ४४९ | |

◆ चेचेन्यामा युद्धले गर्दा एक सीटमा चुनाव हुन सकेन

*स्रोत : Reuters, The Economist*

अमेरिका र बेलायतमा संसदको आम चुनाव हुँदा जनताहरू व्यक्ति सांसदको छानौट गर्ने गर्छन् । रूसमा भने संसदीय चुनाव सम्पूर्ण राजनीतिक प्रणालीकै जनमत संग्रहजस्तो हुनेगर्छ । यसपालिको रूसी संसदको आम चुनावले छर्लंगै देखाएको छ- रूसी जनता रूसमा अभ्यास भएको झण्डै एक दशक लामो बर्बादीपूर्ण पूँजीवादप्रति अत्यन्त असंतुष्ट छन् । र, उनीहरू परिवर्तनको खोजीमा छन् ।

रूसी जनताको यो अभिमत केबाट पनि उदाग भएको छ भने, रूसको नयाँ संसदमा सत्ता नजिकका दक्षिणपन्थी चारवटा पार्टीको कुल सीट जोड्दा जम्मा १२५ मात्र हुनसकेको छ । अर्थात्, संपूर्ण संसदको एक चौथाई स्थान मात्र उनीहरूको कब्जामा छ । परन्तु, रूसी संसदमा दुईवटा बामपन्थी र मध्य वामपन्थी पार्टीको १७९ सीटमा कब्जा देखिन्छ । यसको तात्पर्य, उनीहरूले रूसी संसदको करिव ४० प्रतिशत सीटमाथि फेरि दोश्रो पटक पनि हालीमुहाली कायम गरेका छन् । स्मरणीय छ, अघिल्लो संसदमा पनि वामपन्थीहरू ४० प्रतिशत स्थानमै थिए र संसदको १८० सीट उनीहरूको हातमा थियो ।

अहिलेको चुनावमा तेश्रो स्थानमा झण्डै सत्तारूढ पार्टी सरह-सरह नै सीट ल्याएर भूतपूर्व प्रधानमन्त्री यिभ्गोनी प्रिमाकोभको नयाँ मध्य वामपन्थी पार्टी- "फादरलैण्ड अल रसिया" उदीयमान भएको छ । संसदमा ऊ एक्लैले ६६ सीट हासिल गरेको छ । यसपालिको संसदमा त्यो पार्टी र कम्युनिष्ट पार्टीको धेरै सवालमा साझेदारी हुने संभावना देखिन्छ । यी दुई पार्टीको सीट जोडेर नै माथि वामपन्थीहरूले १७९ सीट ल्याएको तथ्य प्रस्तुत गरिएको हो ।

हाल चलिरहेको चेचेन्याको विनाशकारी वाहियात लडाईको आलोचक मध्यपन्थी उदारवादी प्रतिपक्ष याब्लोको ब्लकले पनि संसदमा यसपालि २१ सीट ल्याएको छ । पहिलेको संसदमा उसले ल्याएको ४५ सीटको हिसाव गर्दा उसले यसपालि पहिलेको चुलनामा आधाभन्दा पनि कम स्थान मात्र हासिल गरेको छ । परन्तु पहिलेको संसदमा उसले उदारवादी पूँजीवादी प्रतिपक्षको भूमिका निभाएको थियो र अहिले पनि सरकारविरोधी खासखास सवालमा उसले वामपन्थीहरूलाई साथ दिने संभावना छ । यस हिसावले संगठित प्रतिपक्ष २०० स्थानमा भएको यसपालिको संसद फेरि पनि अनुभवहीन 'भाग्योदय'मार्का कार्यवाहक राष्ट्रपति भ्ल्यादीमीर पुटिनको निम्ति फलामको च्यूरासरह हुने निश्चित देखिन्छ । त्यसमाथि थप, यसपालि १०० भन्दा ज्यादा स्थानमा स्वतन्त्रहरू जितेर आएका

**यसपालिको संसद फेरि पनि अनुभवहीन भाग्योदयमार्का कार्यवाहक राष्ट्रपति भ्ल्यादीमीर पुटिनको निम्ति फलामको च्यूरासरह हुनेछ**

# रूसी राज्य दुमाको दोश्रो आम चुनावको परिणाम, डिसेम्बर १७/१९९५)

| पार्टीको नाम | पार्टी सूचीमा आधारमा प्राप्त मत प्रतिशत | पार्टी सूचीको आधारमा प्राप्त सीट संख्या | एक चुनाव क्षेत्र एक सीटका आधारमा प्राप्त सीट संख्या | कुल सीट संख्या |
|---|---|---|---|---|
| १. रूसी महासंघको कम्युनिष्ट पार्टी | २२.३ | ९९ | ५८ | १५७ |
| २.फादरल्याण्ड अल रसिया | १०.१ | ४५ | १० | ५५ |
| ३. लिवरल डेमोक्रेटिक पार्टी अफ रसिया | ११.२ | ५० | १ | ५१ |
| ४. याव्लोको पार्टी | ६.९ | ३१ | १४ | ४५ |
| ५. एग्रेगियन पार्टी | ३.९ | - | २० | २० |
| ६. रसियाज डेमोक्रेटिक च्वाइस् | ४.० | - | ९ | ९ |
| ७. जनतालाई सत्ता | १.७ | - | ९ | ९ |
| ८. अन्य पार्टीहरू | - | - | २७ | २७ |
| ९. स्वतन्त्र | - | - | ७७ | ७७ |
| कुल जम्मा | - | २२५ | २२५ | ४५० |

स्रोत : *Keesing's Reocrd of world events, December 1995*

छन् । केही पर्यविक्षकहरूको अनुमान के छ भने, यसमध्ये एक तिहाईले खासखास सवालमा वामपन्थीहरूलाई साथ दिने संभावना छ । त्यसो भयो भने, रूसी संसद दुमा राष्ट्रपति पुटिनको निम्ति फेरि पनि भालुको कन्पट सावित हुनेछ । सरकारी बजेट, नीति र नाजायज सन्धिहरू संसदबाट ज्यूकात्यूँ पारित गराउन महा मुश्किल हुनेछ । भर्खरै गत माघ २२ गते प्रारम्भ भएको डुमाको नयाँ संसदमा सभामुखमा पुरानै कम्युनिष्ट उम्मेदवार गेन्नाडी सेलेज्न्योभ पुनः निर्वाचित हुनुले यो संकेत शुरूमै प्रष्टसित देखिइसकेको छ ।

यसपल्टको चुनावमा ठूलो बिजोग येल्तसीनकालीन भू.पू. प्रधानमंत्री भिक्टर चेर्नोमेदिनको दक्षिणपन्थी पार्टी "हाम्रो घर रसिया हो " को भएको छ । रूसलाई जवर्दस्ती बजार अर्थतन्त्रतिर घचेट्ने महारथीमध्ये एक उनको पार्टीलाई रूसी जनताले चुनावमा लगभग किनारा लगाइदिएका छन् । गएको दुमामा ५५ स्थान भएको उनको पार्टीले यसपल्ट सिर्फ ७ स्थान मात्र प्राप्त गरेको छ । पार्टी सूचीका आधारमा दुमाको २२५ स्थानमा हुने पार्टीगत अनुपातीय चुनावमा यो पार्टीले यसपल्ट एकजना सांसद पनि छिराउन समर्थ भएन । पहिले कम्युनिष्टपछि दोश्रो स्थानमा आएको यो प्रतिगामी पार्टी अहिलेको चुनावमा सातौं स्थानमा धकेलिन पुगेको छ । बजारअर्थतन्त्र र त्यसका रथी-महारथीहरूप्रति रूसी जनमत कस्तो धारणा राख्छ ? त्यो यो चुनावी परिणामले उदांगो पारेको छ ।

त्यस्तै कन्तविजोग भ्लादीमीर झिरिनोभ्स्कीको उग्र-राष्ट्रवादी अति दक्षिणपन्थी लिवरल डेमोक्रेटिक पार्टीको पनि भएको छ । यसअघि संसदमा ५१ सीट ल्याएर तेश्रो बलवान पार्टी हुनपुगेको यो पार्टी अहिले त्योभन्दा ठीक तीन गुणा कम अर्थात् सिर्फ १७ सीट ल्याएर छैठौं स्थानमा थाच्चिन पुगेको छ । वकालत उग्र राष्ट्रवादको गरे पनि निर्णायक घडीमा हमेशा क्रैमलीनलाई समर्थन गर्ने यो पार्टीलाई रूसी जनताले यसपल्ट


**बहुसंख्यक जनता यस्तै सुधारवादी चेतनाका छन् र उनी-हरूबीच ज्युगानोभको सुधारवादी बाटो लोकप्रिय छ**

मतदानमा नराम्रो झापड दिएका छन् । रूसको नजीकरणका पिता अनातोली चुवाइसको अति दक्षिणपन्थी नयाँ पार्टी 'यूनियन अफ राइट कोर्सेज' (दक्षिणपन्थी शक्तिहरूको संघ)ले पनि यसपालिको चुनावमा २९ सीट सिवाय ल्याउन सकेन । संसदमा उसको स्थान भू.पू. प्रधानमन्त्री प्रिमाकोभको नयाँ पार्टी 'फादरलैण्ड अल रसिया' र 'अखिल रूसी पितृभूमि' भन्दा पनि पछाडि र चौथो हुनगएको छ । जनताले पार्टी सूचीको आधारमा सिधै पार्टीलाई दिने अनुपातीय मत उसले खालि ८ प्रतिशत मात्र पाउन सक्यो , जब कि प्रिमाकोभको पार्टीले १२ प्रतिशत ।

यस प्रकार यसपालिको आम चुनावले के संकेत गरेको छ भने रूसमा दक्षिणपन्थी पूँजीवादी शक्तिहरू निकै अलोकप्रिय भएका छन् । कम्युनिष्टहरूको लोकप्रियता त्यहाँ क्रमशः बढ्दैछ भन्ने कुरा कुन तथ्य-तथ्यांकले प्रष्टरूपमा देखाइरहेको छ भने रूसी कम्युनिष्ट पार्टीले सन् १९९३ को पहिलो राज्य दुमाको आमचुनावमा पार्टी सूचीवाला मतदानमा सिर्फ १२.०४ प्रतिशत मत प्राप्त गरेको थियो, १९९५ को दोश्रो आमचुनावमा त्यो बढेर २२.३ प्रतिशत पुग्यो; अहिलेको पटक उसले २४.२ प्रतिशत मत हासिल गरेको छ । अर्थात् पहिलेको भन्दा २ प्रतिशत ज्यादा । रूसी राज्य दुमाको पहिलो चुनावमा गेन्नाडी ज्युगानोभले नेतृत्व गरेको कम्युनिष्ट पार्टीको संसदमा तेश्रो स्थानमात्रै थियो । दोश्रो आम चुनावमा पुग्दा ऊ फड्को हानेर पहिलो स्थानमा उक्लियो । अहिले पनि उसले त्यो एकनंवरको स्थान ज्यूँकात्यूँ कायम गरेको छ । यद्यपि संसदमा उसको सीट यसअघिको १५७ बाट घटेर ११३ मात्र भएको छ । पार्टीलाई दिइने लोकप्रियताको मत चाहिं पहिलेभन्दा झन्झन् बढ्नु, परन्तु एक चुनाव क्षेत्र- एक उम्मेदवारवाला सीट चाहिं यसपालि आएर घट्नुको कारण रूसी कम्युनिष्ट पार्टीले सरकारद्वारा गरिएको ब्यापक धाँधलीलाई ठहऱ्याएको छ ।

ज्युगानोभको कम्युनिष्ट पार्टी नाममा कम्युनिष्ट पार्टी भए पनि उसका नीति र कार्यक्रमहरू हेर्दा जम्माजम्मीमा सुधारवादी देखिन्छ, नेपालको माले एमाले जस्तै । परन्तु चुनाव परिणामले के देखाएको छ भने, बहुसंख्यक जनता यस्तै सुधारवादी चेतनाका छन् र उनी-हरूबीच ज्युगानोभको सुधारवादी बाटो लोकप्रिय छ ।

उता दक्षिणपन्थी खेमामा भने घट्दो लोकप्रियताको कारणले सत्तारूढ पार्टीहरू एउटै दल बनाएर चुनाव लड्न सकेनन् । उनीहरूले जसोतसो भोट तान्न अलग अलग पार्टी वा ब्लक बनाएर चुनाव लडे । सत्तारूढ पार्टीसित चुनावमा जनताबीच जान र जनताको समर्थन प्राप्त गर्न कुनै मुद्दा नै थिएन । त्यसैले खालि चुनावको निम्ति जनताको भोट तान्ने मुद्दा सिर्जना गर्नकै लागि भनेर गत सेप्टेम्बरमा नाटकीय रूपमा चेचेन्यामा युद्ध छेडियो । पश्चिमी जगतले चेचेन्या युद्धको चर्को विरोध गरेजस्तो गर्ने, येल्तसीनले अमेरिका र यूरोपलाई नटेरे जस्तो गर्ने, रूस पनि आणविक हतियार भएको देश हो भनेर चुनौती दिने नाटक रचियो । सत्ता नजिकका पुराना सबै पार्टीले जनताको विश्वास गुमाइसकेको हुनाले चुनावको दुई महिनाअघि मात्र यूनीटी पार्टी (एकता पार्टी) नामको नयाँ पार्टी जन्माइयो । यथार्थमा युनीटी पार्टीसित न कुनै कार्यक्रम थियो, न कुनै नीति, न कुनै संगठनात्मक ढाँचा, न भुइँतहको संगठन र न जन-समर्थन । योसित बाहिर देखाउनका लागि जम्मा दुईजना नेतामात्र थिए: सर्गेइ शोइगु, (जो इमर्जेन्सी मंत्री थिए ) र अलेक्ज्याण्डर कारेलिन (जो ओलम्पिकमा तीनवटा स्वर्ण पदक जित्ने कुश्तीवाज पहलमान थिए ) । तथापि, चेचेन्यां



*जुगानोभ (बायाँ) र पुटिन (दायाँ)*

> **कम्युनिष्ट पार्टीले पहिलेको २२ प्रतिशत मतको तुलनामा अहिले २४ प्रतिशत मत ल्याएको समाचार बि.बि.सी. जस्तो 'सत्य तथ्य खवर' र निष्पक्षताको फुर्ती लाउने पूँजीवादी माध्यमले समेत प्रसार गरेन**

युद्ध, पैसाको खोलो र अभूतपूर्व धाँधली र राज्यशक्तिको दुरूपयोगद्वारा- यही युनीटी पार्टीले पार्टी सूचीवाला अनुपातीय चुनावमा २३ प्रतिशत मत ल्यायो । लगभग सारा पश्चिमी संचार माध्यमहरूले रूसी संसदमा वामपन्थीहरूले फेरि पनि पहिलेजस्तै दुमाको ४० प्रतिशत सीटमा कब्जा जमाएको खबरलाई पूरै ब्ल्याक-आउट गऱ्यो । त्यहाँ ज्यूगानोभको कम्युनिष्ट पार्टीले पहिलेको २२ प्रतिशत मतको तुलनामा अहिले २४ प्रतिशत मत ल्याएको समाचार बि.बि.सी. जस्तो "सत्य तथ्य खवर" र निष्पक्षताको फुर्ती लाउने पूँजीवादी विश्वसंचार माध्यमले समेत प्रसार गरेन । न्यूजवीक, टाइम र न्यूयोर्क टाइम्सजस्ता प्रसिद्ध अमेरिकी पत्रिकाहरूले त रूसी चुनावको रिजल्ट नै संपूर्णरूपमा ब्ल्याक-आउट गरे । परन्तु सबैले एउटै खबर हाइलाइट गरेर छापे- बिल्कुलै नयाँ यूनीटी पार्टी २३ प्रतिशत मत ल्याएर कम्युनिष्ट पार्टीको हाराहारीमा आइपुगेको छ । पूँजीवादी विश्व संचारमाध्यमहरूको तथाकथित "निष्पक्षता" र "सत्यपरकता" यसपालिको रूसी चुनावको परिणाम दिने मामलामा अत्यन्त छर्लंगसित पर्दाफास भयो । कसको असली रंग के हो- स्पष्टसित उदाङ्गो भयो ।

परन्तु, रूसी चुनावमा भएको व्यापक धाँधलीलाई भने उनीहरूले समेत छोपछाप पार्न सकेनन् ।

बेलाइतको प्रशिद्ध The Guardian पत्रिकाले डिसेम्बर २० को अंकमा लेख्यो "...हिजोको मतदान अपरिहार्यरूपमा दोषपूर्ण थियो, जस्तो कि यस अगाडिको चुनावी अभियान दोषपूर्ण थियो । चुनावमा भाग लिनेहरूका अनुसार सरकारी आँकडा र पर्यवेक्षकहरूका अनुसार यो अहिलेसम्मको चुनावमा सबैभन्दा फोहोरी चुनाव थियो ।

बेलाइतकै अर्को विश्वप्रशिद्ध पत्रिका The Economist ले डिसेम्बर १८ को अंकमा लेख्योः "क्रेमलीनवाला-हरू फोहोरमध्ये पनि सबैभन्दा फोहोरी ट्रिकहरू खेल्नका निम्ति जेजति खर्च गर्न पनि समर्थ छन्, त्यहाँ सरासर फोहोरी ट्रिकहरू खेलिएका छन्, जुन सार्वजनिक सभा भइरहेको बेला बिजुलीको लाइन काटी दिनेदेखि लिएर योजनाबद्ध अत्याचारका हल्लाहरू मच्चाई दिने अथवा सिधासिधा नोकरशाहीतन्त्रले बाधाव्यवधान खडा गरिदिने कुरासम्मका छन् ।"

द गार्जियन पत्रिकाका अनुसार यसपटकको चुनावमा यूनीटी पार्टीले चेचेन्याको युद्ध, पैसा र टेलिभिजनको व्यापक दुरूपयोगद्वारा प्रधानमंत्री पुटिनले अपेक्षा नै नगरेको परिणाम हासिल गऱ्यो ।

हमेशा रक्सी धोकेर टिल्ल परेर बस्ने र मानसिक सन्तुलन गुमेको स्थितिमा पुगिसकेको येल्तसीनले त्यति राम्ररी पैसाको, धाँधलीको र चुनावी नाटकहरूको ब्यवस्थापन गर्न नसक्ने हुनाले चुनावको चार महीनाअघि मात्र भूतपूर्व के.जी.बी. कर्मचारी भ्लादीमीर पुटिनलाई नयाँ प्रधानमन्त्रीका रूपमा चुनावकै निम्ति ल्याइएको थियो । अन्यथा गएको अगस्त महीना अगाडिसम्म रूसी राजनीतिमा पुटिनको नाम कसैलाई थाहा थिएन । त्यस्तै, गएको सेप्टेम्बर अगाडिसम्म युनीटी पार्टीको नाम कुनै पनि रूसीलाई थाहा थिएन ।

यस पटकको रूसी दुमाको आम-चुनाव यसरी रूसी पूँजीवादी राज्यद्वारा पश्चिमेली पूँजीवादी केन्द्रको प्रत्यक्ष सहायतामा अत्यन्त व्यवस्थित ढंगले मंचन गर्न खोजिएको महानाटक थियो । तथापि, जतिसुकै दुष्प्रयत्न गरे पनि- यो चुनावमा सत्तारूढ पार्टी एकनंबरको स्थानमा आउन समर्थ भएन । त्यतिमात्र होइन, सत्ता नजिकका चारैवटा दक्षिणपन्थी पार्टीहरू युनीटी पार्टी (७२ सीट), यूनीयन अफ राइट फोर्सेज (२९ सीट) लिवरल डेमोक्रेटिक पार्टी (१७ सीट) र आवर होम इज रसिया (७ सीट)को कुल सीट एकै ठाउँमा मिलाउँदा पनि तिनीहरूले संसदमा आवश्यक बहुमत पुऱ्याउन समर्थ भएनन् । लाख जुक्ति गर्दा पनि कुल संसदीय सीटमा यिनीहरूको कुल हालीमुहाली खालि एक चौथाइ सीटमा मात्र रह्यो ।

यो चुनावी परिणामले दुइटा कुराको स्पष्ट संकेत गरेको छ : एउटा, रूसी जनताले आठै बर्षमा त्यहाँका संपूर्ण पूँजीवादी पार्टीहरू र नेताहरूप्रति विश्वास गुमाएका छन् । अब पूँजीवादी संसदीय पार्टीहरू आफै पूँजीवादी प्रजातान्त्रिक संसदीय बाटोबाट त्यहाँ सत्तामा जाने र शासन चलाउने स्थितिमा छैनन् । अब संसदीय चुनाव लड्नसमेत उनीहरूलाई गैर-संसदीय उपाय- 'युद्ध' चाहिने भएको छ । दोश्रो, रूसी जनता विद्यमान ब्यवस्थामा परिवर्तन चाहन्छन् । खोजी उनीहरूको सक्षम बैकल्पिक नेतृत्वको छ, जो उनीहरूले पाइरहेका छैनन् ।

संसदको चुनावपछि अब रूसको संपूर्ण ध्यान आगामी मार्च २६ मा हुनगइरहेको रूसको सर्वशक्तिमान पद राष्ट्रपतिको चुनावमा केन्द्रित भएको छ । सारा पूँजीवादी विश्व अहिले कार्यवाहक राष्ट्रपति पुटिनलाई त्यो पदमा जिताउन मरिमेटिरहेछन् । परन्तु पुटिनसित भने चुनाव लड्ने कुनै लोकप्रिय मुद्दा नै छैन, न उनीसित व्यक्तित्व छ, न अनुभव, न करिश्मा । उनी रूसको नेतृत्व गर्न सक्षम छन् भनेर सावित गरेर देखाउन नै अहिले चेचेन्यामा महाविनाशकारी युद्ध भइरहेछ । तथापि भीषण आक्रमण गरेर चुनावअघि मार्च महीनाको पहिलो हप्तामा युद्ध सिध्याउने र यसैलाई पुटिनको सक्षमताको मूल प्रमाण र मुद्दा बनाएर चुनाव जित्ने भनिएको यो युद्ध यति छिटै पुटिनको जीतबाजीमा टुगिने निश्चित छैन । यसपालिको राष्ट्रपतिय चुनावमा पुटिनको घम्साघम्सी सुधारवादी "कम्युनिष्ट" नेता- ज्यूगानोभसित पर्ने निश्चित देखिन्छ । को जित्ला, अहिल्यै भन्न सकिन्न । ❑

## रूसको तल्लो संसद राज्य दुमाको पहिलो आम चुनाव- डिसेम्वर, १२, १९९३)

# कसले कति सीट ल्याएको थियो ?

| पार्टीका नाम | पार्टी सूचीमा आधरमा प्राप्त मत प्रतिशत | पार्टीमा सूचीमा आधारमा प्राप्त सीट संख्या | एक चुनाव क्षेत्र एक सीटका आधारमा प्राप्त सीट संख्या | कुल सीट संख्या |
|---|---|---|---|---|
| १. रसियाज् च्वाइस | १५.४ | ४० | ५६ | ९६ |
| २. लिवरल डेमोक्रेटिक पार्टी | २२.८ | ५९ | ११ | ७० |
| ३. रूसी महासंघको कम्युनष्टि पार्टी | १२.४ | ३२ | ३३ | ६५ |
| ४. एग्रेगियन पार्टी | ७.९ | २१ | २६ | ४७ |
| ५. याब्लोको ब्लक | ७.८ | २० | १३ | ३३ |
| ६. पार्टी अफ रसियन यूनिटी एण्ड एकर्ड | ६.८ | १८ | ९ | २७ |
| ७. रूसका महिलाहरू | ८.१ | २१ | ४ | २५ |
| ८. रूसको प्रजातान्त्रिक पार्टी | ५.५ | १४ | ७ | २१ |
| ९. अन्य पार्टीहरू | - | - | ३० | ३० |
| १०. स्वतन्त्रहरू | - | - | ३० | ३० |
| जम्मा सीट संख्या | | | | ४४४ |

◆ बहिष्कारले गर्दा चेचेन्याको छ सीटमा चुनाव हुन सकेन ।

*स्रोत : इतार ताख न्यूज एजेन्सी*

नव युवा
मासिक
म्याराडोनाः फुटबलका विश्वविख्यात जादुगर
- फुटवल खेलका विश्व चर्चित नायक डिएगो म्याराडोनाको जीवनका उकाली-ओरालीहरू
◆ डाक्टर साहेबहरू, मसला फिल्म नै किन बनाउने ?
❑ कविता लेख्दा पनि सर्वश्वहरणसहित जन्मकैद !
तथा
अन्य रोचक सामग्रीका साथ नयाँ अंक बजारमा उपलब्ध छ ।

# कामकुरो एकातिर कुम्लो बोकी ठिमीतिर

◆ चन्द्रदेव नेपाली ◆



❑ काठमाण्डौमा आयोजित एउटा पुस्तक विमोचन कार्यक्रममा एकजना 'विद्वान' महोदयले मंचमा गएर बोल्ने क्रममा विमोचित पुस्तकबारे आफ्नो मन्तव्य दिनुपर्नेमा अन्यअन्य कुराहरू प्रशस्त बोले तर पुस्तकबारे भने जम्माजम्मी दुई-चार वाक्य मात्र बोले ।

❑ एउटा संगठनको सम्मेलन उद्घाटन समारोहमा शुभकामना मन्तव्य दिन मंचमा गएका एक 'वृद्ध व्यक्तित्व' ले आफूलाई पाँच मिनेट बोल्न दिइएको समय-सीमालाई मिचेर पच्चीस मिनेट बोले तर शुभ-कामना दिने काम गर्नुभन्दा बढी उनले आफ्नो इतिहासको बखान गरे । यो बखान त्यस समारोहका निम्ति बिल्कुलै असान्दर्भिक थियो । उनको इतिहासको बखान स्वयं महत्वहीन त थिएन तर त्यस अवसरमा त्यो बखान स्रोताहरूको लागि एकदमै भिन्भिनयाटलाग्दो सावित भयो ।

❑ एउटा गाउँको पुस्तकालय भवनको उद्घाटन समारोहमा प्रमुख अतिथि भएर गएका जिल्ला विकास समितिका 'सभापतिज्यू' ले आफ्नो भाषणमा जिल्ला विकास समितिका उपसभापतिको विरोधमा लामो मन्तव्य दिए । उनीपछि बोल्ने जिल्ला-क्षेत्रीय सदस्यले उनलाई 'जवाफ दिएर' भाषण गरे, उप-सभापतिको बचाव गरे । पछि बोल्ने अर्का वक्ताले पनि यही विवादमा आफूलाई होमे । त्यसपछि बोल्ने वरिष्ठ वक्ताले यस्ता असान्दर्भिक विवादहरूका विरूद्ध मन्तव्य दिए । सवैथोक भयो तर पुस्तकालय स्वयंका बारेमा खासै कसैले केही बोलेन । पुस्तकालय संचालनमा जुटेका गाउँका युवाहरू छक्क परे, उनीहरूको उत्साह सेलाएर गयो ।

❑ हालै मात्र काठमाण्डौमा नेपाली साहित्यको इतिहासको काल विभाजन कसरी गर्नु उपयुक्त हुन्छ भन्ने विषयमा भएको एउटा विचार-गोष्ठीमा एकजना विद्वान प्राध्यापकले हालको नेपाली साहित्य-क्षेत्रका केही विसंगतिहरूबारे तीखा टीप्पणीहरू गरे । ती टीप्पणीहरू राम्रै थिए । तर त्यो समारोहमा ती टीप्पणीहरू विल्कूलै असंवन्धित र असान्दर्भिक थिए ।

यस्ता उदाहरणहरू हामी हाम्रो समाजमा प्रसस्तै पाउँछौं । अशिक्षित मान्छेहरूका बीचमा मात्र यस्तो हुने गर्दैन । पढेलेखका मानिएका मान्छेहरू र अझ कति त 'ठूला ठूला नेताहरू'मै पनि यस्तो प्रवृत्ति हावी भएको पाउँछौं ।

"कामकुरो एकातिर, कुम्लो बोकी ठिमीतिर"भन्ने नेपाली उखानमा झैं हाम्रा यी "वक्ताहरू" बेला कुवेला कुम्लो बोकेर ठिमीतिर लम्कने गर्छन । र, दर्शक-स्रोताहरूलाई दिक्क लगाउने काम गर्छन् । उनीहरू आफैं पनि हँस्सीको पात्र बन्न पुग्छन् ।

- "लौ, फलानाजीले मंच पाए, अब यिनले बेतुकमा आकाश पाताल जोडर समय बर्बाद पर्ने भए"

- "ढिस्कानाजीको मन्तब्य शुरू भयो, लौ जाऔं बाहिर गएर एक कम चिया खाएर आऔं । फर्केर आइपुग्दा बल्ल उनले सम्बन्धित विषयमा बोल्न शुरूगरेका हुनेछन् ।"

- "फलानाजीले आग्राको प्रसंगमा बोल्न थाले भने, "गाग्राहरूका प्रकारका बारेमा" समेत बाह्रहाते ब्याख्यान् दिन्छन् ।"

- "ठीस्कानाजीले संबन्धित विषयमा 'ल्याण्ड' गर्नुअघि असंबन्धित विषयमा जुन "हजाइ उडान" गर्ने गर्छन्, त्यतिखेर हामी स्रोताहरूले निदाउने अवसर पाउँछौं ।"

विभिन्न व्यक्तिहरूबारे यस्ता टिप्पणीहरू गर्ने दर्शक-स्रोताहरू थुप्रै पाइन्छन्, जो वक्ताहरू विषय-केन्द्रित भएको देख्न चाहन्छन्, एवं गहिरा र जिम्मेवार प्रवचनहरू सुन्न चाहन्छन् ।

वास्तवमा बोल्दा वा लेख्दा संबन्धित विषयमा केन्द्रित नहुने यो प्रवृत्ति भनेको व्यक्तिको बोलाइ वा लेखाइको मात्र कमजोरीको सूचक होइन, यो त उसको त्यस विषयप्रतिको अगंभीरताको र स्रोता-पाठकहरू-प्रतिको उसको गैर-जिम्मेवारपनाको पनि सूचक हो ।

निश्चित कुरालाई त्यसको सीमामा अध्ययन गर्नु, बुझ्नु, लिनु र व्यक्त गर्नु भनेको विशिष्टीकरण गर्नु हो । यस्तो विशिष्टीकरण नगरीकन कुनै पनि कुरामा मान्छेले हात हाल्छ भने उसको प्रयत्न छरिएर खेर जान्छ, त्यो सतही हुन्छ र सारहीन हुन्छ । कुनै पनि कुरालाई वा विषयलाई बुझ्ने, बुझाइलाई व्यवस्थित गर्ने र त्यसरी नै व्यवस्थित गरी व्यक्त गर्ने वैज्ञानिक पद्धतिको खोजीका क्षेत्रमा आज विशेषज्ञहरूले थुप्रै उपलब्धीहरू हासिल गरेका छन् । ती वैज्ञानिक पद्धतिहरूको अनुशरण गर्ने काम माथि उल्लिखित उदाहरणमा दर्शाइएका वक्ताहरूले पटक्कै गरेका छैनन् । त्यसैले उनीहरू श्रोतहरूका निम्ति "बोर गर्ने" प्राणी सावित भए ।

के चाहिं खुसीको कुरा हो भने, हाम्रै समाजमा पनि ठीक समयमा ठीक कुरा बोल्ने (र, लेख्ने पनि) व्यक्तिहरू अत्यन्त थोरै मात्रामा नै भए पनि केही देखा परेका छन् । उनीहरू बाटै मात्र पनि हामीहरूले व्यवहारबाट धेरै कुरा सिक्न सक्छौं ।

- "आहा ! फलानाले बोलेको कस्तो छरितो र सटीक !"

- "वाह ! ढिस्कानाले त दश

**'ढिस्कानाजीको मन्तब्य शुरू भयो, लौ जाऔं बाहिर गएर एक कम चिया खाएर आऔं'**

**"फलाना जी ! कृपया तपाई विषयभन्दा बाहिर जानुभयो, संवन्धित विषयमा केन्द्रित हुनुहोस् !"**

मिनेट बोल्दा पनि अरूले एक घण्टा बोल्दा समेत व्यक्त नहुने सारपूर्ण कुराहरू बोल्छन् ।"

उनीहरूप्रति प्रवुद्ध दर्शक-श्रोताहरू यस्ता प्रशंसाहरू गर्ने गर्छन् । वास्तवमै, यस्ता केही अत्यन्तै थोरै संख्याका राजनैतिक बौद्धिक व्यक्तिहरू आफूले बोल्दा बोल्न खोजेको विषयको सारलाई छुटाउँदैनन्, उदाहरणहरू दिन्छन्, तर उदाहरणमै बहकिएर हराउँदैनन्, प्रसंग बाहिरका कुरालाई सर्लक्कसँग पर पन्छाउँछन् र जोड दिनुपर्ने खास कुरालाई बढी महत्वका साथ प्रस्तुत गर्छन् ।

त्यसैले दर्शक-स्रोताहरू उनीहरूका कुरा सुन्न लालायित हुन्छन् । "फलानाको भनाइ सुन्न मात्रै म यहाँसम्म आएको हुँ ।"- मानिसहरू उनीहरूबाट चुम्बकतिर फलाम तानिएझैं तानिन्छन् ।

सिक्नको लागि हामीसामु यस्ता केही उदाहरणीय 'वक्ताहरू' बाहेक थुप्रै राम्रा पुस्तकहरू बजारमा उपलब्ध छन् । वैज्ञानिक शोध-विधि अन्तरगत नै "प्रस्तुति-विधि"का बारेमा हामीले पढ्न-सिक्न पाउँछौं, देश-विदेशका विशेषज्ञहरूले खोज र प्रयोगसमेत गरेर जम्मा गरेका ज्ञानहरू सिक्न पाउँछौं । तर आम रूपमा त्यस्ता विषयका पुस्तकहरू खोजेर पढ्ने प्रणाली बस्न पनि यहाँ सकेन । यसैगरी, आफूले बोलेका वा व्यक्त गरेका कुराहरूमा के के त्रुटीहरू रहे भन्ने बारेमा आपसमा छलफल गरी समीक्षा गर्ने प्रवृत्ति पनि स्थापित हुनसकेन ।

त्यसैले आजकाल हामीकहाँ अन्तर्क्रियाहरू, छलफलहरूमा "बलिया र चनाखा" संचलकहरूको खोजी हुनथालेको छ । यस्ता संचालकहरूले वक्ताहरूलाई उनीहरूले बोल्दाबोल्दैको क्षणमा हस्तक्षेप गरेर विषय-केन्द्रित हुन आग्रह गर्ने गर्छन् ।

- "फलाना जी ! कृपया तपाई विषयभन्दा बाहिर जानुभयो, संवन्धित विषयमा केन्द्रित हुनुहोस् !"

- "ढिस्कानाजी ! तपाईले बोल्न थाल्नुभएको विषयमा पछि कुरा गरौंला, अहिले चाहिं निर्धारित विषयमै बोल्नुहोस् !"

यसो भनेर अँठ्याएपछि बल्ल हाम्रा 'वक्ताहरू', "ठाउँमा आउने" गरेका पनि छन् । भाषणको मामलामा भने यदाकदा आयोजकहरूले माइकमा बोलिरहेको वक्तालाई सुटुक्क कागजको एउटा चिटमा "विषय केन्द्रित हुन अनुरोध" गरिएको व्यहोरा लेखेर दिने गरेका पनि छन् ।

"कुम्लो बोकी ठिमीतिर जाने" यो प्रवृत्तिलाई नियन्त्रण गर्न बाहिरबाट गरिने यी प्रयत्नहरू पनि 'राम्रै प्रयत्नहरू' हुन् । यी गरिनु पर्ने चीज नै हुन् । नत्र त एक जना वक्ताले सयौं जना श्रोताहरूको समय 'बर्वाद' पार्ने क्रममाथि अंकुश नलाग्न सक्ने संभावना बढी छ ।

यसैगरी, यस मामलामा अर्को एक थप भरपर्दो उपाय हो - श्रोताहरूले आफूमा चनाखोपन बढाउनु । कुनै वक्ता 'कुम्लोबोकी ठिमीतिर' जान लागेको देख्न नपाई श्रोताहरूले त्यहीं र त्यतिखेरै वक्तालाई सचेत गराउने परिपाटी बसेमा पनि त्यस्ता वक्ताहरू तहमा आउने क्रम बढ्नेछ ।

तर मूलतः असान्दर्भिक कुराहरू बोलेर 'बोर' गर्ने त्यो परिपाटीको हल यी 'बाहिरी उपाय'हरूमा मात्र सीमित छैन । यसका लागि वक्ता स्वयं सचेत र विधिसंपन्न हुनु जरूरी छ । यो नै समस्याको दीगो समाधान हो ।

यसका निम्ति बौद्धिक-वैचारिक क्षेत्रका हाम्रा जिम्मेवार व्यक्ति र संगठनहरूले

- व्यक्तिलाई आफ्नो र अरूको समयको महत्वबोध गराउने उपायहरू खोज्ने कि नखोज्ने ?

- वाचन, लेख वा अभिव्यक्ति समग्रको निरन्तर समीक्षाको परिपाटी बसाउने कि नबसाउने ?

- माथि उल्लिखित प्रकारका बाहिरी अंकुशहरूलाई नियमित गर्ने कि नगर्ने ?

- यसैगरी, माथि उल्लेखित "प्रस्तुति-शास्त्र"को अध्ययन र छलफल चलाउने कि नचलाउने ?

यहाँ यी प्रश्नहरू प्रस्तुत गर्दै अन्तमा, माथि शुरूमा उल्लेख गरिएको विषयप्रतिको अगंभीरताका बारे केही कुरा उल्लेख गरौं ।

बोल्न खोजेको विषयमा गतिलो अध्ययन नभएकाहरूले बोल्न खोज्ने र त्यस्तालाई बोल्न निम्त्याउने दुवै गलत प्रवृत्तिहरू पनि नहटाउने हो भने यो अगंभीरता हट्नेवाला छैन । जुन विषयमा पनि, जसले पनि, जहिले पनि, बोल्ने, बोल्न खोज्ने, बोल्न दिने 'टापटिपे' प्रवृत्तिको अन्त्य गरिनु पर्छ । ❑

# नेपाली फिल्म "आगो"अन्तर्क्रियाका निम्ति देखाउँदा पनि जफत गर्ने धम्की !

गत फागुन ३० गते काठमाण्डौंमा रिपोर्टर्स् क्लवको हलमा प्रमुख प्रतिपक्षी पार्टीका वरिष्ठ नेता क. झलनाथ खनाल लगायतका नेताहरु, केही सांसदहरु, मानव अधिकारवादीहरु र पत्रकारहरुबीच नेपाली फिल्म "आगो" प्रदर्शन गरिदै थियो । प्रदर्शनपछि त्यस फिल्मलाई सरकारले लगाएको प्रतिवन्धका बारेमा छलफल गर्ने कार्यक्रम थियो । फिल्म शुरु भएको एक घण्टा जति पछि नै संचार मन्त्रालयले फोनमार्फत् सो फिल्म तुरुन्त बन्द गर्ने आदेश र बन्द नगरेमा फिल्म जफत गर्ने धम्की दियो । प्रदर्शन रोकेर आयोजकहरुले दर्शकहरुसँग माफी मागे । फिल्म जफत हुने, लुटिने आशंकाले एकछिन बातावरण आतंकित बन्यो ।



*'आगो' फिल्मकी नायिका सारंगा श्रेष्ठ*

त्यो आतंक २०४६ सालअघिको पंचायती कुशासनको समयकै जस्तो आतंक प्रतीत हुन्थ्यो ।

बीचमा यसरी फिल्म रोकिएपछि भएको अन्तर्क्रिया कार्यक्रममा क. झलनाथ खनाल, सुशील प्याकुर्‍याल, रामेश श्रेष्ठ र 'आगो' फिल्मका निर्माता शिवजी लामिछाने, पटकथा निर्देशक एवं गीतिकार शैलेश आचार्य र निर्देशक नारायण पुरी लगायतका वक्ताहरुले फिल्ममाथिको यो प्रतिवन्ध प्रजातन्त्रमाथिकै उपहास हो भन्ने धारणा व्यक्त गर्नुभयो ।

नेपाली फिल्म "आगो" लाई सरकारी सेन्सर वोर्डको सुझावअनुसार निर्माता-निर्देशकहरुले दुई पल्ट 'सच्च्याएर' पुनः निर्माण गरेका थिए । यसको पटकथा शुरुमै सो वोर्डले पास गरेको थियो । माओवादी 'जनयुद्ध' लाई चित्रित गरिएको आरोप सो फिल्मलाई लगाइएको छ । निर्माता-निर्देशकहरुले सेन्सर वोर्डको सुझाव अनुसार फिल्ममा अन्यायको विरुद्ध लड्ने जत्थाकी नायिका कमाण्डर सारंगा श्रेष्ठको भूमिकामा ठूलो परिवर्तन समेत गरेका थिए । यसअनुसार नायिकाले हतियारयुक्त संघर्ष त्यागी शान्तिपूर्ण बाटोबाट अघि बढ्ने अठोट गर्दै "गणेशमान शान्ति अभियान" मा उनी सामेल भएको कुरा फिल्ममा दर्शाइएको छ । निर्देशक नारायण पुरीका अनुसार फिल्मको अन्त्य महाकवि देवकोटाको "सुनको दिन एक उदाउँछ रे" भन्ने कवितामा गरिएको छ ।

छिमेकी देश भारतमा वनारसको आश्रममा विगतमा रहने विधवाहरुको कथामा आधारित गरेर हालै बनाउन लागिएको फिल्म "वाटर" को सुटिङमा हिन्दू धर्मान्धहरुले आक्रमण गरेको अढाई महिना पुग्दैछ । उता विधवाको भूमिकामा अभिनय गर्न कपाल खौरेकी नायिका सवाना आजमीलाई मुस्लिम धर्मान्धहरुले "इश्लाम धर्मअनुसार नारीले कपाल खौरनु गलत भयो" भनी विरोध गरेको एक महिना पुग्दैछ ।

भारतमा सिनेकर्मीहरुको स्वतन्त्रता-माथि भएको यो अप्रजातान्त्रिक प्रहारका विरुद्ध नेपाली सचेत बौद्धिक वर्ग संवेदनशील भएकै अवस्थामा आफ्नै देशमा नेपाली फिल्म "आगो" माथि सरकारले प्रतिवन्ध लगाएको घटना देखापरेको छ । स्वीकृत पटकथामा तयार भएको फिल्म"आगो" माथि यसरी सरकारले लगाएको प्रतिवन्ध अभिव्यक्ति स्वतन्त्रताको नागरिक हकको ठाडो उल्लंघन हो । यसबाहेक, यो प्रतिवन्ध भर्खरै वामे सर्न थालेको नेपाली सिने-उद्योगमाथि गरिएको आक्रमण पनि हो ।

निर्देशक नारायण पुरी बताउनु हुन्छ- "*आगो* बिल्कूलै व्यवसायिक फिल्म हो । यसमा देशका समसामयिक घटनाहरु समेतलाई समावेश गर्ने अत्यन्त स्वाभाविक काम हामीले गरेका छौं र सेन्सरले भनेभने अनुसार पुनः छायांकन समेत गरेर फिल्ममा परिवर्तन पनि गरिएको छ । यत्ति गर्दा पनि फिल्ममाथि यसरी प्रहार गरिएको देख्दा यो देशमा पंचायती निरंकुशतन्त्र भन्दा उन्नत व्यवस्था स्थापित भएको हो भन्ने कुरामै विश्वास हुनछाड्ने स्थिति पैदा भएको छ ।"

फिल्म "आगो" माथि सरकारले लगाएको प्रतिवन्ध तुरुन्त फुकुवा हुनुपर्छ । 'प्रजातन्त्र' मा यदि कसैले भिन्न मत अभिव्यक्त गर्छ भने पनि त्यसलाई स्वागत गर्नुपर्नेमा "आगो" फिल्मको कथाको मूल मर्म नै मर्ने गरी यसमा परिवर्तन गरिसक्दा समेत यसलाई प्रतिवन्ध लगाउनु त झन् ठूलो अपराध नै हो । सरकारको यो अपराधपूर्ण कदमलाई संपूर्ण फिल्म क्षेत्र, संचार जगत, मानव अधिकारवादी संस्थाहरु र आम सचेत नागरिकहरुले विरोध गर्नुपर्छ भन्ने हामीलाई लाग्छ । कुनै कलाकृति कसैलाई वेठीक लाग्छ भने उसले त्यसका विरुद्ध आफूलाई ठीक लाग्ने अर्को कला कृति तयार गरी प्रदर्शन गर्न जरुर सक्छ, तर अर्काको अभिव्यक्ति स्वतन्त्रताकै गला घोट्ने काम कसैले पनि गर्न पाईदैन ।

❑ *-हरिगोविन्द लुईंटेल*

# शोषित जनताको लागि केही गर्ने दृष्टि मलाई बामपन्थले दियो



**भारतीय चर्चित फिल्म निर्देशक गौतम घोषसंगको कुराकानी**

**यो** कुनै हलीउड, बलीउड या कलीउडका बजारिया फिल्महरूका निर्देशकको अन्तर्वार्ता होइन, न त विचार र बजारको अनौठो मिश्रण तयार गरी ब्यापार गर्ने फिल्मकारकै अन्तर्वार्ता हो । यो त भारतका एकजना त्यस्ता प्रसिद्ध फिल्म निर्देशकसँग गरिएको साक्षात्कार हो, जो अहिले सत्यजित राय, ऋत्विक घटक र मृणाल सेनजस्ता प्रख्यात भारतीय फिल्मकारहरूको सिर्जनशील परंपरालाई अगाडि बढाउने जिम्मेवारीसहित क्रियाशील छ । यसै सिर्जनशील परम्पराका सर्जकहरूमध्ये एक अगुवा मानिने फिल्मकारको नाम हो - गौतम घोष !

भारतीय फिल्मको सिर्जनशील परम्पराको गहिरो अध्ययन गरिरहेका फिल्मी पण्डितहरू भन्छन् - गौतम घोषले निर्देशन गरेका फिल्महरूमा एउटा स्पष्ट वैचारिक दृष्टि देखिन्छ, त्यो दृष्टि हो - वामपन्थ ।

सबैलाई थाहा छ, भारतीय फिल्म उद्योगमा अहिले सत्यजित राय आदिको सिर्जनशील परम्पराले नराम्रै धक्का खाइरहेको छ, सार्थकताहीन फिल्महरूको बाढी आइरहेको छ । यस्तो कठीन स्थितिमा अधिकांश राम्रा, स्तरीय फिल्मकारहरू सार्थक सिनेमाको बाटो छाडेर बजारमुखी फिल्मतिर लागिरहेका छन्, तर गौतम घोष भने नयाँ नयाँ सार्थक, जीवन उपयोगी र संघर्षमुखी फिल्महरूको निर्माणमा तल्लीन छन् ।

विगत २७ वर्षको क्रममा उनले पार, पतंग, गुडिया, दखल, अंतर्जली यात्रा, पदमा नदीर माझी, माँ भूमि जस्ता कलात्मक र दृष्टिसम्पन्न फिल्महरू निर्माण गरिसकेका छन् । त्यस्तै विचार र प्रविधिको हिसाबले बेजोड मानिएका एक दर्जनजति लघु फिल्महरू र वृत्तचित्रहरू पनि निर्माण गरिसकेका गौतम घोषले फिल्म र वृत्तचित्रमा आफ्नो अलग छाप छोडिसकेका छन् ।

आफ्नो स्पष्ट वामपन्थी अवधारणाको लागि चर्चित ५० वर्षीय गौतम घोष पद, प्रतिष्ठा र पैसाका लागि संझौता गर्ने फिल्मकार होइनन् । उत्पीडित जनताप्रतिको उनको क्रियाशीलता र सिर्जनशीलता अनि वैचारिक सजगताले धेरैको ध्यान आकृष्ट गरिरहेका छन् । उनका प्रत्येकजसो फिल्मले राष्ट्रिय पुरस्कार पाएका छन् र अनेक अन्तर्राष्ट्रिय फिल्म महोत्सवहरूमा पनि उनका फिल्महरू सम्मानित भएका छन् । यहाँ प्रस्तुत छ, उही चर्चित वामपन्थी फिल्मकार गौतम घोषसंग कृपाशंकर चौबेले लिएको अन्तर्वार्ताका महत्वपूर्ण अंशहरू । - *मूल्यांकन*

❑ तपाईले २७ वर्षदेखि सार्थक फिल्महरू बनाउँदै हुनुहुन्छ । यसको पछाडि तपाईको सिनेमाप्रतिको अनुरागमात्रै छ कि जीवन र समाजसँग गंभीर रूपले जोडिएको कुनै अरू नै कुरा छ ?

- सिनेमाप्रति अनुराग त छ नै, त्यसका साथै समाजका लागि केही गर्ने आकांक्षा पनि छ । मलाई जुन सुविधाहरू सहज रूपले प्राप्त भइरहेका छन्, ती सुविधाहरू मभन्दा गरिब मानिसहरूको लागि प्राप्त भइरहेका छैनन् । त्यसैले दबिएका-कुल्चिएका शोषित जनताको लागि केही गर्ने दृष्टि मलाई बामपन्थले दियो । विद्यार्थी जीवनमा म एस.एफ.आई. नामक विद्यार्थी संगठनसंग सम्बन्धित थिएँ । मार्क्सका किताबहरू पढ्दथें । त्यसबाट जीवन र समाजलाई बुझ्नमा मद्दत मिल्यो । सिनेमा एउटा ब्यापक माध्यम हो, तर प्रश्न उठ्छ- यसलाई तपाईं कसरी र कुन रूपमा प्रयोग गर्नुहुन्छ ? यदि तपाईं सार्थक फिल्महरूलाई बढावा दिन चाहनुहुन्छ भने स्पष्ट छ - तपाईं त्यस्तै खालका कलात्मक फिल्महरू बनाउनु हुन्छ । म आफ्ना विचारहरूप्रति प्रतिबद्ध हुँदै आएको छु र मेरा आफ्ना चिन्ताहरू पनि छन् । आफ्ना विचार र चिन्ताहरू आफ्ना फिल्महरूमा समाहित गर्ने प्रयास मैले गर्दै आएको छु । हामी एउटा वर्गविभाजित समाजमा बाँचिरहेका छौं । हाम्रो संस्कृति पनि वर्गमै आधारित छ । सिनेमा एउटा माध्यम हो, भाषा हो, त्यस्रैले वर्गआधारित समस्याहरूलाई तपाई त्यसमा छर्लङ्याएर देखाउन सक्नुहुन्छ । सिनेमामा भूगोल, साहित्य, राजनीति आदि सबै कुरा सिर्जित गर्न सकिन्छ, गर्नु पनि पर्दछ ।

❑ आजको उपभोक्ता संस्कृति र नयाँ बजार ब्यबस्थामा समानान्तर सिनेमाको उपयोगिता र सार्थकता कत्तिको छ ?

- अति धेरै छ । केवल सिनेमाको क्षेत्रमा मात्रै होइन, हरेक क्षेत्रमा समानान्तर आन्दोलन चलाउनेहरू सधैं अल्पसंख्यक रहेका छन् । धेरै अगाडिको कुरा तपाईलाई संझना होला, 'फोरम अफ गुड सिनेमा' (राम्रा सिनेमाहरूको मंच) बनेको थियो । त्यसले राम्ररी काम गर्न भने सकेन, यो चाहिं भिन्नै कुरा हो । राम्रा फिल्मकारहरू मिलेर मंच बनाउनु पर्दछ, तर त्योभन्दा पनि बेसी जरूरी कुरो हो - दर्शकहरूमा सार्थक फिल्महरूप्रति रूचि जगाउनु ! पश्चिमी देशहरूमा अमेरिका, फ्रान्समा सार्थक फिल्महरूका लागि संगठित कामहरू भएका छन् । हामीकहाँ पनि त्यस्तै खालको पहलकदमीको जरूरत छ ताकि समानान्तर सिनेमा हेर्न चाहने दर्शकहरूको संख्या बढोस् । दर्शकहरूमा जागरूकता ल्याउने काममा पत्रपत्रिकाहरूले पनि महत्वपूर्ण भूमिका खेल्न सक्छन् । म सार्थक कला-सिनेमामा विश्वास गर्दछु । जनताको यथार्थलाई दर्शाउने कुरामा विश्वास गर्दछु । हामीले समानान्तर सिनेमाका लागि लडाइँ जारी राख्नुपर्दछ । सिंगो संसारभरि गंभीर फिल्महरूका लागि लडाइँ जारी छ । गांभीर्ययुक्त, शिष्ट फिल्म बनाउनेहरूभित्र पनि कैयौं गलत प्रवृत्तिहरूले अड्डा जमाइरहेका छन् । पुरस्कार पाइयो- पुग्यो, भेनिस, कान, बर्लिन घुमेर आइयो - पुग्यो , अन्तर्राष्ट्रिय फिल्म महोत्सवहरूमा भाग लिइयो- पुग्यो, र आफैंले आफ्नो बखान गर्‍यो - पुग्यो । यी सबै प्रवृत्तिहरू गलत छन् । हामी दर्शकहरूप्रति जवाफदेही हुनुपर्‍यो । सार्थक फिल्महरूको उपयोगिता र सार्थकता तब मात्र हुन्छ, जब ती फिल्महरू ब्यापक दर्शक वर्गसामु पुग्न सफल हुन्छन् । सत्यजित रायले १९६२ मा 'कंचनजंघा' बनाउनु भयो । त्यो फिल्म आफ्नो समयभन्दा धेरै अगाडिको थियो । त्यो सिनेमा-क्रान्तिको प्रतीक थियो तर 'बक्स अफिस'मा त्यो टिक्न सकेन । रायले फेरि पनि त्यस्तै खालको फिल्म बनाउनु भयो, किनकि उहाँ आफ्ना दर्शकहरूप्रति निकै नै सजग हुनुहुन्थ्यो ।

❑ भारतमा वर्षभरिमा सर्वाधिक रूपमा, ८-९ सय वटा फिल्महरू बन्छन् । तर अन्तर्राष्ट्रिय फिल्म महोत्सवहरूमा भारतले होइन, स-साना देशहरूले कम फिल्म बनाएरै पनि पुरस्कार प्राप्त गर्दछन् । के भारतीय फिल्महरूको गुणवत्ता यति धेरै दरिद्र हो त ?

- भारतमा सर्वाधिक फिल्महरू बन्न त जरूर बन्छन् तर ती फिल्महरूले भारतीय जनजीवनको यथार्थ तस्वीर देखाउँदैनन् । अहिले नै सयौं हिन्दी फिल्महरू बनिरहेका छन्, के ती फिल्महरूले हिन्दीभाषी क्षेत्रहरू - उत्तर प्रदेश, विहार, मध्यप्रदेश, राजस्थानको जीवनको यथार्थलाई देखाइरहेका छन् त ? हिन्दी क्षेत्रका मानिसहरूका समस्याहरू, अन्तर्द्वन्द्वहरू, उनीहरूको मानसिकता यी फिल्महरूमा प्रतिविम्वित हुन्छन् त ? त्यसैले यी फिल्महरूलाई म हिन्दी फिल्म मान्दिनँ, 'मुंबइया फिल्म' मान्छु, ती मसला फिल्महरू हुन् । अर्कोतिर, जहाँ सिनेमा धेरै पछाडि मात्रै पुग्यो, त्यहाँ

गुणवत्तामाथि ध्यान दिइएको छ, जस्तो चीनमा अस्सीको दशकमा मात्रै पुग्यो, चीन, ताईवान, इरान, टर्कीमा फिल्मको गुणवत्तामाथि विशेष ध्यान दिइन्छ । त्यहाँ फिल्मकारहरू धेरै संगठित पनि छन् । यूरोप, अमेरिकामा उनीहरूका फिल्महरूको बजार पनि छ । विदेशमा भारतीय फिल्महरूले आफ्नो वाञ्छित बजार नै बनाएको छैन । लौ हेर्नुस त, हामी आठसय वटा फिल्महरू त बनाइरहेका छौं, तर त्यसमध्ये १० प्रतिशत फिल्महरूले मात्रै आफ्नो लागत असुल गर्न सकिरहेका छन् ।

❑ **जसरी पाश्चात्य संगीतबाट भारतीय संगीतलाई सहजै छुट्याउन सकिन्छ, के त्यसरी नै भारतीय फिल्महरूको पनि आफ्नो अलग पहिचान छ र ?**

– मैले भर्खरै भनें यदि हिन्दी फिल्महरूले हिन्दी क्षेत्रहरूको यथार्थलाई प्रतिबिम्बित गर्दैनन् भने, यिनीहरूको जरो आफ्नो भूमिमा छैन भने, भारतीय फिल्महरूको आफ्नो पहिचान कसरी बन्छ र ? इटालीको आफ्नै फिल्म परम्परा छ । जापानको पनि आफ्नै छ । हामीकहाँ सत्यजित राय, ऋत्विक घटक, मृणाल सेन र मुम्बइ-चेन्नईका केही फिल्मकारहरूलाई समेत छोड्ने हो भने मुख्यधाराका जुन सिनेमाहरू छन्, तिनीहरूमध्ये ९९ प्रतिशत आफ्नो जरोसँग जोडिएका छैनन् । आफ्नो भूमिसँग जोडिएका छैनन् ती ।

❑ **तर कलात्मक फिल्महरूका लागि प्रायोजकहरू पाउन सकिन्छ र ?**

– सुरूचिपूर्ण कलात्मक फिल्महरूका लागि निर्माताहरू पाईदैनन् , पाउँदा पनि धेरै मुश्किलले मात्रै पाईन्छन् । यसको कारण हो- स्वतन्त्रतापछि मध्यमवर्गको मानसिकतामा आएको व्यापक फेरबदल । यहाँ सेवाको भावना, समवेदनाको भावको अन्त्य हुँदै गयो । मूल्यप्रतिको निष्ठाको क्षय भयो, चाहे त्यो राजनीतिको क्षेत्रमा होस् वा नोकरीशाही वा व्यवसाय , जुन जुन क्षेत्रमा मध्यमवर्गका मानिसहरू गए, ती स्वार्थी भएर निस्के । सुविधाभोगीमा फेरिए । पहिले यस्ता स्वार्थी मानिसहरूको संख्या कम थियो, तर अहिले स्वार्थी मानिसहरूको संख्या नै सालाखाला ९० प्रतिशत पुगेको छ । सामान्य मानिसहरूप्रतिको चिन्ता, संस्कृतिको चिन्ता अपेक्षाकृत कहाँ बाँकी छ र ? त्यसैले सार्थक फिल्महरूका लागि निर्माता पाईदैनन् । संस्कृतिबाट कट्दै जाने प्रक्रियाको पनि यसमा असर परेको छ । यसै सन्दर्भमा, म भन्न चाहन्छु - हिन्दू धर्म होइन, महान दर्शन हो । जो जो नास्तिक हुन्, उनीहरू पनि हिन्दू नै हुन् । केही मानिसहरू धर्मलाई राजनैतिक उद्देश्य प्राप्तिको लागि प्रयोग गरिरहेका छन् - यो गलत हो । संस्कृतिबाट कट्दै जाने र स्वार्थी हुने क्रमको यो पराकाष्ठा हो । सामान्य मानिसप्रतिको चिन्ता, संस्कृतिसँगको उसको सम्वन्ध र लोकको चिन्ता उनीहरूले मात्रै गरिरहेका छन्, जो यथार्थ तस्वीर खिच्न चाहन्छन् ।

❑ **निर्माता नपाउने कारणले नै तपाईले पश्चिम बंगालको सरकार र बांग्लादेश सरकारको मद्दत लिएर फिल्म बनाउनु भएको हो कि ?**

– बांग्लादेश सरकारको मद्दतले 'पद्मा नदीर माझी' मात्रै बनाएको थिएँ । सरकारको सहयोगबाट फिल्म बनाउनुमा केही खराबी छ र ? मेरा पिता भन्नुहुन्थ्यो - आफ्नो पैतृक स्थान बांग्लादेशका बारेमा फिल्म बनाऊ । म त उता पारिको मान्छे हुँ । बाल्यकालमा स्कूलका दिनहरूमा गर्मीको विदा, पूजाको विदा र क्रिसमसको छुट्टीमा जब मेरा सबै सहपाठीहरू आ-आफ्नो गाउँतिर जान्थे, तब म पनि आफ्नो गाउँ जान तड्पन्थें । मेरा पिताले भन्नुभएको थियो- मेरो कुनै गाउँ छैन । पैतृक गाउँ उता पारितिर थियो । देश विभाजनपछि हामी कलकत्तामै बस्नथाल्यौं । मलाई लाग्छ, १९४७ को देश-विभाजन भारतको इतिहासमा एक कलंक हो र कयौं समस्याहरूको जननी पनि हो । 'पदमा नदीर माझी'को शूटिंगमा मेरा पिता पनि बांग्लादेश जानुभएको थियो । पचास वर्षपछि आफ्नो पैतृक गाउँ- फरीदपुर पुग्दा उहाँको आँखाबाट आँशु बगेको थियो । 'सेन्टीमेन्ट्स' (भावना)को मामिला थियो । फिल्ममा दुवै देशका कलाकारहरूले



फोटो सौजन्यः हिमाल एसोसिएसन

*हिन्दी क्षेत्रका मानिसहरूका समस्याहरू, अन्तर्द्वन्द्वहरू, उनीहरूको मानसिकता यी फिल्महरूमा प्रतिविम्वित हुन्छन् त ? त्यसैले यी फिल्महरूलाई म हिन्दी फिल्म मान्दिनँ, 'मुंबइया फिल्म' मान्छु*

मिलीजुली काम गरेका थिए । यस्ता प्रस्तुतिहरूमा सरकारी सहयोग लिनुमा के को असजिलो ?

❑ **सन् १९४७ को विभाजनलाई तपाई कयौं समस्याहरूको जननीको रूपमा व्याख्या गर्दै हुनुहुन्थ्यो, के ती समस्याहरू उल्लेख गर्न सकिन्छन् ?**

– हेर्नुस्, १९४७ मा धर्मको आधारमा देशलाई टुक्र्याइयो । अंग्रेजहरूसँग मिलेर हाम्रा राजनैतिक नेताहरूले देश विभाजनमा सहमति जनाएर ठूलो भूल गरे । हुन त यी नेताहरू महान छन् तर विभाजनको प्रश्नमा उनीहरूले भयंकर ठूलो गल्ती गरे । निश्चित रूपमा धर्मको नाममा सन् सैंतालीसको विभाजन भएको थियो, तर आम-मानिसहरू विभाजनको पक्षमा थिएनन् । आज हिन्दू-मुसलमानबीच जुन तनाव भइरहेको छ, जातिहरूका बीच जुन तनाव भइरहेको छ, त्यसका लागि विभाजन नै जिम्मेवार छ । आजको साम्प्रदायिक तनावको जरो विभाजनभित्र छ । विभाजनकै कारणले भारत र पाकिस्तानमा तनाव छ । कारगिलको संकट पनि त्यसैको परिणाम थियो । सियाचिनमा करोडौं रूपियाँ भारत र पाकिस्तानले दिनकादिन खर्च गरिरहेका छन्, केवल दवाब कायम राख्नका लागि, जब कि त्यो त 'ग्लेशियर' (हिमशीला) मात्रै हो, - त्यहाँ कुनै पनि मानिस बस्न सक्दैनन् । यो निरन्तर तनाव त्यही विभाजनको परिणति हो ।

❑ **तपाईले आफ्नो मातृभाषा- बांग्ला भाषाका साथै हिन्दी र तेलुगू भाषामा पनि फिल्महरू बनाउनु भएको छ । भारतीय भाषाहरूमा परस्पर समन्वय, अनि त्यसको विकासका लागि तपाईका सुझावहरू के के छन् ?**

– म भारतीय भाषाहरूको उत्थानको पक्षधर हुँ, तर त्यसको मतलब अंग्रेजी भाषाविरोधी हुनु चाहिं पक्कै होइन नि । सबै भारतीय भाषाहरूलाई समान महत्व दिइनुपर्दछ । सबैले बराबर आदर पाउनुपर्दछ । हो, हिन्दी पनि एउटा ठूलो क्षेत्रको भाषा हो, त्यसैले त्यसलाई सर्वाधिक महत्व दिइनुपर्छ- के यसो भन्नु जायज छ र ? आदिवासीहरूका आ-आफ्नै भाषाहरू छन्, सय वटाभन्दा बेसी बोलीहरू छन्, तिनीहरूको विकास सुनिश्चित गरिनुपर्दछ । त्रिपुरामा बोली या भाषा नै मुख्य समस्या हो । त्यहाँ क्रिश्चियनहरू रोमन र अरू बाँकी सबै बांग्ला लिपिका पक्षधर छन् । भाषाको समस्या राजनैतिक तनावको कारणले यथावत रहेको छ । हो, अंग्रेजीको उपेक्षा गर्न पक्कै सकिदैन । यहाँ वर्षौंवर्षसम्म अंग्रेजीको शासन थियो - के यस कुरालाई इन्कार गर्न सकिन्छ र ? तर त्यसको अर्थ के होइन भने, हामी आफ्ना मातृभाषाहरूलाई उपेक्षा गरेर अंग्रेजीलाई अपनाऔं । हाम्रो पिताको पुस्ताले आफ्नो मातृभाषामा अध्ययन गरेको थियो र अंग्रेजी पनि सिकेको थियो । तर अंग्रेजी चाल-चलन सिकेको थिएन । कुनै पनि भाषाको विरोध वा उपेक्षा नगरीकनै हरेक भाषाको उन्नतिको कुरा सोचिनुपर्दछ ।

❑ **एक जना बुद्धिजीवीको नाताले तपाईका चिन्ताहरू के के हुन् ?**

– मेरा चिन्ताहरू विशेष गरी, आज पनि समाजमा व्याप्त रहेका विषमता र विवशताहरूकै बारेमा हुन् । फिल्म बनाउनुका साथसाथै समाजका लागि केही गर्ने कामना लिएर इटाली र बंगाल सरकारको अनुदानमा अत्यन्त पिछडिएका मानिसहरूका लागि हामीले एउटा कम्युनिकेशन सेन्टर (संचार केन्द्र) बनाएका छौं । भारतको पूर्वोत्तर राज्यका पिछडिएका मानिसहरूका लागि यो केन्द्रले शैक्षिक सफ्टवेयर बनाउँनेछ । जनजातिहरूको जीवनस्तरलाई कसरी उठाउन सकिन्छ भन्ने विषयमा हामीले केही प्रयास गरिरहेका छौं । आदिवासीहरूमाथि सरकारहरूले निकै धेरै ज्यादतीहरू गरेका छन् । उनीहरूको 'महुआ' (महुआ नामक रूखबाट निस्कने रस, जुन मादक पदार्थको रूपमा प्रयोग गरिन्छ) लाई बन्द गराइयो, जुन उनीहरूको शताब्दीयौंदेखिको पेय पदार्थ हो, अनि त्यसको सट्टामा उनीहरूलाई देशी रक्सी पिलाइँदैछ । बिहार, उडिसामा देशी रक्सीका ठेकेदारहरूले आदिवासीहरूलाई बिकृत रक्सी पिलाउँदैछन्, उनीहरूलाई लुट्दैछन् । आदिवासीहरूलाई उनीहरूको आफ्नो परम्परा र संस्कृतिबाट बेदखल गरिँदैछ । हामीहरू उनीहरू र उनीहरूको संवेदनालाई बुझ्ने र महसूस गर्ने प्रयास गर्दैछौं । यस्तो प्रयास त शासनसत्ताले पो गर्नुपर्ने थियो । ❑

*'जनसत्ता' बाट अनूदित*

# कीर्तिपुरको 'शेयर बस'

## कीर्तिपुरका स्थानीय बासिन्दाहरू मिलेर पैसा जम्मा गरी कंपनि खडा गरेर चलाएको बसले यात्रुहरूको मन जितीरहेछ । कसरी ?



आजकाल त्रिभुवन विश्वविद्यालयमा अध्ययन-अध्यापन गर्ने विद्यार्थी, प्राध्यापकहरू र कीर्तिपुरका स्थानीय बासिन्दाहरू अधिकांशले काठमाण्डौंको रत्नपार्कदेखि कीर्तिपुरसम्म चल्ने नीला बसहरूको खुवै प्रशंसा गर्नेगर्छन् । उनीहरू सकेसम्म त्यहाँ चल्ने मिनीबस चढ्दैनन्, अलिबेर कुरेरै पनि यही बस नै चढ्न रूची गर्छन् ।

यस्तो किन होला ?

यस प्रश्नको जवाफमा उनीहरू भन्छन् :

एक, यी बसहरू समयमा गुड्छन्, बस नभरिएकै स्थितिमा पनि पहिलो ट्रिप (विहान ५:३० मा कीर्तिपुरबाट) वा अन्तिम ट्रिप (बेलुकी ८:३० बजे रत्नपार्कबाट) वा अन्य ट्रीपहरू समयमै चल्छन् । विदाको दिनमा मात्र न्यूनतम ६० प्रतिशत बसहरू रूटमा संचालन हुनेगरी मात्र यी बसहरू अन्यत्र रिजर्भ ट्रिपमा जान्छन्, नत्र जाँदैनन् ।

दुई, बाटोमा पनि यिनीहरू ज्यादा अल्मल नगरीकन चल्छन् ।

तीन, काठमाण्डौंका अन्यत्र रूटका लोकल बसहरू प्रायः लामो रूटमा पन्ध्रौं बर्ष चलीसकेर काम नलाग्ने भएपछि यहाँ ल्याइएका थोत्रा बसहरू हुनेगर्छन् । यही कीर्तिपुर रूटका मिनीबसहरू पनि त्यस्तै छन् । तर यी नीला बसहरू भने त्यस्ता छैनन् । यी बिल्कूलै नयाँ छन् । त्यसैले वातावरण प्रदूषणका हिसावले पनि यी बसहरू कम हानीकारक छन् ।

चार, यी नीला बसहरू बस्न-उभिन पनि सुविधाजनक छन् ।

पाँच, यी बसहरूका कण्डक्टर-खलाँसीहरूले यात्रुहरूसँग अरू बसका-कण्डक्टर खलाँसीहरूले भन्दा नम्र र भद्र व्यवहार गर्नेगर्छन् । उनीहरूलाई बस कंपनिले यसबारे तालिमसमेत दिँदोरहेछ ।

छ, यी बसहरू कीर्तिपुरका जनताहरू मिलेर घरघरबाट शेयर हाली सामूहिक रूपमा पैसा जम्मा गरी खडा गरिएको कंपनिले संचालन गरेका बसहरू हुन् । कीर्तिपुरे जनताको सामूहिक भावना र प्रयत्नको प्रतिफलस्वरूप खडा भएका हुनाले यी बसहरूप्रति यात्रुहरूको पनि केही आत्मीयता र सम्मानभाव रहने गरेको छ ।

यात्रुहरूको यो भावनात्मक आत्मीयता र बस -कंपनीको व्यवस्थापन-कौशल* समेतको संमिश्रणको प्रतिफल के पनि भएको छ भने, २०५४ साल जेठ ३१ गते ३ वटा बसहरूबाट शुरू भएको रत्नपार्क -कीर्तिपुर बस सेवामा पाँचै महिनापछि तीन वटा बसहरू थपिए । यसको आठ महिनापछि अर्को दुईवटा र त्यसको चार महिनापछि अर्को दुई वटा थपिएर हाल बसको संख्या दश पुगेको छ । अझै दुई वटा थप बसहरू जोड्ने तयारीमा कंपनि लागीपरेको छ ।

कंपनिले दुई वर्षअघिको दोस्रो वार्षिक साधारण सभाद्वारा पारित गरेर आफ्ना शेयर धनीहरूलाई छ प्रतिशत लाभांश बाँडेको थियो भने गत माघ ८ गतेको तेस्रो बार्षिक साधारण सभाले आठ प्रतिशत लाभांश बाँडेको छ । यसै वर्ष यसले तीन कोठा भएको आफ्नै स्टोर-अफिस भवन पनि निर्माण गरेको छ ।

बास्तवमा, कीर्तिपुरमा संचालित यी नीला बसहरूको स्थापना, सेवा र व्यवस्थापनले नेपालको आजको बिग्रँदो यातायात-सेवा क्षेत्रलाई केही व्यवहारिक पाठहरू सिकाएको त अवश्यै छ, यसबाहेक यसले स्थानीय रूपमा निस्क्रिय रहेको पूँजीलाई कसरी जन-उपयोगी सेवा र लाभको काममा लगाउन सकिन्छ भन्ने कुराको पनि राम्रो उदाहरण प्रस्तुत गरेको छ ।

रत्नपार्क-कीर्तिपुर क्षेत्रमा ५० वटाभन्दा बढी नै मिनीबसहरू पनि चल्छन् र ती मध्ये अधिकांश मिनीबसवालाहरू यी नीला बसहरूप्रति सकारात्मक धारणा राख्दैनन् । नीला बसहरूले उनीहरूको मनपरीतन्त्रमाथि अप्रत्यक्ष चुनौति खडा गरेको कारण विभिन्न निहुं पारेर उनीहरू यी नीला बसहरूलाई खेद्ने कोशीस अझै गर्दैछन् । केही समयअघि स्थानीय कुलेश्वरमा नीलो बसका चालकलाई केही मिनीबसवालाहरूले कुटेको घटना यसको एक ठोस संकेत हो ।

काठमाण्डौं उपत्यकामा चल्ने स्थानीय निजी बस-मिनीबसहरू मनपरी समयमा चलाउँछन्, मनपरी समयमा ग्यारेजमा थन्क्याउँछन्, शुरू बिसौनीमै अति कोचाकोच् गरेर यात्रुहरू भर्छन्, बीच बाटामा मुख्य मुख्य स्टपहरूमा पाँच मिनेटदेखि पन्ध्र-बीस मिनेटसम्म पनि रोकेर यात्रुहरू कुर्छन्, अति कोचाकोच् र ठेलमठेल् गर्छन् । कलंकी-चोकमा त पछाडि आउने गाडी नआउन्जेल अगाडि जाने गाडी नचल्ने चलनअन्तर्गत कहिलेकाँही त आधा घण्टासम्म पनि बीच स्टपमा बस-मिनीबसहरू रोकिने गरेका छन् । मौसम खराब भएर यात्रुहरूलाई जव सवारी-साधनको ज्यादा जरूरत पर्छ, तव यी बस-मिनीबसहरू संसाँझै ग्यारेजमा थान्किन पुग्छन् । यी बस-मिनीबसका स्टाफहरू यात्रुहरूलाई परालको बिटाजस्तै सोच्छन्, खाँदखुँद् गर्छन्, अपशब्द प्रयोग गर्छन् । यिनको लाष्ट ट्रीप वा फस्ट ट्रीपको समय यिनीहरूमध्ये अधिकांशले पालन गर्दैनन् ।

तर यिनीहरू पेट्रोल, डिजेलको थोरै मात्र भाउ बढे पनि तुरून्तै, ह्वात्तै ३३ प्रतिशतसम्म बस भाडा बढाउन भने पछि पर्दैनन् ।

अर्को कुरा, अफिस समयमै यिनीहरू स्कूल-ट्रीप गर्छन् र यात्रुचाप ज्यादा भएको सो समयमा

नै नियमित सेवा कम दिन्छन् । मनपरी रिजर्भ ट्रीपको अर्डर लिएर आफ्नो रूटमा अनियमितता पैदा गर्छन् ।

यो सब मनपरीतन्त्रको शिकार भएका उपत्यकावासीहरूका सामु उनीहरूको पक्षमा अडान लिएर, बोलीदिने कोही पनि छैन । सरकार छैन, पार्टीहरू छैनन्, उपभोक्ता-समितिहरू छैनन् । बस-मिनीबस-वालाहरूको 'सिण्डिकेट' छ, संघ र महासंघहरू छन् तर ती त यात्रुहरूको सुविधा वा सेवाको पक्षमा हैन , स्वभावतः आफ्नो नाफा र नाफाको भागवण्डाका निम्ति मात्र सरोकार राख्छन् ।

उपत्यकाको मात्र हैन, समग्र देशकै स्थिति यही रहेको छ ।

यस स्थितिमा, 'कीर्तिपुर यातायात सेवा कंपनि लिमिटेड' को नाममा गत २०५३ असोज ६ गते विधिवत संबन्धित सरकारी निकायमा कंपनि दर्ता गरी २०५४ जेठ ३१ गतेदेखि तीनवटा नीला बसहरूबाट कीर्तिपुरबासीहरूले शुरू गरेको यो जनस्तरीय, जनपक्षीय प्रयत्नले ठूलै अर्थ राखेको छ । समुदायिक र सामूहिक रूपमा जनस्तरमै विकल्पको खोजीको क्षेत्रमा यसले एउटा रचनात्मक प्रयोग शुरू गरेको छ ।

यातायातसम्बन्धी खासै ज्ञान नभएका व्यक्तिहरू ३७ जनाले शुरूमा दशदश हजार रकम उठाएर शुरू गरेको प्रयत्नले आज ४८५ जना स्थानीय शेयर होल्डरहरूबाट उठेको ७५ लाख ९४ हजार रुपियाँको ठूलै थैली बनेर सक्रिय पूँजीको रूप धारण गरेको छ । एक हजारदेखि एक लाखसम्म रकम लगानी गरेका यी ४८५ जना अंशियारहरू "राम्रो सेवा दिएर पनि नाफा हुँदोरहेछ " को अनुभूति गर्दै गत माघ ८ गतेको साधारण भेलामा ९० प्रतिशत संख्यामा उपस्थिति भए ।

**प्रायः यात्रुहरूले 'शेयर बस' भनी नामाकरण गरेका यी बसहरूले हालै नियमित यात्रुहरूका लागि कुपनको व्यवस्था गरेको छ**

प्रायः यात्रुहरूले 'शेयर बस' भनी नामाकरण गरेका यी बसहरूले हालै नियमित यात्रुहरूका लागि कुपनको व्यवस्था गरेको छ । महिनाभरिको लागि अग्रिम भुक्तानी गरी कुपन किन्ने यात्रुले १५ प्रतिशत कम मूल्यमा बस चढ्न पाउने व्यवस्था यस अन्तरगत गरिएको छ ।

"हामीले शूरूमा बसको टिकटमा चिट्ठा पर्ने व्यवस्था पनि गरेका थियौं, त्यो व्यवस्था त्यति प्रभावकारी हुन नसकेकोले हालै यो कुपनको व्यवस्था गरेका छौं ।" -कंपनि सचिव जयराम महर्जन बताउँछन् ।

कुपन खरिद गरेका यात्रुहरूले यो १५ प्रतिशत छुट (अर्थात् रू.४ /- पर्नेमा रू.३.४०/- मात्र तिरे पुग्ने व्यवस्था)लाई राम्रै सुविधाको रूपमा लिएका छन् ।

"कीर्तिपुर-रत्नपार्क रूटमा चल्ने मिनीबसहरूको मनोमानी, यात्रुहरूप्रतिको दुर्व्यवहार र अव्यवस्थित सेवाको विरोधमा जनताबाट स्वतःस्फूर्त रूपमा स्थापना हुनपुगेको यस कंपनिले जनताहरूमा अलिअलि गरेर छरिएर रहेको पूँजीलाई एकीकृत गरेर जनताहरूकै सेवाको लागि जनताहरूबाटै ठूलो तहको व्यवसाय चलाउन र यात्रुहरूको मन जित्न सफल भएकोमा" यस कंपनिका संस्थापक अध्यक्ष र हालका कार्यकारिणी सदस्य शिवशरण महर्जन प्रसन्नता व्यक्त गर्छन् ।

प्रत्येक वर्ष प्रजातान्त्रिक तरीकाले साधारण सभा भई नेतृत्व चुनिने यस कंपनिका हालै निर्विरोध निर्वाचित अध्यक्ष हरिशरण महर्जन भन्छन्- "हो, कीर्तिपुरका जनताहरूको यो प्रयत्नमा हामी प्रसन्न छौं र यात्रुहरूबाट पनि हामीले ठूलो प्रसंशा, प्रोत्साहन र सहयोग पाएका छौं । तर जनताको यो सामूहिक प्रयत्न र जनसेवाको राम्रो गुणस्तर हेरेर सरकारले यसलाई गर्नुपर्ने सहयोग भने गरिरहेको छैन । वातावरण प्रदूषणमै पनि हामीले कमी ल्याएका छौं । यसलाई पनि त सरकारले महत्व दिनुपर्थ्यो । यो हाम्रो काम हो भनी प्रसंशा भने यातायातमन्त्री र प्रधानमन्त्रीसम्मले पनि गर्नुभयो । तर ठोस सहयोग भने भएको छैन ।"

कीर्तिपुर यातायात सेवा कंपनिले सरकारलाई आफ्नो नाफाबाट बार्षिक २७.५ प्रतिशत आयकर र अतिरिक्त आयकर तिर्नुपर्छ । व्यक्तिगत व्यवसायीहरूलाई प्रतिगाडी प्रतिवर्ष रू १२,१००/- मात्र तिरेपुग्छ । जनस्तरीय प्रयत्न भएको कारण यो २७.५ प्रतिशत करलाई सरकारले घटाइदेओस् भन्ने कंपनिको माग रहँदै आएको छ । यसै बर्ष पनि कंपनिले यसबापत सरकारलाई अढाई लाखभन्दा बढी नै रकम तिर्नु पर्‍यो ।

"व्यवस्थित पार्क नहुनुले हामीलाई केही कठिनाइ भोग्नु परिरहेको छ ।" - अध्यक्ष हरिशरण महर्जन यसबारे त्रिभुवन विश्वविद्यालयसँग पनि कुराकानी भैरहेको कुरा बताउँछन् ।


"तर विश्वविद्यालयले पर्याप्ति सहयोग गरिरहेको छैन । खुला जग्गामा भाडामा छत राख्न हामीले माग गर्दा पनि यसले मानेन । अहिले त झन विश्वविद्यालयको हाताभित्र बसलाई पस्नै नदिने हिसाबले घुमाउरो बाटो बनाउने काम पो हुँदैछ त !" - कंपनि संचालक समितिका सदस्य बाबुलाल महर्जन बताउँछन् ।

अर्का सदस्य रामकृष्ण महर्जन भन्छन् -" यो जनस्तरीय कंपनि हो । यससँग पनि कर कार्यालयका कर्मचारीहरूले विभिन्न बहानामा घूस माग्छन् । नदिँदा 'कर निर्धारणको विशेष छानबीनमा पठाउँछु' भनेर धम्क्याउँछन् । यो घुस्या व्यवहार पनि हाम्रा निम्ति समस्या नै भएको छ । यसैगरी, ट्राफिक प्रहरीले पनि जथाभावी चालकको लाइसेन्स खोस्ने गरेर हैरान पार्ने गरेको छ ।"


"सरकारले दिनुपर्ने सेवा हामीले सृजना गरेका छौं । यसमा त सरकारले टेवा दिने र प्रोत्साहन दिने पो गर्नुपर्थ्यो । यसबारे सरकारको धारणा प्रष्ट र जनपक्षीय हुनुपर्छ ।"- अर्का सदस्य रमेश महर्जन भन्छन् ।

काठमाण्डौं महानगरपालिकाले रत्नपार्क पुरानो बसपार्कमा यस कंपनिका बसहरूका लागि पार्किङ्ग गर्न छुट्टै स्थान उपलब्ध गराइदिएर र कीर्तिपुर नगरपालिकाले अफिस भवन बनाउन कीर्तिपुरमा जग्गा उपलब्ध गराइदिएर यस कंपनिलाई सहयोग गरेझैं सरकार र त्रिभुवन




अध्यक्ष : हरिशरण महर्जन



सदस्य : शिवशरण महर्जन


सदस्य : रामकृष्ण महर्जन



सदस्य : बाबुकृष्ण महर्जन



सदस्य : विश्वलाल महर्जन

# कीर्तिपुर यातायात सेवा कंपनिका संचालकहरू


सदस्य : मचामानसिंह डंगोल


सदस्य : रामहरि खनाल


सदस्य : विद्यानन्द जोशी


सदस्य : रमेश महर्जन

विश्वविद्यालयले पनि सहयोग गरून् भन्ने माग प्रवुद्ध यात्रुहरूको समेत रहेको पाइन्छ ।

नियमित यात्रु त्रि.वि.का विद्यार्थी भुवन ताम्राकार भन्छन् -" राम्रो काम गरेको छ यो बसले, यस्तो राम्रो गर्नेहरूलाई सबैले सघाउनु पर्छ ।"

अर्का नियमित यात्री जनक श्रेष्ठ भने यो कंपनिको सेवाको गुणस्तर पहिलेको तुलनामा केही खस्केको गुनासो गर्छन् ।


यसबारे कंपनिका अध्यक्ष हरिशरण महर्जन भन्छन् -"हामीले बस सेवालाई कीर्तिपुरबाट केही पर भत्केपाटी भन्ने ठाउँसम्म चलाउनुपर्ने देखेर चलाउन थाल्यौं, यसले गर्दा बसको समयमा केही ढीलाइ हुन पुगेको छ । यसलाई हामी बसको संख्या छिट्टै थपेर हल गर्नेछौं ।"

"व्यवहारमै पनि यात्रुहरूको केही गुनासो रहेको रिपोर्ट हामीले पाएका छौं । यात्रुहरूप्रतिको हाम्रा स्टाफहरूको व्यवहार राम्रो र नम्र होस् भनी पुनः हामी प्रशिक्षण चलाउँदैछौं ।" - सदस्य रामकृष्ण महर्जन भन्छन् ।

बास्तवमा, हाम्रो समाजमा सामूहिक रूपमा शुरू गरिएका कतिपय प्रयत्नहरूका सामु एउटा समस्या आइपर्ने गरेको छ - चुहावटको समस्या । कर्मचारी र अंशियारहरूद्वारा नै स्रोतसाधनको चुहावट भई त्यस्ता प्रयत्नहरू भताभुंग हुनपुग्ने गरेका छन् । यसबारे पनि यस कंपनिका जिम्मेवार व्यक्तिहरूमा चनाखोपना रहेको पाइयो । यो राम्रो पक्ष हो ।

"जनताको सहभागिताको बस भएकोले बसमा पैसा तिरेपछि टिकट लिने चनाखोपना यात्रुहरूमा अन्यत्रभन्दा बढी नै पाइएको छ । तर पनि, विदेशहरूमा बसहरूमा प्रयोग हुने खालका अटोमेटिक नियन्त्रण प्रणालीहरूबारे पनि हामीले चासो राख्नुपर्छ भन्ने हामीले ठानेका छौं ।" -संचालकहरू भन्छन् ।

आन्तरिक नियन्त्रणका सन्दर्भमा भने नियमित साधारण-सभा, बैठक र नियमित लेखा-परीक्षणमार्फत सन्तुलन कायम गर्ने प्रयत्न कंपनिले गरेको पाइयो ।



२०५२ सालमा तेलको भाउ बढ्दा सरकारले तोकेको भाडा बृद्धिअनुसार कीर्तिपुर रूटमा पचास पैसा मात्र बस भाडा बढाउनु पर्नेमा यहाँका मिनीबस-हरूले मनपरीसँग एक रूपियाँ बढाएको विरूद्ध कीर्तिपुरे जनताहरूले ४२ दिनसम्म सो मिनीबसहरू नचढेर 'जन-हड्ताल' गरे । जुलूस, पर्चा वितरण र वार्ताहरू गरे ।

यो संघर्षलाई संयोजन गरेको संघर्ष समितिका सक्रिय सदस्य तुल्सीदास महर्जन भन्छन् - "त्यस ऐतिहासिक संघर्षले बाहिरको बौद्धिक-राजनीतिक क्षेत्रबाट पाउनुपर्ने जाति टेवा त पाएन, तर पनि यहाँका जनतामा यस संघर्षले जुन उपभोक्ता-संचेतना बढायो, त्यसैको प्रतिफलका रूपमा यो "कीर्तिपुर यातायात सेवा कंपनि लिमिटेड" खडा भएको हो । उपभोक्ताहरूकै सक्रियता र सहभागिताका कारण नै यो सेवा यहाँ टिक्न सकेको हो र यसप्रति यात्रुहरूमा आत्मीयताको भावना कायम भएको हो ।"

यस कुरालाई स्वीकार्दै कंपनिका वर्तमान अध्यक्ष हरिशरण महर्जन थप भन्नुहुन्छ -" एउटा थप कुरा के छ भने, यो कंपनि खडा गर्न कीर्तिपुर क्षेत्रका हामी कांग्रेस वा वामपक्षीय सबैथरि मानिसहरू एक भएका पनि छौं । यो एकता पनि उल्लेखनीय छ र महत्वपूर्ण छ ।"

जनताको साझा समस्या हल गर्न सबै राजनीतिक पक्षहरू एक हुनु जरूरी छ र त्यो कसरी पनि संभव छ भन्ने कुरा पनि कीर्तिपुरको 'शेयर बस'ले निकै हदसम्म सिकाएको छ ।

सिक्ने वा नसिक्ने ? भन्ने कुरा देशका अन्यत्र रहेका सचेत उपभोक्ताहरूको संचेतना र सक्रियतामा भरपर्ने कुरो हो । ❑

◆ हरिगोविन्द लुईटेल

# नव जीवन

## पुनर्जलीय उपचारको लागि



झाडा पखालाको कारणबाट शरीरमा हुने पानी र नुनको कमीको महत्वपूर्ण उपचार ।







# नव जीवन

पुनर्जलीय उपचारको लागि

वितरक:
नेपाल सि.आर.एस. कम्पनी

# विभिन्न राजनेता र बुद्धिजीवीहरू मूल्यांकनलाई कसरी हेरिरहेका छन् ?

२०४८ साल कार्तिक-मंसिर महिनादेखि विचार अन्तर्क्रियामुखी मासिकको रूपमा प्रकाशित हुन लागेको 'मूल्यांकन' मासिक आज ७५ औं अंकसम्म पुगेको छ । प्रकाशनलाई सार्थक र उद्देश्यमूलक बनाउन यसका सल्लाहकारहरू, सहयोगीहरू र स्नेही पाठकहरूको ठूलो योगदान रहँदै आएको छ । उहाँहरूका विचारहरूलाई हामीले समय समयमा प्रकाशित पनि गर्दै आएका छौं ।

'हिरक अंक' प्रकाशनको यस अवसरमा पनि हामीले केही राजनैतिक र बौद्धिक व्यक्तित्वहरूबाट 'मूल्यांकन' बारे उहाँहरूका टिप्पणी र सुझावहरू प्राप्त गरी यहाँ प्रकाशित गरेका छौं ।

-मूल्यांकन





# मूल्याङ्कनको मूल्यांकन





## "मूल्यांकन"ले प्रकाशित गर्ने सामग्री अहिलेको बस्तुगत स्थितिसँग मेल खाओस्

- क. माधव नेपाल, *महासचिव, नेकपा (एमाले)*

हाम्रो मुलुकमा आफ्नै खुट्टामा उभिएर आर्थिक रूपमा सवल भई पत्रिका संचालन गर्ने काम धेरै गाह्रो देखिएको छ । किनकि यहाँ नियमित पाठकहरूको ठूलो अभाव छ । साथै पत्रिका किनेर पढ्ने बानीको पनि कमी छ । पत्रिका चलाउँदा मूल्यांकनले थुप्रै बाधा व्यवधानहरूसित लड्नुपर्‍यो होला । पैसाको समस्या, स्तरीय लेखहरूको प्राप्तिको समस्या, व्यवस्थापकीय समस्या आदि जस्ता थुप्रै समस्याहरूसित पक्कै पनि तपाईहरू जुध्नुभयो ।

यी सबै समस्याहरूका बावजूद पनि मूल्यांकन पत्रिकाले पाठकहरूको रूचीलाई ध्यानमा राखी एकै खाले होइन, अनेकौं खालका बिषयहरू समेट्दै अलग अलग अंकमा अलग अलग बिषय प्रस्तुत गरिकन प्रगतिशील वैचारिक प्रवृत्ति तथा नेपाली कम्युनिष्ट आन्दोलनलाई एकताबद्ध बनाएर अगाडि लैजाने सोचलाई व्यापकतम दायरामा प्रचार प्रसार गर्ने गरी ७५ औं अंकसम्म लगातार अविराम रूपमा पाठकहरूसमेक्ष आफूलाई प्रस्तुत गर्नसक्नु चानचुने कुरो होइन । यस कुरालाई लिई यस पत्रिकाका सम्पादकहरू, व्यवस्थापन विभागका व्यक्तिहरू र यसमा संलग्न अन्य सम्पूर्ण व्यक्तिहरूलाई म मेरो व्यक्तिगत तर्फबाट र मेरो पार्टीको तर्फबाट पनि हार्दिक बधाई दिन चाहन्छु ।

त्यस्तै, आगामी दिनहरूमा मूल्यांकन पत्रिकाको बिक्री अझ बढोस्, यसको स्तर अझ उन्नत होस् र यसले मार्क्सवाद-लेनिनवाद तथा समाजवादको बिकासमा ठोस योगदान पुर्‍याउने सामग्रीहरू प्रकाशित गरेर वामपंथीहरूका बीचमा एकता, सहकार्य र समझदारी बिकास गर्ने काममा महत्वपूर्ण भूमिका खेल्न सकोस् भन्ने शुभेच्छा तथा शुभकामना म व्यक्त गर्न चाहन्छु ।


# ◀ अन्तर्क्रिया

हाम्रो मुलुकमा थुप्रै कम्युनिष्ट पार्टीहरू अस्तित्वमा छन् । तिनीहरूमा कुनै ठूला छन् त कुनै साना । तर तिनीहरू सबैले आ-आफ्नो शक्ति, हैसियत र दृष्टिकोणअनुरूप मार्क्सवाद, लेनिनवादको पक्षमा, वैज्ञानिक समाजवादको पक्षमा, बुर्जुवा व्यवस्था र प्रतिकृयावादको विरूद्धमा, राष्ट्रियताको सम्वर्द्धनको पक्षमा र आम जनताको हितमा जनताको जुझारू संघर्षलाई अगाडि बढाइरहेका छन् । यो स्थिति हाम्रो मुलुकको कम्युनिष्ट आन्दोलनको एउटा महत्वपूर्ण विशेषता हो ।

निश्चय नै हाम्रो कम्युनिष्ट आन्दोलनमा कतै उग्रवामपन्थी प्रवृत्ति देखापरेको छ भने कतै विसर्जनवादी प्रवृत्ति देखापरेको छ । यहाँ उग्र दक्षिणपन्थी प्रवृत्तिले झन् ठूलो विसर्जनवाद बोकेको छ । यी सबैका बावजूद पनि नेपालमा मार्क्सवाद-लेनिनवादका नाममा चलेका एकभन्दा बढी पार्टीहरू आ-आफ्ना अलग अलग धारणा र मान्यताहरू लिई चलिरहेका छन् । यो यथार्थलाई हामीले स्वीकार्नु पर्छ । हामीलाई लाग्छ, यो स्थिति नयाँ जनवादी व्यवस्था आइसकेपछिको अवस्थामा पनि कायम रहन्छ । त्यसैले नयाँ जनवादी व्यवस्था आइसेकपछिको स्थितिमा त्यस्तो अवस्थालाई स्वकार्नु हुँदैन भन्ने जुन संकिर्णतावादी सोच छ, त्यसबाट हामी मुक्त हुनु जरूरी छ ।

त्यसैले हामीले जनताको बहुदलीय जनवादको जुन सिद्धान्त र कार्यक्रम लिएका छौं - त्यस सम्वन्धमा हाम्रो धारणा के हो भने, यदि एउटा मुलुकमा एकभन्दा बढी कम्युनिष्ट पार्टीहरू क्रियाशील हुनसक्छन् भने उनीहरूको बीचमा हुने स्वस्थ प्रतिस्पर्धालाई प्रोत्साहित गरिनुपर्छ । बुर्जुवा व्यवस्थाभित्र एकभन्दा बढी बुर्जुवा पार्टीहरू पालैपालो जनताको विश्वास जितेर राज्यसत्तामा बस्न सक्छन् र उनीहरू कम्युनिष्टहरूलाई पनि सत्तामा आउन चुनौती दिन्छन् भने कम्युनिष्टहरूमा पनि एउटा कम्युनिष्ट पार्टीले जनताको विश्वास जित्न असफल भएमा अर्को कम्युनिष्ट पार्टीले जनताको मन जित्नसक्ने स्थिति किन नबनाउने ? त्यस्तै, बुर्जुवाहरू कम्युनिष्टहरूप्रति कोही उदार र कोही अलि कडा भइकन अगाडि बढ्छन् भने कम्युनिष्टहरू पनि बुर्जुवाहरूप्रति कोही उदार र कोही अलि कडा भई किन अगाडि बढन् सक्दैनन् ?

हामीले पूर्वी यूरोपको अनुभवबाट पाठ सिक्ने हो भने जनतालाई विकल्प दिई राख्नुपर्छ । पूर्वी यूरोपमा त्यतिखेर जनताले राज्यसत्तामा विकल्प पाएनन् र त्यहाँ उनीहरू अर्को अतिमा पुग्ने स्थिति पैदाभयो । तर अहिले आएर उनीहरू पछुताइरहेका छन् । फेरि पनि जनताहरू त्यहाँ वामपन्थप्रति आकर्षित हुँदै गइरहेकाछन् ।



*यो पत्रिकाले कम्युनिष्ट आन्दोलनको साथसाथै नेपालको प्रजातान्त्रिक आन्दोलनका विविध पक्षहरूलाई पनि समेटेको छ ।*

वामपन्थी आन्दोलनमा संकीर्णता एउटा महारोगको रूपमा देखापरेको छ । आफ्नो बिचारसँग नमिल्ने बित्तिकै त्यसलाई गलत रूपमा बुझ्ने तथा प्रस्तुत गर्ने र अझ यसभन्दा पनि अगाडि बढेर आफ्ना आलोचकहरूलाई भौतिक रूपमै समाप्त पार्ने तहसम्मको उग्रवादी प्रवृत्ति यहाँ हाम्रो कम्युनिष्ट आन्दोलनमा देखापरेको छ । माओवादीहरूमा अहिले त्यो प्रवृत्ति चरम रूपमा देखापरिरहेको छ । यो प्रवृत्ति भनेको निम्नपूँजीवादी प्रवृत्ति हो । यो निम्नपूँजीवादी प्रवृत्तिको समस्या भनेको खुला तथा बैधानिक रूपमा क्रियाशील रहेका पार्टीहरूभित्र मात्र होइन, भूमिगत भएर सशस्त्र संघर्ष गरिरहेका पार्टीहरूभित्र पनि देखापर्न सक्दछ । कम्युनिष्ट आन्दोलनभित्र अहिले हामीले यो निम्नपूँजीवादी प्रवृत्तिसँग जुध्नुपरेको छ ।

यी चीजहरूसित जुधेर सही, सन्तुलित र बस्तुवादी सोचकासाथ अघि बढ्नु जरूरी छ । नेपालको परिवेशमा मार्क्सवाद-लेनिनवादलाई सृजनात्मक रूपमा लागू गर्नु जरूरी छ । यी सबै कुराहरूलाई ध्यानमा राखी सही बैचारिक मान्यताको आधारमा मूल्यांकन पत्रिकाले महत्वपूर्ण सामग्रीहरूको चयन गरेर नेपाली वामपन्थी जनमानसलाई सही दृष्टिकोण प्रदान गर्ने र बिभिन्न बिचारहरूको अन्तर्द्वन्दलाई पनि प्रोत्साहित गर्ने हिसाबले सामग्रीहरूको खोजी तथा छनौट गर्ने काम गरिरहेको देख्दा मलाई खुशी लागेको छ ।

अर्को कुरा, यो पत्रिकाले कम्युनिष्ट आन्दोलको साथसाथै नेपालको प्रजातान्त्रिक आन्दोलनका विविध पक्षहरूलाई पनि समेटेको छ । २०४६ सालको प्रजातन्त्र प्राप्तिको जन-आन्दोलनले नेपाली राजनीतिमा दीर्घकालीन प्रभाव पारेको छ । त्यसपछिका दश वर्षको अवधिमा हामीले प्रजातान्त्रिक अभ्यास गरेका छौं । संसदीय अभ्यास गरेका छौं । यो दश वर्षभित्र समष्टिगत रूपमा भन्ने हो भने वामपन्थीहरूको शक्ति बढेको छ, दक्षिणपन्थीहरूको शक्तिमा ह्रास आएको छ । यो उत्साहपूर्ण कुरो हो । तर यति हुँदा हुँदै पनि यो दश वर्षभित्र के कति महत्वपूर्ण फेरबदलहरू भए र हाम्रा उपलब्धी तथा त्रुटीहरू के कति भए भन्ने सवालमा पनि हामीले गहिरो समीक्षा गर्नु जरूरी छ । यस काममा यो पत्रिकाले आगामी दिनहरूमा पनि निरन्तरता जारी राखोस् ।

यो दश वर्षको बीचमा सबभन्दा बढी राज्य संचालन गर्ने पक्षले जनताका न्यूनतम स्वार्थलाई पनि प्रतिनिधित्व गर्न सकेन । यसले गर्दा मुलुकले कुनै फड्को मार्न सकेन । मुलुक यथास्थितिमै रहिरह्यो र यसले वास्तवमा मुलुकलाई अधोगतितिर मात्र लगिरहेछ । त्यसैले म त अहिले के देखिरहेछु भने, मुलुक अगाडि बढ्न छट्पटाइरहेछ । एउटा नयाँ परिवर्तनको निम्ति यहाँ छट्पटी ब्याप्त छ । वर्तमान स्थितिसँग जनताको कुनै पनि तप्का सन्तुष्ट छैन ।

त्यसैले यस पत्रिकाले प्रकाशित गर्ने सामग्रीहरू अहिलेको बस्तुगत स्थितिसँग मेल खाओस् । जनताको निम्ति रूचीकर र जनताको चाहनालाई प्रतिबिम्बित गर्ने खालको होस् । यसले मुलुकलाई आम परिवर्तनको तहमा डोऱ्याएर लान सकोस् ।

हाम्रो मुलुकका शासकहरूको, खासगरिकन नेपाली कांग्रेसको अयोग्यता, असक्षमता, भ्रष्ट चरित्र, उसको यथास्थितिवादी मनोवृत्तिको कारणले गर्दा, उसको कम्युनिष्ट विरोधी दृष्टिकोणको कारणले गर्दा र उनीहरूमा देखापरेको अनेकौं विकृति र बिसंगतिको कारणले गर्दा मुलुक कमजोर भएको छ । त्यसैले पनि नेपाललाई विदेशीहरूले हेप्न थालेका छन् । उनीहरूले नेपालको सुरक्षाको बारेमा प्रश्न खडा गरेर नेपालको सरकारलाई ल्याकेर नेपाललाई आफ्नो सुरक्षा छातामा राख्न खोजिरहेका छन् । नेपालका सीमानाहरूलाई मिच्ने काम गरिएको छ । उनीहरूले नेपालका प्राकृतिक स्रोत र साधनमाथि गिद्दे दृष्टि राख्ने मात्र होइन, अनुचित शर्तबन्दीहरूले नेपाललाई बाँधिराख्ने काम पनि गरेका छन् । यी सबै कुराहरूको परिप्रेक्ष्यमा मुलुकको सार्वभौमिकताको रक्षा गर्ने, सम्वर्द्धन गर्ने, र राष्ट्रिय स्वाभिमानलाई बुलन्द गर्ने आन्दोलन अहिले मुलुकमा जरूरी भएको छ । यस सम्बन्धमा पनि खोजपूर्ण र ओजपूर्ण सामग्रीहरू विगत समयमा झैं मूल्यांकनले आगामी दिनहरूमा पनि निरन्तर प्रकाशित गर्दै जानेछ भन्ने कुरामा म विश्वस्त छु । र, मूल्याङ्कनले अहिलेको हीरक अंकसम्म मात्र होइन, यसपछिको शतांकसम्म र त्यसपछिका समयहरूमा पनि धेरै धेरै अंकसम्म ओजपूर्ण, गहकिला सामग्रीहरूकासाथ वामपन्थी खेमाको साझा पत्रिकाको रूपमा निरन्तर आफूलाई प्रकाशित गरिरहन सकोस् भन्ने म शुभेच्छा व्यक्त गर्न चाहन्छु । साथै, जनताका जनजीविकाको सन्दर्भमा गरिनु पर्ने सवालमा कम्युनिष्टहरूले ध्यान दिनु पर्ने पक्षहरूमा गम्भीर भई आगामी दिनहरूमा पनि यसले उपयुक्त सामग्रीहरू प्रकाशित गर्न सकोस् भनी म कामना गर्दछु । ❑



◄ अन्तर्क्रिया

# "मूल्यांकन"को प्रकाशन वामपंथी वैचारिक आन्दोलनमा एउटा महत्पूर्ण घटना साबित



– सी.पी. मैनाली, *वरिष्ठ नेता, नेकपा (माले)*

'मूल्यांकन' मासिक आफ्नो प्रकाशनको ७५ अंकमा आईपुगेकोमा खुशी लागेको छ । समाचारपत्रको रूपमा प्रकाशित हुँदैआएको मूल्यांकन २०४८ सालको मंसीरको वर्ष १० अंक १ देखि "विचार अन्तर्क्रियामुखी मासिक"को रूपमा प्रकाशित हुनु वामपंथी वैचारिक आन्दोलनमा एउटा महत्पूर्ण घटना साबित भैसकेको छ । त्यस अंकको सम्पादकीयमा लेखिएको निम्न भनाइप्रति इमान्दार रही काम गर्दैआएको यस मासिक पत्रिकालाई प्रशंसा गर्न चाहन्छु । त्यहाँ लेखिएको थियो- "यो अब कुनै राजनैतिक समूहमा पनि वैचारिक रूपले सम्बद्ध नरहीकन नेपालको समूचा वाम आन्दोलनमा द्वन्दात्मक वस्तुवादका आधारमा जीवनका सम्पूर्ण पक्षहरूमा विचार अन्तर्क्रिया चलाउँदै विचारधारात्मक स्पष्टता पैदा गर्नको निम्ति समर्पित पत्रिकाको रूपमा पाठकहरू समक्ष पेश हुन लागिरहेछ ।"


नौ वर्षभन्दा बढी समयको यस अवधिमा 'मूल्यांकन मासिक'ले ७४ वटा अंक प्रकाशित गरी साँच्चै नै समाजको वैचारिक जगतमा उल्लेखनीय ढंगबाट हस्तक्षेप गरेको छ । नेपाली समाजको अध्ययन, देशको राजनीति, अर्थतन्त्र तथा संस्कृतिको विश्लेषण गर्दै तिनमा प्रगतिशील तत्वहरूको प्रवेशको निम्ति गरेको प्रयास, २०४६ सालको जन–आन्दोलनद्वारा देशमा स्थापित आफ्नै विशेषताहरूयुक्त संसदीय प्रजातन्त्रको रक्षा र त्यसको जनमुखी विकासको निम्ति गरेको संघर्ष, विश्वका अन्य देशमा जनवाद एवं समाजवादका निम्ति भएका संघर्षहरूका उपलब्धी र अनुभवहरूलाई नेपाली पाठकहरूसमक्ष ल्याउने काम, साम्राज्यवाद एवं प्रभूत्ववादविरूद्ध संघर्ष गर्दै नेपालको सार्वभौमिकता, राष्ट्रिय स्वतन्त्रता एवं हितहरूको संरक्षण र राष्ट्रिय मुक्तिको निम्ति गरेका संघर्षहरू र मानवजातिले ज्ञान, विज्ञान र प्रविधिको क्षेत्रमा प्राप्त गरेका सफलताहरूलाई नेपाली पाठकहरूसमक्ष परिचित गराउन गरेका योगदान आदिको निम्ति यो मासिक धन्यवादको पात्र बनेको छ ।

आगामी अंकहरूमा यस पत्रिकाले वैज्ञानिक समाजवाद अर्थात् सर्वहारा समाजवादका निम्ति विगतमा भएका संघर्षहरू र समकालीन दुनियाँमा विभिन्न मुलुकमा भैरहेका संघर्षहरूबारे नेपाली पाठकहरूलाई परिचित बनाउन अझ ज्यादा ध्यान र स्थान दिए राम्रो हुने थियो । यसका साथै परिवर्तन निम्तिको संघर्षलाई बल दिनको निम्ति नेपाली समाजका विविध समस्याहरूको वस्तुगत अध्ययन–विश्लेषण गर्ने काममा पनि त्यस्तै गर्नु आवश्यक छ ।

आफ्नो घोषित ध्येयको निम्ति संघर्ष गर्दै आएको 'मूल्यांकन मासिक'ले आफ्नो संघर्षमा निरन्तर सफलता हासिल गर्दै अघि बढ्न सकोस् भन्ने शुभेच्छा प्रकट गर्दछु । ❑

# मूल्यांकन बौद्धिकहरूको प्रयोगशालामा सीमित हुन पुग्यो कि ?

– लीलामणि पोखरेल *(महासचिव, संयुक्त जनमोर्चा, नेपाल)*



विचार अन्तर्क्रियामुखी मूल्यांकन मासिकले ७५ औं सिंढीमा पाइला टेकेकोमा हार्दिक शुभकामना व्यक्त गर्दछु ।

मूल्यांकन मासिक प्रकाशनको प्रारम्भमा उत्पन्न केही जटिलताबाट आगाडि त बढ्यो तर नेपाली कम्युनिष्ट आन्दोलनको ध्रुविकरणमा विचार निर्माण तथा थिग्र्याउने प्रश्नमा मूल्यांकनले कति भूमिका खेल्यो, कति जिम्मेवारी बोक्यो, त्यो त अझै मूल्यांकन हुन नै बाँकी छ । तथापि मूल्यांकनले विचार–राजनीतिको बहसमा बौद्धिक समुदायलाई पठनीय सामग्री प्रदान गरी राम्रैसँग गुन लगाएको छ ।

वामपन्थी विचार राजनीतिलाई बोकेर बहसको साझा थलोको रूपमा उपस्थित मूल्यांकनको शैशव कालमा नेपाली कम्युनिष्ट आन्दोलनमा दक्षिणपन्थी अवसरवाद प्रभावी भएको थियो । त्यसका विरूद्ध सचेत विचारधारात्मक तथा राजनैतिक लडाइँ लड्नु अपरिहार्य थियो । अर्कोतिर, विचार राजनीतिमा टुसाउन थालेको वामपन्थी भड्कावबाट त्यो आन्दोलनको रक्षा गर्नु जरूरी थियो । त्यसैगरी नेपाली कम्युनिष्ट आन्दोलनलाई ठीक दिशाबोध गर्न बौद्धिक जगतबाट अध्ययन, अनुसन्धान गर्दै आजको सामाजिक परिस्थितिमा अर्ध औपनिवेशिक तथा अर्धसामन्ती स्थितिमा रहेको नेपाललाई आमूल परिवर्तन गर्नका लागि खेल्नुपर्ने भूमिका सहज र सरल ढंगले व्यापक जनता माझ पुऱ्याउन आवश्यक थियो । तर त्यो आम राजनैतिक आन्दोलनको दैनिक कामबाट कटेर पनि ठोस हुन सक्दछ भन्ने कुरा आदर्शको विषय बन्ने कुरामा हामी कसैको दुईमत नहुनु पर्ने हो ।




मूल्यांकनले नेपालभित्र विद्यमान रहेका कम्युनिष्ट पार्टी, संगठनका बीचमा आवश्यक विचार अन्तर्क्रिया गराउने काम त गऱ्यो तर श्रमजीवी नेपाली जनताको मुक्ति आन्दोलनको पद्धति पहिचानको मामलामा उत्तरार्द्धमा आफैं अल्मलियो भन्ने लाग्छ । आ-आफ्ना दृष्टिकोण र दस्तावेजीय मान्यतामा मात्रै समूहका विचारलाई समेटेर तुलनात्मक अध्ययन गर्ने अवसर पनि प्रदान गऱ्यो । तर आजको परिस्थितिमा विचार राजनीतिमा भिन्नताको दूरी अझ बढेर गएको छ । यतिबेला यस दिशातिर संभौता वा समन्वय होइन, वैचारिक संघर्षलाई तीखो पार्नु पर्ने बेला हो । साथै आन्दोलनलाई एकिकृत गर्नुपर्ने पनि बेला हो । स्वतन्त्र विचार पत्रकारिता तथा संस्कृति निर्माणको अभियानमा प्रस्तुत मूल्यांकन बौद्धिकहरूको प्रयोगशालामा सीमित हुन पुग्यो कि ? तर साम्राज्यवाद र त्यसको बहुरूपी चरित्रलाई उदिङ्ग्याउने तथा त्यसविरूद्ध जनमत सृष्टि गर्ने तथा मुलुकमा विद्यमान आर्थिक भ्रष्टाचारलाई उजागर गर्ने मामलामा मूल्यांकन पहिलो नम्बरमै रहेको छ । सामन्तवादी तथा पूँजीवादी शोषणलाई केलाईदिने काम गरेको छ । आफ्नै सह-प्रकाशन गरेर इतिहास, विज्ञानका सामग्रीका साथै विविधता प्रदान गरेर युवा डाइजेष्ट बनाएर केही व्यापारिक ध्येय पनि लिएको देखिन्छ ।

अन्त्यमा शैली, पद्धतिमा विचार विमति हुन सक्ला तर जनताको मुक्ति, राष्ट्रको स्वतन्त्रता र स्वाभिमानको रक्षाका खातिर सामन्तवाद र साम्राज्यवादविरूद्धको अनिवार्य लडाईमा अवश्य पनि विमति हुने छैन । त्यसका लागि विचार प्रष्टताका साथ प्रगतिको कामना गर्दछु । ❑




# केही प्रश्नहरूमा भने 'मूल्यांकन' परिवार आफैं रनभूल्लमा परेको महसुस हुन्छ

- झलनाथ खनाल *(स्थायी समिति सदस्य, नेकपा - एमाले)*

समय प्रवाह बडो तीव्र गतिमा बगिरहेछ । त्यही बगाईमा हामीले २० औं शताब्दीलाई पार गरेर २१ औं शताब्दीमा प्रवेश गरेका छौं । मानव सभ्यता र विकास यहाँसम्म आईपुग्दा विश्वव्यापी परिवर्तन र क्रान्तिकै नयाँ संभावनाहरूका सम्मुख आईपुगेको छ । २० औं शताब्दीमा मानव जातिले धेरै क्षेत्रमा अभूतपूर्व सफलता हासिल गरेको छ । १९ औं शताब्दीको मध्यतिर प्रकट भएको मार्क्सवादको मार्गदर्शनले २० औं शताब्दीमा समाजवाद स्थापनाको विश्वव्यापी प्रकृया थालनी गऱ्यो । त्यो शताब्दीभरि नै उक्त प्रकृया प्रयोग, परीक्षण, विकास र धक्काको बीचबाट अघि बढ्यो । २१ औं शताब्दीमा समाजवादको स्थापना र विकासमा नयाँ क्षितिज उघ्रिने छ । त्यो पहिलेभन्दा धेरै परिमार्जित र परिस्कृत हुनेछ । त्यसलाई विज्ञान र प्रविधिमा आएका क्रान्तिहरूले, संचार जगतमा आएका क्रान्तिहरूले, विश्व ग्रामको रूपमा पृथ्वीको विकासको प्रकृयाले र विभिन्न देशहरूमा अहिले पनि व्यवहारबाट प्राप्त भैरहेका नयाँ निष्कर्षहरूले अझ बढी परिष्कृत र नवीनीकृत गर्नेछन् । त्यो विश्वव्यापी प्रकृयालाई 'मूल्यांकन'ले आफ्ना विभिन्न अंकहरूमार्फत् र विभिन्न स्तंभहरू मार्फत् विगत निकै लामो समयदेखि प्रतिबिम्बित गर्ने कोसिस गर्दैआएको छ । यो कोसिसकै क्रममा 'मूल्यांकन'को ७५ औं अंक पनि प्रकाशित हुनु एउटा सुखद कुरा हो ।

'मूल्यांकन' परिवारले आफ्नो प्रकाशनलाई धेरै स्तंभहरू समावेश गरेर पाठकहरूका लागि रूचीपूर्ण बनाउने कोसिस गरेको छ । विभिन्न घटना र प्रवृत्तिहरू अन्तरगत आइरहेका श्रृङ्खलाहरू, अन्तर्क्रिया अन्तरगत आइरहेका श्रृङ्खलाहरू, "अचेल"मार्फत् आइरहेका ज्वलन्त विषयका श्रृङ्खलाहरू, अन्तराष्ट्रिय कम्युनिष्ट आन्दोलनसम्बन्धी जानकारीका श्रृङ्खलाहरू र दर्शनसम्बन्धी स्तंभका श्रृङ्खलाहरू पठनीय छन् । आत्मकथाका रूपमा क. निर्मल लामाको संस्मरणका श्रृङ्खलाहरू प्रगतिवादी आन्दोलनको युवापिढीका लागि विशेष चासो र रूचीको विषय रहेको छ र अन्य कतिपय स्तंभहरू पनि पठनीय छन् । तर प्रकाशक परिवारकै दृष्टिकोणमा रहेका कतिपय कमीकमजोरीहरू विषयवस्तु संयोजन, संकलन र प्रकाशनमा प्रतिबिम्बित भएको पाइन्छ । समाजवाद भनेको के हो ? त्यो कसरी विकसित हुन्छ ? अहिले विश्वमा विद्यमान समाजवाद कसरी विकसित भैरहेको छ ? मार्क्सले मौलिक रूपमै परिकल्पना गर्नुभएको वैज्ञानिक समाजवाद के हो ? त्यसलाई विकासका अलग अलग स्तरमा रहेका पुस्ताहरूले कसरी व्यवहारमा लागू गर्दै जानु पर्छ ? र, नेपालमा नै वैज्ञानिक समाजवादमा पुग्ने नेपाली जनता र क्रान्तिकारीहरूले हिड्नै पर्ने वास्तविक र व्यवहारिक बाटो के हो ? भन्ने प्रश्नहरूमा भने 'मूल्यांकन' परिवार आफैं रनभूल्लमा परेको महसुस हुन्छ । मलाई आशा छ, त्यसले आफ्नो हीरक अंकपछि उपरोक्त प्रश्नहरूका सन्दर्भमा आफ्नो स्थिति, दृष्टिकोण र प्रस्तुतिका बारेमा पनि 'मूल्यांकन' गर्नेछ । ❑

## ◄ अन्तर्क्रिया



# जुन आदर्शबाट आगाडि बढेको थियो, त्यो आदर्शलाई मूल्यांकनले तलमाथि गरेको छैन

- परी थापा, *(सांसद, राष्ट्रिय जनमोर्चा)*

सर्वप्रथम विचार अन्तर्क्रियामुखी मासिक मूल्यांकनको हीरक अंक प्रकाशोन्मुख अवस्थामा पुगेको जानकारी पाउँदा खुशी लागेको छ । यसरी अविराम रूपमा अहिलेको स्थितिमा आईपुग्न सक्नु स्वयंमा मूल्यांकनलाई प्राप्तभएको महत्वपूर्ण सफलता हो । मूल्यांकनलाई यो अवस्थामा ल्याई पुऱ्याउनुमा अन्तर्क्रिया प्रकाशन (प्रा.)लि.सँग संबद्ध सबै साथीहरूको उद्देश्यमूलक परिश्रम रहेको छ । आगामी दिनमा यो स्थिति कायम रहोस् भन्ने शुभेच्छा व्यक्त गर्न चाहन्छु ।


विगत ६ वर्षदेखि आफ्नो प्रकाशनलाई मासिक रूपमा परिणत गरेपछि मूल्यांकन जुन आदर्शबाट आगाडि बढेको थियो, त्यो आदर्शलाई मूल्यांकनले तलमाथि गरेको छैन । मूल्यांकनको सबैभन्दा उल्लेखनीय पूँजी यही हो । मूल्यांकनले यसलाई अविरल रूपमा कायम राखोस् भन्ने पुनः शुभेच्छा प्रकट गर्न चाहन्छु ।

आफ्नो हीरक अंक प्रकाशोन्मुख अवस्थामा पुऱ्याउने स्थितिसम्म आईपुग्दा मूल्यांकनले विविध विषयहरूमा मेहनतपूर्वक चित्त बुझाउने (Convincing) शैलीमा विभिन्न सामग्रीहरू प्रस्तुत गर्दै आइरहेको छ । मूल्यांकनले अहिलेसम्म निर्वाह गर्दै आएको भूमिकालाई समग्रमा ध्यान दिंदा यसले चारवटा क्षेत्रमा सशक्त र असरदार ढंगले कार्य सम्पादन गरेको देखिन्छ । ती हुन्- (१) दर्शन (२) राजनीति (३) कम्युनिष्ट आन्दोलन (४) सामाजिक सचेतनता ।

मूल्यांकनले सबै परिघटनाहरूलाई द्वन्द्वात्मक भौतिकवादको दार्शनिक आधारमा हेर्ने, बुझ्ने र व्याख्या-विश्लेषण गर्ने कार्य गरेको छ । विभिन्न समसामयिक राजनैतिक समस्याहरूको चिरफार गर्ने र सुझावहरू सुझाउने काम गरेको छ । कम्युनिष्ट आन्दोलनसम्बन्धी विविध सामग्रीहरू प्रर्याप्त मात्रामा पस्कंदै आएको छ । सामाजिक विकृति र अन्य अन्धविश्वासका विरूद्ध तिखो प्रहार गर्दै सामाजिक सचेतनता बढाउने कार्यमा योगदान पऱ्याएको छ ।

मुख्य रूपमा मूल्यांकनले कम्युनिष्ट आन्दोलनको यथेष्ट पक्षपोषण गर्दै आएको छ । तर कम्युनिष्ट आन्दोलनसँग सम्बन्धित कतिपयं विषयका सन्दर्भमा भएको प्रस्तुतिहरूको आलोचनात्मक गुण विवेचना गर्नुपर्ने देखिन्छ । अब मूल्यांकनले पर्याप्त प्रौढता हासिल गरिसकेको छ । त्यसैले त्यस प्रकारको कमीको पनि उपचार गर्नेछ भन्ने प्रत्याशा राख्न सकिन्छ । ❑





# पत्रिकाको कमजोरी भनेको दृष्टिकोणको अस्पष्टता हो

- सीताराम तामाङ्ग *(वरिष्ठ नेता, ने.क.पा मालेमा)*

नेपालको प्रगतिशील खेमामा स्थापित एउटा पत्रिकाको नाम हो - मूल्यांकन । अन्तर्क्रिया प्रकाशन (प्रा.) लि. द्वारा प्रकाशित यस पत्रिकाको म सामान्य पाठक रहेको छु । मैले जाने बुझेसम्म यस पत्रिकाले नेपालको राष्ट्रियता, जनतंत्र, जनजीविका, नेपाल र बाहिरका साम्यवादी आन्दोलनका गतिविधि एवं अन्य समसामयिक घटनाहरूका बारेमा लगातार लेख, अन्तरक्रिया वा अन्य माध्यमबाट पाठकहरूलाई सुसूचित गर्ने कार्य गरेको छ । खासगरी नेपालले भोग्नुपरेको सीमा अतिक्रमण, महाकाली र कालापानीका घटनाहरू र नेपालका जलश्रोतका सम्बन्धमा यस पत्रिकाको महत्वपूर्ण योगदान रहेको छ भन्ने ठानेको छु ।

साम्राज्यवादी तागतहरूबाट भए गरिएका राजनीतिक, सांस्कृतिक र व्यापारिक हस्तक्षेपका कारण नेपालजस्ता विकासमान देशहरूले भोग्नुपरेका पीडा, पूर्वी एशियामा आएको आर्थिक संकट र नेपालका जनताले बेहोर्नु परेका महंगी, भ्रष्टाचार, अन्याय, अत्याचारका घटनाहरू प्रस्तुत गर्नु यस प्रत्रिकाको अर्को राम्रो पक्ष रहेको छ । साथै, यस पत्रिकाले नेपालको समसामयिक राजनीति, नेपालको कम्युनिष्ट आन्दोलनको गतिविधि र मुलुकबाहिरका कम्युनिष्ट गतिविधिहरूका विवरणहरू पनि संप्रेषण गरेको छ । समग्रमा नेपाल लगायत विश्वका महत्वपूर्ण समसामयिक घटनाहरूलाई सरल र बस्तुपरक ढंगबाट पाठकसामु प्रस्तुत गर्नु यस पत्रिकाको सकारात्मक र महत्वपूर्ण पक्ष रहेको छ । त्यसका लागि मूल्यांकन परिवार धन्यवादको पात्र छ ।

तर यो पत्रिकाको कमजोरी भनेको दृष्टिकोणको अस्पष्टता हो भन्ने लागेको छ । आजको विश्वमा साम्राज्यवादी तागत र संशोधनवादी शक्तिहरूको हेलपेलबीचमा क्रान्तिकारी कम्युनिष्ट शक्तिहरूको पहिचान र गतिविधिको नेपाली पाठकहरूमा जानकारी हुनु आवश्यक छ । त्यसरी नै नेपालको कम्युनिष्ट आन्दोलनलाई पनि सही दिशामा गोलबन्द गरिनु आवश्यक छ । यस अर्थमा मूल्यांकनजस्तो प्रगतिशील पत्रिकाको दायित्व भनेको तिनलाई क्रान्तिकारी दिशातर्फ डोरियून् भन्नाखातिर प्रयास गर्नु पनि रहन्छ । तर यस प्रत्रिकाको संरक्षकदेखि सल्लाहकारमा बसेका व्यक्तिहरूको सूचि हेर्दा पत्रिकाले उक्त दिशातिर अग्रसरता देखाउन नचाहेकै हो कि भन्न सकिने स्थिति छ । यसमा सम्पादक मंडलकै दृष्टि अस्पष्टता पनि हुन सक्तछ । जेहोस्, उक्त दिशामा प्रष्टताकासाथ अघिबढ्न सकेको खण्डमा मूल्यांकनले अरू सशक्तता प्राप्त गर्नेछ भन्ने आशा गर्न सकिन्छ । टिप्पणी गर्ने अवसर दिनुभएकोमा सम्पादक मंडललाई धन्यवाद । ❑

# राजनीतिक क्षेत्रमा सुधावादलाई मूल्यांकनको प्राथमिकता: खट्किँदो कुरा

डा. नारायण पोखरेल



यस अघि 'मूल्यांकन' चौहत्तर चोटि निस्किएछ । शुरूमा यसका अंकहरू संगसंगै लुट्पुटिने मैले यदि त्यो क्रमलाई नियमित बनाएको भए आफ्ना पनि सत्तरी-बहत्तर वटा लेख रचना हुने रहेछन् भनेर एक क्षण कुडिन मन लाग्यो । तर कुडिइनँ, किनकि यस मासिकको सफलतामै ज्यादा खुसी हुन पुगें ।

नेपालमा धेरै प्रकाशनहरू निस्किएका र प्रायः थुप्रै अल्पायुमै बिलाएर गएका छन् । तर यो मासिक निस्किएदेखि अहिलेसम्म निरन्तर छ । नेपालको अहिलेको पत्र-पत्रिकाको भीडमा 'मूल्यांकन'जस्तो र यस्को हाराहारीको अर्को कुनै पत्रिका छैन । अर्थात् यसले एउटा छुट्टै पहिचान कायम गरीसकेको छ । यो नै यस मासिकको सवल र अहं पक्ष हो ।

यस पत्रिकाको सकारात्मकता केमा छ भने यसले समयानूकूल तथ्यहरूको संकलन गर्न सफल भएको र पाठकहरू माझ ज्ञानवर्द्धकसमेत सिद्ध भएको देखिएको छ । रोचक घटना र वैज्ञानिक उपलब्धीलाई यसले सहज रूपमा नेपालीहरू सामु पुऱ्याउने जुन प्रयत्न गरेको छ, त्यो एकदमै सह्राहना योग्य छ ।





यसका अतिरिक्त मार्क्सवादी विश्व दृष्टिकोणलाई नेपालका कुनाकाप्चासम्म पुऱ्याउने, राष्ट्रियताको पाठ पढाउने अनि देशका प्राथमिकताका कुरालाई जनतासामु खुलस्त पार्ने, देशी भ्रष्टाचारी र विदेशी अतिक्रमणकारीको विरूद्धमा जन-चेतना फैलाउने तथा साम्राज्यवाद विरोधी यथेष्ट सामाग्री प्रकाशन गर्ने अभियान चालेका कारण यो पत्रिका समग्रमा जनवादी भूमिका निर्वाह गरिरहेको एकमात्र मासिक हो भन्नुपर्दछ ।

यति हुँदाहुँदै पनि यो पत्रिकाले राजनैतिक हिसावमा सुधारवादलाई प्राथमिकता दिईआएको र वर्तमानमा अस्तित्वरत (नेपालमा) सवै नामधारीहरूलाई 'कम्युनिष्ट' हुन् भनी भ्रम दिलाएको कुरा भने मलाई खट्किएको छ । वैचारिक हिसावले सारसंग्रहवादी धरातलमा आफूलाई अड्याउन खोजेको यस पत्रिकाले 'वाम' विरोधीहरू मध्येका केही नामहरूलाई 'विज्ञ'को पगरी लगाएर बारम्वार प्रस्तुत गरी रहँदा अत्यन्त 'स्टेरीयोटाइप्ड' र 'मोनोटोनस' भयो भन्नेहरूको संख्या पनि प्रशस्तै भएको जानकारी यसै टिप्पणीमार्फत् दिनु कर्तव्य ठान्दछु ।

अन्त्यमा, यस पत्रिकाले वैचारिक दृष्टिकोण निर्माणमा अत्यन्त सहयोगी भूमिका निर्वाह गर्नेछ भन्ने लागेर शुरू शुरूका अंकहरू पढ्न जाँगर जसरी हुन्थ्यो, त्यो अहिले लाग्न छाडेकाले पत्रिका पढ्न तत्परता घटेको स्वीकार्दछु । यसका अतिरिक्त पछिल्लो समयमा आएर यस विचार अन्तर्क्रियामुखी मासिकले एउटा राजनीतिक विचार (खेमा) विशेषको मुखपत्रमा रूपान्तरित हुने छाँट लिएको टिप्पणी पनि गर्न थालिएका छन् । यस दिशामा नगईदिएर सवैको प्यारो 'मूल्यांकन' हुन सकोस् भन्ने शुभकामना तथा अहिलेसम्मको सफलतामा वधाई दिँदै यस पचहत्तरौं अंकमा यसको बारे टिप्पणी गर्ने अवसर दिएकोमा धन्यवादसमेत दिन चाहन्छु । ❑

# देशभक्ति र राष्ट्रियताको विषयबस्तुमा मूल्यांकन जेठो

डा. मुकेशकुमार चालिसे



**मूल्यांकन** पाएसम्म पढ्न मनलाग्छ । कहिलेकाहीं पुरानो भएपनि पढ्छु । नपढेको अंक पाए त झन् पढ्छु । मेरा नजीककाहरूलाई पनि थाहा छ क्यार- त्यसैले नयाँ अंक देखेमा किनेर ल्याईदिन्छन् । बेला बेला चर्चा परिचर्चा हुँदा सन्दर्भ ग्रन्थ वा सान्दर्भिक पत्रिकाको रूपमा नाम अघि आउँछ- यसले गर्दा म यस पत्रिकाको प्रचार गरिरहेको छु कि भन्ने लाग्छ । यस्तो सम्बन्ध मूल्यांकनसंग किन रहन गयो होला ? आज मूल्यांकनका लागि ७५ औं अंकका लागि प्रतिक्रिया लेख्न बस्दा झन् कौतुहल लागिरहेछ । मलाई क्रमशः मूल्यांकनका प्रारंभिक प्रकाशनहरूदेखि हिजोआजका अंकसम्म संझेजति झझल्को आइरहेछ ।

मूल्यांकनको साजसज्जा, भित्री रूपरङ्ग प्रायः उस्तै हुन्छ, विषयबस्तु फरक हुन्छन् । समावेश गरिएका धेरैजसो विधाहरू मलाई चिन्तन मनन गर्नुपर्ने खालका लाग्छन् । अन्तै प्रकाशित भइसकेका आंकडाहरूलाई पनि सुहाउँदो र खुलस्त हुने ठाउँमा प्रयोग गरिएको पाइन्छ । समसामयिक राजनीति, राजनीतिक घटना, सामाजिक बनौट, सांस्कृतिक फाँट र आर्थिक पक्षबारे गहकिला लेख-रचना पाइन्छन् । अन्तरक्रियालाई जस्ताकोतस्तै दिने प्रचलनले प्रजातन्त्रको उपयोग त हुन्छ तर निचोडले पाठकलाई निर्देशित गरे कसो होला ?

कथा, कविता, निबन्ध र हास्यव्यङ्ग दिंदा समसामयिक स्थितिमा चुनिएका प्रतिनिधिमूलक मात्र समावेश गरे अझ बेश होला कि ?

देशभक्ति र राष्ट्रियताको विषयबस्तुमा त मूल्यांकन जेठो नै छ । अब मूल्यांकनले गर्न बाँकी एउटा कुरा छ- बेला बेलामा सामाजिक परिवेशमा, नापजोखमा खरो उत्रन नसकेका- व्यक्ति, विचार र क्रियाकलापलाई ठाउँ कम दिने वा नदिने वा बढाई चढाई नगर्ने । मेरो मान्यतामा हाम्रो समाजमा अझै पनि निर्देशित प्रवृत्तिले नै काम गर्दछ । जनताको उन्नतिका लागि बुद्धिजीविहरूलाई खुराक भर्ने यन्त्रले पिठोसंगै घुन पिंधेर पठाए पनि त खानै पर्‍यो नि ! बेला बेला घुन ख्वाउने नगरीदिन अनुरोध छ । अध्ययनको एउटा अंगको रूपमा ग्राह्य भएको मूल्यांकनमा मदिराजन्य वस्तुको विज्ञापन बाध्यताले परिरहेछ जस्तो लाग्छ- के अन्य आर्थिक स्रोत मिलाउन सकिएला ?

सबै अंकको साङ्गोपाङ्गो व्याख्या, टिप्पणी र चर्चा लामो हुने ठानी आफ्ना सामान्य प्रभाव परेका कुरा अघिसारेको हुँ । आफ्नो फाँटको प्रतिनिधि पत्रिकाको रूपमा यसको बिसासय आयू होस् । ❑



केशव नेपाल
लिखित
मार्मिक
सामाजिक
उपन्यास

**टुहुरीको जिन्दगी**

बजारमा उपलब्ध छ !

*-निरन्तर प्रकाशन*

◄ अन्तर्क्रिया



# यतिखेर सबै घटकका प्रायः सबै कार्यकर्ताले पढ्ने माध्यम

- हरि रोका

नेपालको कम्युनिष्ट आन्दोलन सैद्धान्तिक दरिद्रता र राजनैतिक निरक्षरताका कारण दिन प्रतिदिन दुब्लाउदै गएको छ । सतही ब्याख्या, तत्काललाई हेरेर दूर भविष्यलाई नष्ट पार्ने कार्यनीति अहिले प्रायः सबै विभाजित कम्युनिष्ट पार्टीहरूका विशेषता बन्नपुगेका छन् । यसबेला 'क्लासिकल कम्युनिजम्'लाई थोर बहुत बुझ्नलाई 'मूल्यांकन'ले सहयोग पुर्‍याएको छ । यतिखेर मूल्यांकन मासिक सबै कम्युनिष्ट घटकका प्रायः सबै कार्यकर्ताहरूले पढ्ने र ज्ञान हासिल गर्ने सशक्त माध्यम भएको छ । यद्यपि मूल्यांकनप्रति पूर्वाग्रह राख्नेहरू पनि रहेका छन् ।

मूल्यांकन संस्थागत विकासमा अघिबढेको छ । र, अरूलाई पनि संस्थागत बन्नका लागि प्रेरणा प्रदान गरिरहेको छ । मूल्यांकनमा लेख्ने अधिकांश स्रष्टाहरू मेहनती हुनुहुन्छ र उहाँहरूले संसारकै कम्युनिष्ट आन्दोलनलाई गंभीरतापूर्वक प्रस्तुत गर्नुभएको पाइन्छ । तर मूल्यांकनले कतिपय नवीन परिवर्तनलाई बुझ्न सकिरहेको छैन भन्ने पनि मैले ठानेको छु ।

आर्थिक-सामाजिक र राजनैतिक परिवर्तनले यतिखेर थुप्रै फड्को मारेको छ । सूचना-प्रविधिमा आएको क्रान्तिले विश्वलाई साँघुरो पारेर 'ग्लोबल भिलेज' मात्र बनाएको छैन, हुने र नहुनेका बीच, धनी र गरिबहरूका बीच अहिलेसम्मको संसारको इतिहासमा सर्वाधिक ठूलो खाडल पैदा गरिदिएको छ । विश्व गरिब, धनी र महाधनीहरू बीच विभाजित छ । महाधनीहरूले तेश्रो र चौथो विश्वलाई झन् झन् दरिद्रतातर्फ धकेलिरहेका छन् । खासगरी, विश्व कम्युनिष्ट आन्दोलनले आधुनिक प्रविधिलाई आफ्नो सिद्धान्तभित्र आत्मसात नगर्दा भएका कमजोरीले पनि त्यस काममा सहयोग पुर्‍याईरहेको छ । 'मूल्यांकन'ले समग्र आन्दोलनको मूल्यांकन गर्दा मार्क्सवादसम्बन्धी शास्त्रीय अवधारणालाई मात्र आफ्नो आधार बनाएको पाइन्छ । तर इतिहासकै मूल्यांकन गर्ने हो भने, अहिले उत्पन्न विकराल समस्याहरूको समाधान पुरातन जडसूत्रबाट मात्र संभव छैन । नयाँ खालका समस्याहरूबिरूद्ध जुझ्न पहिले समस्याहरूको नयाँ ढंगले पहिचान गर्नु जरूरी छ ।

मार्क्सवादी प्रस्थापनाहरूको समयसापेक्ष ब्याख्याको जरूरी छ र नयाँ समस्यासँग जुझ्न अझ नयाँ ढंगले शस्त्रसज्जित हुन पनि जरूरी छ । अहिले मूल्यांकनमा यस्ता केही अभावहरू देखिएका छन् । यो अभावलाई पूर्ति गर्न मूल्यांकनले आत्मनिरीक्षणका साथ थप परिश्रम गर्नु जरूरी देखिन्छ । त्यसो गरिएन भने ज्ञान र सूचनाहरूको बजारबाट 'मूल्यांकन'ले पलायन गर्नुपर्ने खतरा उत्पन्न हुनसक्छ । यो खतराबाट समयमै जोगियोस् भन्ने मूल्यांकनप्रति शुभकामना छ । ❑



## ◀ अन्तर्क्रिया



# 'मूल्यांकन'को जलस्रोतसम्बन्धी दृष्टिकोण र भूमिका सह्राहनीय छ


- विकास पाण्डे

खास गरी जलस्रोतसम्बन्धी विषयहरूको निम्ति म 'मूल्यांकन' पढ्ने गर्छु । 'मूल्यांकन'ले जलस्रोतका बैकल्पिक उपायहरूका बारे सामग्रीहरू प्रकाशित गर्ने गरेको छ । अरूण तेस्रोको चर्चा र विवाद चलेको बेलामा पनि यस विषयलाई 'मूल्यांकन'ले आवश्यक स्थान दिएको थियो । त्यसबेला अरूणको विकल्पमा के गर्न सकिन्छ र गर्नुपर्छ भन्नेबारे 'मूल्यांकन'ले बैकल्पिक विचारहरूलाई उचित ठाउँ दिएको थियो । त्यस्तै कर्णाली चीसापानी परियोजना र एन्रोनको बारेमा पनि 'मूल्यांकन'ले दिएका विचार र सामग्रीहरू उपयोगी छन् भन्ने मलाई लागेको छ । यस दृष्टिले हेर्दा 'मूल्यांकन'को जलस्रोतसम्बन्धी दृष्टिकोण र भूमिका सह्राहनीय छ ।

मलाई लागेको 'मूल्यांकन'को अर्को राम्रो पक्ष भनेको, यसले समय समयमा गर्ने गरेको अन्तरक्रिया र त्यसको प्रकाशन हो । बहुदलीय प्रजातान्त्रिक व्यवस्थाले दिएको अभिव्यक्ति तथा प्रकाशन स्वतन्त्रतालाई पर्याप्त दोहन गरेर 'मूल्यांकन'ले गरेका वैचारिक अन्तरक्रिया र त्यसको प्रकाशन 'मूल्यांकन'को विशेषता नै हो । आगामी दिनहरूमा पनि मुलुकका सम-सामायिक तथा जल्दाबल्दा विषयहरूमा यसले छलफल कार्यक्रमलाई अघि बढाओस् र ती छलफलहरूबाट निस्केका सारभूत कुराहरूलाई प्रकाशन गरी व्यापक पाठक समुदाय समक्ष पुऱ्याओस् भन्ने मेरो सुझाव छ । ❑

# वामपंथी साहित्यको सबैभन्दा ठूलो पाठक समुदाय र बढी विश्वास कमाएको पत्रिका

- घनश्याम भूसाल, *पूर्वसांसद ने.क.पा. (माले)*



मार्क्सवादी साहित्यको प्रचारका क्षेत्रमा 'मुल्यांकन'ले सर्वथा अग्रणी स्थान कायम गरेको छ । यसको विषयबस्तु र निरन्तरताले प्रकाशन-सम्पादनमा तपाईहरूको मेहनतलाई प्रशंसा गर्नैपर्छ । वामपंथी साहित्यको सबैभन्दा ठूलो पाठक समूदाय भएको यो पत्रिकाले सबैभन्दा बढी विश्वास पनि कमाएको छ ।

मलाई लाग्छ, 'मूल्यांकन'ले पर्याप्त सूचना, सार्थक बहस, व्यापक अभियान र परिणाममुखी आन्दोलनको प्रकृया र क्षेत्रमा योगदान गर्नुपर्छ । यसरी हेर्दा 'मूल्यांकन'ले प्राप्त गरेको विश्वासको तुलनामा सूचनाका क्षेत्रमा सन्तोषजनक, बहसका क्षेत्रमा सामान्य र अभियान र आन्दोलनका क्षेत्रमा यसको प्रभाव कमजोर छ । सबै पत्रिकाले यस्तो भारी बोक्न सक्दैनन्, तर 'मूल्यांकन' एउटा उद्देश्यपूर्ण दिशामा अगाडि आएको र त्यस हिसाबले पाठकहरूको विश्वास पनि जितेको पत्रिका भएकाले यसबाट त्यस्तो आशा गर्नु अत्यन्तै स्वाभाविक छ भन्ने लाग्छ । यस क्षेत्रको करीब करीब एउटा मात्र पत्रिका भएकाले पनि यसको जिम्मेवारी अरूभन्दा अलग र अतुलनीय रूपले गहन छ । अब यसले जनताको व्यापक आन्दोलनमा कसरी प्रत्यक्ष र सकारात्मक प्रभाव पार्नसक्छ भन्ने हिसावले नयाँ उचाई हाँसिल गर्दै अगाडि बढ्नुपर्छ । ❑

# अरू राम्रो बनोस्: सुझावहरू

- जनकप्रसाद हुमागाईं



मैले मूल्यांकन अंक १० देखि ७४ सम्म नियमित रूपले पढ्न पाएको छु ।

मूल्यांकन अंक १० देखि हाल-सम्मका अंकहरू हेर्दा यस पत्रिकालाई मैले मूलतः खोजमूलक वा खोजप्रधान पत्रिकाको रूपमा पाएको छु । यसले गरेका खोजहरूमध्ये विश्व-कम्युनिष्ट आन्दोलनका गतिविधि विशेष पाठका रूपमा आएका छन् । यस्ता खोजमूलक कार्यलाई उपयोगिताका दृष्टिले पुस्तकको रूप दिनु र अझ प्रभावकारी रूपमा पाठकसमक्ष पुऱ्याउन खोज्नु बेस होला भन्ने ठानेको छु । यसअघि पनि यस्तो राय मूल्यांकनमा पठाएको थिएँ र छापिएको थियो । यसबारे मूल्यांकनलाई के लाग्यो ? अरू पाठकको के राय छ होला ? धेरैले उचित ठानेका छन् भने मूल्यांकनले यसतर्फ आफ्नो क्षमताअनुसार ध्यान देओस् भन्ने मेरो सुझाव छ । मूल्यांकनले देशको राजनीति, अर्थनीति, धर्म, भाषा, जाति आदिबारे पनि ध्यान दिनेगरेको छ । साहित्य र संस्कृतिलाई पनि समेटेको छ । तर बालकहरू र उनका निम्ति दिइने शिक्षा-दीक्षाका बारेमा आवश्यकताअनुसार प्रधानता दिन सकेको छैन जस्तो लागेको छ । समाजमा दुई प्रकारका शिक्षा प्रणाली छन् । एउटा राज्यले व्यवस्था मिलाइए अनुसार चलेका विद्यालयहरू र तिनमा पढाइने पुस्तक-पाठ्यक्रमका आधारमा दिइने शिक्षा । दोस्रो, बालकले आफ्नो रूचीअनुसार बाल साहित्यको माध्यम मार्फत् आर्जन गर्ने शिक्षा । त्यसो हुनाले यसतर्फ पनि आवश्यक ध्यान पुग्न सके बेस हुने थियो होला । नयाँ पुस्ता वा आउँदो पुस्ता देशभक्ति, राष्ट्रियता, जनहितका दृष्टिले जति सचेत हुन्छ, त्यति नै देशको उत्थान र जनताको हित सम्भव हुन्छ । त्यसैले आफ्नो अंक १० मा घोषित नीतिअनुसार विचार-अन्तर्क्रिया चलाउने गर्दा यस क्षेत्रलाई पनि प्राथमिकता दिने गर्नु मूल्यांकनको नीति र उद्देश्य अनुरूप नै हुनजाला भन्ने लाग्छ । जेठो पुस्तालाई सम्मान गर्दै नयाँ पुस्तालाई सबल बनाउँदै जान सक्दा नै अपेक्षा अनुरूप सफलता मिल्नसक्छ भन्ने कुरामा कसैको दुईमत नहोला ।

देशमा भाषाबारे विशेष रूपले सोच्नुपर्ने अवस्था आएको छ । अधिकारको रूपमा चर्को कुरा गरेर भाषाको रक्षा गर्न सकिन्न । व्यवहारमा स्थिति खतराको बिन्दुबाट गुज्रिरहेको देखिन्छ । हामीले आमा, बा, बाजे, बज्यै (हजूरबा, हजूरआमा) जस्ता आफ्ना शब्दको प्रत्येक दिन हत्या गर्दैछौं । ढोकाको हत्या गर्दैछौं । हाँकको हत्या गर्दैछौं र यस्ता कैयौं शब्दहरूको सट्टा पराई भाषाका शब्दलाई आँखा चिम्लिएर अँगालो हाल्दैछौं । यसतर्फ खोई हामी भाषा अधिकारका कुरा गर्नेहरूको ध्यान गएको ? यस्ता गम्भीर विषयमा पनि मूल्यांकनले ध्यान दिए सही रूपमा देशको भाषाको रक्षा गर्ने कुरामा केही सहयोग पुग्थ्यो होला ।

चाड पर्व वा संस्कृतितर्फ दशैं र त्यस्तै केही पक्षमा पनि ध्यान दिने गरेको देखिन्छ । मूलतः अन्धरूढीवाद र भाग्यवादलाई नै धर्म वा संस्कृतिको नाममा राज्यहरूले गर्ने गरिएका गलत प्रचारलाई नङ्ग्याउने हाम्रो प्रयन्त हुनपर्ला । एक धर्मले अर्को धर्मलाई, एक जातिले अर्को जातिलाई होच्याउने र खराब भन्ने जस्ता पाराले हाम्रा चर्चा पाठकबीच नजाउन् भन्ने सोचाई हामी सबैको हुनपर्छ । यसबारे पनि मूल्यांकनले विशेष प्रयन्त चलाउनु बेस होला भन्ने लाग्छ । सारांशमा मूल्यांकनको प्रयास राम्रो छ, अझ राम्रो बन्न सकोस् भन्ने उद्देश्यले लागेका एक दुई कुरा यहाँ उल्लेख गर्न खोजेको हुँ । ❑

२८ पेजको बाँकी

समाजवादी राज्यकालमा उत्कृष्ट युगान्तकारी साहित्य र कलाहरू पैदा भएनन् । ज्यादाजसो पार्टी साहित्यहरू मात्र जन्मे, 'गोर्की र लु सुनहरू' क्रान्तिअघि मात्र पैदाभए क्रान्तिपछि पैदा भएनन् ।

- मार्क्सको ध्येय राज्यविहीन, वर्गविहीन र शोषणविहीन समाजको सिर्जना थियो । तर व्यवहारमा राज्यको रूप मात्र बदलियो, राज्य विलोपको दिशातिर गएन, नयाँ निरंकुश पार्टी-नोकरशाहहरूको राज्य अझ बलवान रूपमा फेरि पनि कायम रह्यो । पुराना पूँजीपति वर्गको त अन्त्य भयो, परन्तु नयाँ नोकरशाह वर्ग र नव धनाढ्य वर्ग पैदा भए । पूँजीवादी शोषणको त अन्त्य भयो, परन्तु, नोकरशाहहरूको शोषण शुरू हुनथाल्यो ।

- मार्क्सको अवधारणा स्वतन्त्र र मुक्त जागृत मानवको सिर्जना थियो, मानव श्रमलाई अरू ज्यादा पूर्ण रूपमा स्वतन्त्र र सृजनशील बनाउनु थियो, त्यस्तो स्थितिको सृजना गर्नु थियो, जहाँ "एउटाको स्वतन्त्रता सबैको स्वतन्त्रताको शर्त बन्दछ ।"

परन्तु, यति गहन स्वतन्त्रताको पक्षधर मार्क्सको विचारको कार्यान्वियन गर्दा विभिन्न मुलुकको समाजवादमा सबैभन्दा ठूलो अनिकाल नै स्वतन्त्रताको रह्यो । त्रुटी मार्क्सको अवधारणामा थिएन, कार्यान्वयन-कर्ताको आचरण र बैचारिक अप्रतिबद्धता र अस्पष्टताको कारणले यो समस्या पैदा भएको थियो । लेनिनले सोभियत र माओले 'सयौं फूलहरू फूल्न देऊ' को अवधारणामार्फत् यो समस्या हल गर्न केही ठोस पहल थाल्नुभएको देखिन्छ, जुन पछि पूर्ण र निरन्तर हुन सकेन । अहिले क्यूबाको समाजवादले यो स्वतन्त्रताको अभ्यास गर्न केही मूर्त प्रयत्न थालिरहेको देखिन्छ ।

- मार्क्सको साम्यवादको मूल लक्ष्य- मान्छेलाई अरू ज्यादा पूर्ण रूपमा मानव बनाउनु थियो, धर्तीमा "मानवीय समाज" को सिर्जना गर्नु थियो । परन्तु विश्वभरि समाजवादको अभ्यास गर्दा, भौतिक सुख सुविधाको हिसावले अमानवीकरणको प्रक्रिया अन्त्य गर्ने र यस दृष्टिले 'मानवीय समाज' बनाउने काम त पूँजीवादको तुलनामा समाजवादले धेरै राम्ररी गऱ्यो । तथापि, समाजवादको अभ्यासको त्रुटी र सीमा केमा देखिएको छ भने, आत्मिक हिसाबले, मानसिक हिसावले अमानवीकरणको प्रक्रिया अन्त्य गर्ने मामलामा गत ७५ वर्षमा सबैभन्दा थोरै काम भयो । पूँजीवादले त यो काम गरेन गरेन, समाजवादले पनि यो कार्य गरेन ।

*मार्क्स कथित 'देउता' हुनुहुन्थेन । त्रुटी उहाँबाट पनि भएका देखिन्छन् । यूरोपका प्रमुख विकसित मुलुकमा एकैचोटि समाजवादी क्रान्ति हुन्छ भन्ने उहाँको अवधारणा थियो, त्यस्तो कहिल्यै भएन ।*

मान्छेहरूलाई निर्वाध अभिव्यक्तिको स्वतन्त्रता दिएर, आफ्नो भाग्यको फैसलामा र नीति निर्णयमा व्यापक सहभागिता बढाएर मान्छेका बैचारिक सांस्कृतिक प्रगति र रूपान्तरणको लागि निरन्तर- बैचारिक र सांस्कृतिक क्रान्ति संचालन गरेर र संपूर्ण मान्छेको स्ववास्तवीकरणको निम्ति समग्र आवश्यक परिस्थिति जुटाईदिएर मात्र यो कार्य हुनसक्छ । तर यही कार्य समाजवादमा पनि भएन ।

यस प्रकार, मार्क्सका विचारहरूको कार्यान्वयनले मानव समाजमा अतुलनीय प्रगतिशील परिवर्तन र उन्नति पनि ल्याएको छ, तर केही गंभीर त्रुटी र सीमाहरू पनि देखा परेका छन् ।

तर जम्मामा, त्रुटी र सीमाहरूको तुलनामा उपलब्धिहरू कता हो कता ज्यादा छन् । मार्क्सवादले समाजमा मानवमाथि मानवद्वारा भइरहेको सामाजिक अन्याय, असमता, शोषण उत्पीडन, अमानवीकरण कम गर्नको लागि यति छोटो अवधिमा यति तीव्र गतिमा जति काम गरेको छ, गएको हजार वर्षमा कुनै अर्को चिन्तकको विचारले त्यस्तो गर्न सकेको देखिन्न ।

मार्क्सका चिन्तनको चर्चा गर्दा फ्रेडरिक ऐंगेल्सलाई त्यसमा अपरिहार्य रूपमा जोडिनुपर्छ । ऐंगेल्सको अभावमा मार्क्स 'मार्क्स' हुन संभव नै थिएन, बैचारिक हिसावले पनि, भौतिक हिसावले पनि । यद्यपि ऐंगेल्स स्वयम्ले भने यस्तो धारणा कहिल्यै राख्नु भएन ।

मार्क्सको महानता यसमा छ कि उहाँ जिन्दगीभर एक महान क्रान्तिवादीको रूपमा टिकीरहनु भयो । उहाँले क्रान्तिकारी सिद्धान्त मात्र प्रतिपादन गर्नुभएन, त्यो सिद्धान्तलाई व्यवहारमा उतार्न पनि जिन्दगीभर समर्पित भइरहनुभयो । खान र ओखती गर्न नपाएर आफ्ना छोराछोरीहरू भटाभट मर्दा पनि आफ्नो लाउने लुगासमेत बन्धकी राखेर बाहिर निक्लिन असमर्थ हुँदा पनि उहाँले आफ्नो ध्यंय छोड्नु भएन, आफ्नो ध्येयमा संभौता गर्नुभएन । उद्देश्यको सिंगोपन नै मार्क्सको जीवनको सन्देश हो, महानता हो । मार्क्स एक महान चिन्तक मात्र होइन, एक महान पति र पिता पनि हुनुहुन्थ्यो ।


मार्क्स कथित 'देउता' हुनुहुन्थेन । त्रुटी उहाँबाट पनि भएका देखिन्छन् । यूरोपका प्रमुख विकसित मुलुकमा एकैचोटि समाजवादी क्रान्ति हुन्छ भन्ने उहाँको अवधारणा थियो, त्यस्तो कहिल्यै भएन । क्रान्ति पहिले पेरिसमा एउटा राज्यमा मात्र भयो, त्यसपछि रूसमा मात्र । विकसित पूँजीवादी मुलुकमा नै पहिले समाजवादी क्रान्ति हुन्छ भन्ने उहाँको अवधारणा थियो त्यस्तो पनि भएन । समाजवादी क्रान्ति संपूर्णजसो अविकसित मुलुकमा भयो ।

पेरिस कम्युनको असफलताको अनुभवपछि उहाँले सर्वहारा वर्गको अधिनायकत्वको अवधारणा ल्याउनु भयो । त्यो अवधारणा गलत थिएन । समाजवादी क्रान्तिपछि त्यस्तो अधिनायकत्व अनिवार्य हुन्छ भन्ने कुरा सबै देशको क्रान्तिबाट स्पष्ट देखिएको छ । परन्तु अधिनायकत्वको पक्ष त सत्यको एउटा पाटो मात्र हो, त्यो पनि बाध्यताको पाटो मात्र । अधिनायकत्वको विपरीत पाटो त सर्वहारा जनवाद हो , जुन सकारात्मक पाटो हो । हामीले प्रचार र जोड कुन पाटोको गर्नुपर्ने ? मेरो ठम्याइमा, हामीले प्रचार सकारात्मक पाटोको गर्नुपर्दछ, गर्नुपर्दथ्यो । सर्वहारा अधिनायकत्वको पाटोको ज्यादा प्रचार गर्दा यसले पूँजीवादीहरूलाई कम्युनिष्टहरूबारे जनतामा भ्रम दिन निकै सजिलो भएको छ । अधिनायकत्व त हरेक पूँजीवादी राज्यले पनि संसारभरि लादेकै छ, चलाएकै छ । र, त्यो अधिनायकत्व सर्वहारा अधिनायकत्वभन्दा कता हो कता हिंस्रक छ, अमानवीय छ र चरम दमनकारी छ । तथापि उनीहरू 'प्रजातन्त्र'को ज्यादा प्रचार गरिरहेछन् र प्रजातन्त्रको मुकुण्डोले सारा अमानवीयता, हिंसा र अधिनाय-कत्वलाई ढपक्कै छोपिरहेछन् । हामीलाई पूँजीवादीहरूजस्तो अमानवीय हुनु छैन, हिंस्रक पनि हुनु छैन । प्रतिक्रान्ति गर्न खोज्नेहरूलाई दबाउने हो, बस् । पूँजीवादीहरूले जस्तो श्रमले सारा संपत्ति सिर्जना गर्नेहरूलाई नै भोक्भोकै मार्ने काम त समाजवादले गर्दैन, न त श्रम गर्न तैयार पूँजीपतिलाई नै समाजवादले बेरोजगार र भोको राख्छ । समाजवादले त पूँजीपतिलाई समेत अमानवीकरणको प्रक्रियाबाट मुक्त गर्ने कार्य गर्छ । काम गरी खान तैयार संपूर्ण मानिसहरूलाई मानवीकरण गर्छ । बस्, सक्षम भएर पनि काम गर्दिनँ भन्नेहरू मात्र भोको पर्ने हुन् समाजवादमा, प्रतिक्रान्तिकारीहरूको मात्र स्वतन्त्रता हनन हुने हो समाजवादमा । दुनियाँको सबैभन्दा उत्कृष्ट र मानवीय जनवाद योभन्दा अरू के हुन सक्छ ?

परन्तु, यस्तो हुँदाहुँदै पनि हामीले सर्वहारा अधिनायकत्वको ज्यादा प्रचार गऱ्यौं । हामीले नकारात्मक पाटोको ज्यादा प्रचार गऱ्यौं । पूँजीपतिहरू कता हो कता हिंस्रक र अमानवीय तानाशाही लाद्ने, प्रचार गर्ने प्रजातन्त्रको ! हामी चाहिँ कता हो कता मानवीय र विवेकशील तानाशाही मात्र लाद्ने तर प्रचार गर्ने अधिनायकत्वको ? यो ठीक भएन भन्ने मलाई लागेको छ । संप्रेषणमा भाषा र शब्दको निकै महत्व हुन्छ । तसर्थ, संपूर्ण कम्युनिष्टहरूले सर्वहारा जनवादको प्रचार गर्नुपर्छ । मार्क्सले सर्वहारा अधिनायकत्वको ज्यादा प्रचार गर्नु भएर उचित गर्नुभएन भन्ने मलाई लागेको छ ।

अधिनायकत्वको ज्यादा प्रचार गर्ने मानसिकताले कमजोर सांस्कृतिक स्तर भएका कम्युनिष्टहरूमा - कम्युनिष्टहरू भनेको तानाशाही नै लाद्ने हो, भिन्न मतलाई दबाउने नै हो भन्ने सोचलाई पनि मनोवैज्ञानिक टेवा पुऱ्याएको छ । मार्क्सको आशय र ध्येय यस्तो कदापि देखिन्न ।

परन्तु यी सबै सीमाका बावजूद मार्क्स गत सहस्राब्दीका सबैभन्दा महान मानव हुनुहुन्थ्यो, सबैभन्दा महान चिन्तक हुनुहुन्थ्यो र विश्व क्रान्तिका सबैभन्दा महान संवाहक हुनुहुन्थ्यो । उहाँ वास्तविक अर्थमा एक महान विश्व-नागरिक हुनुहुन्थ्यो । ❑



नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानद्वारा प्रकाशित

कवि नरेश शाक्यको नयाँ कविता संग्रह

**परिवेश**

*बजारमा उपलब्ध छ ।*

# ◀ पाठकको कुरो

## *चरित्रमा दाग लगाउन खोज्नु गम्भीर अपराध*

म मूल्यांकन मासिकको नियमित पाठक हुँ । मेरो दृष्टिमा जनपक्षीय पत्रिकाको छाप परेको मूल्यांकनले २०५२ फागुन १ गतेदेखि जनयुद्धको शुरुवात गरेका माओवादीविरुद्ध नेतृत्वको खोट देखाउनु पक्कै पनि शोभनीय नहोला । ७४ औं अंकमा प्रकाशित पुष्कर गौतमको लेखमा माओवादी पार्टीका शीर्षस्थ नेता क. आलोकको चरित्रहत्या गर्न खोजिएको छ , जुन व्यक्तिले परिवारलाई पार्टीकरण गरेर परिवारबाट नै तीन शहीद जन्माइसकेका छन् । यसर्थ प्रचण्ड, बाबुराम र आलोकजस्ता माओवादी जनयुद्धका साहसी नायकहरुको चरित्रमा दाग लगाउन खोज्नु गम्भीर अपराध गर्नु हो । कम्युनिष्ट पार्टीहरुभित्र उब्जेको दक्षिणपन्थी एवं अवसरवादी सोचलाई नंग्याउदै हजारौंको शहादतबाट हुर्केको जनयुद्धलाई अगाडि बढाउनु वास्तविक कम्युनिष्टहरुको कर्तव्य नहोला त ?

– दीपक सुबेदी, चितवन

## *अर्को जीवनी चाहियो !*

७४ औं अंकमा सुप्रसिद्ध साहित्यकार रमेश विकलको अन्तर्वार्ताले समाजलाई प्रगतिशील साहित्यले प्रत्यक्ष प्रभाव पार्ने कुराबारे राम्रो चर्चा गरेको छ । विभाजित भारतीय कम्युनिष्ट आन्दोलनलाई एकीकरण गर्न सक्रिय स्व. क. नागभूषण पटनायकको संघर्षशील जीवनगाथाको अन्त्य भए पनि दक्षिण एशियाली मुलुककै अर्का नेताको जीवनगाथाबारे जानकारी दिन प्रारम्भ गरियोस्, जसबाट नेपालका कम्युनिष्टहरुले प्रेरणा पाउन् ।

कम्युनिष्ट पार्टीहरुको संकिर्ण सोचाइका कारणले प्रगतिशील प्राध्यापक संघमा देखिएको विभाजन दुःखलाग्दो घटना हो । पुस्कर गौतमको लेखबाट माओवादीहरु नेतृत्व र आधारइलाकाको सवालमा दिशाविहिन छन् भन्ने बुझिन्छ । यस लेखले भूमिगत कार्यमा आत्मउत्सर्ग र बलिदानी भावनाले ओतप्रोत भएर हिंडेका महिलाहरु शारीरिक सम्बन्धको सवालमा सुरक्षित छैनन् भन्ने कुराको संकेत गर्छ । यदि त्यस्तो हो भने, यो नेपाली महिलाको लागि ठूलो विडम्बना र दुःखलाग्ने कुरा हुनजान्छ ।

– सुश्री बिमला ढुङ्गाना, रीस्कू गा.वि.स.- ७, गालटार

## *अंक ७४*

अंक ७४ मा श्याम श्रेष्ठको 'किन चेचेन्यामा भीषण युद्ध चल्दैछ', आँखीझ्याल, तुल्सीदास महर्जनको आवरण कथा, साहित्यकार विमल निभाको ब्यंग्य र प्रज्ञानरत्नको अधिभूतवाद र द्वन्दवादबीचको भिन्नता तथा विश्व कम्युनिष्ट आन्दोलनसँग सम्बन्धित अन्य प्रस्तुतिहरु अत्यन्तै प्रशंसनीय छन् ।

साहित्यकार रमेश विकलसँगको अन्तरंग कुराकानीबाट र फिल्मकार यिल्माज गुनेको क्रान्तिकारीताबाट प्रभावित भएँ ।

– प्रकाश शाह 'अभागी', धनगढी- २, कैलाली

## *चेचेन्या र जनयुद्ध*

पूर्णांक ७४ मा उल्लेखित सबै लेखहरु महत्वपूर्ण छन् र रुसले चेचेन्यामाथि चलाइ रहेको गोला बारुद र बमको भीषण युद्धलाई समेटेर लेखिएको लेख यस पूर्णाङ्कको मूल आकर्षक विषय हो ।

यसमा रुसी सैनिकहरुले चेचन्याली इस्लामिक छापामारबाट पराजय भोग्नुपर्ने निश्चित देखिन्छ भनेर उल्लेख गरियो तर चेचिन्या छापामारमाथि इस्लामिक मुलुक साउदी अरब, कतार, बहराइन, कुवेत, बंगलादेश, पाकिस्तान आदि क्षेत्रबाट चेचन्यालाई अलग इस्लामिक प्रान्त बनाउन सहयोग गरिदैछ भन्ने कुरा उल्लेख नहुँदा मलाई खल्लो लागेको छ ।

ने.क.पा. माओवादीका छापामार-द्वारा चलाइएको जनयुद्धमा उनीहरुको तागत र साहसलाई हेर्दा केही गर्लान् जस्तो देखिन्छ । तर उनीहरुभित्रै भएको मुठभेडलाई हेर्ने हो भने भोलि गएर माले र एमाले जस्तै नाम मात्रका कम्युनिष्ट हुने देखिन्छ । त्यसैले माओवादी जनयुद्धमा जुटेका सबै नेता, बुद्धीजीवी, कार्यकर्ताहरुले समयमा नै होश पुऱ्याएर अगाडि बढ्नुपर्ने र विश्वमा चलिरहेको कम्युनिष्ट गिरावटलाई मध्यनजर राख्दै, पेरुको खस्कँदो जनवादी युद्धको स्थितिलाई हेरेर संघर्षमा अझै सुधार ल्याउनु पर्ने देखिन्छ ।

–SANGAM TUMROK, POST BOX N0. 3695, DOHA QATAR

## *स्तम्भ थपिनु पऱ्यो*

म मूल्यांकन पत्रिकाको नियमित पाठक भएकोले यसमा प्रकाशित प्रायः सबै विषयवस्तु समसामयिक र ज्ञानवर्द्धक छन् । तर यहाँ मलाई एउटा कुरा के भन्न मन लाग्छ भने मूल्यांकन एउटा त्यस्तो माध्यम हुनुपर्छ, जसले सम्पूर्ण क्षेत्रको समष्टिगत अनुसन्धान तथा मूल्यांकन गर्न सकोस् । साथै, अर्को कुरा यस पत्रिकाले राजनीति, शिक्षा, माओवादी, फिल्मी क्षेत्र र अन्य केही विषयबाहेक देशको जनजातिका समस्यालाई पनि समावेश गर्ने स्तंभ थपोस् भन्ने म चाहन्छु ।

– रामकुमार क्षेत्री, पर्वत, चित्रे- ७

## *बामशक्तिको मोर्चा र चीनबारे*

मूल्यांकनको ७३ औं अंकको सम्पादकीयले सम्पूर्ण देशका कम्युनिष्ट शक्ति र देशभक्त तत्वलाई साझा कार्यक्रमका आधारमा एउटा मोर्चा बनाउने सवाल उठाएको छ । यस सवाललाई गत तीनवटा प्रतिनिधि-सभाको निर्वाचनले देशमा विद्यमान सम्पूर्ण बामशक्तिको मोर्चा मात्र प्रतिकृयावादी शक्तिहरुको विरुद्ध राष्ट्रिय विकल्प हुनसक्छ भन्ने देखाएको छ ।

न्युनतम साझा कार्यक्रममा समावेश गरिएका नौ बुँदामा भारतसँग खुला सिमामा प्रतिबन्ध लगाउनु पर्ने कुरा छुटेको छ । यसको लागि नेकपा एकताकेन्द्र, नेकपा मशाल, नेपाल मजदूर किसान पार्टी, नेपाल कम्युनिष्ट पार्टी मालेमाले आफ्ना साना, मसिना मतभिन्नतामा नअल्मलिकन एउटा मोर्चामा आउनुपर्छ र नेकपा माओवादीले जनयुद्ध परित्याग गरी आफूलाई खुला पार्नुपर्छ । नेकपा (माले)को जनवादीधार एकता केन्द्रसँग मिल्नुपर्छ र बहुदलीय जनवादी पक्षधरहरु- नेकपा एमालेमा समाहित हुनुपर्छ । नेकपा एमालेले आफूलाई मूलधार भन्ने दावी गर्नुहुन्न । बहुदलीय व्यवस्थाको इतिहास संसारमा चार सय वर्ष पूरानो छ । यसलाई बुर्जुवाहरुले प्रयोग गर्दैआएका छन्, यसलाई जनमुखी बनाएर आम जनताको हितमा लान सकिन्छ, यसको लागि नेतृत्वमा इमान्दार, सक्षम र उदार हृदय, निस्वार्थ भावना र राष्ट्रप्रेम हुनु अति आवश्यक छ । चीनसम्बन्धी विलियम हिण्टनको लेख समसामयिक छ । चीन पूर्णतः पूँजीवादमा फेरिएको नभएपनि, फेरिने लक्षण देखिएको छ । चीनबारे संसारका हरेक देशका कम्युनिष्टहरुले एकपल्ट गम्भीर भएर बहस, छलफल र अन्तरक्रिया चलाउनु आवश्यक छ ।

– राममणी पोखरेल, उदयपुर

## *आलोचना गर्नैपर्ने पक्ष*

मूल्यांकन निरन्तर रुपमा बौद्धिक खुराकको रुपमा अन्तर्क्रियात्मक ढंगले विचार संश्लेषण तथा विश्लेषण गर्ने, अनि साहित्य-कला, संस्कृति तथा राजनैतिक क्रियाकलाप र सिद्धान्तमाथि भौतिकवादी दृष्टिकोणबाट मूल्यांकन गर्ने पत्रिकाको रुपमा पाठकसामु आइरहेको छ । यसमा हाम्रो सकारात्मक धारणा छ । तर यसको आलोचना गर्नैपर्ने पक्ष पनि देखिएको छ ।

नेपालमा शुरु भएको या गरिएको जनयुद्धले चारवर्ष पार गरिसकेको छ, अनेक आरोह-अवरोहका साथ मूल्यांकनका प्रत्येक अंकहरुमा माओवादी जनयुद्धको बारेमा थोरथोर प्रकाश पारिएको छ । यसलाई सहाहनीय पक्षको रुपमा मैले लिएको छु । तर मूल्यांकनमा माओवादीहरुले मित्र शक्तिहरुको पहिचान गर्न सकेनन्, माओवादीहरु अधिभूतवादी तथा अवसरवादी हुन्, उनीहरु जनआकांक्षा विपरीत दगुरिहेछन्, र नेपालमा जनयुद्ध सफल हुन असंभव छ जस्ता कुराहरु बेसी छापिन्छन् । साथै, माओवादीबाट निष्कासित गरिएका व्यक्तिहरुको आलोचना तथा तर्कहरुलाई विशेष प्राथमिकताका साथ छाप्ने गरिएको छ । तर के एमाले लगायतका अन्य कम्युनिष्ट पार्टीहरुले चाहिं मित्रशक्ति पहिचान गरेका छन् त ?

नेकपा माओवादीले जन आकांक्षा अनुरुप जनयुद्ध संचालन गरेको कारणले प्रशस्त मात्रामा जनसहभागिता हासील गरेको छ । यसरी नेपाली जनताहरुको वृहत सहभागिताका कारण नेपालमा जनयुद्ध सफल हुन्छ नै । त्यसैले, संपादकज्यू, मूल्यांकनले आगामी अंकहरुमा माओवादी जनयुद्धको सही मूल्यांकन गरोस् ।

– युवराजकुमार पौडेल, लक्ष्मीपुर- ३, इलाम


## *७३ औं अंक*

७३ औं अंकको 'आवरण कथा' पठनीय रह्यो । यसमा माओवादी आन्दोलनका राम्रा नराम्रा पक्ष देखाउँदै थप मूल्यांकन गर्ने जिम्मा बुद्धिजीवी पाठकलाई दिएको छ । त्यस्तै, 'आत्मकथा' र 'अचेल' तथा 'अन्तर्क्रिया' पनि निकै राम्रा छन् । 'विश्व कम्युनिष्ट आन्दोलन'को यस पटकको लेख पनि राम्रो छ । 'जीवनको झाँकी' र 'उत्पीडित चौतारी' साथै 'आँखीझ्याल' र 'ब्यंग्य' पनि राम्रा छन् । संधैंझैं यस पटकको अंक पनि पाठकहरुको मन जित्न सफल भएकोले आगामी अंकमा 'कुर्द नेता'को विवरण आओस् । सफलताको निम्ति शुभकामना !

– शिव खनाल, डेढगाउँ- ९, नवलपरासी

# बोर्डिङ्ग पास - समयको उपहार

एक बृद्ध महिला जसले चल्नेमा मोटरसम्म देखेकी छैनन्, आज आफ्नो जिन्दगीमा अनमोल परिवर्तनको घडी पर्खिरहेकी छिन् । छिट्टै उनी एक चरा झैं उडेर शहरमा आफ्नो छोरालाई भेट्न पुग्नेछिन् । बडो उत्सुकताका साथ पर्खिराखेको आफ्नो छोरालाई चाँडै नै भेट्न पाउने कुरामा भन्दा उनी प्राचीन युगको पुष्पक विमान को परिकल्पनामा मग्न छिन् ।



शहरमा छोरा भेट्न धेरै दिन लगाएर भरिया-तरिया सहित पैदल यात्रामा निस्कनु पर्दा हुने लामो हिडाईको दुःख कष्ट भाग्नु नपर्दा उनी ज्यादै नै खुशी हुनेछिन् । अहिले उनको हातमा रहेको उडान बोर्डिङ्ग पासले उनलाई यात्रामा बचेका केही गौरवमय दिनहरु छोरासंग बसी बिताउन पाउने एक उपहार हुन पुगेको छ ।

बोर्डिङ्ग पास - अमुल्य समयको उपहार ।

देशको कुना काप्चासम्म विकासको प्रतिफल पुऱ्याउनमा संलग्न



**शाही नेपाल वायुसेवा**

जति उडयो उति उडौं उडौं लाग्ने

MULYANKAN
A magazine for Thought-Interaction
ल.पु.जि.प्र.का. द.नं. ९९/०४९/५०   म.क्षे.हु.द.नं. १२/०५१/५२

